# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

हेल्लो भक्तपुर नगरपालिका

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ̀{ #%★cÆ *★g]; ≠!#*★lj=; ≠@)&%c ;f/★A.D.2018

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी (बिढा)

सहायक सम्पादक : कृतिका प्रजापति

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८


आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


Pp6f tl:a/

**खौमाको एक दृष्य।**



(तस्बिर : इन्टरनेट)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## 'अनुभवविनाको रित्तो शाब्दिक ज्ञान अन्धो हुन्छ ।' – विवेकानन्द

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नपाको तेस्रो नगरसभा उद्घाटन | – | ३ |
| २) | सूर्यविनायक–धुलिखेल सडक विस्तारबारे अन्तरक्रिया | – | ५ |
| ३) | छुमा गणेश भण्डार घर उद्घाटन | – | ६ |
| ४) | सरकारी अस्पतालमा सरकारकै ध्यान पुगेन | – | ६ |
| ५) | सिंहदरबारको अधिकार होइन, समस्या चाहिं गाउँ–गाउँमा आएको छ | सुनिल प्रजापति | ७ |
| ६) | नगरपालिकाको बजेट स्थानीय जनताकै साझा सम्पत्ति | – | ११ |
| ७) | भक्तपुर नगरका तारहरू भूमिगत गर्न प्रारम्भिक कार्य सुरू | – | १२ |
| ८) | द्वारिकानाथ मन्दिर जीर्णोद्धारमा लापरबाही | – | १३ |
| ९) | गय् भिंद्यो पुल शिलान्यास, उपभोक्ता समितिमार्फत् निर्माण गरिने | – | १४ |
| १०) | हिरक वर्षमा वागीश्वरीले गऱ्यो अग्रजहरूको सम्मान | – | १५ |
| ११) | काठमाडौं उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्न जोड | – | १६ |
| १२) | बजेट निर्माणको लागि नगरवासीहरूको राय सुझाव सङ्कलन | – | १७ |
| १३) | नगर प्रमुख नै अध्यक्ष हुनुपर्नेमा जोड | – | २१ |
| १४) | 'प्राकृतिक सम्पदा संरक्षण सबैको जिम्मेवारी' | – | २२ |
| १५) | रेडियो प्रस्तोता तथा सीप विकाससम्बन्धी तालिम सम्पन्न | – | २३ |
| १६) | भक्तपुर नपा वडा नं. ५ मा बाल्टिन वितरण | – | २४ |
| १७) | पुनःनिर्माणमा 'सांस्कृतिक द्वन्द्व' | सुनिल प्रजापति | २६ |
| १८) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | २८ |
| १९) | आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम | प्रमुख प्रजापति | ४३ |
| २०) | स्थानीय पाठ्यक्रम : पहिलो बन्यो भक्तपुर नपा | सुनिल प्रजापति | ४९ |
| २१) | 'मार्क्स' श्रमिक वर्गीय मुक्तिका चिन्तक | उकेश कवां | ५१ |
| २२) | उपत्यकाका सांस्कृतिक सम्पदा संरक्षण : चुनौतीपूर्ण कार्य | राममणि भट्टराई | ५४ |
| २३) | खस राज्यसित नेपाल मण्डलको अनौठो सम्बन्ध | ओम धौभडेल | ५८ |
| २४) | काव्य सिर्जना लोकजीवनको दृष्टान्त र देशको चित्र–४ | विगोल | ६२ |
| २५) | नागरिक भावना : नियम | हेमन्त | ६६ |
| २६) | विदेशी सहयोगविना सास फेर्न पनि मुस्किल पर्न सक्छ | स्वस्तिका | ६८ |
| २७) | आचार्य थियोडर श्वेर्वात्स्की | रत्नसुन्दर शाक्य | ७० |
| २८) | भक्तपुरको महाकाली–महालक्ष्मी जात्रा | सह प्रा.डा. बलराम कायस्थ | ७४ |
| २९) | विश्वप्रसिद्ध कथाकार : इसप | न्हुछेरत्न बुद्धाचार्य | ७७ |
| ३०) | नगरकोट रत्नचूडको महत्त्व | प्रेमप्रसाद काफ्ले | ७८ |
| ३१) | SKETCHES FROM NIPAL (26) | Henry Ambrose Oldfield | ८० |
| ३२) | नगरपालिका नगरवासीहरूको आफ्नै संस्था हो (सम्पादकको पृष्ठ) | – | ८८ |


**साथमा**


भलिबल रेफ्री रिफ्रेसर कोर्स सुरु–५/सिचु फल्चा उद्घाटन–१०/जनप्रतिनिधिहरू बजार अनुगमनमा–१०/भक्तपुरको अधिकांश मासु पसल दर्ता नभएको–१२/पसल दर्ता गर्न अनुगमन टोलीको सुझाब–१३/अपाङ्गता भएका व्यक्तिहरू पनि सक्षम हुनसक्ने–१६/वडाव्यापी बुद्धिचाल प्रतियोगिता सम्पन्न–२१/खेलकुद अनुशासन, मित्रता र स्वास्थ्यका लागि–२५/विद्यालयहरूलाई सफाइ सामग्री हस्तान्तरण–२५/एक विद्यालय एक सम्पदा सफाइ जिम्मेवारी–२७/बसिबियाँलो–५७/चिनियाँ नीतिकथाःपैसाको पीर–६१/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ–६५/पाटी विवरण (साविक वडा नं.४)–६७/तपाईंको भान्साःपेटको बोसो घटाउने हो ? यसो गर्नुहोस्–७३/नेपालको संविधान २०७२, भाग–२६,राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग(३३)–८२/भक्तपुर नगरपालिका घरदैलो नर्सिङ्ग सेवा २०७५ जेठ महिनाको प्रतिवेदन–८३/पुनःनिर्माणका केही तस्बिर–८४/तस्बिरमा केही गतिविधि–८५/जेठ महिनाको पर्यटक तथ्याङ्क–८७ ।

# भक्तपुर नपाको तेस्रो नगरसभा उद्घाटन




भनपाको तेस्रो नगरसभामा सम्बोधन गर्नुहुँदै नेमकिपाका सांसद प्रेम सुवाललगायत मञ्चमा आसिन अन्य अतिथि

भक्तपुर नगरपालिकाको तेस्रो नगरसभा असार ८ गते नपाको सभाकक्षमा एक समारोहबीच शुभारम्भ भयो। सभाको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं सांसद प्रेम सुवालले नीति तथा कार्यक्रम बजेट बनाउने आधार पार्टीको घोषणापत्र नै हो र स्थानीय तह जनताको प्रत्यक्ष सेवा गर्ने थलो हो भन्नुभयो।

विकास निर्माण कार्य उपभोक्ता समिति र अमानतबाटै गर्नुपर्नेमा जोड दिंदै सांसद सुवालले स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले दमकल र एम्बुलेन्सजस्तै समयमै खटेर जनताको सेवा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

नीति तथा कार्यक्रमअनुसारको बजेट ल्याएर कार्यान्वयन गर्न आ–आफ्नो स्थानबाट इमानदारीपूर्वक काम गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो –'नपाले एनजीओ र आईएनजीओलाई नियन्त्रण गर्न लागिरहेको बेला कर्मचारीलाई व्यवसाय गर्न दिने/एनजीओमा जान पाउने विधेयक मस्यौदा गलत छ, यस्तो कानुन बने देशलाई नवउपनिवेश बनाउँछ।'

उहाँले नगरकोटलाई जलाधार क्षेत्र घोषणा गर्न, सांस्कृतिकस्थल सल्लाघारी क्षेत्र र दूध चिस्यान केन्द्र पुनः सार्वजनिक गर्न, बाँसघारी खानेपानी भण्डारणमा फिल्टर राखी शुद्ध पानी खुवाउन नपाले सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गरिरहनुपर्छ भन्नुभयो।

भक्तपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान र ख्वप




कार्यक्रमका वक्ताहरू प्रमुख अतिथि प्रेम सुवाल, सुनिल प्रजापति, रजनी जोशी र नारायणप्रसाद भट्ट





कार्यक्रमका वक्ताहरू उकेश कवां, रविन्द्र ज्याख्व र रोहितराज पोखरेल

विश्वविद्यालय विधेयक पारित गराउन उहाँले संसदमा सरकारको ध्यानाकर्षण गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुर औद्योगिक क्षेत्रबाट कर उठाउनुपर्ने र यस क्षेत्रबाट ध्वनी, धुवाँ, रसायन, प्रदूषणयुक्त उद्योगहरू हटाएर हस्तकलामा आधारित उद्योगमात्र सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले आ.व. २०७५/७६ को प्रस्तावित नीति तथा कार्यक्रम पास भएपछि बजेट पेश गर्ने बताउनुभयो ।

स्थानीय तहलाई कर्मचारी नियुक्ति गर्न रोक लगाउनु स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप हो, उहाँले भन्नुभयो ।

प्रस्तावित नीति तथा कार्यक्रममा ख्वप विश्वविद्यालय स्थापना गर्न कार्य दल गठन गर्ने, शिक्षकहरूलाई तालिमको बन्दोबस्त गर्ने, अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई आर्थिक अनुदानको व्यवस्था मिलाइने, शैक्षिक वर्ष ०७६ देखि कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रमसँगै नेपालभाषाको पाठ्यक्रम लागू गर्ने उल्लेख छ ।

त्यस्तै योग्य तर आर्थिक स्थिति कमजोर भएका विद्यार्थीलाई रू. ५ लाखसम्म सहुलियत व्याज दरमा ऋण दिने, चिकित्साशास्त्रअन्तर्गत विभिन्न विषयमा एमडी वा सोसरह स्नातकोत्तर तह अध्ययन गर्ने विद्यार्थीमध्ये यो वर्ष दुई जनालाई छात्रवृत्ति प्रदान गर्ने, भक्तपुर नगरपालिकाले पुरानो क्षेत्र सीमाङ्कन गरी सांस्कृतिक नगर घोषणाको लागि कार्यदल गठन गर्ने, भक्तपुरको सांस्कृतिक र जनजीवन झल्किने सांस्कृतिक सङ्ग्रहालयको लागि अगाडि बढ्ने, आदर निकेतन सञ्चालनको लागि पहल गर्ने आदि प्रस्तावहरू नीति तथा कार्यक्रममा रहेका छन् ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट, भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडा नं. ७ का वडाअध्यक्ष उकेश कवां र भनपाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले पनि बोल्नुभएको थियो ।

*(भक्तपुर नगरपालिकाको तेस्रो नगरसभासम्बन्धी थप सामग्री 'भक्तपुर' मासिकको विशेष अंकमा प्रकाशित गरिने छ ।– सम्पादक)*



नगरसभामा उपस्थित भनपाका नगर सभासद्लगायत अन्य आमन्त्रित अतिथिहरू

# भलिबल रेफ्री रिफ्रेसर कोर्स सुरु

युवा खेलकुद समूह नेपाल र राष्ट्रिय रेफ्री कमिसनको आयोजनामा असार १८ गतेबाट राष्ट्रिय भलिबल रेफ्री रिफ्रेसर कोर्स सुरु भएको छ। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उक्त कोर्सको उद्घाटन गर्नुभयो।



राष्ट्रिय भलिबल रेफ्री रिफ्रेसर कोर्सको उद्घाटन कार्यक्रम

कार्यक्रममा प्रमुख प्रजापतिले युवा खेलाडी र प्राविधिकहरूले आफ्नो सीपले देश र समाजको सेवा गर्नुपर्ने बताउनुभयो। देशको सार्वभौमिकता रक्षा गर्ने जिम्मेवारी युवाहरूको भएको बताउँदै खेलाडीले खेलकुदका साथै उच्च शिक्षा अध्ययनमा ध्यान दिनुपर्ने विचार राख्नुभयो।

नेपाल भलिबल सङ्घका अध्यक्ष मनोरञ्जन रमण शर्माले आफूसँग भएको ज्ञान अरुलाई बाँड्दा बढ्ने भएकोले युवा खेलाडीहरूले तालिमलाई जोड दिनु सकारात्मक भएको बताउनुभयो।

राष्ट्रिय रेफ्री कमिसनका अध्यक्ष गौतमप्रसाद लासिवाको सभापतित्वमा भएको कार्यक्रममा भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण राय, भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत रोहितराज पोखरेल, वर्कर्स कप भलिबल प्रतियोगिता आयोजना मूल समितिका संयोजक रवीन्द्र खर्बुजा र युवा खेलकुद समूह नेपालका सचिव शिवराम धुख्वाले पनि बोल्नुभएको थियो।

कोर्स आगामी असार २२ सम्म चल्नेछ। १६ जिल्लाका ४२ जना प्रशिक्षार्थी सहभागी कोर्समा भलिबलका मुख्य प्रशिक्षक कपिलकिशोर श्रेष्ठ, अन्तर्राष्ट्रिय रेफ्री गौतमप्रसाद लासिवा, अन्तर्राष्ट्रिय रेफ्री क्यान्डिडेट उम्मेदवार चन्द्रबदना राई, कुलबहादुर राना र विजयकृष्ण बाडेले प्रशिक्षण दिनुहुने आयोजकले जानकारी दिएको छ।

# ;'o{ljgfos–w'lnv]n ;8s lj:tf/af/]cGt/lqmof

भक्तपुर नगरपालिकाको आयोजनामा प्रस्तावित सूर्यविनायक–धुलिखेल सडक खण्डको स्तरोन्नति तथा विस्तार कार्यको वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) सार्वजनिक सुनुवाइ तथा अन्तरक्रिया कार्यक्रम असार १८ गते सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले अरनिको राजमार्ग स्तरोन्नति तथा विस्तार गर्दा पछि समस्या नआओस् भनेर सुझाव सङ्कलन तथा अन्तरक्रिया गरेको बताउनुभयो। उहाँले रुख कटान र ढल व्यवस्थापनको सुझाव आएको राम्रो भन्दै एक रुख काटे पच्चीस वटा रुख रोप्नुपर्ने मान्यता रहेको बताउनुभयो। उहाँले ढल निकास र खानेपानीको पाइपलाइन व्यवस्थित गर्न सम्बन्धित निकायसँग डिजाइन माग र भक्तपुर नगरलाई पैदलमैत्री नगर बनाउने सोचजस्तै साइकल लेनको समेत व्यवस्था हुनुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं ७ का वडाध्यक्ष एवं निर्माण समितिका संयोजक उकेश कवाँले प्रस्तावित सूर्यविनायक–धुलिखेल सडक खण्डको स्तरोन्नति तथा विस्तार कार्यको प्रस्तुति राख्दै मापदण्डको संरचना र पुरानो घरको मुआब्जा समस्या भएको बताउनुभयो। जाइकाको अनुदानमा निर्माण गर्दा ढिलो हुने भएकोले सरकारले ऋण सहयोगमा यो बाटो विस्तार गर्न लागेको उहाँले बताउनुभयो।

उहाँले वायु तथा ध्वनि प्रदूषण कम गर्ने आधुनिक उपकरणको प्रयोग गर्ने तथा यस्ता उपकरणहरूको नियमित मर्मत सम्भार गरिने, कार्यक्षेत्रमा नियमित पानी छर्किने, कार्यक्षेत्रमा प्रयोग भएका सवारी साधनहरू धोएरमात्र कार्यक्षेत्रबाहिर लगिने, संवेदनशील बसोबासका क्षेत्रहरूमा ध्वनि नियन्त्रकका र खोलाको पानी प्रदुषण हुनसक्नेमा कार्यक्षेत्रमा सेफ्टी टैङ्कको उचित निर्माण तथा व्यवस्थापन गर्ने, सुरुङ निर्माणस्थलबाट निस्कने धमिलो पानीलाई पानी प्रशोधन केन्द्रबाट प्रशोधन गरेरमात्र निष्कासन गरिने, खोलाको पानीको गुणस्तर नियमितरूपले मापन गरिने योजनामा रहेको बताउनुभयो।

कार्यक्रममा वडा नं ६ का वडाध्यक्ष हरिराम सुवाल, स्थानीय पुरुषोत्तम तमखु, के.पी. छुस्याकी, शिवप्रसाद वाला, आशकुमार चिकंबञ्जारले सडक विस्तार गर्दा विभिन्न पक्षबारे गम्भीरतापूर्वक ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो।

# छुमा गणेश भण्डार घर उद्‍घाटन



भक्तपुर नपा वडा नं. ६ चोछेंस्थित छुमा गणेश भण्डार घर उद्घाटन गर्नुहुँदै सांसद प्रेम सुवाल

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् सभासद् प्रेम सुवालको प्रमुख आतिथ्यतामा भक्तपुर नगरपालिका वडा नं. ६ चोछेंस्थित छुमा गणेश भण्डार घर उद्‍घाटन कार्यक्रम असार ८ गते सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि प्रेम सुवालले छुमा गणेश भण्डार घर उपभोक्ता समितिमार्फत् कार्य सम्पन्न गरी हिसाब सार्वजनिक भएकोमा उपभोक्ता समितिलाई धन्यवाद दिनुभयो।

सांसद सुवालले देश र जनताको सेवा गर्ने आश्वासन दिएर पदमा पुगेपछि वचनबद्ध भएर काम गर्नुपर्ने बताउनुभयो। बजेट भाषणको उदाहरण दिदैं उहाँले सरकारमा जाने नेताहरूले गरिब जनताको गाँस-बाँसको सुनिश्चितता ध्यान दिननसक्नु बिडम्बना भएको बताउनुभयो।

कार्यक्रममा भनपा कार्यपालिका सदस्य श्री रोशनमैया सुवालले पार्टीको घोष्णापत्र अनुसार जनताको राय, सल्लाह र सुझाब लिई कार्य गरिरहेको बताउनुभयो। हरेक विकास निर्माणका कार्यहरू ठेक्कपट्टाबाट नभई उपभोक्ता समितिमार्फत् गर्न सकेमा कम लागतमा योजना सम्पन्न हुने, निर्माण कार्य बलियो र भरपर्दो हुने कुरा बताउनुभयो।

कार्यक्रमका सभापति एवम् ६ नं. वडा अध्यक्ष हरिराम सुवालले चोछेंस्थित छुमा गणेश भण्डार घरको हिसाब प्रस्तुत गर्नुका साथै वडामा भइरहेको विकास निर्माणबारे जानकारी दिनुभयो। कार्यक्रममा स्थानीय शिक्षक गणेशराम थुसा, ६ नं. वडा सदस्य सिद्धिराम अवालले पनि बोल्नुभएको थियो।

# सरकारी अस्पतालमा सरकारकै ध्यान पुगेन

भक्तपुर अस्पतालको ११४ औं वार्षिकोत्सव असार १७ गते एक समारोहबीच सम्पन्न भयो। स्वास्थ्यमन्त्री उपेन्द्र यादवले वार्षिकोत्सव समारोहको उद्घाटन गर्नुभयो।

कार्यक्रममा मन्त्री यादवले आर्थिक अभावकै कारण कोही नेपालीले ज्यान गुमाए राज्य असफल भएको मानिने बताउनुभयो। उहाँले शिक्षा र स्वास्थ्य क्षेत्रलाई सबै तहका सरकारले प्राथमिकता दिन सके अरु क्षेत्रमा क्रमशः सुधार हुँदै जाने विचार राख्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राज्यले उद्धार अर्थनीति अंगीकार गरेसँगै निजी अस्पतालहरू स्थापना हुँदा सरकारी अस्पतालमा सरकारकै ध्यान नपुगेको बताउनुभयो। उहाँले संविधानको मौलिक हकअन्तर्गत आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने बन्दोबस्त भएकोले सरकारी र निजी दुवै अस्पतालमा त्यसको उचित बन्दोबस्त हुनुपर्ने विचार राख्नुभयो।

सरकारी अस्पतालमा भौतिक पूर्वाधार भए पनि उचित तरिकाबाट सञ्चालनमा नल्याइएकोले बिरामीले दुःख पाएकोप्रति सङ्केत गर्दै उहाँले भन्नुभयो 'साधन, स्रोत र भौतिक संरचनामात्र भएर हुँदैन। तिनलाई व्यवस्थित परिचालनमा ध्यान दिइन जरुरी छ।'

प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले भक्तपुर अस्पतालाई 'रिफर सेन्टर' मात्र नबनाई सुविधा सम्पन्न अस्पताल बनाउनुपर्नेमा जोड दिनुभयो।




अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर खड्काको सभापतित्वमा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका नवराज गेलाल, मेडिकल सुपरिटेन्डेन्ट सुधा देवकोटा र विवेक पौडेललगायतले बोल्नुभएको थियो। भक्तपुर अस्पताल वि.सं. १९६१ असार १७ गते स्थापना भएको थियो।

# l;*b/af/sf] clwsf/ xf]Og ;d:of rflx+ufp-ufpd}f cfPsf]5



सुनिल प्रजापति, नपा प्रमुख

*भक्तपुर नगरपालिका ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय जिल्ला भक्तपुरको सबैभन्दा जेठो नगरपालिका हो। स्थानीय भाषामा ख्वप भनिने यो नगर नेपालको रोम शहरको रूपमा समेत परिचित छ। पोखरीहरूको शहरको रूपमासमेत परिचित भक्तपुरलाई सिद्धपोखरी, न:पुखु, भाजुपोखरी, कमलपोखरीले शोभायमान बनाएका छन्। 'संस्कृतिको नगर', 'जीवित सम्पदा', 'नाचगानको राजधानी' र 'नेपालको सांस्कृतिक रत्न' को उपमा समेत पाएको यस नगरको जुजु धौ, कालो भादगाउँले टोपी, हाकुपटासी, माटोका भाँडा, हस्तकला, काष्ठकला विश्व प्रख्यात छन्। १२ औं शताब्दीमा राजा आनन्द मल्लबाट स्थापित भक्तपुर १५ औँ शताब्दीसम्म मल्ल राज्यको राजधानी थियो। यहाँको दरबार स्क्वायर, न्यातपोल (पाँचतले मन्दिर), दत्तात्रय परिसर विश्व सम्पदा सूचीमा सूचीकृत छन्। समुद्री सतहबाट करिब एक हजार ३ सय ५० मिटर उचाइमा रहेको यस नगरको क्षेत्रफल ६.८८ वर्ग किलोमिटर छ। २०६८ को जनगणनाअनुसार भक्तपुरमा ४२ हजार ६७८ जना पुरुष र ४० हजार ९८० महिला बसोबास गर्छन्। यहाँ नेवार समुदायको बाहुल्य छ। गत वर्ष वैशाख ३१ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा भक्तपुर नगरपालिकाका सबै पदमा विजयी भएर नेपाल मजदुर किसान पार्टीले 'क्लिन स्विप' गरेको थियो। प्रस्तुत अन्तरवार्ता नेमकिपाका सचिवसमेत रहिसकेका भक्तपुर नगर प्रमुख सुनिल प्रजापतिसँग थाहा खबरकर्मी लक्ष्मी गारुले गरेको कुराकानीमा आधारित छ।*

**कार्यकालको एक वर्ष पूरा भइसकेको छ। यो अवधिमा तपाईं आफैंलाई सन्तुष्टि मिल्ने र जनताले प्रत्यक्ष अनुभूति गर्न सक्ने के काम गर्नुभयो ?**

हामीले निर्वाचनका समयमा जे घोषणापत्रमा उल्लेख गरेका थियौं, सोहीअनुसार काम गरेका छौं। जस्तो, शिक्षामा महत्त्वपूर्ण काम भएको छ। शिक्षक, अभिभावक र विज्ञहरूसँग सल्लाह गरी यो वर्ष कक्षा १ र ६ का लागि स्थानीय पाठ्यक्रम तयार गरी सार्वजनिक गरेर लागूसमेत गरिसक्यौं। त्यसका साथै नगरपालिकाले छ वटा वडामा शिशुस्याहार केन्द्र चलाइरहेको छ। प्रत्येक वडामा एकएक वटा बनाउने लक्ष्यका साथ हामी अगाडि बढेका छौं। नगरपालिकाले दुईवटा इञ्जिनियरिङ कलेजसहित सातवटा शैक्षिक संस्था चलाइरहेको छ। त्यसैगरी स्वास्थ्य क्षेत्रमा घरघरमा नर्सिङ सेवा प्रदान गर्दै आएका छौं। तीनवटा जनस्वास्थ्य केन्द्रहरू सञ्चालन गरिहेका छौं। दैनिक ३ सय भन्दा बढी बिरामीलाई उपचार सेवा प्रदान गर्दै आइरहेका छौं। हामीले नौ जना विशेषज्ञ डाक्टरसहित २३ जना डाक्टर र नर्सहरू राखेर स्वास्थ्य शिक्षा र उपचार सेवा दिइरहेका छौं। आगामी वर्ष २५ शैय्याको ख्वप अस्पताल सञ्चालन गर्नेछौं। त्यसका लागि भौतिक पूर्वाधार निर्माण भइरहेको छ। आयुर्वेदतर्फ पनि ठाउँ-ठाउँमा शिविर राख्ने, जनताको घरदैलोमा पुगेर प्रचारप्रसार गर्ने काम भएको छ। दश महिनामै आठ हजार जनाभन्दा बढी बिरामीलाई नि:शुल्क आयुर्वेदिक स्वास्थ्य सेवा प्रदान गरिसकेको छ।

त्यसैगरी नगरपालिकाले सरसफाइ क्षेत्रमा विगतभन्दा निकै महत्त्वपूर्ण कार्य सम्पादन गर्दै आएको छ। जनप्रतिनिधिहरू आएपछि प्रत्येक महिनाको १ र १५ गते सबै जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीय क्लब, डाफा भजन, संघ-संस्थालगायतको सहभागितामा सरसफाइ कार्य गर्छौं। कहिले मठ-मन्दिर, कहिले खोलानाला त कहिले घाट सरसफाइ गर्दै आएका छौं। आफ्नो ठाउँ आफैं सफा गरौं भन्ने भावनाले नगरभित्रका ९२ वटा विद्यालयलाई उनीहरूले रोजेका सम्पदाहरूको सरसफाइ गर्ने जिम्मा दिइएको छ। नगरपालिकामा हाल १४९ जना सरसफाइ कर्मचारी खटाइएका छन्। नगरले एक किलो सफाइ गर्दा नौ रूपैयाँ खर्च गर्दै आएको छ। नगरवाससीसँग थोरै मात्र सफाई कर लिँदै आएको छ, महिनाको २५ रूपैयाँ। सरसफाइलाई व्यवस्थित गर्न बजार क्षेत्रमा कुहिने र नकुहिने फोहोर राख्न घरघरमा बाल्टिन वितरण गरेका छौं र फरक-फरक दिनमा सङ्कलन गर्दै आएका छौं। यसमा पनि कुहिनेलाई कम्पोष्ट मल बनाएर कृषकलाई सस्तोमा बिक्री गर्दै आएका छौं। नकुहिने केही डम्पिङ हुन्छ भने केही बिक्री हुन्छ। त्यसैगरी भक्तपुर नगरले अहिले दुईवटा आवास योजना सञ्चालन गरिरहेको छ। एउटा आवास योजनाको यस वर्षको मूल्याङ्कन करिब २ अर्ब रूपैयाँ छ। यस वर्ष हामी ३५ करोड रूपैयाँको काम गर्दैछौं। अर्को आवास योजना अन्तिम चरणमा पुगेको छ। त्यसमा १३ करोड रूपैयाँ बराबरको काम भइरहेको छ।

यसमा बाटो पिच हुने काम भइरहेको छ। बिजुली बत्ती, खानेपानीको व्यवस्थापनको कार्य नगरपालिकाकै अगुवाइमा भएको छ। हाम्रो मुख्य उद्देश्य सम्पदा संरक्षण हो। २०७२ वैशाखको भूकम्पले नगरपालिकाका १३० वटा भन्दा बढी साना-ठूला सम्पदामा पूर्ण र आंशिक क्षति गरेको छ। ती सबैको पुन:निर्माण गर्न नगरपालिका लागिपरेको छ। यो वर्ष करोडौं रुपैयाको लागतको सम्पदा पुन:निर्माणको कार्य पूरा हुँदैछ। ठूलठूला सम्पदाहरूको पुन:निर्माणका लागि नगरपालिका जुटिरहेको छ। भैरवनाथको मन्दिर पुन:निर्माणका लागि एक करोड २७ लाख रूपैयाँको योजना पारित गरिसक्यौं। उपभोक्ता समिति गठन गरिसक्यौं, पूरा तयारी भइसकेको छ। तर विज्ञहरूसँग सल्लाह लिंदा पुर्खाले बनाएका सम्पदाहरू किन भत्किए भनी अध्ययन गर्नुपर्ने सुझाव आयो, सोहीअनुसार विज्ञहरूको टोलीद्वारा अध्ययन भइरहेको छ। त्यसको प्रतिवेदन आएपछि उनीहरूको रायअनुसार भैरवनाथको पुन:निर्माण सुरु हुन्छ। राष्ट्रिय कला संग्रहालय कुन शैलीमा बनाउने भन्ने पनि विवाद छ। कला संग्रहालयको अहिलेको स्वरूप राणाकालीन हो। हामीसँग मल्लकालीन स्वरूपको नक्सा छ। सोहीअनुसार बनाउनुपर्छ भन्ने हाम्रो जोड छ। यो दरबारलाई मल्लकालमा न्ह्यकं झ्या (ऐना झ्याल) दरबार भनिन्थ्यो। यो सिंहढोका दरबारले पनि परिचित छ। भूपतिन्द्र मल्लले नेपाल सम्वत् ८१८ मा बनाएको यो दरबार मल्लकालीन स्वरूपमा बनाउने योजना नगरपालिकाको छ। पुरातत्त्वले यसको मौलिक स्वरूपमा बनाउन सक्दैन भने हामी बनाउँछौं, बजेट देऊ भनेका छौं। भक्तपुर एउटा पर्यटकीय नगरी हो। यहाँका प्रत्येक इँटा-इँटामा हाम्रो इतिहास जोडिएको छ। यसको मौलिक स्वरूप परिवर्तन गर्न नगरपालिकाको सहमति छैन। साथै हामीले विभिन्न युवा लक्षित तालिमहरू सञ्चालन गरिरहेका छौं। किसानहरूका लागि नि:शुल्क रूपमा बीउ-बीजन वितरण गर्‍यौं। ऐतिहासिक जनज्योति पुस्तकालयलाई आधुनिकीकरण गर्‍यौं। युवाहरूलाई कुलतमा लाग्नबाट जोगाउन खेलकुदलाई जोड दिएका छौं। प्रत्येक वर्ष एउटा अन्तर नगर खेलकुद प्रतियोगिता गर्ने योजना छ। सांस्कृतिक बाजागाजाको संरक्षणको कार्य पनि गरेका छौं।

**अघि सरसफाइको कुरा गर्नुभयो तर हनुमन्ते सरसफाइमा तपाईंहरूको सहभागिता छैन नि ?**

हामी फोटो खिचाउनका लागि मात्र सफाइ गर्दैनौं। देखिने र साँच्चैको सफाइका लागि काम गर्छौं। हामी पनि हनुमन्ते सरसफाइमा छौं। हामी देखिने गरेर सफाइ गर्छौं।

**आर्थिक वर्षको अन्त्यमा विकास बजेटको खर्चको आँकडा कस्तो छ ?**

यस वर्ष हाम्रो एक अर्ब पाँच करोड रूपैयाँको बजेट हो। नगरपालिकाको आम्दानी र खर्च त्यही अनुपातमा छ। हामीले एक वर्षे कार्यकालको प्रगति विवरण पेस गर्ने क्रममा जेठ ७ सम्ममा हाम्रो आम्दानी ९१ करोड रूपैयाँ भयो, खर्च ७८ करोड रूपैयाँ भयो। त्यसमा १० करोड रूपैयाँ आवास योजनाको ऋण पनि छ। यसअनुसार हाम्रो लक्ष्य पूरा हुन्छ। सम्भवत: एक अर्ब पाँच करोड रूपैयाँ बजेटमा त्योभन्दा बढी नै हुन्छ होला। विकास बजेट फ्रिज हुने अवस्था छैन। आम्दानी र खर्च बराबरी नै हुन्छ।

**भक्तपुर नपाको मुख्य आयस्रोत पर्यटन हो तर पनि पर्यटक भक्तपुर आउँदा व्यवस्थित भएन भन्ने गुनासो छ। यसलाई व्यवस्थित गर्न केके योजना छन् ?**

केही गुनासोहरू थिए, त्यसलाई समाधान गर्ने दिशामा हामीले काम थालेका छौं। चार-पाँचवटा शौचालय बनाउने तयारी गरिहेका छौं। दुईवटाको निर्माण कार्य सुरु भइसकेको छ। बाँकी हामी प्रक्रियाबद्ध रूपमा अगाडि बढाउँदैछौं। पर्यटकका लागि भनी शौचालयलाई पहिलो प्राथमिकतामा राखेर काम गर्दै छौं। भक्तपुर पर्यटकीय नगरी भएकाले यहाँ अवलोकनका लागि आउने पर्यटकलाई सुरक्षाका लागि पर्यटक प्रहरीसँग छलफल भइरहेको छ। पर्यटकलाई व्यवस्थित रूपमा चलाउनुपर्छ भनेर नगरपालिकाले बजारका पेटीपेटीमा सामानहरू बेच्नेलाई नियन्त्रण गर्ने काम गरेको छ। यसमा बजार अनुगमन समिति र नगरपालिका आफै लागेर यो काम अगाडि बढाएको छ। अहिले दुई घण्टाका लागि यहाँ आउने पर्यटकलाई एक रात कसरी बसाउने भन्नेमा नगरपालिका लागिपरेको छ। यहाँका हरेक घरहरूमा एउटा विशेषता जोडिएको छ। यहाँ पर्यटकका लागि आकर्षित गर्ने कुं झ्या, सुकेको तरकारी माला, खुर्सानीको माला, कर्कलोको माला पाइन्छ, जुन अन्त पाइँदैन। यहाँको माटोको भाँडा बनाउने, सुकुल बनाउने पेसा त प्रख्यात नै छ। पर्यटक एक रात बास बस्ने बनाउन नियमित र दैनिक एउटा सांस्कृतिक कार्यक्रम गर्ने सोच अगाडि बढाएका छौं। त्यसका लागि सबैलाई पायक पर्ने स्थानको छनोट गर्ने तयारी भइरहेको छ। साथै पर्यटकको सुरक्षादेखि सबै कुराको व्यवस्थापनका लागि छलफल गरिराखेका छौं। आगामी वर्ष यसलाई अगाडि बढाउँछौं।

**"पुर्खाले सिर्जेको सम्पति हाम्रो कला र संस्कृति" भन्ने नारा नपाको छ, भूकम्पले क्षति गरेका सम्पदाहरूलाई तीन वर्षमा पनि पूरा गर्न सक्नुभएन, कारण के हो ?**

ठूलठूला सम्पदा पुन:निर्माण गर्न ठूलठूला तयारी गर्नुपर्ने हुन्छ। जस्तो कि पाँचतले मन्दिर पुन:निर्माणको एउटा व्यवस्थित तयारीविना, नक्सा निर्माण नगरी र 'ड्यामेज एसेसमेन्ट' विना हामी एकैचोटि निर्माण गर्न सक्दैनौं। नगरपालिकालेले त्यहीअनुसार कार्य अगाडि बढाइरहेको छ। नपाको पुरानो भवनका लागि नक्सा तयारी गर्दैछौं। सम्पदाको पुन:निर्माण साधारण घर निर्माण गर्नु जस्तो होइन। यहाँका एउटा-एउटा इँटाको ऐतिहासिक महत्त्वलाई ध्यानमा राखेर काम गर्नुपर्छ।

ढिलो होला तर प्राचीन शैलीमै हामी बनाउँछौं। इतिहास जोगाउँछौं। त्यस अर्थमा अरूले भन्दा हामीले राम्रै गछौं।

**नगर क्षेत्रमा भएको बढ्दो खानेपानीको समस्या न्यूनीकरणका लागि नगरपालिकाको योजना के छ ?**

भक्तपुर नगरमा पानीको स्रोत नभएका कारण खानेपानीका निम्ति दुःख छ। दुई महिनादेखि हामीले तीनवटा ट्याङ्करबाट टोल–टोलमा खानेपानी वितरण गर्दै आएका छौं। नगरको खानेपानी समस्या न्यूनीकरणका लागि दुई–तीन ठाउँमा डिप बोरिङ गरिसक्यौं। एउटा भक्तपुर क्याम्पस पछाडि बोरिङ्को पानी पिउन योग्य नभएपछि सल्लाघारीमा गऱ्यौं। त्यहाँ फिल्टर गरेपछि पिउन योग्य हुन्छ भन्ने रिपोर्ट आएपछि करिब एक करोड रूपैयाँ लागतमा ट्याङ्कीको निर्माण कार्य भइरहेको छ। त्यसैगरी तुमचो आवास योजनामा ४१ लाख रूपैयाँको लागतमा डिप बोरिङ भइरहेको छ। पानी राम्रै आउँछ भन्ने रिपोर्ट छ। खानेपानीकै लागि चित्तपोलमा ५१ लाख रूपैयाँको जग्गा खरिद गरिसक्यौं। त्यहाँ पनि ट्याङ्की बनाउने कार्य भइरहेको छ। करिब साढे चार करोड रूपैयाँको लगानीमा लिवाली आवास योजनामा पनि डिप बोरिङ तयारीमा जुटिरहेका छौं। सँगसँगै आकाशे पानी सङ्कलनको प्रविधि पनि प्रयोग गर्दैछौं। नगरपालिकाको एउटै भवनबाट तीन–चार लाख लिटर पानी सङ्कलन हुने तीनवटा ट्याङ्की बन्दैछन्। यसले कम्तीमा १० लाख लिटर पानी सञ्चित गर्न सकिन्छ।

**भक्तपुर नगरवासी अझै पनि टेकोको आडमा बसोबास गरिरहेको छ, त्यो हटाएर पुनःनिर्माण गराउन नपाले केके योजना अघि सारेको छ ?**

भूकम्प पीडितलाई नक्सा पासमा पर्याप्त छुट छ। उहाँहरूले पुरानै शैलीमा घर बनाउने हो भने घरको मोहडामा लाग्ने इँटा र काठका लागि ३५ प्रतिशत अनुदान दिने व्यवस्था गरेका छौं। सरकारले पर्याप्त मात्रामा अनुदान दिएन। ५० हजार रूपैयाँ पहिलो किस्ता भन्यो, यसले जग खन्न र माटो निकाल्न पनि खर्च पुग्दैन। नपामा अहिले करिब १२ सय जनाले दोस्रो किस्ता लिएका छन्। करिब ७०० ले तेस्रो किस्ता लिइसकेका छन्। नगरभित्र घर पुनःनिर्माणमा धेरै समस्या देखिएका छन्। जस्तो कि बहुस्वामित्व भएको, गुथिको, दाजुभाइमा मुद्दा भएको, मोहियानी हक भएको। तर पनि नपाले सकेसम्म यसको समाधानका लागि प्रयास गरिरहेको छ।

**किसानहरूको शहर भनेर चिनिने भक्तपुर नगरका अधिकांश कृषियोग्य भूमिमा जग्गा एकीकरण आयोजना लागू गरिएको छ। यसले किसानको हित कसरी गर्छ र कृषि उत्पादन वृद्धिमा कसरी टेवा पुग्छ ?**

नपाले समयमै आवास योजना सञ्चालन नगरेको भए जग्गा दलाली गर्नेहरूले पाँच–दश रोपनी जग्गा लिएर कृषकहरूलाई थोरै मूल्य दिएर प्रशस्त आम्दानी गरिसक्थे होला। हामीले समयमै व्यवस्थित शहर निर्माण गर्नका लागि जसको जग्गा हो, उसैलाई फिर्ता दिने गरी आवास योजना सञ्चालन गरेका हौं। जति लगानी बाटोमा खर्च भयो, त्यही लगानीमात्र कटौती गरेर फिर्ता दिंदा हिजो रोपनीको जति मूल्य आउँथ्यो, अहिले आनाको आउँछ। त्यो हिसाबले उसले जग्गा पनि नबेच्ने भयो। आफ्नो जग्गामा बाटो नभएपछि जग्गावालाले जग्गा दलालहरूलाई सस्तो मूल्यमा बेच्न बाध्य हुन्छन्। आवास योजनामा त्यो समस्या रहँदैन। किसानहरूलाई नै फाइदा हुन्छ। सँगसँगै नगरभित्र व्यवस्थित शहर विकास गर्ने उद्देश्यले आवास योजना सञ्चालन गरेको हो। नगरभित्र एउटै घरमा धेरै परिवार बस्न बाध्य छन्। उनीहरूलाई व्यवस्थित गर्न पनि आवास योजना आवश्यक थियो। जहाँसम्म उत्पादनको कुरा छ, ती ठाउँहरूमा नपाले चाहेर वा नचाहेर क्रमशः घर निर्माण हुँदै जाने हो। आवास योजनाले अव्यस्थित बसोबासलाई नियन्त्रण गर्छ।

**निर्वाचित भएर आएपछि केही समय कानुनी अप्ठ्याराहरू थिए, अहिले त्यो हटिसकेको छ, अब जनताले सिंहदरबार गाउगाउँ आएको अनुभूति गर्न सकेका छन् ?**

सिंहदरबारको अधिकार होइन, समस्या गाउँ–गाउँमा आएको छ। संविधानले दिएको अधिकारसमेत कटौती गर्ने नियतले ऐन आएका छन्। काम जति स्थानीय तहबाट हुन्छ भनेको छ तर कर्मचारी भने नराख भन्छ। अहिले त समस्या जति स्थानीय तहमा पठाइएको छ। काम गर्नै अप्ठ्यारो छ। हात–खुट्टा बाँधेर, घाँटी थिचेर दही चिउरा खुवाउने तरिका जस्तो छ। कर्मचारी राख्न नपाउने रे ! काम भने सबै गर रे ! अधिकार जति सबै शासकहरूमा केन्द्रित छ। नाम संघीयता रे, सोच एकात्मक छ। अधिकार तल दिनुपर्छ भन्ने सिद्धान्त हो। अधिकार दिने हो भने कार्यान्वयन गर्न सक्ने गरी दिनुपर्छ। नपाले आफ्नै तरिकाले कानुन बनाएर अगाडि बढेको छ। जनताको हितमा काम गर्दा केही समस्याहरू आउलान् तर हामी आफ्नो ढङ्गबाट समाधान गरिरहेका छौं।

**अबको चार वर्षपछि भक्तपुरका बासिन्दाले यो नगरलाई कस्तो पाउँछन् ?**

पहिलो त उत्कृष्ट स्वास्थ्य क्षेत्रको गन्तव्यको रूपमा पाउनेछन्। यहाँ अहिले नै आँखा, क्यान्सर, अंग प्रत्यारोपण, प्रसूति, बालअस्पतालहरू छन्। हामी पनि २५ शय्याको अस्पताल सञ्चालन गर्दैछौं। यस अर्थमा सबै खालका बिरामीको उपचार पाउने ठाउँको रूपमा नगरवासीले यस नगरलाई पाउनेछन्। सरकारले स्वीकृति दिएको खण्डमा ख्वप विश्वविद्यालय सञ्चालन गरेर नर्सरीदेखि विश्वविद्यालयसम्म सञ्चालन गर्ने नगरको रूपमा नगरवासीले भक्तपुरलाई पाउँछन्। त्यस्तै, सम्पदा संरक्षण भएको नगरको रूपमा पनि चिनिनेछ। सरसफाइ क्षेत्रमा एउटा नमुना नगरको रूपमा प्राप्त गर्नेछन् जनताले।

*स्रोत : थाहा खबर अनलाईनबाट*

# l; r'kmNrf pb\3f6g



भनपा वडा नं. ८ स्थित सिचु फल्चा उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापति

भक्तपुर नगरपालिका वडा नं. ९ स्थित सिचु फल्चा (लामगाल पाटी) पुन:निर्माणपछि असार १६ गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्दै प्रमुख प्रजापतिले पाटी–पौवा पुन:निर्माण र जीर्णोद्धार ऐतिहासिक सम्पदा संरक्षणको हिस्सा भएको भन्दै उपभोक्ता समितिमार्फत् सम्पदाको संरक्षण गर्दा मौलिकताको संरक्षण भएको बताउनुभयो ।

ठेक्कापट्टामा काम गराउँदा गुणस्तर र मौलिकतामा खेलाँची भएको विचार राख्दै उहाँले विदेशी सहयोगले नेपालीहरूमा मागेर खाने प्रवृत्तिको विकास हुँदै गएको र काम गरी खाने भावना कम हुँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

भक्तपुर नपाले आफ्नै बलबुत्तामा सम्पदा संरक्षणलाई निरन्तरता दिने उहाँको भनाइ थियो ।

भक्तपुर नपा वडा नं. ९ का अध्यक्ष रविन्द्र ज्याख्वले जनताको चाहना र भावना बुझेर नै नगरपालिकाले आफ्ना कार्यक्रम अघि बढाइरहेको बताउनुभयो ।

वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले सम्पदा संरक्षण सबै जनताको दायित्व भएको बताउँदै पाटी–पौवा, मठ–मन्दिरले भक्तपुर नगरको शोभा बढाएको बताउनुभयो ।

सिचु फल्चा पुन:निर्माण उपभोक्ता समितिका अध्यक्ष कृष्णभक्त लवजूले पाटी पुन:निर्माणमा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै खर्च विवरण सार्वजनिक गर्नुभयो ।



भनपा वडा नं. ८ स्थित सिचु फल्चा उद्घाटन कार्यक्रममा मन्तव्य दिनुहुँदै प्रमुख प्रजापति

# जनप्रतिनिधिहरू बजार अनुगमनमा

भक्तपुर नगरपालिकाको अगुवाईमा असार १ गते बंशगोपालदेखि बाराही स्थानसम्मको ५० वटा पसलमा अनुगमन गऱ्यो । ५० वटा पसल अनुगमन गर्दा १९ वटा पसलले मात्र पसल दर्ता गरेको पाइयो ।

अनुगमनका क्रममा दर्ता नभएका पसललाई दर्ता गर्न, म्याद नाघेको सामान–खाद्यान्न नष्ट गर्न, मादक पदार्थ बेचबिखनको लागि स्वीकृति लिन, पसलमा मूल्यसूचि राख्न अनुगमन टोलीले सुझाब दियो ।

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा भएको अनुगमनमा भनपाका जनप्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय उपभोक्ता मञ्च, महानगरीय प्रहरी परिसर, भक्तपुर उद्योग वाणिज्य सङ्घ, जिल्ला जनस्वास्थ्य कार्यालय, भनपा श्यानिटेशन शाखा र पत्रकारहरूको सहभागिता रहेको थियो ।

त्यस्तै टोलीले बिहीबार च्याह्मासिंहदेखि दत्तात्रयसम्म २० वटा पसलमा अनुगमन गऱ्यो ।

अनुगमन टोलीले दर्ता नभएका पसललाई दर्ता गर्न, दर्ता भएको पसललाई नवीकरण गर्न, सरसफाइमा जोड दिन, म्याद नाघेको खाद्यान्न नष्ट गर्न सुझाव दियो ।

# gu/kflnsfsf]ah]6 :yfgLo hgtfs};fem|f ;DklQ

भक्तपुर नगरपालिका वडा नं. ९ स्थित गरुडकुण्ड शिवमन्दिर पुनःनिर्माणपछिको उद्घाटन असार ११ गतेका दिन एक समारोहबीच नगर प्रमुख सुनिल प्रजापतिले गर्नुभयो। लिच्छवीकालीन ऐतिहासिक शिवमन्दिर २०७२ सालको विनाशकारी भूकम्पका कारण क्षतिग्रस्त बनेको थियो।




भक्तपुर नगरपालिका वडा नं.९ स्थित गरुडकुण्ड शिव मन्दिर उद्घाट कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

भक्तपुर नगरपालिकाको तर्फबाट रु. ११ लाख ७२ हजार ७९७ लगत इष्टिमेटमा स्थानीय जनताहरूको उपभोक्ता समितिमार्फत् गत फागुन महिनाबाट निर्माण सुरु गरी जेठ मसान्तमा सम्पन्न गरिएको थियो। फागुन १९ गते नगर प्रमुख प्रजापतिबाट नै उक्त मन्दिर पुनःनिर्माणको शिलान्यास गरिएको थियो।

उद्घाटन कार्यक्रममा प्रमुख प्रजापतिले स्थानीय जनताको सक्रिय सहभागितामा छोटो समयमा नै सम्पदा पुनःनिर्माण सम्पन्न हुनु सकारात्मक भएको बताउनुभयो। उपभोक्ता समितिमार्फत् कार्य हुँदा लगत इष्टिमेट भन्दा कम रु. ८ लाख ८ हजार ३६५ खर्चमा गुणस्तरीय कार्य भएको र जनताहरूबाट श्रमदान भएकोले संरक्षणमा पनि उत्तिकै चासो रहने उहाँले विश्वास व्यक्त गर्नुभयो।

नगरपालिकामा जनप्रतिनिधि बहाल भएपछि जनभावनाअनुसार विकास निर्माण र जनताको आवश्यकता परिपूर्तिका लागि लागिपरेको चर्चा गर्दै नगरपालिकाको बजेट स्थानीय जनताकै साझा सम्पत्ति भएको हुँदा हरेक योजनामा जनताले मूल्याङ्कन गरिरहेको बताउनुभयो।

कार्यक्रममा भनपा ९ नं. वडाध्यक्ष रविन्द्र ज्याख्वले तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजनामा भइरहेको विकास निर्माण र जनभावनाअनुसार समस्या समाधानमा लागिपरेको बताउनुभयो। आवास योजना नगरवासी र नगरपालिका दुवैको प्रतिष्ठा भएको चर्चा गर्दै नगरपालिकाले समयमै सोचेर योजना अघि सारेकोले विनाशकारी भूकम्पको समयमा पीडित जनतालाई राहत महसुस भएको उहाँको भनाइ थियो। आवास क्षेत्रमा खानेपानीको डिप बोरिङ कार्य सञ्चालनमा रहेको चर्चा गर्दै त्यस क्षेत्र र वरिपरिका बासिन्दाहरूलाई खानेपानीको बन्दोबस्त गर्न प्रयास गरिने बताउनुभयो।

स्थानीय दिपेन्द्र प्रजापतिले गरुडकुण्डको ऐतिहासिक एवं साँस्कृतिक महत्त्वबारे चर्चा गर्नुभयो। उहाँले त्यस क्षेत्रमा पहिला सुन्दर पाटी रहेको इतिहास भेटिएको उल्लेख गर्दै त्यसको पुनःनिर्माण गर्न सकिएमा स्थानीय जनताहरूबिच सामूहिक छलफल गर्न तथा साँस्कृतिक क्रियाकलाप गर्न सहज हुने धारणा राख्नुभयो।

उपभोक्ता समितिका अध्यक्ष शिवजी प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सदस्य सुमित्रा प्रजापतिले स्वागत, सचिव बाबुकाजी प्रजापतिले धन्यवाद र सदस्य तुल्सीराम प्रजापतिले मन्दिर निर्माणको क्रममा भएको आयव्यय विवरण पेश गर्नुभयो।

कार्यक्रममा प्रमुख प्रजापतिले लामो समयदेखि गरुडकुण्ड संरक्षणमा जुट्ने र मन्दिर पुनःनिर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने स्थानीय युवाहरूलाई प्रशंसा-पत्र वितरण गर्नुभयो।

**सफाइ अरुको लागि होइन हाम्रो आफ्नै लागि हो।**

# eQmk'/ gu/sf tf/x¿ e'ldut ug{kl/lDes sfo{;'¿

भक्तपुर नगरवासीको पुरानो नगर क्षेत्रभित्र विद्युत्, दूरसञ्चारलगायतका तारहरू भूमिगत गर्ने सम्बन्धमा असार ११ गतेदेखि प्रारम्भिक कार्य सुरू भएको छ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित एडीएमसी इञ्जिनियरिङका कार्यकारी प्रमुख डिल्लीप्रसाद त्रिपाठी र जीआईएस विज्ञ मदनबहादुर शाक्यले भेटी नेपाल विद्युत् प्राधिकरणका तारहरू भूमिगत गर्ने जिम्मेवारी आफूहरूले पाएको र सोमबारदेखि नै सर्भेका कामहरू सुरू भएको जानकारी दिनुभयो।





तारहरू भूमिगत गर्ने सम्बन्धमा छलफल

भक्तपुर नगरपालिकाले नगरभित्र यत्रतत्र छरिएर रहेका तारहरू र खम्बाहरूको कारण नगरको सुन्दरतामा आँच पुगेको भनी विद्युत् प्राधिकरणका पदाधिकारीहरूसँग पटक–पटक बैठक बसी भूमिगत गर्न ध्यानाकर्षण गर्दै आएको र नेपाल विद्युत् प्राधिकरणका निर्देशक कुलमान घिसिङलाई समेत नगरपालिकामा बोलाई सोबारे आग्रह गरेको थियो।

एसियाली विकास बैङ्कको सहयोगमा हुने उक्त प्रारम्भिक सर्भेको जिम्मेवारी एडीएमसी इञ्जिनियरिङ प्राइभेट लिमिटेडले जिम्मेवारी पाएको बताइएको छ। उक्त कार्य गर्न ५ वर्ष लाग्ने बताइएको छ।

भक्तपुर नगरपालिकाको सभाकक्षमा भएको उक्त भेटघाटमा नगर प्रमुख प्रजापतिले तारहरू भूमिगत गर्ने क्रममा आउने समस्याहरू समाधानमा सहयोग गर्न नगरपालिका सधैं तयार रहेको बताउनुभयो।

भेटमा उपप्रमुख रजनी जोशी, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, ख्वप कलेज अफ इञ्जिनियरिङका प्राचार्य सुनिल दुवाल, भक्तपुर नगरपालिका नक्सा शाखाका प्रमुख एवं तुमचो दुगुरे आवास योजना प्रमुख इ. ओमहरि था, ख्वप कलेज अफ इञ्जिनियरिङ इलेक्ट्रिक विभाग प्रमुख राकेश ग्वाछाको पनि उपस्थिति थियो।

# भक्तपुरको अधिकांश मासु पसल दर्ता नभएको

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा च्याह्मासिंह–जगातीमा असार १७ गते आठवटा मासु पसलमा अनुगमन गरियो। अनुगमनमा अधिकांश पसल दर्ता नभएको भेटिएको छ।

मासु पसलहरूलाई अनुगमन टोलीले फुटपाथमा सामान नराख्ने, मासु जालीले छोप्नुपर्ने, एप्रोन सेतो प्रयोग गर्ने, मूल्यसूचि राख्नुपर्ने, ढक, तराजु, नापतौल विभाग नवीकरण गर्नुपर्ने, भित्ता सफा गर्न मिल्ने गरी कार्पेट राख्नुपर्ने, दाना र मासु छुट्टाछुट्टै राखेर बेचबिखन गर्ने र प्याकिङ सामानमा लेबल राख्ने, सामानको मूल्य र मूल्यसूचिको मूल्य फरक गरी बिक्री गर्न नपाइने सुझाव दिइएको थियो।

अनुगमनमा भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य सचिव दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका विष्णुकेशरी जोशी, जिल्ला प्रशासन कार्यालय भक्तपुरका लुना श्रेष्ठ, पशु सेवा कार्यालयका उमेशलाल प्रधान, जनस्वास्थ्य कार्यालयका धनञ्जय आचार्य, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, उद्योग वाणिज्य संघ भक्तपुरका सञ्जय जोन्छे, महानगरीय प्रहरी परिसरको पनि सहभागिता रहेको थियो।

**भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो।**

## भक्तपुर नपाका मेयर निरीक्षणमा

# ¢fl/sfgfy dlGb/ hL0f{4f/df nfk/afxL

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दरबार क्षेत्रस्थित द्वारिकानाथ कृष्णमन्दिर जीर्णोद्धारमा ठेकेदारले लापरबाही गरेको जानकारी पाउने बित्तिकै असार ५ गते स्थलगत निरीक्षण गर्नुभयो।



दरबार क्षेत्रस्थित द्वारिकानाथ कृष्णमन्दिरको स्थलगत निरीक्षण गर्नुहुँदै प्रमुख प्रजापति

उहाँले पुरातत्त्व विभागका प्रमुख मोहन सिं लामालाई ठेकेदारले जथाभावी निर्माण गरेको कारण महिना दिन नहुँदै इँटाहरू उप्केको, मन्दिरको किल्ला चिरा पर्न थालेको देखाउँदै सम्बन्धित ठेकेदारलाई तत्काल बोलाई मर्मत गर्न लगाउन निर्देशन दिनुभयो।

पुरातत्त्व विभागका प्रमुख लामाका अनुसार उक्त निर्माणको जिम्मा एलपीआर कन्स्ट्रक्सनले पाएको र काममा लापरबाही देखिएको हुँदा आफूले तत्काल मर्मत गर्न लगाउने वचन दिनुभयो।

पुरातत्त्वले भक्तपुरका विभिन्न मठ–मन्दिरहरू ठेक्कामा काम गराउँदै आएको छ। दरबार क्षेत्रस्थित सिंह ध्वाका दरबार पुरातत्त्वले ठेक्कामा दिइसकेकोमा भक्तपुर नगरपालिकाले मल्लकालीन शैलीमा बनाउनुपर्ने र सो संरचना ठेक्कामा बनाउन दिन नहुने भनी पत्राचार गरेपछि सो काम अहिले रोकिएको छ।

नगर प्रमुख, पुरातत्त्व प्रमुखलगायतले दरबार क्षेत्रमा भइरहेको विभिन्न निर्माण कार्यहरूको निरीक्षण गर्नुभएको थियो।

# पसल दर्ता गर्न अनुगमन टोलीको सुझाब

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवम् वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वको टोलीले च्याह्मासिंहदेखि दत्तात्रयसम्म २० वटा पसलमा जेठ ३१ गते अनुगमन गर्‍यो।

अनुगमनमा २० वटा पसल अनुगमन गर्दा ३ वटा पसल दर्ता गरेको भनेको पसल पनि दर्ता प्रमाण पत्र देखाउन नसकेको, अधिकांश पसल दर्ता नभएको राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापाले बताउनुभयो। उहाँले पसल राखेपछि न्युनत्तम मापदण्डअनुरूप पसल नगरपालिकामा दर्ता नभएकोले कर टोली पठाएर सबै पसलले दता गर्नुपर्ने बताउनुभयो।

अनुगमनकै क्रममा राजेन्द्र खाजा घर पसल दर्ता प्रमाण पत्र लिएर तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन, नवीकरण गर्न र खानेकुरा बाकसभित्र प्लाई र जालीले व्यवस्थित गर्न र एप्रोन प्रयोग गर्न सुझाव दियो। त्यस्तै सुनिल खाजा घर दर्ता गर्न, सफा र व्यवस्थित गर्न र एप्रोन प्रयोग गर्न सुझाब दियो। त्यस्तै संजिब गौतमा दुनत बनाउने पसल दर्ता गर्न, सरसफाइ गर्न खानेकुरा छोपेर राख्न सुझाब दियो। त्यस्तै राजु किराना पसल दर्ता गर्न र व्यवस्थित गर्न सुझाब दियो।

त्यस्तै सुनगाभा उपभोक्ता सहकारी संस्था लि.ले सञ्चालन गरेको मिनि मार्ट नगरपालिकामा दर्ता गर्न, मसला पाकेटमा लेबल राख्न र म्याद नाघेको जीरा, पापड चौध पाकेट, आजस्पेशियल पापड पाँचपाकेट, ग्लुकोज बिस्कुट एक, हर्लिस बिस्कुट एक र एसिड दुई म्याद नाघेको नष्ट गर्न निर्देशन दियो। कृष्ण स्टोरलाई दर्ता प्रमाण पत्र लिएर कार्यालयमा उपस्थित हुन, पसलको बोर्ड राख्न र मूल्यसूचि राख्न सुझाब दियो। रिगेन स्टोर र संगिता स्टोरलाई पनि तीन दिनभित्र पसल दर्ता गर्न निर्देशन दियो। त्यसबाहेक क्युरियो पसल, सुन पसल, सिलाई पसल, चिया, मःम, होटेलहरूलाई पसल दर्ता गर्न निर्देशन दियो।

टोलीमा अनुगमन समितिका सदस्यहरू हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशनका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय उपभोक्ता मञ्च, महानगरीय प्रहरी परिसर र भक्तपुर उद्योग वाणिज्य संघ, जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर र पत्रकारहरूको सहभागिता रहेको थियो।

# गय् भिंद्यो पुल शिलान्यास, उपभोक्ता समितिमार्फत् निर्माण गरिने

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले असार २ गते बिहान गय् भिंद्यो हनुमन्ते खोलामा भक्तपुर नगरपालिकाको बजेटमा बन्न लागेको नयाँ पुलको एक कार्यक्रमबीच शिलान्यास गर्नुभयो ।




शिलान्यास कार्यक्रममा आफ्नो विचार प्रस्तुत गर्नुहुँदै अध्यक्ष बिजुक्छें

जम्मा रू. २ करोड ७५ लाख २८ हजार २६६ रूपैयाँ ६६ पैसा अनुमानित खर्चमा बन्न लागेको सो पुल २५ मिटरको हुनेछ ।

पुल शिलान्यासको क्रममा आयोजित स्थानीयहरूको सभामा बोल्दै बिजुक्छेंले सार्वजनिक निर्माण कार्य उपभोक्ता समितिमार्फत् गराउँदा निर्माण गुणस्तरीय हुने भएकोले भक्तपुर नगरपालिकाले हरेक विकास निर्माण कार्य उपभोक्ता समितिमार्फत् गराउँदै आउनु अनुकरणीय भएको बताउनुभयो ।

पूँजीवादी व्यवस्थामा कमिसन र नाफा लिई सरकारी निर्माण कार्य ठेक्कामा गराउने हुँदा गुणस्तरहीन निर्माण हुने उहाँको भनाइ थियो ।



भक्तपुर नगरपालिका
राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ भक्तपुर, माघ १० गते, २०७४ साल संख्या २

भाग २

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको दोस्रो नगरसभा २०७४ बाट पारित भएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि

सम्वत् २०७४ सालको नीति

भक्तपुर नगरपालिका नगर खेलकुद सम्बन्धी नीति २०७४

प्रस्तावना:

खेलकुदको माध्यमबाट समाजमा अनुशासन कायम राख्न, स्वस्थ नागरिक तयार गर्न, बस्ती (समाज) सफा राख्न, धुम्रपान, मद्यपान र लागू पदार्थ सेवन तथा छाडा संस्कृतिबाट युवाहरुलाई बचाउन, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाउने उद्देश्यका साथ भक्तपुर नगरपालिकाले २०४३ सालदेखि नगर खेलकुद समिति मार्फत विभिन्न गतिविधिहरु गर्दै आएको र आगामी दिनहरुमा अझ व्यवस्थित रुपमा कार्यक्रम संचालन गर्न आवश्यक नीति नियमको व्यवस्था गर्न वाञ्छनीय भएको हुँदा भक्तपुर नगरपालिका नगर खेलकुद सम्बन्धि नीति २०७४ बनाइएको छ ।

परिच्छेद–१

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यो नीतिको नाम "भक्तपुर नगरपालिका, नगर खेलकुद सम्बन्धि नीति २०७४ रहनेछ ।

१.२ यो नीति तुरन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा,–

१

अध्यक्ष बिजुक्छेंले भन्नुभयो, 'नगरको कुनै पनि ठाउँमा हुने विकासले हामी सबैको हित हुने हुँदा इमानदारीपूर्वक र पारदर्शीका साथ काम गर्न आवश्यक छ । भक्तपुर नगरपालिकाले पाँचतले मन्दिर, भैरवनाथ मन्दिर, पचपन्न झ्याले दरबारको समयमै जीर्णोद्धार गरी सम्पदा संरक्षणमा गरेको योगदान सराहनीय छ ।'

भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले जनताको राय–सुझावअनुसार नगरको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, विकास निर्माणका गतिविधि अगाडि बढाइरहेको बताउनुभयो ।

नगरको विकास योजनाबारे जानकारी गराउँदै उहाँले भन्नुभयो, 'उपभोक्ता समितिमार्फत् कार्य गराउँदा जनताको सहभागिता उत्साहजनक हुने भएकोले कानुनी प्रक्रिया मिलाई नगरपालिकाले उपभोक्ता समितिमार्फत् नै विकास निर्माणको कार्य अगाडि बढाउनेछ ।'

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले सांस्कृतिक नगरको पहिचानलाई कायम राख्दै मापदण्ड बनाइ भनपाले कार्य गरिरहेको बताउनुभयो ।

गय भिंद्यो हनुमन्ते खोला पुल निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष लक्ष्मीभक्त कवांको सभापतित्वमा भएको कार्यक्रममा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवां, समितिका सचिव अञ्जु मचामसी, कोषाध्यक्ष नारायणप्रसाद कवां र स्थानीय श्यामसुन्दर कवांले पनि बोल्नुभएको थियो ।

# lx/s jif{df jfuLZj/Ln]u¥of]cuhx¿sf];Ddfg

शिक्षाको प्रचार गर्ने लक्ष्यसहित प्रतिकूल परिस्थितिमा विद्यालयको स्थापना र शैक्षिक आन्दोलनमा पुऱ्याएको योगदानको कदर गर्दै वागीश्वरी माविले जेठ २९ गते स्थानीय गुठीहरूलाई सम्मान गरेको छ । विद्यालय स्थापनाको हिरक वर्ष २०७५ को उपलक्ष्यमा शैक्षिक अभियानमा लगातार टेवा पुऱ्याएका गुठी र गुठियारहरूलाई सम्मान गरिएको हो ।



विद्यालय स्थापनाको हिरक वर्ष २०७५ को उपलक्ष्यमा शैक्षिक अभियानमा लगातार टेवा पुऱ्याएका गुठी र गुठियारहरूलाई सम्मान गर्नुहुँदै प्रमुख प्रजापति

कार्यक्रममा १३ वटा गुठीका ३७ जना नाइके र बहिदारहरूलाई भक्तपुर नगर कार्यपालिकाका प्रमुख सुनिल प्रजापतिले घण्टा र नगदसहित सम्मान गर्नुभएको थियो । प्रमुख प्रजापतिले सम्मानित व्यक्तिहरूलाई बेताली लगाई उहाँहरूको योगदानको कदर गर्नुभएको थियो ।

सम्मान कार्यक्रममा बोल्दै प्रजापतिले देशको निम्ति आवश्यक जनशक्ति भक्तपुरका स्कूल र कलेजबाट तयार गरिरहेको स्मरण गराउँदै पुराना अग्रज र नेपाल मजदुर किसान पार्टीले लिएको विचारअनुसार शैक्षिक क्षेत्रमा भक्तपुर सफल भएको बताउनुभयो । उहाँले नगरपालिकाले कक्षा १ देखि ८ सम्मका विद्यार्थीका लागि स्थानीय पाठ्यक्रम ल्याउने बताउँदै विश्वका कमै मान्छेले सिक्ने ३ भाषा भक्तपुरका जनताले सिकिसकेको र पर्यटकको वृद्धिसँगै विदेशी भाषाको तालिम दिइरहेको बताउनुभयो ।

जनप्रतिनिधिका रूपमा भक्तपुर नगरपालिकामा जिम्मेवारी बहन गरेपश्चात् भक्तपुरलाई चिनाउन सम्पदा संरक्षण, पुनर्निर्माण एवम् शिक्षा र स्वास्थ्यलगायतका जनचासोका विषयमा ध्यान दिइरहेको जानकारी दिनुभयो । उहाँले भक्तपुरमा परापूर्वकालबाटै स्मार्ट सिटीको अवधारणाअनुसार सहरी विकास भइरहेको जनाउँदै भक्तपुर पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको बताउनुभयो । साथै उहाँले क्षतिको विश्लेषण नगरी कुनै निर्माण भएमा फेरि पनि क्षति हुनसक्ने भएकाले पुराना संरचना भत्काउन अध्ययन–अनुसन्धान गरिरहेको र नगरपालिकाले युवालक्षित तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समिति वागीश्वरी माविका अध्यक्ष तथा भक्तपुर नपा वडा नं. ९ का अध्यक्ष रविन्द्र ज्याख्वले देशका विभिन्न भागबाट आएका विद्यार्थीहरूले आफ्नो भविष्य बन्ने देखेर नै वागीश्वरी माविप्रति विश्वास गरिरहेको बताउनुभयो । साथै वागीश्वरीलाई देशकै नमुना विद्यालय बनाउन अग्रजहरूको भूमिका अतुलनीय रहेको बताउनुभयो ।

वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद धन्छाले विद्यालयको हालसम्मको प्रगति प्रतिवेदन पेश गर्नुभयो ।

सहायक प्रधानाध्यापक ज्ञानसागर प्रजापतिले देशकै उत्कृष्ट विद्यालय बनाउन स्थानीयको योगदानको चर्चा गर्दै १ करोड ३१ लाख रूपैयाँको विद्यालय भवन बनाउन सरकारको १ पैसा लगानी नभएको बताउनुभयो । कार्यक्रममा शिक्षक राजन लाखाले पनि बोल्नुभएको थियो ।

सम्मान कार्यक्रममा तःगुठी, मुर्दा गुठी, मारी गुठी, थिल्ला गुठी, न्हुँ गुठी, चुः गुठी, तः गुठी, नासननी सीः गुठी, सीः गुठीलगायतका १३ वटा गुठीका नाइके र बहिदारहरूलाई सम्मान गरिएको थियो ।

भक्तपुर च्याम्हासिंहस्थित वि.सं. २००९ जेठ २९ गते वागीश्वरीको स्थापना भएपनि नियमित विद्यालयको रूपमा वि.सं.२०१५ सालबाट आधिकारिक रूपमा सुरु भएको थियो । पराल र छ्वालीको छाना र सूर्यमढी दबुबाट सुरु भएको उक्त विद्यालयको आजको अवस्थासम्ममा ल्याउनमा स्थानीय टोलवासीहरूको ठूलो योगदानको कदर गर्दै यस वर्षको १२ महिनामा १२ वटै कार्यक्रम गरी हीरक वर्ष मनाइरहेको हो ।

# काठमाडौं उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्न जोड



शंखरापुर नपाका प्रमुखको नेतृत्वमा आएको प्रतिनिधिमण्डलसँग सामूहिक तस्बिर खिचाउँदै भनपा प्रमुखलगायत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित शंखरापुर नगरपालिकाका प्रमुख सुवर्ण श्रेष्ठको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले जेठ २८ गते भेट गऱ्यो।

भेटमा नगर प्रमुख प्रजापतिले काठमाडौं उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नुपर्ने बताउनुभयो। उहाँले २०७२ सालमा गएको भूकम्पले भक्तपुरका धेरै सम्पदाहरू र निजी घरहरूमा क्षति पुगेको हुँदा त्यसको पुनः निर्माणमा भनपा लागिरहेको बताउँदै नगरपालिकाले निर्माण कार्य गर्दा उपभोक्ता समिति वा अमानतमा गर्ने गरेको बताउनुभयो।

उहाँले भनपाले विभिन्न कलेजहरू स्थापना गरेर देशको लागि आवश्यक जनशक्ति उत्पादन गरिरहेको उल्लेख गर्दै भक्तपुरको विषयमा नयाँ पुस्तालाई जानकारी दिन यही वर्षदेखि पाठ्यक्रम लागू गरिएको जानकारी दिनुभयो।

शंखरापुर नगरपालिकाका प्रमुख सुवर्ण श्रेष्ठले भूकम्प पीडितहरूले पुरानै शैलीमा घर निर्माण गर्नेलाई प्रतिपरिवार एक लाख सहयोग गर्ने नीतिअनुसार काम गर्दै आएको बताउँदै शंखरापुर नपाले पनि ख्वप कलेजको मोडलमा कलेज सञ्चालन गर्न चाहेको हुँदा सहयोग गर्न आग्रह गर्नुभयो।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडा अध्यक्षहरू उकेश कवां, रविन्द्र ज्याख्व, लक्ष्मीप्रसाद ह्योमिखा, प्रेमगोपाल कर्माचार्य, हरिराम सुवाल र ख्वप कलेजका प्राचार्य रुपक जोशीको उपस्थिति थियो भने शंखरापुर नपाको तर्फबाट उपप्रमुख शुक्रलक्ष्मी श्रेष्ठ, भाग्योदय क्याम्पसका कार्यवाहक अध्यक्ष दुर्गाप्रसाद मल्ल, स.क्याम्पस प्रमुख वीरेन्द्रप्रसाद श्रेष्ठ, नवराज गुरुङलगायतको उपस्थिति थियो।

# अपाङ्गता भएका व्यक्तिहरू पनि सक्षम हुनसक्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आवश्यक तालिम पाएमा अपाङ्गता भएको व्यक्ति पनि हरेक क्षेत्रमा सक्षम हुनसक्ने बताउँदै विशेष सुविधा दिनुपर्ने बताउनुभयो।

सुस्त मनस्थिति कल्याण विद्यालयको ३३ औं स्थापना दिवसको अवसरमा जेठ २७ गते आयोजित पुरस्कार वितरण कार्यक्रममा बोल्दै उहाँले भक्तपुर नगरपालिकाले विभिन्न क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिइराखेको स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, 'अपाङ्गता भएका व्यक्ति पनि समाजको एक हिस्सा भएको हुँदा समाजलाई अगाडि बढाउन विशेषाधिकार आवश्यक हुन्छ। संविधानले विभिन्न क्षेत्रमा अपाङ्गता भएको व्यक्तिको प्रतिनिधित्वको व्यवस्था गरेको छ। महत्त्वपूर्ण पक्ष तिनीहरूलाई तालिम दिएर योग्य बनाउनु हो।'



सुस्त मनस्थिति कल्याण विद्यालयको ३३ औं स्थापना दिवसको अवसरमा विद्यार्थीलाई पुरस्कार वितरण गर्नुहुँदै प्रमुख प्रजापति

भनपा वडा नं. ४ का कुमार चवाल, जिल्ला शिक्षा तथा समन्वय एकाइका प्रमुख हरिप्रसाद दाहाल, विद्यालयका प्रअ तारादेवी किजूलगायतले बोल्नुभएको उक्त कार्यक्रमको सभापतित्व व्यवस्थापन समितिका अध्यक्ष शिवजी श्रेष्ठले गर्नुभएको थियो।

# ah]6 lgdf{0fsf]nflu gu/jf;Lx?sf]/fo ;'emfj ;Íng




भक्तपुर नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ को बजेट तर्जुमासम्बन्धी नगरवासीहरूसँग राय सुझाव सङ्कलन गरेको छ। जेठ २० गतेदेखि २५ गतेसम्म गरिएको छलफल कार्यक्रममा विभिन्न क्षेत्रका प्रतिनिधि नगरवासीहरूको उपस्थिति रहेको थियो। छुट्टाछुट्टै दिनमा सम्पन्न भेलामा नगर प्रमुखको विचार र नगरवासीहरूको सुझावलाई प्रस्तुत गरिएको छ।

## शिक्षक भेला (२५ जेठ २०७५)

भक्तपुर नगरपालिकाले आ.ब.२०७५/०७६ को बजेट तर्जुमासम्बन्धी जेठ २५ गते नगरबासीहरूको राय सुझाव सङ्कलनका क्रममा शिक्षकहरूबाट सुझाव सङ्कलन गऱ्यो। कार्यक्रममा प्रमुख सुनिल प्रजापतिले आजका विद्यार्थीहरूलाई एकाइसौं शताब्दीको लागि योग्य बनाउन शिक्षक शिक्षिकाहरूको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो।

उहाँले संस्थागत र सामुदायिक विद्यालयमा भएको शैक्षिक स्तरको अन्तरलाई कम गर्दै लान भक्तपुर नगरपालिकाले सामुदायिक विद्यालयलाई प्राथमिकतामा राख्ने बताउँदै भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन सबैको साझा प्रयास आवश्यक छ भन्नुभयो।

उहाँले स्थानीय तहलाई शिक्षाको जिम्मेवारी दिएको नचाहनेहरू पनि रहेको बताउँदै भक्तपुर नगरपालिकाले आफ्नै पहलमा कलेजहरू खोलेर उदाहरणीय काम गरिरहेको स्पष्ट पार्नुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो– 'स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार भक्तपुर नगरपालिकाले कक्षा १ र ६ को स्थानीय पाठ्यक्रम तयार गरेको छ। नयाँ पुस्ता भक्तपुरको भूगोल, इतिहास, संस्कृति, खेल र पर्यटनलगायतको विषयमा प्रष्ट हुनेछ। ख्वप विश्वविद्यालय खोलेर स्वास्थ्यको क्षेत्रमा पनि जनताको सेवा गर्ने नगरपालिकाको उद्देश्य भए



बजेटबारे छलफलमा शिक्षक प्रतिनिधिहरू



बजेटबारे छलफलमा भाग लिंदै व्यापारी प्रतिनिधि

पनि सरकारले विश्वविद्यालय विधेयक पारित नगरेको कारण समस्या भएको छ।'

नगरका विभिन्न विद्यालयका प्रअ, शिक्षकहरूको सहभागिता रहेको भेलामा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले पनि बोल्नुभएको थियो।

भेलामा शिक्षकहरूले विज्ञान प्रविधिको विकासमा बजेट राख्नुपर्ने, भाषा तालिम दिनुपर्ने, तालिमको अनुमगन र पृष्ठपोषण हुनुपर्ने, विद्यालयलाई खेलकुद सामाग्री सहयोग गर्नुपर्ने, विद्यालयमा प्रजनन् स्वास्थ्यको शिक्षा दिनुपर्ने, विद्यालयमा चौर नभएकोले खेलकुदको व्यवस्था नगरपालिकाले गर्नुपर्ने, निःशुल्क भने पनि सामुदायिक स्कूलले पैसा उठाउनुपर्ने भएकोले आर्थिक सहयोग गरी पूर्ण निःशुल्क गर्नुपर्ने, जीवन उपयोगी शिक्षाको लागि अभ्यास गर्ने ठाउँ अभाव भएको, विद्यालयलाई सामग्री, पाठ्यपुस्तक र निर्माणमा बजेट राख्नुपर्ने, सिपमुलक तालिम दिनुपर्ने, संस्थागत वा निजी स्कूलमा थोरै तलब भएकोले नगरपालिकाले समन्वय गर्नुपर्ने लगायतको सुझाव दिएका थिए।

## व्यापारी भेला (२४ जेठ २०७५)

भक्तपुर नगरपालिकाको सभाहलमा जेठ २४ गतेको बजेट तर्जुमासम्बन्धी व्यापारीहरूको राय सुझाव सङ्कलन गर्दै प्रमुख सुनिल प्रजापतिले निर्वाचन घोषणापत्र र नगरवासीहरूको सल्लाह र सुझावअनुसार बजेट निर्माण गर्ने बताउनुभयो। उहाँले बिजुलीका तारहरू र पोलहरूले भक्तपुरको सुन्दरता प्रदूषित भइरहेको हुँदा तारहरू व्यवस्थित र भूमिगत गर्ने तथा दरवार क्षेत्रमा बत्तिको व्यवस्थाको लागि नगरपालिकाले तयारी गरिरहेको बताउनुभयो। तुमचो दुगुरे आवास योजनामा बत्तीको व्यवस्था गर्न भक्तपुर नगरपालिकाको ६० प्रतिशत र विद्युत् प्राधिकरणको ४० प्रतिशत गरी कार्य अगाडि बढाउने सहमति भइसकेको उहाँले जानकारी दिनुभयो।

उहाँले खानेपानी समस्या समाधान गर्न भनपा, काठमाडौं उपत्यका खानेपानी बोर्ड र केयुकेएलले संयुक्त प्रयास गरिरहेको बताउदै स्मार्ट सिटीको नाममा लाखौं रोपनी जग्गा हक हस्तान्तरण रोकेर सरकारले जनतालाई दुःख दिइरहेको आरोप लगाउनुभयो।

उहाँले भक्तपुरको विकास निर्माणलगायतका कामहरूमा सामानहरू खरिद गर्दा नगरवासी व्यापारीहरूलाई प्राथमिकतामा राख्दै आएको बताउदै आ-आफूले तिर्नुपर्ने कर समयमै तिरेर नगरपालिकालाई सहयोग गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरपालिकाको महत्त्वपूर्ण घरजग्गा कर रहेको बताउँदै नगरवासीहरूको हितको लागि पचास प्रतिशत कर छुट दिएको बताउनुभयो। उहाँले खानेपानी, घरदैलो नर्सिङ सेवा, ख्वप अस्पताल, खेलकुद, भनपाको मापदण्डबारे पुनःअध्ययन भइरहेको बारे बताउनुभयो।

कार्यक्रममा व्यवसायीहरू कृष्णभक्त दुवाल, सुन्दर गोपाल दथेपुथे, बुद्धिराम दुवाल, हिरामणी श्रेष्ठ, नरेश वासी, सुरेश चित्रकार, पूर्णमान कोजु, सागर कुसाथा, सिद्धिराम आचार्य, बद्री माक, रत्नप्रसाद प्रजापति, कृष्णप्रसाद कोजुलगायतले विभिन्न भाषाहरूको तालिम, रोजगारीको व्यवस्था, पर्यटक शौचालयको निर्माण, द्योछें, पाटीजस्ता सार्वजनिक स्थलहरूलाई आयआर्जनका लागि प्रयोग गर्नुपर्नेलगायतका सुझावहरू दिनुभयो।

## मजदुर भेला (२३ जेठ २०७५)

जेठ २३ गते भएको मजदुरहरूसँग रायसुझाव सङ्कलन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले देश र जनताको निःस्वार्थ सेवा गर्ने नेमकिपाको नीतिअनुसार नै भनपामा कार्य



मजदुर प्रतिनिधिसँग बजेटबारे छलफल गर्नुहुँदै प्रमुख प्रजापति

भइरहेको बताउँदै उहाँले भनपाको कार्य अरु नगरपालिकाको लागि उदाहरणीय हुने धारणा राख्नुभयो।

नगरपालिकाले सीपमूलक तालिम सञ्चालन गरिरहेको र नगरवासीको खानेपानी समस्या समाधानको लागि पहल गरिरहेका मेयर प्रजापतिले बताउनुभयो।

कार्यक्रममा सहभागीहरूले मजदुरहरूको तथ्याङ्क सङ्कलन गर्नुपर्ने, काष्ठकला, मूर्तिकला, धातुकला र प्रस्तरकलाको तालिम दिनुपर्ने, ज्यामी र डकर्मीको ज्याला बढाउनुपर्ने, जनस्वास्थ्यमा नगरपालिकाको औषधि पसल खोल्नुपर्ने आदि सुझाव दिनुभएको थियो। कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो।

## बुद्धिजीवी भेला (२२ जेठ २०७५)

बजेट तर्जुमासम्बन्धी जेठ २२ गते सम्पन्न नगरबासीहरूको राय सुझाव सङ्कलन कार्यक्रम अन्तर्गत बुद्धिजीवीहरूसँगको भेलामा नगर प्रमुख सुनिल प्रजापतिले स्थानीय सरकारको अधिकार वा नगर प्रमुखको अधिकार कटौती गरेर जिल्ला समन्वय समितिलाई दिन खोजेको नेपालको संविधानविपरीत तथा सिद्धान्ततः स्थानीय स्वायत्त शासनविरुद्ध रहेको बताउनुभयो। उहाँले काठमाडौं उपत्यका विकास प्राधिकरणले भक्तपुरको ४ वटा स्मार्टसिटीमा जिल्ला समन्वय समितिलाई अधिकार दिने निर्णयमा असहमति जनाएको बताउनुभयो।

उहाँले राष्ट्रिय कला सङ्ग्रहालय रहेको न्हायकं झ्या दरवार मौलिक र मल्लकालीन शैलीमा नै बनाउने गरी पुरातत्त्व र नगरपालिकाको समन्वयमा अमानत वा उपभोक्ता समितिमार्फत गर्न नगरपालिकाको कोषमा रकम दाखिला गर्न पुरातत्त्वसँग माग गरेको बताउनुभयो।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले विश्व वातावरणको दिवसमा विभिन्न कार्यक्रम भएकोमा सरसफाइ, वृक्षरोपण र आकाशे पानी सङ्कलनमा जोड दिएको बताउनुभयो। उहाँले हाम्रो कला संस्कृति र पहिचानको साथै मूल्यवान बनाउने हो भने मौलिक कुरा जोगाउनुपर्ने बताउँदै घर बनाउँदा छाना स्लोप राखी नगरवासीहरूले आफ्नो पहिचानको लागि योगदान गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष उकेश कवाँले सत्तरी असी प्रतिशत बजेट कार्यान्वयन भएको बताउँदै सडक, भैरव मन्दिर, ख्वप अस्पताल, अरनिको सभाभवन, ढुङ्गा छपाइ, हनुमानघाट सुधार, विद्यालय पाठ्यक्रम, कौसी खेती, च्याउ खेती, बेमौसमी तरकारी खेती तालिम, भाषा तालिम, सीपमूलक तालिम, सामाजिक सुरक्षा भत्ता, सफाइ, खेलकुदमा गरेको प्रगतिबारे बताउनुभयो।

कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो। बुद्धिजीवी पृथुचरण वैद्यले शिक्षा, स्वास्थ्य, सरसफाइ, पर्यटक, कला संस्कृतिमा नीति नै बनाई अगाडि बढाउनुपर्ने बताउँदै सिद्धान्तअनुसार शिक्षा निःशुल्क गर्ने भनेकोले प्रि-स्कुलमा दिवा खाजासहित निःशुल्क गन जोद दिनुभयो। उहाँले स्वास्थ्य क्षेत्रमा अस्पताल र औषधि पसलमा अनुगमन गर्नुपर्ने बताउँदै विद्यालयमा नर्सको व्यवस्था गरिदिन सुझाव दिनुभयो। कार्यक्रममा २२ जना बुद्धिजीवीहरूले सुझाव दिनुभएको थियो।

## किसान भेला (२१ जेठ २०७५)

जेठ २१ गतेको बजेट तर्जुमासम्बन्धी किसानहरूसँगको राय सुझाव सङ्कलन कार्यक्रममा भनपा प्रमुख सुनिल प्रजापतिले वडा-वडामा कृषि समितिमार्फत् आलु, गहुँ र धानको बीउ सरकारसँग पचास प्रतिशत छुटमा किनेर किसानहरूको हितको निम्ति निःशुल्क वितरण गरेको बताउनुभयो। उहाँले ठूलो कुरा गर्नुभन्दा भनपाले गर्नसक्ने काम र योजनाहरू सञ्चालन गरिरहेको बताउँदै वैकल्पिक पेशाको रूपमा कौसी खेती, च्याउ खेती, बेमौसमी तरकारी खेती तालिम दिएको बताउनुभयो।

उहाँले मौलिक नाचगानलाई व्यवसायीकरण गरी विदेश जानु नपर्ने गरी यही रोजगारी सृजना हुने बताउनुभयो। उहाँले नगरपालिकाले ख्वप अस्पताल, आयुर्वेदिक औषधालयसँगै विश्वविद्यालयसम्म जाने सोच राखेको बताउनुभयो।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याखवले जनताको सुझाव र मागबमोजिम बजेट तयार गर्ने बताउँदै विकास निर्माण देशको निम्ति योगदान हुनुपर्ने बताउनुभयो। उहाँले यस आवको बजेटमा ख्वप अस्पताल, च्याम्हासिंहदेखि भार्वाचो बाटोमा ढुङ्गा छपाइ, अरनिको सभाभवन, हनुमानघाट सुधार, खानेपानीको



घरेलु उद्योग संघसँग छलफल कार्यक्रम



बजेटको छलफल कार्यक्रममा उपस्थित किसान प्रतिनिधि

लागि ट्याङ्की निर्माण र डिप बोरिङ्, वडा वडामा पचास लाख बजेट र भैरवनाथ मन्दिर, ङातापोल मर्मत आदि योजनाहरू रहेको बताउनुभयो।

कार्यक्रममा सहभागी किसानहरूबाट माटो परीक्षण गर्ने मेसिन, विषादी न्यूनीकरण, अर्गानिक खेती, कृषि बजार, मौसमअनुसारको कृषि तालिम, कृषक परिचयपत्र, जेटीए व्यवस्था, मलको व्यवस्था, कोल्डस्टोरको व्यवस्था, व्यवसायिक तरकारी खेती गर्ने कृषकहरूलाई प्रोत्साहनको निम्ति आवश्यक सामग्री वितरण, आर्थिक सहयोग, ऋण सहयोग र प्रमाणपत्रको व्यवस्था, आईपीएमको लागि जग्गा र बीउ उत्पादन गर्नुपर्ने आदि सुभाव दिइएको थियो। त्यस्तै च्याम्हासिंहदेखि ब्रम्हायणीसम्म ढल र पेटीको व्यवस्थापन, खानेपानीको पाइप मर्मत, कम्पोष्ट मल बनाउने प्लान, पोल्ट्री फर्म र शीतभण्डारण, सम्पदा छेक्ने तार व्यवस्थापन, कृषि समितिलाई बजेट व्यवस्था, पर्यटक शौचालय, वनसम्बन्धी ज्ञान, टेराकोटाले बनेको घर संरक्षण गर्नुपर्ने, बधशालाको फोहर व्यवस्थापन, बायोग्यास, गड्यौला मल, घरजग्गा कर घटाउनुपर्ने, देकोमिवाको काम समयमै सम्पन्न गर्न पहल गर्नुपर्ने सुझाव दिइएको थियो।

## महिला भेला (२० जेठ २०७५)

नगरवासीहरूको राय सुझाव सङ्कलनको क्रममा जेठ २० गते महिला भेला गर्दै प्रमुख सुनिल प्रजापतिले बजेट बनाउन र महिलाकेन्द्रित गतिविधि अगाडि बढाउन सुझाव महत्त्वपूर्ण हुने बताउनुभयो। सुझावअनुसार नै सिलाई, च्याउखेती, कौसी खेती तालिम सम्पन्न गरेको बताउँदै उहाँले भनपाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रलाई व्यवस्थित गर्ने योजनासहित कार्य अगाडि बढिरहेको जानकारी दिनुभयो। उहाँले स-साना बालबालिकालाई सिकाउन र हाम्रो वरपरको मौलिक कुरा लोप हुँदै गएकोले नेपालभाषा तालिम, कला संस्कृति, चाडपर्वबारे पाठ्यक्रम बनाई विद्यालयमा लागू गरेको बताउनुभयो। उहाँले खानेपानी समस्या समाधनको लागि वडा नं. १ मा एक करोड लिटरको पानी ट्याङ्की निर्माण, त्यस्तै चित्तपोलमा जग्गा खरिद गरी पानीट्याङ्की निर्माण र ६ सय मिटर पाइपलाइन बिछ्याउने कार्य, तुमचो दुगुरेमा डिप बोरिङका साथै मेलम्चीको पानीका लागि समेत समेत पहल गरिरहेको बताउनुभयो।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले सरसफाइ क्षेत्रमा कुहिने र नकुहिने फोहर छुट्याई सङ्कलन गर्न बाल्टिन वितरण, कम्पोष्ट मल बनाउने, स्वास्थ्य क्षेत्रमा घरदैलो नर्सिङ सेवा, शिक्षामा स्थानीय पाठ्यक्रम तयार गरी स्कूलमा अध्यापनको व्यवस्था मिलाएको र सम्पदा संरक्षण गरिरहेको बताउनुभयो।

कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो। सहभागीहरूले सीपमूलक तालिमको निरन्तरता, शिशुस्याहारको स्तरोन्नति, स्वास्थ्य



बजेट कार्यक्रममा भाग लिंदै महिला प्रतिनिधि

शिविर, पर्ती जग्गा संरक्षण, बाटो सिमाङ्कन र बाटो बनाउने, पुल बनाउने र मर्मत गर्नुपर्ने, पानीको समस्या समाधान गर्नुपर्ने, मौलिक सीपको तालिम र बजार, रोजगारी, आदर निकेतन, सार्वजनिक धारा राख्नुपर्ने, महिला स्वास्थ्य समस्याबारे अभिमुखीकरण कार्यक्रम, सहकारी तालिम, निरन्तर शिक्षा, ऋणको व्यवस्था, सम्पदा छेक्ने तारको व्यवस्थापन, अरनिको सभाभवन निर्माण आदिबारे सुझाव दिनुभयो।

# gu/ kd'v g}cWolf x'gkg]df hf]B

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जग्गा एकीकरण आयोजनाको व्यवस्थापन उपसमितिको अध्यक्षमा नगर प्रमुखलाई नै बनाउनुपर्ने अडान राख्नुभयो ।

काठमाडौं उपत्यका विकास प्राधिकरण सञ्चालक समितिको जेठ २२ गते बसेको बीसौं बैठकमा जग्गा एकीकरण आयोजनाको व्यवस्थापन उपसमितिको अध्यक्ष जिल्ला समन्वय समितिको प्रमुखलाई राख्ने प्रस्तावको उहाँले विरोध गर्नुभयो ।

उहाँले संविधानले केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सरकारलाई मात्रै चिन्छ, समन्वयकारी भूमिका खेल्नमात्रै स्थापना गरिएको जिल्ला समन्वय समितिलाई नगर प्रमुखले प्रयोग गर्दै आएको जिम्मेवारी दिनु गलत भएको विचार राख्दै नगर प्रमुखको अनुपस्थितिमा उपप्रमुखलाई अध्यक्ष बनाउनुपर्नेमा जोड दिनुभयो ।

बैठकमा जिल्ला समन्वय समितिको प्रमुखलाई जिम्मेवारी दिने वा नदिनेबारे लामो छलफलपछि बैठकको अध्यक्षता गरिरहनुभएका प्राधिकरणका आयुक्त भाइकाजी तिवारीले भक्तपुर जिल्लाभित्र एउटामात्रै आवास योजना भए नगर प्रमुख र एकभन्दा बढी योजना भए जिल्ला समन्वय समितिको प्रमुखलाई अध्यक्ष बनाई भक्तपुर नगरपालिकाको असहमति राखेर अघि बढ्ने भनी सुनाएपछि मात्रै बैठक अगाडि बढ्न सकेको थियो ।

बैठकले कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनको अध्यक्षतामा कीर्तिपुर नगरपालिकामा २९१९ रोपनी जग्गामा ढाल्पा सल्यानथान जग्गा एकीकरण आयोजनाको ११



काठमाडौं उपत्यका विकास प्राधिकरणको बैठकमा भाग लिनुहुँदै प्रमुख प्रजापति

सदस्यीय जग्गा एकीकरण आयोजना व्यवस्थापन उपसमिति गठन गर्ने, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन २०४५ बमोजिम नायब विकास आयुक्तको अध्यक्षतामा उपसमितिको गठन र शङ्खरापुर नगरपालिकाको नगरस्तरीय यातायात गुरु योजना र नगरसभाबाट नगरपालिका क्षेत्रभित्र सडकको क्षेत्राधिकार १० मिटर सेटव्याक १.५ मिटर कायम गर्ने निर्णय गऱ्यो ।

बैठकमा नगर प्रमुखहरू, विभिन्न विभागका महानिर्देशकहरू र आयुक्तहरूको उपस्थिति थियो ।

# वडाव्यापी बुद्धिचाल प्रतियोगिता सम्पन्न

भनपा २ वडा खेलकुद समितिद्वारा आयोजित वडाव्यापी चेस प्रतियोगिता जेठ १९ गते सम्पन्न भयो । कार्यक्रममा भनपा वडा नं. ७ का वडा अध्यक्ष उकेश कवांले विजयी खेलाडीहरूलाई ट्रफी, मेडल, प्रमाणपत्र र नगद पुरस्कार वितरण गर्दै पढाइ र खेलकुदलाई सँगसँगै लानुपर्ने आवश्यकता औंल्याउनुभयो

उहाँले भन्नुभयो, 'अनुशासित खेलाडीले मात्र सफलताको सिंढी चढ्न सक्छ ।'

वडा नं. २ खेलकुद समितिका सल्लाहकार रवीन्द्र खर्बुजाले खेलाडीहरूको कला-कौशल प्रतियोगितामा देखाउने मौका हुने भएकोले निरन्तर रूपमा प्रतियोतिगा सञ्चालन गर्दै जानुपर्ने बताउनुभयो ।

भक्तपुर नपा २ नं. वडाअध्यक्ष हरिप्रसाद बासुकलाले वडाभित्रका विद्यालय प्रतिनिधिहरूलाई एक स्कूल एक सम्पदाअन्तर्गत सरसफाइ सामग्री वितरण गरेको जानकारी दिनुभयो ।

उहाँले खेलाडीहरूको पहिचान दिन र खेलप्रति उत्साह जनाउन खेलकुद प्रतियोगिता सञ्चालन गर्दै जानुपर्छ भन्नुभयो ।

खेलकुद समितिका अध्यक्ष गणेशप्रसाद सुवालको सभापतित्वमा भएको कार्यक्रममा प्रतियोगिता सञ्चालक एवं राष्ट्रिय आर्विटरद्वय राजकुमार लघू र इन्द्रभक्त पंच र समितिका उपाध्यक्ष सञ्चयज्ञान याकामीले पनि बोल्नुभएको थियो ।

प्रतियोगितामा ख्वप साकोसका निर्मल सुवाल पहिलो, सुनौलो बिहानी समूहका तुल्सीराम सुवाल दोस्रो र ख्वप साकोसका गञ्जन राजचल तेस्रो भए ।

छात्रातर्फ एभरेष्ट स्कूलका मानषी थपलिया र छात्रतर्फ सामुदायिक इ. स्कूलका कृष्ण श्रेष्ठ उदीयमान खेलाडी घोषित भए ।

कार्यक्रममा राष्ट्रिय प्रतियोगितामा सहभागी भई सफलता हासिल गरेका वडा नं. २ का एथ्लेक्टिक्स खेलाडी कान्छीमैयाँ कोजू, टेबलटेनिस खेलाडीहरू मञ्जु सुवाल र अञ्जु सुवाललाई सम्मान गरिएको थियो ।

# ‘प्राकृतिक सम्पदा संरक्षण सबैको जिम्मेवारी’

भक्तपुर नगरपालिकाको आयोजनामा विश्व वातावरण दिवसको उपलक्ष्यमा जेठ २२ गते सूर्यविनायक नगरपालिका वडा नं. १० को सल्लाघारी वन (ल्योसिंगुँ) मा वृक्षारोपण कार्यक्रम सम्पन्न भयो। भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा सञ्चालनको लागि नभई नहुने वन (ल्योसिंगुँ) लाई संरक्षण र हराभरा बनाउनको निम्ति भक्तपुर नगरपालिकाले वृक्षरोपण कार्यक्रमको आयोजना गरेको हो।




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा त्यस क्षेत्रमा ३०० वटा सल्लाका हुर्केका बोटहरू रोपिएका थिए। ती बोटहरूमा नगरपालिकाको जेट ट्याङ्कीबाट सिंचाइ गरिएको थियो। कार्यक्रममा प्रमुख प्रजापतिले प्राकृतिक सम्पदा संरक्षण सबैको साझा जिम्मेवारी भएको हुँदा त्यसको सुरक्षा गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो। वृक्षरोपण गर्नुभन्दा पनि त्यसको संरक्षण र हुर्काइमा विशेष ध्यान दिनुपर्ने बताउँदै प्रमुख प्रजापतिले वृक्षरोपणले अर्को पुस्तालाई सहयोगी भूमिका खेल्ने बताउनुभयो।

प्रमुख प्रजापतिले ऐतिहासिक, धार्मिक महत्त्व बोकेको यस वनको सुरक्षा गर्न नसके भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा सञ्चालन गर्न कठिन पर्ने बताउँदै वृक्षरोपणसँगै सिङ्गो वातावरणको संरक्षण आवश्यक भएको बताउनुभयो। उहाँले विरुवा रोप्ने कामलाई औपचारिकताको लागि मात्र गर्ने नभई जिम्मेवारी र अनन्तकालसम्मको यसको संरक्षण गर्ने हिसाबले हुनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले वातावरण दिवसको अवसरमा मात्र रुख रोप्ने नभई जल, जमिन र जङ्गल बचाउन सधैं तत्पर हुनुपर्ने बताउनुभयो। उहाँले वातावरणसम्बन्धी कार्यक्रमहरूले नयाँ पुस्तालाई सचेत पार्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

भक्तपुर वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले नगर र जिल्लालाई सभ्य, सुन्दर, सफा र देशको नमुना नगर बनाउन नपा अग्रसर भएर लागिरहेको बताउँदै ऐतिहासिक जात्रालाई निरन्तर र व्यवस्थित ढङ्गले सञ्चालन गर्न वन संरक्षण आवश्यक भएको उल्लेख गर्नुभयो। रुख रोप्दैमा सबै हुर्किन्छ भन्ने नभएको बताउँदै त्यसको समय–समयमा उचित संरक्षण आवश्यक रहेको उहाँले बताउनुभयो।

गुठी संस्थान भक्तपुरका प्रमुख हरि सुवेदीले धार्मिक,



सांस्कृतिक महत्त्व बोकेको स्थानमा वृक्षरोपण गरेर भक्तपुर नगरपालिकाले सराहनीय कार्य गरेको बताउँदै रोपिएका विरुवाको संरक्षण र संबर्द्धन पनि उत्तिकै आवश्यक रहेको बताउनुभयो।

सामुदायिक वन उपभोक्ता सङ्घ जिल्ला शाखा भक्तपुरका अध्यक्ष पार्वती नगरकोटीले वृक्षरोपण गरेको ठाउँमा विरुवा राम्रोसँग हुर्केको छ कि छैन भनी अनुगमन गर्नुपर्ने बताउनुभयो। उहाँले विरुवाको अवस्था थाहा पाउन वन हेरालु राख्नुपर्ने बताउँदै नपाको वृक्षरोपण कार्यक्रम प्रशंसायोग्य भएको बताउनुभयो।

कार्यक्रममा सल्लाघारी वन उपभोक्ता समितिका अध्यक्ष शेखर खड्काले भक्तपुरका ऐतिहासिक जात्राहरूमा ल्योसिंगुँबाट लगिएका रुख प्रयोग हुने भएकोले पनि यो वनले निकै महत्त्व बोकेको बताउनुभयो। ऐतिहासिक ठाउँमा भएको वृक्षरोपणको प्रशंसा गर्दै यसको निरन्तरता आवश्यक रहेको उहाँले जानकारी गराउनुभयो।

कार्यक्रममा वडाअध्यक्ष महेन्द्र खायमलीले पनि बोल्नुभएको थियो। कार्यक्रममा वडाअध्यक्ष, वडा सदस्य, नपाका कर्मचारी तथा ख्वप कलेज वातावरण विज्ञान विषयका विद्यार्थीहरू, चाँगु नपा वडा नं. ९ का जनप्रतिनिधि, प्रगति युवा समाजका पदाधिकारी तथा स्थानीय जनताको सहभागिता रहेको थियो। त्यस्तै नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका अधिकारीहरूसमेत कार्यक्रममा सहभागी थिए।

# /]8of]k|:tf]tf tyf ;Lk ljsf; ;DaGwL tflnd ;DkGg

भक्तपुर नगरपालिकाको आयोजनामा जेठ २० गतेदेखि सञ्चालित रेडियो प्रस्तोता तथा सीप विकाससम्बन्धी तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई जेठ ३० गते नगरपालिकाको सभाकक्षमा समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको उद्घाटन जेठ २० गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभएको थियो ।



रेडियो प्रस्तोता तथा प्राविधिक सिप सम्बन्धी तालिमको उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापति

समापन कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले रेडियो प्रस्तोताहरूले भाषा शुद्ध बनाउनुपर्ने, इतिहास, भूगोल र राजनीतिबारे जानकारी राख्नुपर्ने उल्लेख गर्दै समाजलाई बाटो देखाउने भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले सञ्चार र यसको संस्थालाई व्यवसायीकरणभन्दा पनि विशिष्टिकरण गर्नुपर्नेमा जोड दिँदै भन्नुभयो – 'विशिष्टिकरणले आस्थालाई जोड दिन्छ र आस्थाको पत्रकारिताले आफ्नो सिद्धान्त, सामाजिक मूल्य र मान्यतामा अडिग रहन उत्साहित गर्छ ।'

भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्ने विषयलाई २० वर्ष अगाडि नै केहीले चिडियाघर बनाउन लागेको गलत प्रचार गरको उल्लेख गर्दै सांसद सुवालले विज्ञापनमार्फत् ठगी हुनेतर्फ पनि सचेत हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

तालिम अनुसन्धानमूलक हुनुपर्नेमा जोड दिँदै उहाँले रेडियो प्रस्तोता प्रविधिबारे पनि जानकार हुनुपर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले नगरवासी युवाहरूलाई युग सुहाउँदो सीप सिकाएर देश र समाजको विकासको लागि इमानदारीपूर्वक भूमिका खेल्न सक्ने योग्य नागरिक तयार पार्न नगरपालिकाले युवालक्षित कार्यक्रमहरू सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो – 'धेरै नेपाली युवाहरू हातमा सीप नहुँदा बाध्य भएर मलेसियाको जङ्गल र खाडी मुलुकको मरुभूमिमा भौतारिरहेका छन् । हातमा सीप भएका व्यक्तिहरू आत्मसम्मानपूर्वक जिउन सक्छन् ।'

भक्तपुर नगरमा ऐतिहासिक सम्पदाहरू ➲➲



रेडियो प्रस्तोता तथा प्राविधिक सिप सम्बन्धी तालिममा सहभागी प्रशिक्षार्थीहरुसँगको सामूहिक तस्बिर

# eQmk'/ gkf j8f g=+% df aflN6g lj t /0f

विश्व वातावरण दिवसको अवसरमा भक्तपुर वडा नं. ५ भेलुखेल क्षेत्रमा नमुना सरसफाइ कार्यक्रम तथा 'एक विद्यालय एक सम्पदा' सरसफाइ कार्यक्रम सञ्चालनको लागि स्थानीयवासी र विद्यार्थीहरूलाई जेठ २२ गते सफाइ साम्रगी तथा बाल्टिन वितरण गरियो ।



वडा नं. ५ मा स्थानीयलाई बाल्टिन वितरण गर्नुहुँदै उपप्रमुख जोशी

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले वातावरणबारे जनचेतना जगाउन भनपाले सफाइ अभियान सञ्चालन गरेको र सफाइ कार्यक्रमलाई निरन्तरता दिइरहेको बताउनुभयो ।

उहाँले उपत्यकामा पानीको समस्या पूर्ति गर्न आकाशे पानीलाई व्यवस्थित रूपले सङ्कलन र उपभोग गर्न सकिने बताउँदै सरसफाइमा खर्च हुने बजेटमा कमी ल्याउन पनि सफाइ अभियान आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा वडा नं ५ का वडाध्यक्ष प्रेमगोपाल कर्मचायले 'एक विद्यालय एक सम्पदा' अभियान सञ्चालन गरी सफाइ कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि लाने र बाल्टिन वितरणको उद्देश्य घरबाट निस्केको फोहोर व्यवस्थापन गर्न नमुना कार्यक्रमको रूपमा सञ्चालन गरिरहेको बताउनुभयो ।

भक्तपुर नपा श्यानिटेशन शाखाका दिलिपकुमार सुवालले प्लास्टिकका झोलाहरू सकेसम्म प्रयोग नगर्न र नपाले वितरण गरेको बाल्टिनमा फोहोर राखेर उचित व्यवस्थापन गर्न सके नपाको सफाइ कार्यक्रममा सहयोग मिल्ने बताउनुभयो । उहाँले नगरवासीलाई नपाले वितरण गरेको बाल्टिनमा कुहिने र नकुहिने छुट्टाछुट्टै रूपमा राखिदिन अनुरोध गर्नुभयो ।

कार्यक्रममा सभापति सरिना च्यौलाले आफ्नो ठाउँको सरसफाइमा आफैं अग्रसर हुनुपर्ने बताउँदै स्वस्थ वातावरणले स्वस्थ विचारको उत्पत्ति हुने बताउनुभयो ।

कार्यक्रमपश्चात् वडा समितिले कुहिने र नकुहिने फोहोर छुट्याएर सङ्कलन गर्ने उद्देश्यले नगरवासीलाई बाल्टिन वितरण गरेको बताउनुभयो ।

---

➲➲ प्रशस्त भएको चर्चा गर्दै प्रमुख प्रजापतिले पुर्खाले छोडेर गएका सम्पदाहरू संरक्षण र प्रवर्द्धन गर्न सक्ने क्षमता नयाँ पुस्तामा विकास गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उद्घाटन कार्यक्रममा नगरपालिकाका उपप्रमुख रजनी जोशीले तालिमबाट सिकेको सीपलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिँदै भक्तपुरलाई सफा, सुन्दर र देशकै नमुना नगर बनाउन युवाहरूबाट रचनात्मक सल्लाह र सहयोग आवश्यक रहेको बताउनुभयो । नगरपालिकामा जनप्रतिनिधिहरू आएपछि जनभावनाअनुसार गतिविधिहरू गरिरहेको चर्चा गर्दै उहाँले हरेक विकास निर्माणमा नगरवासीहरूको प्रत्यक्ष सहभागिता रहेकोले कम लागतमा गुणस्तरीय कार्य समयमै सम्पन्न भएको बताउनुभयो ।

वडाध्यक्षहरू रविन्द्र ज्याख्व र उकेश कवांले निर्वाचनको क्रममा नेपाल मजदुर किसान पार्टीले घोषणापत्रमार्फत् जनतामा प्रतिवद्धता व्यक्त गरेअनुसार नगरवासीहरूको भावनाबमोजिम नगरपालिकाले कार्य गर्दै आएको प्रस्ट पार्नुभयो । तालिममा सहभागी हुने प्रशिक्षार्थी तथा प्रशिक्षकहरू नगरपालिकाकै परिवारको सदस्य भएकोले नगरपालिका र नगरवासी जनताको बीचमा पुलको भूमिका खेल्न सबैलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर एफ.एम.का अध्यक्ष मार्शल राठौर तथा प्रबन्ध निर्देशक विजय हाछेथुले नगरपालिकाले रेडियो प्रस्तोता तालिम सञ्चालन गरेकोमा धन्यवाद दिँदै एफ एमको तर्फबाट नगरपालिकालाई आगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँहरूले तालिमपश्चात् उत्कृष्ट रेडियो प्रस्तोताहरू उत्पादन हुने विश्वास व्यक्त गर्नुभयो ।

रेडियो प्रस्तोता तालिम जेठ २० देखि २९ गतेसम्म ख्वप कलेज देकोचामा सञ्चालन भएको थियो । तालिममा विभिन्न वडाबाट २३ जना प्रशिक्षार्थीहरु सहभागी भएका थिए । प्रशिक्षार्थीहरूको तर्फबाट रवीन्द्रप्रसाद कुसी, युरिसा दुवाल र सन्ध्या हेंग्वजूले तालिमबाट सिकेका अनुभवहरू सुनाउनुभयो ।

# v]hsb cg'zf;g, ldqtf / :jf:Yosf nflu

ख्वप इन्जिनियरिङ कलेजको आयोजनामा जेठ १६ देखि १८ गतेसम्म कलेजमा अध्ययनरत विद्यार्थी र कार्यरत शिक्षक/कर्मचारीबीच भएको खेलकुद प्रतियोगिताका विजयी विद्यार्थीहरूलाई जेठ २० गते कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुरस्कार वितरण गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले विद्यार्थीहरू अध्ययनका साथै अतिरिक्त क्रियाकलापमा सक्रिय हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

४७ वटा विद्यालयबीच अन्तर विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन गरी खेलकुद विकासमा सहयोग गरेको उहाँले बताउनुभयो ।

उहाँले खेलकुद अनुशासन, मित्रता र स्वास्थ्यको लागि हुनुपर्नेमा जोड दिनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. सुजन माकले खेलकूद प्रतियोगिता आयोजना गर्नुको उद्देश्य र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ.सुनिल दुवालले खेलकूदको सामाजिक उत्तरदायित्वबारे बताउनुभयो ।




उहाँले भन्नुभयो, 'विद्यार्थी जीवनमा पढाइ र खेलकुदमा अग्रस्थान हासिल गर्ने विद्यार्थी अरू विद्यार्थीभन्दा राम्रो र पृथक रहने गर्छ । खेलमैदान र खेलकुदको व्यवस्था गर्ने जिम्मेवारी सरकारको हो ।'

भक्तपुर नगरपालिकाले सहिदहरूको सम्झनामा २१ वटा नगरपालिकाबीच अन्तर नगर मेयर कप भलिबल र

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य इ.रविन्द्र फोजू, उपप्राचार्य इ.रत्नशोभा प्रजापति र जिन्सी अधिकृत राजन जतिले पनि बोल्नुभएको थियो ।

कलेजले हाजिरजवाफ, टग अफ वार, चेस, २०० मि. रिले एथ्लेक्टिक्स र टेबुलटेनिस प्रतियोगिता सञ्चालन गरेको थियो ।

# विद्यालयहरूलाई सफाइ सामग्री हस्तान्तरण

भक्तपुर नगरपालिका ३ वडा समितिको आयोजनामा ३ वडाभित्रका विद्यालयहरूलाई २० जेठ सरसफाइसम्बन्धी सामग्री हस्तान्तरण कार्यक्रम भयो ।

कार्यक्रममा वडा नं. ३ का वडाअध्यक्ष राजकृष्ण गोराले विश्व वातावरण दिवसको अवसरमा वडा–वडामा आ–आफ्नो क्षेत्रमा सरसफाइ कार्यक्रम गर्ने तथा हरेक महिना 'एक स्कूल एक सम्पदा' क्षेत्रमा सरसफाइ गर्ने, आफ्नो आँगन सधैं सफा राख्ने उद्देश्यले सफाइ सामग्री उपलब्ध गराएको प्रस्ट्याउनुभयो ।

कार्यक्रममा वडा नं. ३ का महिला वडासदस्य सुनिता अवाल र वडासचिव विश्वराम सिबञ्जारले पनि बोल्नुभएको थियो । वडा कार्यालयले जानकारी दिएअनुसार गाडा, सावेल, च्वाफी, फिनेल, पिक, चुनलगायतको सफाइ सामग्रीहरू विद्यालयलाई वितरण गरिएको थियो ।

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।**

# पुनःनिर्माणमा 'सांस्कृतिक द्वन्द्व'

**सेवा भट्टराई**

१२ वैशाख २०७२ को महाभूकम्पपछि भएको दाता सम्मेलनमा पुनःनिर्माणका लागि अन्तराष्ट्रिय समुदाय, दातृ निकाय र बहुपक्षीय बैङ्कहरूले रु.४ खर्ब अनुदान दिने प्रतिबद्धता जनाए। जर्मनीले त्यसै वर्ष मंसीरमा तीन करोड यूरो दिने सहमति गर्‍यो।

त्यसपछिका तीन वर्षमा जर्मनीसँग सरकार, अर्थ मन्त्रालय र भक्तपुर नगरपालिकाको तीन वटा सम्झौता भए तर गत महिना एकाएक जर्मन सरकारले भक्तपुरका मन्दिर, विद्यालय र सडकको पुनःनिर्माणको कामबाट हातझिकेको छ। सन् १९७० देखि भक्तपुरका सम्पदा संरक्षणमा सघाइरहेको जर्मनीले भूकम्पपछि नेपाललाई दिएको अनुदानमध्ये भक्तपुरमा मात्रै एकतिहाइ रकम विनियोजन गरेको थियो।

भूकम्पपछिको पुनःनिर्माणका लागि अहिलेसम्म दाताहरूले प्रतिबद्धता जनाएको कुल रकममध्ये ७५ प्रतिशत रकममा मात्रै सम्झौता भएको छ, जसमध्ये १६ प्रतिशतमात्रै वितरण भएको छ। यस्तो अवस्थामा भक्तपुरको पुनःनिर्माणका लागि सम्झौता भइसकेको एक करोड यूरो रद्द हुनु मुलुकका लागि ठूलो नोक्सानी हो। आखिर किन यस्तो हुनपुग्यो त ?

भएको के थियो भने, नेपालको जलविद्युत्, स्वास्थ्य र विकास परियोजनामा सक्रियजर्मन विकास बैङ्क (केएफडब्ल्यू) लाई जर्मन दूतावासले उपत्यकाका सम्पदा संरक्षणका लागि कार्यान्वयन साझेदारका रूपमा अनुबन्धित गरेको थियो। बैङ्क भएकोले जर्मन सहयोग नियोग (जीआईजेड) र अन्य अन्तराष्ट्रिय गैरसरकारी संस्थाको तुलनामा केएफडब्ल्यूको कामको प्रकृति अलि फरक र कडा हुने नै भयो।

यसअघि भक्तपुर नगरपालिकाले पचपन्न झ्याले दरबार र अन्य केही सम्पदाको स्थानीय सीप र परम्परागत सामग्रीबाटै पुनःनिर्माण गरिसकेको छ। तर, केएफडब्ल्यूको नियमअनुसार सम्पदा पुनःनिर्माणमा अन्तराष्ट्रिय बोलपत्र आह्वान गर्नुपर्ने हुन्छ। तर, नवनिर्वाचितभक्तपुर नगरपालिकाका पदाधिकारीले 'ग्लोबल टेन्डर' मा जान मानेनन्। 'स्थानीय सीप र नेतृत्वमा निर्माण गर्दा न्यून लागतमा गुणस्तरीय काम हुन्छ', नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको भनाइ छ।

नगरपालिकाले क्षतिग्रस्त सम्पदा र स्मारक पुनःनिर्माणका लागि स्थानीय उपभोक्ता समितिसँग काम गरिरहेको छ। नगरपालिकाले २७ वटा यस्ता सम्पदाको



सुनिल प्रजापति
नगर प्रमुख-भक्तपुर नपा

## विवादका मुख्य बुँदा

**परामर्शदाताः** केएफडब्ल्यूको नियमअनुसार बोर्डमा अन्तर्राष्ट्रिय परामर्शदाता हुनुपर्छ। तर भक्तपुर नगरपालिका आफ्नै ख्वपःइन्जिनियरिङ कलेजमा नै पुनःनिर्माण विशेषज्ञ रहेको ठान्छ।

**सामग्रीः** केएफडब्ल्यूले सम्पदा पुनःनिर्माणमा सिमेन्ट र स्टिलजस्ता आधुनिक निर्माण सामग्री प्रयोगका लागि खुल्ला हुनुपर्ने बताइरहेको छ भने नगरपालिका परम्परागत सामग्रीबाटै पुनःनिर्माण हुनुपर्ने अडानमा छ।

**बोलपत्रः** नगरपालिका स्थानीय उपभोक्ता समितिमार्फत् काम गराउन चाहन्छ। केएफडब्ल्यू भने अन्तराष्ट्रिय बोलपत्र प्रक्रियामा जानैपर्ने बताउँछ।

**शैलीः** नेपाल कला संग्रहालयजस्ता राणाकालीन भवनको पुनःनिर्माण सोही शैलीमै गर्ने केएफडब्ल्यूको भनाइ छ तर नगरपालिका भने मल्लकालीन शैली नै पछ्याउन चाहन्छ।

**विवाद समाधानः** केही विवाद भएमा जर्मनीको अदालतमा लैजाने केएफडब्ल्यूको शर्त नगरपालिकालाई मञ्जुर छैन। तर केएफडब्ल्यू यो अन्तराष्ट्रिय करारको सामान्य प्रक्रिया भएको बताउँछ।

पुनःनिर्माण गरिसकेको छ। तर, यी रु.१५ करोडसम्मको लागतमा पुनःनिर्माण गरिएका साना संरचना हुन्। पुजारी मठ, फसी देगः, राष्ट्रिय कला संग्रहालयजस्ता ठूला संरचनाको पुनःनिर्माण बाँकी नै छ।

नगरपालिका र केएफडब्ल्यू दुवै पक्षका तर्क सुन्दा यस्तो विवादको चुरो 'संस्कृतिबीचको द्वन्द्व' जस्तो देखिन्छ। नेपालका अन्य परियोजनाहरूमा पारदर्शिताको कमी देखिरहेको केएफडब्ल्यू अन्तराष्ट्रिय बोलपत्रमा जानुपर्ने आफ्नो नियमको पालना हुनुपर्ने चाहन्छ। यसअघि यही प्रक्रियाबाट जर्मनीले स्थानीय चासिन देगः को पुनःनिर्माण पनि गरेको थियो। तर, स्थानीय सम्पदाको पुनःनिर्माणका लागि आफूलाई पूर्णतः सक्षम ठान्ने भक्तपुरका जनप्रतिनिधिहरू यसबारे अरुले सिकाएको रुचाउँदैनन्।

सम्पदा पुनःनिर्माणमा भक्तपुर नपा विदेशी दाताहरूको मात्र होइन काठमाडौंको दबाबलाई समेत अस्वीकार गरिरहेको छ। भक्तपुरको नेतृत्व लामो समयदेखि नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को प्रभुत्वमा छ। यो पार्टी आत्मनिर्भरताका लागि उत्तर कोरियाली जुछे विचारधारालाई आदर्श ठान्छ। नेमकिपाबाटै विजयी नगर प्रमुख प्रजापति 'सहयोगका नाममा कुनै पनि विदेशी हस्तक्षेप स्वीकार्य नहुने' बताउँछन्।

सक्रिय राजनीतिबाट विश्राम लिए पनि नेमकिपालाई अध्यक्ष नारायणमान बिजुक्छेंले नै दिशानिर्देश गर्छन्। पुनःनिर्माण विदेशी दाताको सहयोगमा नभई आफ्नै बुतामा हुनुपर्ने उनी पनि बताइरहन्छन्। स्थानीय निर्वाचनभन्दा अघि पनि केएफडब्ल्यूसँगको वार्ताका प्रत्येक चरणमा नेमकिपाका प्रतिनिधि सहभागी थिए।

'सहमतिको दुई वर्षपछि एउटा निर्णयमा पुग्नै पर्थ्यो, केएफडब्ल्यू जहाँसुकै आफ्नो निश्चित कार्यादेश पालना गर्छ', नेपालका लागि जर्मन राजदूत रोलाण्ड सेफर भन्छन्, 'तर, भक्तपुरको नेतृत्वको विचारसँग कार्यादेश मेल खाँदैन।'

स्वावलम्बन र आत्मनिर्भरतामा मुग्ध हुनु राम्रो हो तर, लगानी अभावकै कारण पुनःनिर्माणमा ढिलाइ भइरहेका बेला यत्रो ठूलो रकम गुमाउनु बुद्धिमानी हो त ? 'विदेशी सहयोग विना पुनःनिर्माणमा धेरै समय लाग्ला तर, हामी हाम्रै सोचाइ सही तरिका हो भन्ने निर्णयमा पुगिसकेका छौं, नगरप्रमुख प्रजापति भन्छन्।

विशेषज्ञहरू भने केएफडब्ल्यूको सहयोग गुमाउनु भक्तपुरका लागि कुनै पनि अर्थमा सही नभएको बताउँछन्। 'यो रकम भक्तपुरका सबै सम्पदा पुनःनिर्माणका लागि प्रशस्त हुन्थ्यो', सम्पदाविद् रवीन्द्र पुरी भन्छन्, 'भक्तपुरका लागि यो ठूलो नोक्सानी हो।'

कतिपय भने बोलपत्र आह्वान गरेर प्रतिस्पर्धामा जाँदा भक्तपुरको ख्वपःकलेजका आर्किटेक्ट र इञ्जिनियरले काम पाउने सम्भावना कम देखेरै नगरपालिकाले प्रक्रियामा जान नचाहेको बताउँछन्। ख्वपःकलेजको सञ्चालन भक्तपुर नगरपालिकाले गर्छ।

*स्रोतः हिमाल साप्ताहिक खबरपत्रिका (२७ जेठ-२ असार २०७५)*

# Ps ljBfno Ps ;Dkbf ;kmfO lhDd]jf/L

भक्तपुर नगरपालिकाले नगर क्षेत्रभित्रका सबै विद्यालय तथा कलेजहरूलाई एक विद्यालय एक सम्पदा कार्यक्रमअन्तर्गत् आफूले जिम्मा लिएको सम्पदा क्षेत्र, खुला स्थान, पोखरी, खोला सफा गर्न वडा कार्यालयमार्फत् जेठ २१ गते सफाइ सामग्री वितरण गरेको छ।

विश्व वातावरण दिवसको अवसरमा सबै विद्यालयहरूले विद्यार्थी, शिक्षक र कर्मचारीहरू परिचालन गरी नजिकको सम्पदा क्षेत्रमा सरसफाइ गरेका थिए। नगरलाई सफा, स्वच्छ र सुन्दर बनाउने अभियानसहित नगरका सबै विद्यालयहरूलाई नियमित सरसफाइमा परिचालन गरिने बताइएको छ।

नगरपालिकाले प्रत्येक विद्यालयलाई ५ वटा साबेल, २ वटा पिक, १ वटा गाडा, १० वटा च्वाफी, १ बोरा चुन र १ लिटर फिनेल वितरण गरिएको वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले बताउनुभयो।

सोमबार भनपा ९ वडा कार्यालयमा आयोजित एक कार्यक्रममा संयोजक तथा वडाध्यक्ष ज्याख्वले आधुनिक जीवनशैलीसँगै मानवीय आवश्यकता पूर्ति गर्ने नाममा प्रकृतिको विनास गरिरहेको चर्चा गर्दै वातावरण परिवर्तनले प्रकृति र सम्पूर्ण जीवन जगतमा प्रतिकूल प्रभाव पारिरहेको बताउनुभयो।

उहाँले भक्तपुर नगर कला, संस्कृति र शिक्षा स्वास्थ्यमा मात्र नभई सरसफाइमा पनि देशकै नमुना बनाउने अभियानसहित नगरपालिकाले सरसफाइलाई प्राथमिकतामा राखेको उल्लेख गर्नुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ मा रहेका विद्यालयहरू वागीश्वरी मावि, वागीश्वरी कलेज, सरस्वती विद्यागृह मावि, सिद्धि शारदा आधारभूत विद्यालय र दत्तात्रय आधारभूत विद्यालयका प्रअ, शिक्षक तथा विद्यार्थीहरूको सहभागिता थियो।

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७५ जेठ ३ गते बिहीबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### जनप्रतिनिधिहरूको एक वर्ष कार्यक्रम

भक्तपुर नगरवासी मतदाताहरूको अपार विश्वासका साथ भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएको एक वर्ष पुगेको अवसरमा निम्न मिति र समयमा **'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको एक वर्ष'** कार्यक्रम आयोजना गर्ने निर्णय गरियो :

मिति : २०७५ जेठ ७ गते, सोमबार

समय : दिनको १ बजे

उक्त कार्यक्रममा देहायबमोजिम प्रमुख अतिथि एवं अतिथिहरू आमन्त्रण गर्ने निर्णय गरियो :

**तपसिल**

प्रमुख अतिथि : नारायणमान बिजुक्छें (रोहित), अध्यक्ष नेपाल मजदुर किसान पार्टी

अतिथि : सुरेन्द्रराज गोसाईं – प्रदेश सभा सांसद

अतिथि : अनुराधा थापामगर – पूर्व सांसद, संघीय संसद

अतिथि : प्रमुख जिल्ला अधिकारी – नारायणप्रसाद भट्ट

अतिथि : तेजेश्वरबाबु ग्वंग – संस्कृतिविद्

अतिथि : प्रा.पुरुषोत्तम लोचन श्रेष्ठ – इतिहासविद्

अतिथि : प्रा.पृथुचरण वैद्य–पूर्व डीन, त्रिवि शिक्षाशास्त्र संकाय

उक्त कार्यक्रमको आवश्यक व्यवस्थापनको जिम्मेवारी देहायअनुसारका पदाधिकारीहरूलाई दिने निर्णय गरियो :

**तपसिल**

संयोजक : उकेश कवां

सदस्य : श्यामकृष्ण खत्री

सदस्य : राजकृष्ण गोरा

### उत्कृष्ट कर्मचारी छनौट समिति गठन

यस नगरपालिकाको आयोजनामा जेष्ठ ७ गते हुने कार्यक्रममा नगरपालिकामा कार्यरत कर्मचारीहरूमध्ये उत्कृष्ट कर्मचारीहरूलई पुरस्कृत गर्ने हेतुले देहायबमोजिमको उत्कृष्ट कर्मचारी छनौट समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

संयोजक : रविन्द्र ज्याख्व

सदस्य : रोहितराज पोखरेल

सदस्य : अम्बिका धौभडेल

### नयाँ पक्की पुल निर्माणको इष्टिमेटस्वीकृत

भक्तपुर नगरपालिका ७ भेलुखेलस्थित गय् भिन्द्यो जाने बाटोमा रहेको हनुमन्ते खोलाको विद्यमान पुल जीर्ण अवस्थामा पुगेको हुँदा उक्त पुल भत्काई नयाँ पक्की पुल निर्माण गर्न ख्वप इन्जिनियरिङ्ग कलेजका प्राविधिकहरूले अध्ययन गरी यस नगरपालिकामा पेश गरेको कुल लगत इष्टिमेट रु.२ करोड ७५ लाख २८ हजार २६६ रूपैयाँ ६५ पैसा (भ्याट सहित) को इन्जिनियरिङ्ग डिजाइन स्वीकृत गरियो ।

### विविध

**क.** नगरपालिका कार्यालय र वडा कार्यालयहरूमा कर्मचारीहरूलाई विद्युतीय उपस्थिति मेसिनको प्रयोग गरी हाजिरी गराउने र त्यसको लागि सामान खरिद एवं जडान प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**ख.** यस नगरपालिकाद्वारा सञ्चालन हुँदै आएको जनज्योति पुस्तकालय २०७५ जेठ ७ गतेदेखि भ.न.पा. २ स्थित देको–मिवा–इतापाके जग्गा एकीकरण आयोजना कार्यालय रहेको भवनमा सञ्चालन गर्ने निर्णय गरियो।

**ग.** यस नगरपालिकाद्वारा आ.व. २०७४/०७५ मा योजना स्वीकृत गरी उपभोक्ता समितिहरूमार्फत् कार्य सम्पन्न भई पेश्की फछ्र्यौटसमेत भइसकेका योजनाहरूमा उपभोक्ता समिति एवं अनुगमन समितिमा बसी योगदान गर्नुभएका महानुभावहरूलाई २०७५ जेठ ७ गते आयोजना गरिने कार्यक्रममा धन्यवाद पत्र वितरण गर्ने निर्णय गरियो।

**घ.** यस नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ्ग सञ्चालनका लागि थप जग्गा आवश्यक भएकोले यसै नगरपालिकाद्वारा सञ्चालित लिवाली जग्गा एकीकरण आयोजना स्थलमा रहेका भ.न.पा. वडा नं. २(ङ) हाल ८ को कि.नं. ३५ क्षे.फ. ०–१२–०–२ र कि.नं. ४६ क्षे.फ. ०–१३–०–० का जग्गाहरूको ख्वप कलेज अफ इन्जिनियरिङ्ग कलेजलाई भोगाधिकार दिने निर्णय गरियो।

**ङ.** यस नगरपालिकाले सञ्चालन गर्ने ख्वप अस्पताल निर्माणका लागि इन्जिनियरिङ्ग डिजाइन अन्तिम चरणमा पुगिसकेको र निर्माण सामग्री एवं श्रम ठेक्काको लागि बोलपत्र समेत आह्वान गर्ने तयारी भइरहेको अवस्थामा भ.न.पा. ९, च्याम्हासिंहस्थित निर्माण स्थलमा बाली नलगाउन तथा ठाउँ खाली गर्न सम्बन्धित सरोकारवालाहरूलाई परिपत्र एवं सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो।

## समितिका निर्णयहरू अनुमोदन

### पुस्तकालय व्यवस्थापन समिति :

**मिति २०७४।१०।१२ गते**

**क.** जनज्योति पुस्तकालयमा रहेका पुस्तकहरूलाई स्थानान्तरण गर्न आवश्यकतानुसार कागजको कार्टुन बक्स खरिद गर्ने।

**ख.** पुराना पुस्तक र्‍याक, दराज, मेच र टेबुल आदिमा रंगरोगन गर्ने।

**ग.** पुस्तकालयको लागि आवश्यकतानुसार नयाँ फर्निचर खरिद गर्ने।

**घ.** स्थानान्तरण हुने भवनमा रहेका आल्मुनियम पार्टेशनलाई हटाई व्यवस्थापन गर्ने।

**ङ.** नयाँ भवनमा सुरक्षा व्यवस्थाका लागि सीसीटीभी क्यामराको व्यवस्था गर्ने।

**च.** जनचाहनाअनुसार नयाँ भवनमा आवश्यकतानुसार नयाँ पुस्तकहरू थप गर्दै जाने।

**ज.** नयाँ भवनको क्षेत्रमा पुस्तकालय स्थानान्तरण गर्दा आवश्कतानुसार थप कर्मचारीको व्यवस्था गर्ने।

**मिति २०७४।११।१८ गते**

**क.** जनज्योति पुस्तकालयमा रहेका पुस्तक, पत्रपत्रिका तथा फर्निचरहरूलाई नःपुखुस्थित देको–मिवा–इतापाके जग्गा एकीकरण आयोजना कार्यालय रहेको भवनमा स्थानान्तरण गर्न मर्मत उपशाखा र श्यानिटेशन उपशाखालाई अनुरोध गर्ने।

**ख.** पुस्तकालयका लागि आवश्यक फर्निचरहरूको लागि इष्टिमेट तयार गर्न योजना शाखालाई जिम्मा दिने निर्णय गरियो।

**मिति २०७५।१।१ गते**

**क.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयको लागि पुस्तक खरिद गर्न पुस्तकालय व्यवस्थापन समितिका सदस्य एवं कार्यपालिका सदस्य श्री रोशनमैयाँ सुवालको नाममा रु.५,००,०००।– (पाँच लाख मात्र) पेश्की लिने निर्णय गरियो।

**ख.** मिति २०७५ जेठ ३ गते पुस्तक खरिद गर्न आवश्यक व्यवस्था गर्ने।

### महिला, बालबालिका तथा समाज कल्याण समिति

**मिति २०७५।२।१ गते**

क. जन प्रकाशन गृहबाट प्रकाशित मार्क्स र एंगेल्सको जीवनी १००/१०० प्रति खरिद गर्ने।

### युवा तथा खेलकुद समिति

**मिति २०७५।२।२ गते**

**क.** भ.न.पा. का विभिन्न वडामा रहेका टीम, क्लब, वाचनालय र पुस्तकालयलाई क्रियाशील तुल्याउन भ.न.पा.मा नवीकरणलगायत टीम, क्लब, पुस्तकालय र वाचनालयलाई खेलकुद सामग्री वितरण गर्ने निर्णय गरियो।

**ख.** कीर्तिपुर नगरपालिकाबाट आयोजित ३ नं. प्रदेश स्तरीय अन्तर नगर पुरुष बास्केटबल प्रतियोगितामा तृतीय हुन सफल भएकोले पत्रिकामा धन्यवाद प्रकाशित गर्ने निर्णय गरियो।

**ग.** १ नं. वडा समितिको वडा कार्यालय खेलकुद समितिलाई रु.१०,०००।– (अक्षेरूपी रु.दश हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

### आर्थिक समिति

**मिति २०७५।१।२० गते**

**क.** यस भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, वडा सचिव र वडा प्राविधिकहरूको लागि एकीकृत सम्पत्तिकर सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रमको लागि सो सम्बन्धी विज्ञ केशवराज पार्धेबाट यातायात र प्रशिक्षण खर्चसहित रु.१८,०००।– को प्रस्ताव पेश भएकोमा उक्त अभिमुखीकरण कार्यक्रम आवश्यक भएकोमा आगामी वैशाख २५ गते मंगलबारका दिन भ.न.पा. सभाकक्षमा आयोजना गर्ने र

सोका लागि सहजकर्ता विज्ञ श्री केशवराज पार्धेलाई एकमुष्ट रु.१०,०००।- (करकट्टी गरेर रु.८,५००।-) भुक्तानी दिने गरी कार्यक्रम गर्न सिफारिस गर्ने निर्णय गरियो ।

## खानेपानी स्रोत तथा व्यवस्थापन समिति

**मिति २०७५।१।१३ गते**

**क.** उपरोक्त सम्बन्धमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, भक्तपुरबाट स्वीकृति प्राप्त भातेढिकुर खानेपानी योजनाका लागि मालपोत कार्यालय भक्तपुरमा भक्तपुर नगरपालिकाको नाममा दर्ता भएको साविकचित्तपोल गा.वि.स. वडा नं. १ बाट हाल सूर्यविनायक नगरपालिका वडा नं. १० को कि.नं. ६८४ क्षेत्रफल ०–११–०–० जग्गामा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको नाप नक्सा अनुसार खानेपानी ट्यांकी निर्माण गर्न भातेढिकुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, सू.न.पा. वडा नं. १० चित्तपोलस्थित समितिका सचिव सुलोचना बोहजुको मागबमोजिम योजनाबाट उत्पादित खानेपानी भक्तपुर नगरपालिका क्षेत्रको विभिन्न स्थानका उपभोक्ताहरूलाई पानी वितरण गर्ने गरी खानेपानी ट्यांकी निर्माण गर्न स्वीकृति दिने निर्णय गरियो ।

**ख.** सल्लाघारीस्थित केयुकेएलद्वारा राखिएको डिपबोरिङ्ग क्षेत्रमा केयुकेएल र विभागसँग सम्झौता वा समझदारीअनुसार भ.न.पा.ले निर्माण गर्न ट्यांकीको विषयमा अध्ययन गर्न सिंहदरबारस्थित पानीको परियोजना अवलोकन गर्ने निर्णय गरियो ।

## रकम निकासा

ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई रु.१,००,००,०००।- (अक्षेरूपी रु. एक करोड) निकासा दिने निर्णय गरियो ।

## पेश्की फछ्र्यौट

क) वडा नं. ३ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न वडाअध्यक्ष राजकृष्ण गोराबाट रु.३४,७३,६००।- पेश्की लिनु भई रु.३१,६५,६००।- खर्च र बाँकी ३,०८,०००।- बैंक दाखिला गर्नुभएकोले उहाँको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ख) वडा नं. ७ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न वडाअध्यक्ष उकेश कवांबाट रु.४४,९६,०००।- पेश्की मध्येबाट रु.४१,६३,६००।- खर्च र बाँकी रु.३,३२,४००।- बैंक दाखिला गर्नु भएको हुँदा उहाँको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

## रकम भुक्तानी

१) मिति २०७५।१।१८ गते २०७५ सालको शुभकामना तथा उत्कृष्ट खेलाडी सम्मान कार्यक्रम र वैशाख ५ गते विश्व सम्पदा दिवस कार्यक्रममा भएको जलपान खर्च रु.६०,०४८।- र २१,६९६।- गरी जम्मा रु.८१,७४४।- भुक्तानी सूर्य विनायक पार्टी भेनुलाई दिने निर्णय गरियो ।

२) २०७५।१।१८ गते टेण्ट भाडाको रु. २६,८३७।- भुक्तानी तलेजु बैंक्वेटलाई दिने निर्णय गरियो ।

## गाडीहरू मर्मतको भुक्तानी

निम्न गाडीहरू मर्मत गरेको भुक्तानी दिने निर्णय गरियो :

### तपसिल

| क्र.सं. | प्रयोगकर्ता | गाडी नं. | खर्च | भुक्तानी दिने |
|---|---|---|---|---|
| १ | रबिन कोजु | २२६२ | रु.१६,०८१।- | सिद्धि गणेश मोटर |
| २ | बुद्धिनारायण सुवाल | ७१५० | रु.२४,९२३ | नेपाल अटो इलेक्ट्रिक |
| ३ | विकास दुमरु | ८७७ | रु.३८,६४६।- | अजिमा अटो वर्कशप |
| ४ | लक्ष्मीसुन्दर ह्यौगोजु | ८७३ | रु.४७,१२१।- | ऐ.ऐ. |

## मर्मतलागत स्वीकृत

यस कार्यालयको बा १ ग २२६५ नं. को मिनीट्रकको हवग्रिज, लाईलिङ्ग र वाटरपम्प बनाउनु पर्ने भनी चालक राधेश्याम मचामसीबाट पेश भएको भ्याटसहित रु.४२,७८१।८० को अनुमानित लागत स्वीकृति गरी मर्मत गराउने निर्णय गरियो ।

## पुस्तक खरिदको भुक्तानी

भक्तपुर नगरपालिकाका पुस्तकालय अधिकृत भूपाल मूलको मागअनुसार जनज्योति पुस्तकालयको लागि विभिन्न लेखक, प्रकाशकहरूको खरिद पुस्तकमा १५ प्रतिशत छुट गरी भ्याटसहित रु.९२,९४१।४९ सूर्यकिरण इन्टरप्राईजेज्लाई भुक्तानी दिने निर्णय गरियो ।

**'भक्तपुर' मासिकलाई**

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् ।

साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

रचना पठाउने ठेगाना :

☐कमलविनायक (पुरानो जनस्वास्थ्य सेवा केन्द्र भवन)

☐email - bhaktapurmasik@gmail.com

**पेश्की फछ्र्योट तथा ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो:**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दुजले दथुत्वचा बाटो पुन: ईटा छपाइ कार्य | १० | ६,३०,१९ ५।४४ | | ४,५८,९९ १।३३ | ३,७५,३४ ६।०० | ४,००,० ००।०० | २६,८७ ५।०० | वडा | आंशिक पे.फ. |
| २ | नृत्यनाथ पाटी पुन: निर्माण कार्य | ८ | २९,१०, ०४७६५ | | ८,९०,३४ ४।३७ | ८४,३,२ २१।०० | ८,००,०० ०।०० | ४३,२२ १।०० | नपा | आंशिक पे.फ. (थप रू. ७,५०,०००।०) पेश्की) |
| ३ | तचो मेतं पाटी छाना मर्मत | ८ | ४,०१,० ७९।०० | | १,४४,०७ ६।८४ | १,३९,२२ ८।५५ | १,३०,०० ०।०० | ९,२२८। ५५ | वडा | आंशिक पे.फ. (थप रू. १,२०,०००।०) पेश्की) |
| ४ | महाकाली उकालो भोलाछें सडक मर्मत | ६ | १०,३५,५ २०।४२ | १०,४२, ३४९।४७ | | | | | नपा | सडक बोर्ड नेपाल |
| | योसिंखेल भद्रकाली मन्दिर पछाडि बाटो ढुङ्गा छपाइ | ५ | १४,६७, ९६९।६१ | ८,७४,७ ३७३९ | १४,६७,९ ६९।६१ | ५,१२,७३ ०।०० | ५,००,०० ०।०० | १२,७३ ०।०० | नपा | स्था.बि.शुल्क |
| ५ | चोछें ब्यासी पाटी पुन:निर्माण कार्य | ६ | २,१४४, ४५७३३ | | २४,८८, ८३०।५२ | २०,१३,२ ४७।०८ | २,१६,०० ७८८ | २,५३,२ ४०।०० | वडा | रू.३७,७२०।० ० बराबरको सामान नपाबाट उपलब्ध |
| ६ | ब्यासी नपा भवनमा ५० के.भी.ए. ट्रान्सफरमर ३ फेज जडान कार्य | २ | २,५७,३१ ०।०० | ४,९९,९ ४४।६६ | | | २,५७,३१ ०।०० | | नपा | रिभाइज्ड ल.ई स्वीकृत |
| | Electrical, Solar, Backup System, CCTV System, Intercom & Networking installation | २ | ६,७४,१ ८५।१३ | | | | | | नपा | ल.ई स्वीकृत |

भ.न.पा. वडा नं. १, वडा कार्यालय भवन निर्माण योजना श्रम ठेक्कामा र आवश्यक निर्माण सामग्रीहरू बोलपत्रद्वारा खरिद गरी अमानतमा कार्य सञ्चालनको लागि सूचना प्रकाशित गर्दा दर्ता हुन आएका बोलपत्रहरू भ.न.पा.को दररेट भन्दा बढी पेश हुन आएकोले मिति २०७४।०१।०७ गतेको मूल्यांकन समितिबाट रद्द गरी पुन:बोलपत्र आह्वान गर्ने निर्णय भएकोमा निर्माण समितिमा छलफल हुँदा उक्त भवनको लागि पेश भएका श्रम ठेक्का र सामानहरू खरिदसम्बन्धी बोलपत्रहरू रद्द गरी आ.व. ०७४।७५ को बजेट अन्तर्गत कुल लागत मध्येमा हाललाई जमिन तल्लासम्मका अर्थात् ल.ई. रू.८१,३७,५८८।३२ बराबरको कार्य क्रमागत योजनाको रूपमा उपभोक्ता समितिमार्फत् गराउने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**ख) उपभोक्ता समिति अनुमोदन**

| | | | | | |
|---|---|---|---|---|---|
| | वडा कार्यालय भवन निर्माण कार्य | १ | २,३६,२६, ७५५।९४ | श्री श्यामसुन्दर बाटीको अध्यक्षतामा उपभोक्ता समिति | श्री लक्ष्मीनारायण राजलवटको संयोजकत्वमा अनुगमन समिति |

**क) जिल्ला दररेट सम्बन्धमा**

भ.न.पा. बोर्ड बैठकबाट मिति २०७४/०६/२९ गतेमा स्वीकृत दररेट अनुसार निर्माण सामग्रीहरूको बजार मूल्य धेरै फरक हुन आई योजना सञ्चालन गर्न अवरोध सिर्जना भएकोले निम्नानुसार दररेट परिवर्तन गरी संचालित योजना एवं नयाँ योजनाहरूको कार्य अगाडि बढाउन बोर्ड बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | सामानको विवरण | इकाई | साबिक दररेट | परिवर्तित दररेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिमेन्ट (ओ.पी.सी) | के.जी. | ९००।०० | १,०५०।०० | भ्याट बाहेक |
| २ | सिमेन्ट (पी.पी.सी) | के.जी. | ७५०।०० | ९००।०० | भ्याट बाहेक |
| ३ | डण्डी | के.जी. | ९०।०० | ९८।०० | भ्याट बाहेक |
| ४ | वाइडिङ्ग वायर | के.जी. | १००।०० | ११५।०० | भ्याट बाहेक |
| ५ | लोकल ईंटा (प्रति हजारमा) | गोटा | १६,०००।०० | १७,०००।०० | भ्याट बाहेक |

**क. नारायणदेवी मुलगुठी, भ.न.पा. १**

भक्तपुर नगरपालिका वडा नं. १७ हाल वडा नं. १ स्थित कि.नं. ४५३ र ४५४ क्षे.फ. ०-२-२-० र ०-८-२-० भएको कित्तामा घर बनाउँदा ५'-०" बाँकी जग्गामा क्यान्टिलेभर राखिएको हटाई नियमित गर्नु भनी मिति २०७३ पौष ४ गते भ.न.पा.बाट निर्णय पर्चा भएको सम्बन्धमा उक्त निर्माण संशोधन गरी पाऊँ भनी मिति २०७४।१०।१९ गते निवेदन पेश भएको सम्बन्धमा निर्माण समितिमा पेश गर्ने भनी आदेशानुसार भ.न.पा. निर्माण समितिमा पेश भएको माग निवेदन अध्ययन गर्दा पूर्व निर्णयानुसार क्यान्टिलेभर हटाई बरण्डासम्म राख्न पाउने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधर तथा निर्माण मापदण्ड २०६० को दोश्रो संशोधनको भू-एकीकरण तथा उप-विभाजन (प्लानिङ) सम्बन्धी व्यवस्था परिच्छेद ४ को ४.४.१ को (क) मा उल्लेख भए अनुसार भू-विभाजन गर्दा न्यूनत्तम मोहदा ६.० मि. हुनुपर्ने तर मिति २०६८।४।१ भन्दा अगाडि कित्ताकाट भएको अवस्थामा उक्त व्यवस्था लागू हुने छैन भन्ने व्यवस्था भएकोमा भक्तपुर नगरपालिकाको "भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड २०६०" को तेश्रो संशोधनमा उक्त व्यवस्था नै कायम नभएको हुँदा ६.० मि. भन्दा कम मोहदाका नक्सा पेश भएको अवस्थामा त्यस्ता नक्सा पास गर्न अप्ठ्यारो भएको हुँदा भू-एकीकरण तथा भू-विभाजन (प्लानिङ) मा नापी शाखाबाट ६.० मि.भन्दा कम मोहदा गरी कि.का. भई आएको अवस्थामा नक्सा पास प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**क) बजेट रकमान्तरण सम्बन्धमा**

आ.व. ०७४।७५ को बजेट अनुसार ख्वप अस्पतालको लागि विनियोजित रकम रू.१,७४,००,०००।०० (अक्षरेपि एक करोड चौहत्तर लाख) मध्येबाट वडा नं. २ स्थित नपा कार्यालयको प्राङ्गणमा न.पा. बजेटबाट गर्न बोर्ड बैठक मिति २०७४।११।१८ को निर्णय अनुसार ल.ई. रू.७,१८,७७७।७५ (अक्षरेपी सात लाख अठार हजार सात सय सत्तहत्तर रूपैयाँ पचहत्तर पैसा) रकमान्तर गर्ने निर्णय अनुमोदनको लागि बोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो ।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

**क) ल.ई. स्वीकृत सम्बन्धमा**

| क.सं | योजनाका बिवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ नं. वडा कार्यालयदेखि दरवार क्षेत्रसम्मको दायाँ वायाँ पेटी निर्माण | २ | २८,७८,८३५।७० | | | | | | पाँच तल्लेबाट रकमान्तर | |
| २ | लिवाली प्लानिङ्ग भित्रको बाटोहरूमा माटो निकाल्ने कार्य | ८ | १७,९३,६८६।५५ | | | | | | पाँच तल्लेबाट रकमान्तर | |
| ३ | चित्तपोल र ताथलीको सिमानाको खोला (तव्या खुसी) | | १०,२९,०९७।३३ | | | | | | पाँच तल्लेबाट रकमान्तर | |
| ४ | लिवाली प्लानिङ्ग बाटोमा क्रस पाइप | ८ | ५,२८,६६१।९४ | | | | | | वडा बजेट | |
| ५ | वाकुपति चाँगु नारायण मन्दिरमा छाना तामा पाता छाउने कार्य | ९ | १७,५०,१६५।६४ | | | | | | स्थानीय श्रमदानबाट | |
| ६ | वाकुपति नारायण मन्दिर परिसर र दक्षिण तर्फको पाटी पुन: निर्माण | ९ | २,६८,३६०।८८ | | | | | | वडा बजेट | |
| ७ | पुस्तकालय फर्निचर व्यवस्थापन | १ | ५,५८,४२५।६८ | | | | | | नपा बजेट | |
| ८ | भ.न.पा. सभाकक्षमा बोर्ड बनाउने कार्य | २ | ३५,१४३।१८ | | | | | | नपा बजेट | |
| ९ | उपप्रमुखज्यूको कोठामा बोर्ड बनाउने | २ | २४,०७५।९६ | | | | | | नपा बजेट | |

**ख) अन्य भुक्तानी सम्बन्धमा**

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | एड्भान्स प्रिफाइव हाउस डेकार प्रा.लि.(नपा भवन | २ | स्वीकृत बोलपत्र अनुसार | | | | | ३,१३,९५९।२६ | नपा बजेट | |
| | झ्याल, ढोका रंगरोगन कार्य) | | | | | | | | | |
| २ | सुलोक ट्रेडिङ्ग कम्पनी (वडा ९ नं. बहुउदेश्यीय भवनमा बालुवा, ईंटा ल्याएको) | ९ | स्वीकृत बोलपत्र अनुसार | | | | | ९,३४,६४२।८८ | नपा बजेट | |
| ३ | बी.एण्ड एस. आल्मुनियम एण्ड डेकोर (नपा भवनमा आल्मुनियम पार्टेशन कार्य | | बोलपत्र धरौटी फिर्ता | | | | | ८१,०००।०० | नपा बजेट | |
| ४ | सुनिल त्यात ( बहुउदेश्यीय भवन फिनिसिङ्ग कार्य सम्वन्धी श्रम ठेक्का) | | बोलपत्र धरौटी फिर्ता | | | | | १,२०,०००।०० | नपा बजेट | |

**क) ल.ई स्वीकृत सम्बन्धमा**

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | याछें फल्चा (पाटी) | ६ | १,३१,८४० ।०६ | | १,३२,९८६।८० | १,३६,२५८।०० | १,२०,०००।०० | ११,८४०।०० | सडक बोर्ड | पेश्की फछ्र्यौट |
| २ | "एक शहर एक पहिचान" अन्तर्गत भार्वाचोदेखि सूर्यमढीसम्मको बाटोमा ढुङ्गा छाप्ने तथा भाज्यापुखु मर्मत कार्य | | १,१८,११४,०७०।२४ | | | | | | डिभिजन सडक कार्यालय | |
| ३ | काल्हाँचा चम्पकेश्वर बाटो फराकिलो गर्ने कार्य | ४ | ६६,८१,०४९।२४ | | | | | | | क्रमागत |
| ४ | ब्रम्हायणी बसपार्क शौचलय निर्माण कार्य | ९ | ८,२९,२७५ ।४९ | | | | | | नपा | |
| ५ | ब्रम्हायणी पिठ ट्यांकी निर्माण | ९ | १८,४१,४४१।२७ | | १०,६८,६३१।०० | ८,२४,१८३।८७ | ६,००,०००।०० | २,२४,१८३।८७ | वडा | |
| ६ | च्याम्हासिंहदेखि देगइनासम्मको बाटो दायाँ-तिर ढल निकाश बन्दोवस्त गर्ने | | | | | | | | वडा | |

**ख.उपभोक्ता समिति अनुमोदन**

| | | | |
|---|---|---|---|
| १ | काल्हाँचा चम्पकेश्वर बाटो फराकिलो गर्ने कार्य | उपभोक्ता समिति अध्यक्ष कृष्णगोपाल छुस्याकी | अनुगमन समिति संयोजक राजेन्द्र माक |
| २ | थाथुलां क्वाठण्डौसम्मको सडक मर्मत | उपभोक्ता समिति अध्यक्ष ज्वालाराम मुस्याख्व | अनुगमन समिति संयोजक जितेन्द्र मुनंकर्मी |

**ग) अन्य/भुक्तानी**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पुस्तकालय फर्निचर व्यवस्थापनसम्बन्धी दरभाउ पत्र | साइन उडेन इण्डस्ट्रीज, ताथलीबाट सबभन्दा कम दररेट | ४,२४,९१९।०० | | |
| २ | माटो परीक्षण कार्यको अन्तिम रिपोर्ट पेश गरेको भुक्तानी | कार्ड कन्सल्टेन्सी, बानेश्वर | २,८६,५००।०० | | भ्याट बाहेक |

| | |
|---|---|
| क) बजेट सम्बन्धमा | |
| १ | आ.व. ०७५/७६ का लागि प्राथमिकताका आधारमा विभिन्न वडाबाट छनोट भएका योजनाहरू बजेट तर्जुमा समितिमा पठाउने निर्णय गरियो । |
| ग) | सम्झौता गर्ने सम्बन्धमा |
| १ | भ.न.पा. वडा नं ९ स्थित ब्रम्हायणीमा निर्माणाधीन बहुउद्देश्यीय भवन फिनिसिङ्ग कार्य अन्तर्गत बोलपत्र (ठेक्का नं. ४) सिमेन्ट, डण्डी (विभिन्न साइजमा) र वायडिङ वायर खरिद गर्न न्यूनत्तम अंक कबोल गर्ने बोलपत्रदाता सिरूवा कन्स्ट्रक्सन कम्पनीले म्यादभित्र सम्झौता गर्न आउन नसकेको निवेदन पेश गरिएकोले सो सम्बन्धमा छलफल हुंदा सम्झौता गराउने निर्णय गरियो । |
| २ | भ.न.पा. वडा नं ९ स्थित ब्रम्हायणीमा निर्माणाधीन बहुउद्देश्य भवन फिनसिङ्ग कार्य अन्तर्गत बोलपत्र (ठेक्का नं. ७) रंगरोगनसम्बन्धी सामानहरू खरिद गर्न न्यूनत्तम अंक कबोल गर्ने बोलपत्रदाता सिरूवा कन्स्ट्रक्सन कम्पनीले म्यादभित्र सम्झौता गर्न आउन नसकेको निवेदन पेश गरिएकोले सो सम्बन्धमा छलफल हुँदा सम्झौता गराउने निर्णय गरियो । |

### आर्थिक सहयोग

मिति २०७४।१२।१७ गते शनिबारको दिन दिउँसो कमलविनायक ९, बागेश्वरी कलेजस्थित मेरो फर्निचर कारखाना आगलागी भई पूर्ण जलेर नष्ट भएको हुँदा सहयोग पाऊँ भनी भ.न.पा.वडा नं. ९ बस्ने जयराम भैनात्वले निवेदन दिएकोमा, निजलाई रु.२५,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो।

## मिति २०७५ जेठ १४ गते सोमबार

## निर्णयहरू

### रकम सोधभर्ना गराउने

भक्तपुर नगरपालिकाद्वारा भ.न.पा. वडा नं. ९ मा सञ्चालित तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजना सञ्चालनका लागि भक्तपुर नगरपालिकाले आ.व. २०६१/०६२ देखि विभिन्न मितिमा आयोजनालाई प्रदान गरेको रकममध्ये हाललाई रु.१० करोड नगरपालिकाको बैंक खातामा स्थानान्तरण गर्न सोधभर्ना गराउने निर्णय गरियो।

### निर्णयहरू अनुमोदन

तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजना सहयोग समितिको मिति २०७४।१०।१२ गते बसेको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**क.** भक्तपुर नगरपालिकाको चलानी नं. १२४० मिति २०७४।१०।१७ गतेको पत्रबाट आयोजनाको लागि आवश्यक कर्मचारीहरू आयोजनाबाटै तलव खानेगरी सेवा करारमा लिन प्रक्रिया शुरु गर्न लेखिआएको हुँदा कर्मचारी छनौट गर्न संयोजक रविन्द्र ज्याख्वको संयोजकत्वमा देहायबमोजिमका ३ सदस्यीय कर्मचारी छनौट समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

रविन्द्र ज्याख्व : संयोजक

महेन्द्र खायमली - सदस्य

ओमहरि था श्रेष्ठ - सदस्य सचिव

**मिति २०७४।११।९ गते**

१. आयोजना क्षेत्रअन्तर्गत भाने पिच सडकको उत्तरतर्फ ढल निकास निर्माण कार्य सिमेन्टको मूल्य स्वीकृत जिल्ला दररेट भन्दा वृद्धि भई आपूर्ति नभई रोक्न गएको हुँदा प्रचलित बजार मूल्यमा भीमसेन हार्डवेयरबाट यूनाइटेड ओपीसी सिमेन्ट २५ बोरा भ्याटबाहेक रु.८८५।- ले जम्मा रु.२५,०००।- मा खरिद भएको अनुमोदन गरियो र च्याम्हासिंह देगइना पिच बाटोको छेउमा समेत ढल निकास तथा पेटी निर्माण कार्य गर्न आवश्यक निर्माण सामग्री (सिमेन्ट, लोकल इँटा, बालुवा, गिट्टी र ह्यूम पाइप) बढीमा रु.५,००,०००।- (पाँच लाखसम्म) कार्य नरोकिने गरी प्रचलित बजार मूल्यमा खरिद गरी कार्य गर्ने निर्णय गरियो।

२. यस आयोजना क्षेत्रभित्र परेको साविक भ.न.पा.वडा नं. १ हाल भ.न.पा.वडा नं. ९ च्याम्हासिंह - ब्रम्हायणी वांचुहिटीस्थित पिच बाटोमा उत्तरतर्फ बाटोको मापदण्डमा परेको वांचुहिटी पाटी स्थानान्तरण गरी निर्माण गर्न भक्तपुर

नगरपालिकाबाट पेश भएको नक्सा ड्इङ्गअनुसार भएको लागत अनुमानित रकम रु.३२,९२,१३२।२१ (अक्षेरूपी बत्तीस लाख बयानब्बे हजार एकसय बत्तीस रुपैयाँ एक्काइस पैसा) स्वीकृत गरी सम्बन्धित स्थानीय प्रजापति गुथियारहरूबाट उपभोक्ता समिति गठन गरी निर्माण कार्य गर्ने निर्णय गरियो ।

३. यस आयोजनाको लागि आवश्यक कर्मचारी पद पूर्तिको लागि मिति २०७४ माघ २९ गते 'मजदुर' दैनिकमा प्रकाशित सूचनाअनुसार पर्न आएका उम्मेदवारहरूको कर्मचारी छनौट समितिको निर्णयानुसार फागुन १० गते लिइएको अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षाबाट सफल उम्मेदवारहरू सिफारिस गर्ने मिति २०७४ फागुन १६ गतेको बैठक निर्णयानुसार देहायबमोजिमको पदमा देहायबमोजिम सफल उम्मेदवारहरूलाई करार सेवामा नियुक्त गर्ने निर्णय गरियो । सफल उम्मेदवारहरूले म्यादभित्र नियुक्ति पत्र लिन नआएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिने निर्णय गरियो ।

## तपसिल

विज्ञापन नं. १ – (इन्जिनियर)
सफल उम्मेदवार – विधान थुसा
वैकल्पिक उम्मेदवार – सरोज हेम्बा
विज्ञापन नं. २ (सब इन्जिनियर)
सफल उम्मेदवार – कृष्णसुन्दर सुवाल
वैकल्पिक उम्मेदवार – रेश्मी गाईजु
विज्ञापन नं. ३ – (कार्यालय सहयोगी)
सफल उम्मेदवार – केशरी कुसी
वैकल्पिक उम्मेदवार – रामसुन्दर खत्री

## उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन

उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुँदा देहाय अनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

क. **योजनाको नाम** : भ.न.पा. वडा नं ७ पसिखेलस्थित गय् भिन्यो पुल निर्माण कार्य योजना

**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री लक्ष्मीभक्त कवां
२. उपाध्यक्ष : श्री लक्ष्मीप्रसाद ढुकुछु
३. सचिव : श्री अन्जु मचामसी
४. सह सचिव : श्री हरिकृष्ण दनेगुलु
५. कोषाध्यक्ष : श्री नारायणप्रसाद कवां
६. सदस्य : श्री कृष्णगोविन्द लाखाजु
७. सदस्य : श्री रत्नगोपाल त्वायना
८. सदस्य : श्री श्यामसुन्दर कवां
९. सदस्य : श्री सुरेश कवां
१०. सदस्य : श्री राजेश्वरी कवां
११. सदस्य : श्री शान्ति त्यात
१२. सदस्य : श्री प्रेमश्वरी कवां
१३. सदस्य : श्री राधा माक

## अनुगमन समिति

१. संयोजक : श्री बलराम गोसाई
२. सदस्य : श्री कृष्णगोविन्द खाईजु
३. सदस्य : श्री हेरा ख्याजू
४. सदस्य : श्री रञ्जना त्वाती
५. सदस्य : श्री रिजु कपाली

## पेश्की फछ्र्यौट

पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क) पेश्की फछ्र्यौट सम्बन्धमा

| क्र. सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाग्राचा गल्ली बाटो ईंटा छपाइ | ८ | ५०,८०६।०४ | ५५,२३४।४४ | ३८,७७८।१८ | ३८,३०५।०० | ३८,३०५।०० | ४०,०००।०० | वडा | उपभोक्ता समितिका अध्यक्ष श्री रामसुन्दर त्वाती) |
| २ | मिसामी तं ढल निकास व्यवस्था | १ | ५,२५,२२०।०५ | | ८८०,३६३।२८ | ५२५,२२०।०० | २००,०००।०० | | मर्मत | उपभोक्ता समितिका अध्यक्ष श्री सुमन दुवाल |
| ३ | खिच्छे भजनपाटी फल्याक छाप्ने | ५ | २,७३,७८३।७७ | | १,९७,९३८।५९ | १,९७,७७३।०० | १,००,०००।०० | ९७,७७३।०० | वडा | सम्पन्न (उपभोक्ता समितिका अध्यक्ष श्री कृष्णप्रसाद आचार्य |

## समितिको निर्णयहरू अनुमोदन

विभिन्न समितिको देहायबमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**बजार अनुगमन समिति :**

**मिति २०७५।१।१३ गते**

**क.** अनुगमनमा सहभागी हुने सरोकारवालालाई कार्यालय तथा संस्थाका प्रतिनिधिहरूलाई खाजा खर्चवापत् रु.३००।– (तीन सय रूपैयाँ) उपलब्ध गराउने व्यवस्थाको लागि भ.न.पा. बोर्डमा अनुरोध गर्ने निर्णय गरियो।

**कृषि समिति :**

**मिति २०७५।२।१३ गते**

**क.** यस समितिको आयोजनामा जेठ मसान्तभित्र भक्तपुर नगरका कृषकहरूलाई धान र माटो विषयमा जेटीए तालिम सञ्चालन गर्ने। तालिममा प्रति वडा ४/४ जना प्रशिक्षार्थी सहभागी गराउने।

**ख.** यस भ.न.पा.द्वारा सञ्चालन भइरहेको ३ महिने छाडा कुकुर व्यवस्थापन तथा खोप अभियानसम्बन्धी छलफल कार्यक्रम २०७५ जेठ १७ गते २ बजे हालसम्मको प्रगतिबारे जनप्रतिनिधिहरूलाई जानकारी गराउने।

**ग.** यस भ.न.पा.लाई प्राप्त हुने अनुदानको कृषि औजारमा ट्याक्टर लिने निर्णय भएअनुसार वडा–वडामा कृषि समितिको नामावली पठाउने।

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

**मिति २०७५।२।११ गते**

**क.** यस भ.न.पा. बाट १० वटै वडामा सामाजिक सुरक्षा भत्ता वितरण २०७५ जेठ २० गतेदेखि जनप्रतिनिधिहरूबाटै वितरण गर्ने निर्णय गरियो।

**ख.** भ.न.पा. द्वारा सञ्चालित ६ वटै शिशु स्याहार केन्द्रहरूमा जेठ १३ गतेदेखि निरीक्षण गर्ने।

**ग.** भ.न.पा. द्वारा सञ्चालित तालिमहरू सिलाई, नेपालभाषा र चिनियाँ भाषा तालिममा निरीक्षण गर्ने।

**घ.** भ.न.पा.द्वारा सञ्चालन गर्ने काष्ठकला तालिमका निम्ति निवेदन परेका प्रशिक्षार्थीहरूको नामावलीअनुसार बैठक बोलाउने र तालिम स्थल निरीक्षण गरी आवश्यक सामग्री तयार गर्ने।

**वातावरण तथा पर्यटन समिति :**

**मिति २०७५।१।३१ गते**

**क.** नियमित सरसफाइ अन्तर्गत यही २०७५ जेठ १ गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालित हस्तकला परिसर, नगरपालिका भवनको अण्डरग्राउण्ड तल्ला र पर्यटक बसपार्क क्षेत्रमा सरसफाइ गर्ने निर्णय गरियो :

**कार्यक्रम तालिम**

| | |
|---|---|
| सञ्चालन : | दिलिपकुमार सुवाल |
| स्वागत : | सरिना ग्योला |
| वक्ता : | सुनिल प्रजापति |
| वक्ता : | रजनी जोशी |

**मिति २०७५।२।४गते**

**क.** फोहर मैला तह लगाउने तत्कालीन समस्या समाधान गर्नको लागि चाँगु नारायण नगरपालिकास्थित भ.न.पा. वडा नं. ६ बस्ने मैयाँ दुवालसमेतको जग्गामा एक्स्काभेटरले खाल्डो खनी फोहर राखी माटोले छोप्ने कार्य सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माण गर्न अघि बढाउने र दीर्घकालीन समस्या समाधानको लागि आगामी वर्षको बजेटमा कार्यक्रम समावेश गरी प्रक्रिया अगाडि बढाउन नगरपालिका बोर्डमा अनुरोध गर्ने निर्णय गरियो।

**ख.** 'एक विद्यालय एक सम्पदा' कार्यक्रम अन्तर्गत प्रत्येक विद्यालयहरूलाई सरसफाइको लागि आवश्यक हुने सामग्रीहरू वितरण गर्नको लागि खरिद गरी व्यवस्था गर्नको लागि भ.न.पा. जिन्सी शाखालाई जिम्मा दिने निर्णय गरियो।

**ग.** नगर क्षेत्रमा गाडी व्यवस्थापन गर्ने सम्बन्धमा ट्राफिक प्रहरी र यातायात व्यवसायीहरूसँग बैठक बसी छलफल गर्ने निर्णय गरियो।

**मिति २०७५।२।९गते**

**क.** 'एक विद्यालय एक सम्पदा' कार्यक्रम अन्तर्गत विद्यालयहरूले आ–आफ्नो विद्यालय नजिकको सम्पदा स्थलहरू र अन्य क्षेत्रमा सरसफाइ कार्यक्रम सञ्चालन गर्नको लागि प्रत्येक वडा कार्यालयबाट वडाका विद्यालयहरूलाई निम्नअनुसारको सफाइ सामग्रीहरू हस्तान्तरण गर्ने निर्णय गरियो।

**तपसिल**

गाडा थान – १, साबेल थान – ५, पिक थान – २,
च्वाफी – १०, फिनेल लिटर – १, चून बोरा– १

**ख.** नियमित पाक्षिक सरसफाइ कार्यक्रम मिति २०७५ जेठ १५ गते वडा नं. ३ स्थित मंगलतीर्थ क्षेत्रमा गर्ने निर्णय गरियो।

**ग.** हरियाली व्यवस्थापनको लागि वृक्षारोपण गर्न ३०० वटा Tree Graud (जाली) बनाउन मर्मत शाखालाई जिम्मा दिने निर्णय गरियो।

**पदपूर्ति समिति**

**मिति २०७५।२।१४ गते**

**क.** यस न.पा. को लागि स्वीकृत दरबन्दीमध्ये सहायकस्तर चौथो टाइपिष्ट पद ४ वटा रिक्त रहेकोमा उक्त पदलाई कम्प्युटर अपरेटर पदमा पद मिलान गर्ने।

**ख.** वडा निरीक्षकको २२ वटा पदमध्ये १० वटा पदलाई स.ओ.सी. पदमा पद मिलान गर्ने।

**ग.** उपरोक्तअनुसार पद मिलान गरी देहायका पदको सेवा करारमा लिन विज्ञापन प्रकाशित गर्ने।

१. आर्किटेक्ट – अधिकृतस्तर छैठौं – १

२. स.ओ.सी. सा.स्तर चौथो – १०
३. कम्प्युटर अपरेटर सा.स्तर चौथो – १०
४. हेभी ड्राइभर श्रेणीविहीन – २

**घ.** सिभिल इन्जिनियर ३ जना देको–मिवा–इतापाकेबाट विज्ञापन गराउने ।

**ङ.** मिति २०७४।११।१९ गतेको प्रकाशित सूचनाअनुसार मिति २०७५।२।१४ गतेको पदपूर्ति समितिको सिफारिसअनुसार वैकल्पिक सूचीमा परेका व्यक्तिहरूलाई योग्यताक्रमको आधारमा क्रमशः यस न.पा.लाई आवश्यकताअनुसार सेवा करारमा लिने निर्णय गरियो ।

## विविध

**क.** नेपाल सरकारद्वारा ज्येष्ठ नागरिक, एकल महिला, शारीरिक रूपमा अशक्त भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यक्रमअनुसार भक्तपुर नगरपालिकाका प्रत्येक वडा कार्यालयमार्फत् यही २०७५ जेठ २१ गतेदेखि जेठ ३१ गतेसम्म वितरण गर्ने निर्णय गरियो ।

**ख.** यस नगरपालिकाद्वारा सञ्चालन हुँदै आएको आयुर्वेदिक स्वास्थ्य क्लिनिकबाट निःशुल्क वितरण गरिँदै आएको औषधीहरू खरिदका लागि यस नगरपालिकाको बजेटबाट रु.५लाख नगद आयुर्वेदिक कार्यालयलाई निकासा दिने निर्णय गरियो ।

ग. यस नगरपालिकाको आगामी आ.व. २०७५/०७६ का लागि अनुमानित आय–व्ययको बजेटमा आम्दानीको स्रोत पहिचान तथा विस्तार गर्न नगर प्रमुख एवं शिक्षा, स्वास्थ्य एवं संस्कृति समितिका संयोजक सुनिल प्रजापतिको संयोजकत्वमा देहायबमोजिमका पदाधिकारी हुने गरी एक समिति गठन गरियो :

## तपसिल

संयोजक : सुनिल प्रजापति – संयोजक शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति
सदस्य : रजनी जोशी – सयोजक, न्यायिक समिति
सदस्य : रविन्द्र ज्याख्व – संयोजक वातावरण तथा पर्यटन समिति
सदस्य : उकेश कवां – संयोजक निर्माण समिति
सदस्य : राजकृष्ण गोरा – संयोजक, कृषि समिति
सदस्य : महेन्द्र खायमली – संयोजक, खानेपानी समिति
सदस्य : श्यामकृष्ण खत्री – संयोजक, युवा तथा खेलकुद समिति
सदस्य : हरिप्रसाद बासुकला – संयोजक आर्थिक समिति
सदस्य : हरिराम सुवाल – संयोजक, विधायन समिति
सदस्य : रोशनमैयाँ सुवाल – संयोजक, महिला, बालबालिका तथा समाज कल्याण समिति

**घ.** यस भक्तपुर नगरपालिका वडा नं. ८ मा आवश्यक अतिथि महानुभावहरूलाई चियापान व्यवस्था गर्न पेश्की वडा सचिव राजेश दिस्तीलाई रु.२५,०००।– पेश्की लिई आवश्यक बैठक भत्ता र जलपान खर्च बिल रु.१,०१,८५०।– खर्च गरी नपुग रु.७६,८५०।– माग गरेको हुँदा निजको पेश्की फछ्र्यौट गरी नपुग भुक्तानी दिने निर्णय गरियो ।

**ङ.** यस कार्यालयद्वारा सञ्चालित विद्यार्थी क्रियाकलाप पद्धति तालिमको लागि नगर शिक्षा समितिका सदस्य हिमालयश्वरलाल मूलबाट रु.५०,०००।– पेश्की लिनु भई कार्यक्रम सम्पन्न पछि रु.१,३६,०४१।– खर्च फाँटवारी पेश गर्नु भएको हुँदा उहाँको पे.फ. गरी नपुग रु.८६,०४१।– भुक्तानी दिने निर्णय गरियो ।

**च.** यस कार्यलयद्वारा स्थानीय पाठ्यक्रम निर्माणक्रमको अभिमुखीकरण कार्यक्रमको लागि आवश्यक रु.४,००,०००।– बराबर बजेटअनुसार भएको मध्येबाट रोशनराज तुईंतुईंलाई रु.२,००,०००।– पेश्की दिने निर्णय गरियो ।

**छ.** यस कार्यालयबाट मिति २०७५।१।२६ गते चिनियाँ युवा लिगका प्रतिनिधि मण्डललाई स्वागतार्थ दिवा भोज व्यवस्था गरेको रु.५२,००१।– भुक्तानी होटेल हेरिटेजलाई दिने निर्णय गरियो ।

**ज) ल.ई स्वीकृत सम्बन्धमा**

| क.सं | योजनाका बिवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लिवाली पूर्वतर्फको खोलामा डिप बोरिंग कार्य | | ४,१९,१,१८७१४ | | | | | | खानेपानी | स्वीकृत |
| २ | भ.न.पा. वडा कार्यालय अगाडि ग्राभेलिE | १ | ६५,२९९।९९ | | | | | | मर्मत | अमानत |
| ३ | नपली पुरानो पुल संगै ग्राभेलिE कार्य | १ | १०२,६२१।४३ | | | | | | मर्मत | अमानत |
| ४ | पुलाबाचा हनुमानघाट बाटो मर्मत कार्य | ७ | ६९६,१५२।९६ | ७,०५,८१०।६२ | | | | | सडक बोर्ड | रिभाइज्ड |

| झ) उपभोक्ता समिति अनुमोदन | | | | | |
|---|---|---|---|---|---|
| १ | पसिखेल गय् भिंन्चो पुल निर्माण | ७ | २७,५२८,२६६।६५ | लक्ष्मी भक्त कवा, उपभोक्ता समिति अध्यक्ष (साधारण कार्य र जगको कार्य | बलराम गोसाईको संयोजकत्वमा अनुगमन समिति |
| ञ) अन्य | | | | | |
| १ | मिति २०७५।०२।०३ को बोर्ड बैठकमा पसिखेल गय भिंन्चो स्थित पुल ल.ई. रू.२,७५,२८,२६६।६५ स्वीकृत भएका मध्ये आ.व. ०७४।७५ को लागि पुल बजेट शीर्षकबाट बिनियोजन भई लागत इष्टिमेटको साधारण कार्य र जगको कार्य गर्न रू.९९,९१,८४९।३० बराबरको कार्य लक्ष्मीभक्त कवांको अध्यक्षतामा गठित उपभोक्ता समितिबाट कार्य गर्ने निर्णय गरियो । | | | | |

## मिति २०७५ जेठ २७ गते आइतबार

## निर्णयहरू

### कार्यदल गठन

तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजना क्षेत्रमा थप जग्गा तथा बिक्री गर्ने जग्गाको मूल्य रकम परिमार्जन गर्ने सम्बन्धमा १५ दिनभित्र अध्ययन गरी संशोधन प्रस्ताव तयार गर्न वडाअध्यक्ष रविन्द्र ज्याख्वको संयोजकत्वमा देहाय बमोजिमको एक कार्यदल गठन गरियो :

### तपसिल

रविन्द्र ज्याख्व (वडाध्यक्ष) - संयोजक
हरिप्रसाद बासुकला (वडाध्यक्ष) - सदस्य
ई. ओमहरि था श्रेष्ठ - सदस्य

उक्त कार्यदललाई लिवाली योजना क्षेत्रभित्रका बिक्री योग्य जग्गाको मूल्य परिमार्जनको प्रस्ताव पेश गर्ने क्षेत्राधिकार प्रदान गरियो ।

### नियुक्तिको निर्णय अनुमोदन

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजनाको लागि आवश्यक २ जना सब इन्जिनियर र १ जना कम्प्युटर अपरेटरको पदपूर्तिका लागि भ.न.पा.को मिति २०७४।१०।१७ च.नं. ७२७ मार्फत निर्देशन भए बमोजिम मिति २०७४।१२।८ गते सूचना प्रकाशन गरी मिति २०७४।१२।२४ गते लिखित परीक्षा, मिति २०७५।१।५ गते प्रयोगात्मक परीक्षा र मिति २०७५।१।२० गते अन्तर्वार्ता सम्पन्न गरी उच्चत्तम अंक प्राप्त गर्ने उम्मेदवारहरूमध्येबाट श्री रविन्द्र खर्बुजाको संयोजकत्वमा गठित पदपूर्ति उपसमितिको मिति २०७५।१।२६ गतेको सिफारिस बमोजिम निम्नानुसार सफल उम्मेदवारहरूलाई सेवा करारमा नियुक्ति गर्ने तथा निजहरूका सेवाका शर्त र सुविधासहित सेवा करार सम्झौता गर्न आयोजना प्रमुखलाई अख्तियारी दिने भनी मिति २०७५।२।११ को आयोजना उपभोक्ता समितिको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

### तपसिल

| क. सवइ-न्जिनियर सहायक स्तर पाँचौंतर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | नामथर | रोल नं. | ठेगाना |
| १ | रविन सुवाल | ०6 'S' | भ.न.पा. ४, बोलाछें |
| २ | सनम प्याठ | ०8 'S' | मध्यपुर थिमी, न.पा. दिग टोल |
| वैकल्पिक उम्मेदवार | | | |
| क्र.सं. | नामथर | रोल नं. | ठेगना |
| १ | रविन कुसी | 11 'S' | भ.न.पा., लिवाली |
| २ | सुनिल वैद्य | 04 'S' | भक्तपुर न.पा., बाराही स्थान |
| ख. कम्प्युटर अपरेटर, सहायक स्तर चौथोतर्फ | | | |
| सफल उम्मेदवार | | | |
| १ | उदय ढुंगाना | 07 'C' | चाँगुनारायण न.पा.,४ |
| वैकल्पिक उम्मेदवार | | | |
| १ | गोकुल थापा | 19 'C' | सर्लाही, लालबन्दी |

### रकम फिर्ता गर्ने

भक्तपुर नगरपालिका वडा नं. ४ स्थित कि.नं. २५३,३३०,२७० र २५४ जग्गा प्लानिङ्ग गर्न रु.१२,१७,७०३।- दस्तुर बुझाई सकेपछि नगरपालिकाबाट अनुमति पत्र प्राप्त नगरेको हुँदा उक्त रकम श्यामकृष्ण मचामसीलाई आम्दानी फिर्ता गर्ने निर्णय गरियो ।

### समितिका निर्णयहरू अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**युवा तथा खेलकुद समिति**

**मिति २०७५।२।१७ गते**

क. नेपाल सितेरियो सोबुकन करातेँ दो एशोसियसनबाट आयोजित हुने Invitation for "2nd shito

-Ryu shobukan Junior National Karate championship 2018" मा निम्नानुसार सहभागी जनाउने निर्णय गरियो साथै प्रशिक्षक रविना सुवाललाई रु.१४,४००।- (अक्षेरूपी रु. चौध हजार चार सय) पेश्की दिने निर्णय गरियो ।

| सहभागी खेलाडी पुरुषहरु | | | सहभागी खेलाडी महिलाहरु | | |
|---|---|---|---|---|---|
| क्र.सं. | नामथर | तौल | क्र.सं. | नामथर | तौल |
| १ | पारष थापा | २५ के.जी | १ | कृत्तिका राई | २५ केजी |
| २ | विमलकुमार थापा | ३० केजी | २ | मनिसा तामाङ्ग | ३० केजी |
| ३ | निश्चल बाला | ३५ केजी | ३ | युजिना सुवाल | ३५ केजी |
| ४ | इशान तामाङ्ग | ४० केजी | ४ | अंकिता राई | ४० केजी |
| ५ | मदनकुमार थापा | ४५ केजी | ५ | स्माइल तामाङ्ग | ४५ केजी |
| ६ | सुबोधकुमार शाह | ५० केजी | ६ | अन्जु भुजेल | Open |
| ७ | अभिषेक राई | Open | ७ | अनिशा राई | Open |
| ८ | कन्चन राई | Team Manager | ८ | रविना सुवाल | Team Coch |

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**
**मिति २०७५।२।२३ गते**

**क.** यस नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणका लागि यस नगरपालिका कार्यालयमा आर्थिक सहयोगको लागि अनुरोध पत्र प्राप्त भई विद्यालय अनुगमन समितिले मिति २०७५ जेष्ठ.........गते निरीक्षण गरेका देहायका विद्यालयहरूलाई प्रतिविद्यालय रु.२,००,०००।- (अक्षेरूपी दुई लाख रूपैया मात्र) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो :

१. ब्रम्हायणी आधारभूत विद्यालय
२. बालसेवक आधारभूत विद्यालय
३. दत्तात्रय आधारभूत विद्यालय
४. सरस्वती विद्यागृह मा.वि.

**ख.** भक्तपुर नगरपालिका वडा नं. ९ वाकुपति नारायण मन्दिरमा हरेक दिन स्थानीय महिला दिदीबहिनीहरूलाई भजन प्रशिक्षण दिइरहेको वाकुपति नारायण ढल्चा भजनले वाद्य सामग्री खरिदका लागि यस कार्यालयमाअनुरोध पत्र प्राप्त भए अनुसार हार्मोनियम, तबला र ढोलक खरिदका लागि यस नगरपालिकाको तर्फबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार रूपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**ग.** आस्था साँस्कृतिक परिवारको आयोजनामा २०७५ जेठ २५ गते भएको भक्तपुर जिल्लाव्यापी अन्तर विद्यालय एकल गायन प्रतियोगिताको लागि यस कार्यालयमा आर्थिक सहयोगको लागि पत्र प्राप्त भएअनुसार त्यस परिवारलाई रु.२५,०००।- (अक्षरेपी पच्चिस हजार रूपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**वातावरण तथा पर्यटन समिति**
**मिति २०७५।२।२४ गते**

**क.** विश्व वातावरण दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्वारा आयोजित योसिंगुंमा भएको वृक्षारोपण पश्चात् वन हेरालुको व्यवस्था गर्ने निर्णय गरियो ।

**न्यायिक समिति**
**मिति २०७४।९।७ गते**

**क.** भ.न.पा. न्यायिक समितिको मिति २०७४।९।७ गतेको निर्णयबाट वडास्तरीय मेलमिलाप केन्द्र गठन सम्बन्धमा स्थानीय वडा वडामा आएका न्यायिक समितिको क्षेत्राधिकारभित्रका विवादहरूमा मेलमिलाप गराउन प्रत्येक वडाहरूमा मेलमिलाप केन्द्र स्थापना गर्न/गठन गर्न लेखी पठाउने निर्णय भएको भनी भ.न.पा. बोर्डमा पेश हुन आएकोमा न.पा.का वडाहरूमा आवश्यकताअनुसार मेलमिलाप केन्द्र स्थापना गर्न वडा समितिहरूलाई जिम्मा दिने निर्णय गरियो ।

**विविध**

**क.** यस न.पा.बाट सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनामा HT/LT लाईन निर्माण गर्न लाग्ने ल.ई. रु.२,०७,२२,०१९।९५ मध्ये ६० प्रतिशत भक्तपुर नगरपालिकाबाट र बाँकी रकम विद्युत् प्राधिकरणबाट व्यहोर्ने गरी कार्य बढाउने सम्बन्धमा ६० प्रतिशत न.पा.बाट रु.१,२४,३३,२११।९७ नेपाल विद्युत् प्राधिकरण भक्तपुर वितरण केन्द्रको हिमालयन बैंक लि. सुकुलढोका शाखामा रहेको धरौटी खाता नं. ००४०१७२२०१०००१३ मा जम्मा गरी सक्कल भौचर विद्युत् प्राधिकरण भक्तपुरलाई पठाउने निर्णय गरियो ।

**ख.** यस कार्यालयको बा १ भ्र ८७५१ नं. को गाडीको इन्जिन मर्मत गराउनुपर्ने भनी चालक तुल्सीराम हेंगोजुबाट पेश भएको भ्याटसहित रु.७०,२८३।- को अनुमानित लागत स्वीकृत गरी मर्मत गराउने निर्णय गरियो ।

**ग.** भक्तपुर नगरपालिकाबाट सञ्चालित जनज्योति पुस्तकालयको सुरक्षा र व्यवस्थित सञ्चालनको लागि जडान भएको सीसी क्यामेराको वीलअनुसार रु.३,६२,८०४।- नेक्स्ट जेन कम्प्युटर्सलाई भुक्तानी दिने निर्णय गरियो ।

**घ.** गणेश मा.वि. भार्वाचो भक्तपुरको च.नं. ७ मिति २०७५।२।१५ गतेको पत्रानुसार यस न.पा. र गणेश मा.वि. बीच मिति २०७०।२।२६ मा भएको भोगाधिकार सम्भौता पत्र बमोजिम भ.न.पा.वडा नं. १ (साविक १७ (क) कि.नं. ६६५ को क्षे.फ.०-८-२-० जग्गामा भवन निर्माण गरी विद्यालय सञ्चालन भइरहेकामा उक्त सम्भौताको म्याद

२०७५।२।२५ गतेदेखि सकिने भएकोले म्याद सकिएको मितिले पुनः ५ वर्षको लागि भोगाधिकार सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

**ङ.** भ.न.पा.वडा नं. ३ वडा कार्यालयको भवन बनाउनको लागि जग्गा खरिद गर्न सार्वजनिक सूचना आह्वान गर्ने निर्णय गरियो ।

**च.** यस कार्यायबाट मिति २०७४ आश्विन २३ देखि २९ सम्म सप्ताहव्यापी एघारौं विश्व रेविज दिवसको उपलक्ष्यमा वडा नं. १ देखि १० सम्म रेबिज खोप शिविर सञ्चालन गर्न उमेशलाल प्रधानले रु.१,२६,०००।- पेश्की लिई कार्यक्रमपछि रु.१,२६,०००।- बराबरको खर्च पेश गर्नुभएको हुँदा निजको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

**छ.** यस कार्यालयको मिति २०७४ फागुन ३० गतेदेखि जेठ १५ गतेसम्मको नास्ता र खाजा रु.८७,३६०।- भुक्तानी दिव्य स्विट्सलाई दिने निर्णय गरियो ।

**ज.** यस कार्यालयबाट मिति २०७५।२।७ गते पदाधिकारी बहाली एक वर्ष पूरा भएको उपलक्ष्यमा कार्यक्रम गर्दा डिनर व्यवस्था गरेको रु.३,०५,१००।- भुक्तानी नःपखु बैंक्वेटलाई दिने निर्णय गरियो ।

**झ.** मिति २०७५।२।२२ गते यस कार्यालयबाट वातावरण दिवसको उपलक्ष्यमा वृक्षारोपण कार्यक्रम सहभागीहरूलाई खाना र चिया व्यस्थाको रु.८७,३७०।- भुक्तानी सूर्यविनायक पार्टी भेनुलाई दिने निर्णय गरियो ।

**ञ.** निम्न गाडी मर्मतको भुक्तानी दिने निर्णय गरियो :

**तपसिल**

| क्र.सं. | चालकको नाम | गाडी नं. | रकम | भुक्तानी लिने |
|---|---|---|---|---|
| १ | मनोज छुकां | २५२८ | २६,३२९।- | अजिमा अटो वर्कशप |
| २ | बुद्धिनारायण सुवाल | ७१५० | २४,९२३।- | नेपाल अटो इलेक्ट्रिक |
| ३ | रविन कोजु | २२६२ | १६,३००।- | एस.जी. वर्कशप |
| ४ | राजेन्द्र कोजु | ८१५६ | ९०४० | सौपाने इन्जिनियर |

**ट) पेश्की फछ्र्यौट सम्बन्धमा**

| क्र. सं. | योजनाका विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बोलाछें राम मन्दिरसम्मको सडक मर्मत (सागर प्रजापति) | ४ | ९९३,४५३।२६ | | १,०३१,९३७।५२ | ७३७,४८५।६० | ३३०,०००।०० | ३९७,४८५।२० | सडक बोर्ड | कार्य सम्पन्न |
| २ | कमल पोखरी खानेपानी डिप बोरिङ्ग कार्य (बिष्णुभक्त कवां) | ७ | ४,५६३,८५५।५७ | | २,७३९,३५८।०० | २,१४८,४५४।७६ | २,०००,०००।०० | १४८,४५४।७६ | खानेपानी शिर्षक | |
| ३ | महेश्वरी ध्वाका निर्माण (रामेश्वर प्रजापति) | ७ | ४०९,१००।०० | ४२०,०१३।७० | ४००,२२८।७७ | ३६९,१९६।२६ | २००,०००।०० | १६९,१९६।२६ | नपा | कार्य सम्पन्न |
| ४ | तेखाचो इचाडोल हनुमान पाटी बाटो ईंटा छपाइ नारायणसुन्दर खर्बुजा) | ३ | | | | | १,९०,०००।०० | | सडक बोर्ड | योजना रद्ध भई पेश्की फिर्ता |
| ५ | बंशगोपाल बाराही स्थान पुल बाटो मर्मत (हरिभक्त बखुन्छे) | ३ | ९०९,२८६।१४ | | ७३२,५०६।७६ | ४,९२,८०५।०० | ६,००,०००।०० | रू.१०७१९५।०० रकम दाखिला | सडक बोर्ड | पेश्की फछ्र्यौट |
| ६ | लाछिचा चोक ढल व्यवस्थापन (हरेराम सिलाकार) | ३ | ९९,०२०।३३ | | ४५,४३५।८१ | ४०,९७५।०० | ३५,०००।०० | ५,९७५।०० | वडा | पेश्की फछ्र्यौट |
| ७ | ब्रम्हायणी परिसरमा ईंटा छपाइ (रमेश कुसी) | ९ | २७५,८३४।५८ | | १८२,९०३।७७ | १७३,४४०।०० | १५०,०००।०० | २३,४४०।०० | वडा | पेश्की फछ्र्यौट |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | क्वाठण्डौ इनार मर्मत (आलिशा मुस्याख्व) | १० | १९९,७५६।४५ | | १५१,६७२।०० | १२९,०५८।३४ | १००,०००।०० | २९,०५८।२४ | वडा | |
| ९ | सुवर्णेश्वर (श्याम पलंकर्मी) | ६ | ५,७३,५९३।२० | | २,१२,७१६।५९ | २,०६,३९४।४० | १,७५,०००।०० | ३१,३९४।४० | वडा | आ.पे.फ. गरी थप पेश्की रू.१,२०,०००।०० |
| १० | मुलाछे पाटी (इन्द्रमान उलक) | ६ | १४,६४,१९९।७३ | १२,३१,४९६।२० | १२,७७,४१९।७८ | १२,१७,४५३।५९ | ११,५६,५४३।६० | ६०,९०९।९९ | वडा | पेश्की फछ्र्यौट |
| ११ | लालाछें मन्दिर छाना मर्मत (राम त्यात) | ६ | ११,७४,४१७।४५ | | ७,३९,६५९।७१ | ६,५९,२२१।७१ | ८,२२,८६८।२५ | रू.८०,४३८ रकम दाखिला | वडा | पेश्की फछ्र्यौट |

**ठ) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | २ नं. वडा कार्यालयदेखि दरबार क्षेत्रसम्मको दायाँ वायाँ पेटी निर्माण | २ | २,८७८,८३५।७० | हरिप्रसाद सुवाल, उपभोक्ता समिति अध्यक्ष | रत्नकाजी नायभारीको संयोजकत्वमा अनुगमन समिति |
| २ | भगवती स्थान सार्वजनिक शौचालय सुधार र पर्यटन शौचालय निर्माण कार्य | ५ | २८,७८,८३५।७० | तुल्सीनारायण डण्डेख्या, उपभोक्ता समिति अध्यक्ष | बलराम सिबन्जारको संयोजकत्वमा अनुगमन समिति |

**ड) रकमान्तर सम्बन्धमा**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कमलबिनायक पाइपलाइन | १० | २,२१९,३२५।७७ | | | | | | | खेल मैदान र कभर्ड हलबाट रकमान्तर |

**ढ) अन्य**

| | |
|---|---|
| १ | वडा नं ९, ब्रम्हायणी बसपार्कमा निर्माणाधीन बहुउद्देश्यीय भवनमा झ्यालढोकाको लागि सालकाठ खरिद गर्न बोलपत्रदाता तुल्सी कन्स्ट्रक्सनसँग मिति २०७५ जेठ मसान्तसम्ममा सम्पूर्ण परिमाणको काठ बुझिलिने सम्झौता भएकोमा विविध कारणले ढिला हुने भएको हुँदा उक्त बोलपत्र दाताको माग अनुसार २०७५ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । |
| २ | वडा नं. ९, ब्रम्हायणी बसपार्कमा निमार्णाधीन बहुउद्देश्यीय भवन निर्माणको लागि आवश्यक विविध सामग्रीहरूको भुक्तानी ल.ई.मा समावेश भएको कन्टिनजेन्सी शीर्षकबाट कट्टी हुने गरी रू.१,०४,५६४।८० भुक्तानी दिने निर्णय गरियो । |
| ३ | भ.न.पा.वडा नं. ८, जगाति टोलमा जगाति खानेपानी योजनाको ल.ई. रू.७,५८,४९६।०० स्वीकृत भएअनुसार जिल्ला दररेट ६ केजी प्रेसरको ११० मि.मि. व्यासको एस.डी.पि. पाइपको रेट प्रति मिटर भ्याट बाहेक रू.५४५।– भएकोमा बजार रेटअनुसार भ्याट बाहेक रू.६३६।२५ भएकोले सोअनुसार स्वीकृत गर्ने निर्णय गरियो । |
| ४ | वडा नं. ७ स्थित निर्माणाधीन पसिखेल गय भिंद्यो स्थानमा बिजुलीको पोल स्थानान्तरण गर्न रू.६०,०४०।६४ बराबरको रकम नेपाल बिद्युत् प्राधिकरणको मागअनुसार उक्त प्राधिकरणको ००४०१०२२०१००१३ खातामा जम्मा गर्ने निर्णय गरियो । |

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# भक्तपुर नगरपालिकाको तेस्रो नगरसभामा प्रस्तुत
# cfly{§ jif{@)&%÷&^ sf]gLlt tyf sfo{qmd

**८ असार २०७५**



सुनिल प्रजापति, प्रमुख-भक्तपुर नगरपालिका

प्रजातन्त्र पुनःस्थापनाको लागि विभिन्न चरणमा भएका जनआन्दोलन र सङ्घर्षहरूमा आफ्नो जीवन बलिदान दिने महान् शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आन्दोलनमा घाइते भएका, प्रवास र भूमिगत भएर राजनैतिक तथा सामाजिक परिवर्तनका लागि महत्त्वपूर्ण भूमिका खेल्ने वीर योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं।

२०७४ वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीका हामी उम्मेदवारलाई भक्तपुरवासी दाजुभाइ तथा दिदी बहिनीहरूले अत्यधिक मत दिएर विजयी बनाउनुभएकोमा हामी जनप्रतिनिधिहरूको तर्फबाट पुनः हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

२०७४ जेठ ७ गते हामीले शपथ ग्रहण गर्‍यौं। हामीले जिम्मेवारी बहन गरेको १ वर्ष १ महिना बित्यो। यस अवधिमा भक्तपुर र भक्तपुरवासी जनताको हितलाई ध्यानमा राखेर हामीले निरन्तर काम गर्दै आएका छौं। १५ वर्षसम्म जनप्रतिनिधिविहीन अवस्थापछि हामी जनप्रतिनिधिहरू बहाल भएर काम गर्नुपर्दा अनेकौं समस्याहरू नआएका होइनन्। आवश्यक कानुनको अभावमा सरकारको आदेशकै भरमा महिनौं काम गर्नुपर्ने अवस्था भयो। प्रदेशसभाको निर्वाचन भई नसकेको र सङ्घीय सरकारले स्पष्ट नीति-निर्देशन र आवश्यक कानुन निर्माण नगरिसकेको अवस्थामा देशभरका स्थानीय तहहरूले जनभावनाअनुसार काम गर्ने वातावरण बनेन। नेपालको संविधान २०७२ लागू भएपछिको पहिलो निर्वाचन र सङ्घीयताको पहिलो अभ्यासको कारण हामीले विभिन्न अप्ठ्याराहरूको सामना गर्नुपर्‍यो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपछि स्थानीय तहहरूले काम गर्न केही हदसम्म सहज भयो। ऐनअनुसार २०७५ चैत्र २८ गतेभित्र जिल्लास्तरीय विभिन्न कार्यालयहरू नगरपालिकाअन्तर्गत आउनुपर्ने थियो तर एकाधबाहेक अहिलेसम्म कार्यालयहरू हस्तान्तरण भएका छैनन्। एकातिर जिम्मेवारी थपिँदै जानु अर्कोतिर आवश्यक कर्मचारीहरू थप्न सरकारले रोक लगाउनु स्वायत्तताको नीतिविपरीत छ। स्थानीय तहहरूलाई कर्मचारी नियुक्ति गर्न रोक लगाउनु स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप हो। स्थानीय तह व्यवस्थित रूपमा सञ्चालन गर्नको निम्ति आवश्यक सबै पदहरूमा कर्मचारीहरू राख्ने अधिकार स्थानीय तहहरूलाई नै दिइनुपर्छ। स्थानीय तह संविधानबमोजिम आफ्नो इलाकाभित्र स्वायत्त सरकार भएको हुँदा कुनै पनि क्षेत्रको हस्तक्षेपले निरङ्कुश राजतन्त्रको स्मरण गराउँछ र यो संविधानसम्मत पनि छैन।

नेपाल सरकारले आ.व.२०७५/७६ को बजेटमा सांसदहरूलाई रु.४ करोडको दरले बजेट व्यवस्था गरेको छ। प्रदेशसभाका सांसदहरूलाई पनि प्रदेश सरकारले बजेटको व्यवस्था गर्‍यो। सांसदहरूको मुख्य काम र कर्तव्य देशको निम्ति आवश्यक नीति निर्माणमा केन्द्रित भई कानुनहरू निर्माण गर्नु हो। विकास बजेट भनी छुट्याइएको बजेटले सङ्घीय सांसदहरूलाई पनि विकासको कार्यकर्ता बनाई विकास कार्यमा दोहोरोपनको जटीलता थपिनेछ। विकास निर्माणको काम स्थानीय तहको हो। सांसदहरूको नाममा छुट्याइएको बजेट खारेज गरी स्थानीय सरकारको खातामा जम्मा गर्न जोड्दार माग गर्दछौं।

निर्वाचनको बेला घोषणापत्रमार्फत् जनतालाई वचन दिएअनुसार हामीले एक वर्षमा शिक्षा, स्वास्थ्य, विकास निर्माण, सर-सफाइ, खेलकुद, सम्पदा संरक्षणलगायतका क्षेत्रमा कार्य गर्‍यौं। यो एक वर्ष हामी जनप्रतिनिधिहरूको लागि विकास निर्माणको आधार तयारी वर्ष बन्यो। यही आधारमा टेकेर आगामी आर्थिक वर्षमा भक्तपुरको विकास निर्माणमा जुट्ने हाम्रो सङ्कल्प हो।

आ.व. २०७५।७६ मा भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछौं –

## आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम

**शिक्षा** :

१) भक्तपुर नगरपालिकाले ख्वप कलेज, ख्वप इ. कलेज, ख्वप कलेज अफ ईन्जिनियरिङलगायत सात वटा शैक्षिक संस्थाहरू

सञ्चालन गरेर सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएसँगै आधारभूत तहदेखि मा.वि. कक्षासम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहमा आएको छ। भक्तपुर नगरपालिकाभित्र सामुदायिक र संस्थागत गरी ९२ वटा विद्यालयहरू रहेकोमा यस वर्षदेखि सामुदायिक र संस्थागत विद्यालयहरूको शैक्षिकस्तरको अन्तर कम गर्दै लैजाने प्रयास गरिनेछ। सामुदायिक विद्यालयको भौतिक सुधार गर्न अनुगमन गरी आर्थिक सहयोगको नीति बनाई लागू गरिनेछ।

नगरपालिकाद्वारा सञ्चालित विद्यालय/ कलेजहरूमा चित्रकला, ज्योतिष शास्त्र वा नक्षत्र विज्ञानको कक्षा सञ्चालन गर्न तयारी गरिनेछ।

२) ख्वप विश्वविद्यालय स्थापनाको लागि भक्तपुरवासी जनताले लामो समयदेखि प्रयास गर्दै आएका हुन्। २०७३ सालमा ख्वप विश्वविद्यालय विधेयक संसदमा दर्ता भई सांसदहरूको हात-हातमा वितरणसमेत भईसकेको थियो। नेपालको संविधान निर्माण भई संविधानबमोजिम नयाँ संसदसमेत गठन भइसकेको अवस्थामा ख्वप विश्वविद्यालय स्थापनाको लागि आवश्यक तयारी गर्न कार्यदल गठन गरिनेछ।

३) भक्तपुर नगर क्षेत्रभित्र विभिन्न विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई २१ औं शताब्दीको लागि योग्य बनाउन शिक्षकहरूलाई नेपाली, अङ्ग्रेजी, विज्ञान र गणित विषयमा विशेष तालिमको बन्दोबस्त गरिनेछ।

४) जनज्योति पुस्तकालय यस वर्ष भनपा २ स्थित शहीद स्मृति खेल मैदान नजिक सारिएको छ। त्यसलाई आधुनिक र स्तरीय पुस्तकालय बनाउन पाठकहरूको माग र आवश्यकताअनुसारका पुस्तकहरू थपिंदै लगिनेछ र इ. लाइब्रेरीको समेत व्यवस्था गरिनेछ। वडा-वडामा सुस्त अवस्थामा रहेका पुस्तकालय र वाचनालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराई सञ्चालनमा ल्याउन उत्साहित गरिनेछ।

५) भक्तपुरको खानेपानी, शिक्षा, सरसफाइ, सम्पदा, परम्परागत शैलीका घरहरू वा भक्तपुर नगरपालिकासँग सम्बन्धित कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई आर्थिक अनुदानको व्यवस्था मिलाइनेछ। साथै विभिन्न सङ्कायमा अध्ययनरत विद्यार्थीहरू भक्तपुर नगरपालिकामा इन्टर्न गर्न चाहेमा आवश्यकताअनुसार सोको व्यवस्था मिलाइनेछ।

६) स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी यसै शैक्षिक वर्ष २०७५ देखि कक्षा १ र ६ को स्थानीय पाठ्यक्रम सबै विद्यालयहरूमा अध्यापन सुरु भएको छ। त्यसलाई निरन्तरता दिंदै शैक्षिक वर्ष २०७६ देखि आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रमसँगै नेपाल भाषाको पाठ्यक्रमसमेत तयार गरी लागू गरिनेछ। साथै स्थानीय पाठ्यपुस्तक पनि क्रमशः तयार गर्दै लगिनेछ। स्थानीय पाठ्यक्रम लागू भएपछि भक्तपुर नगरभित्र अध्ययन गर्ने हरेक विद्यार्थीले भक्तपुरको इतिहास, भूगोल, नेपाल भाषाका प्रचलित र रञ्जना लिपि, खेलकुद, संस्कृति, सम्पदा आदिबारे जानकारी हासिल गर्नेछन्।

७) आ.व. २०७५।७६ मा स्थानीय भाषा, कला-संस्कृति, राजनीति वा सम्पदा सम्बन्धमा भनपाले पुस्तक प्रकाशन गर्नेछ। 'भक्तपुर' मासिक पत्रिकालाई निरन्तरता दिंदै कानुनबमोजिम राजपत्रलाई नियमित प्रकाशन गरिने छ।

८) संस्थागत विद्यालयहरूलाई कार्यविधि बनाई क्रमशः गुठी तथा सहकारीमार्फत् सञ्चालन गर्दै लैजाने व्यवस्था मिलाइनेछ।

९) इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपाल भाषा र संस्कृत विषयमा अध्ययन गर्ने विद्यार्थीहरू घट्दै गएको हुँदा ती विषय लिई स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीहरूलाई निश्चित रकम तोकी छात्रवृत्तिको व्यवस्था गरिनेछ। साथै उच्च शिक्षा हासिल गर्न चाहने योग्य र आर्थिक स्थिति कमजोर भएका विद्यार्थीहरूलाई प्रमाण-पत्र धितो लिई रु. ५ लाखसम्म सहुलियत ब्याजदरमा ऋण दिने व्यवस्था मिलाइनेछ। यसले न्यून आय भएका विद्यार्थीहरूले उच्च शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित हुनुपर्ने छैन।

१०) नगरमा चिकित्साशास्त्रमा स्नातकोत्तर तहका चिकित्सकहरूको कमी भएको कारण चिकित्साशास्त्रअन्तर्गत विभिन्न विषयहरूमा एम.डी. वा सोसरह स्नातकोत्तर तह अध्ययन गर्ने विद्यार्थीहरूमध्ये यो वर्ष २ जनालाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइनेछ। छात्रवृत्ति पाउने चिकित्सकहरूले कम्तिमा ५ वर्ष ख्वप अस्पतालमा पूर्णकालीन सेवा गर्नुपर्नेछ।

**संस्कृतिः**

११) भक्तपुर कला संस्कृति र सम्पदाले भरिएको नगर हो। ती कला, संस्कृति र सम्पदाहरूको संरक्षणमा यहाँका स्थानीय जनताको ठूलो योगदान रहँदै आएको छ। 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' भन्ने नारालाई सार्थक बनाउन निरन्तर सांस्कृतिक क्षेत्रमा लागेर हाम्रो कला र संस्कृतिको संरक्षणमा योगदान गर्नुहुने वडा-वडाका दाफा, भजन वा परम्परागत नाचगानका गुरुहरूको निरन्तरको परिश्रमको सम्मान गरिनेछ।

१२) गाईजात्रालाई व्यवस्थित, अनुशासित र मर्यादित रूपले सम्पन्न गर्न प्रतियोगिता आयोजना गरिनेछ । परम्परागत र आधुनिक विधाका सांस्कृतिक टोलीहरूलाई प्रतिस्पर्धा गराई मूल्याङ्कनको आधारमा पुरस्कारको व्यवस्था गरिनेछ । यसबाट गाईजात्रा पर्वमा प्रदर्शन हुने परम्परागत र आधुनिक विधाका सांस्कृतिक टोलीहरूलाई प्रोत्साहन मिल्ने हाम्रो विश्वास छ ।

१३) उचित संरक्षणको अभावमा हाम्रा कतिपय परम्परागत संस्कृतिहरू लोपोन्मुख अवस्थामा छन् । समयमै नयाँ पुस्तालाई तयार गर्न नसकेमा हाम्रा ती परम्परागत बाजाहरू, सांस्कृतिक टोलीहरू इतिहासमा मात्रै सीमित हुने सम्भावना छ । त्यसलाई ध्यानमा राखेर नयाँ पुस्तालाई उत्साहित गर्न सांस्कृतिक प्रशिक्षणहरू सञ्चालनको व्यवस्था गरिनेछ । समय-समयमा ती बाजा तथा सांस्कृतिक समूहहरूबीच प्रतियोगिताहरू सञ्चालन गरी उत्साहित गरिनेछ ।

१४) भक्तपुर नगरमा सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक महत्त्व बोकेका थुप्रै मठ, मन्दिर, पाटीपौवा, ढुङ्गेधारा, सत्तल पोखरीलगायत सम्पदाहरू छन् । लोप भइसकेका सम्पदाहरूको उत्खनन् गर्ने, लोपोन्मुखहरूको संरक्षण गर्ने र राम्रो अवस्थाका सम्पदाहरू जस्ताको तस्तै नयाँ पुस्तालाई हस्तान्तरण गर्नु हामी आफ्नो दायित्व ठान्दछौं ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार भक्तपुर नगरपालिकाको पुरानो क्षेत्रलाई सीमाङ्कन गरी सांस्कृतिक नगर घोषणाको लागि कार्यदल गठन गरी तयारी अगाडि बढाइनेछ ।

१५) सांस्कृतिक सम्पदाको संरक्षणलाई पर्यटन विकाससँग जोड्ने नीति लिइने छ । पर्यटकहरूको बसाइ लम्ब्याउन र रात्रीकालीन पर्यटकहरूलाई मनोरञ्जन प्रदान गर्न सकिएमा आर्थिक गतिविधिहरू बढ्नेछन् र स्थानीय जनताको रोजगारीमा सहयोग पुग्नेछ । यो वर्ष पर्यटकहरूका लागि पायक पर्ने ठाउँमा सांस्कृतिक केन्द्र स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरिनेछ । साथै भक्तपुरको सांस्कृतिक र जनजीवन झल्किने सांस्कृतिक सङ्ग्रहालयको लागि तयारी अगाडि बढाइनेछ ।

**स्वास्थ्यः**

१६) भनपाले च्याम्हासिंह, भगवतीस्थान र व्यासी गरी ३ वटा जनस्वास्थ्य सेवा केन्द्रहरूमार्फत् बिरामीहरूको उपचार गर्दै आएको छ । यो वर्ष च्याम्हासिंहस्थित जनस्वास्थ्य सेवा केन्द्र रहेको स्थानमा आधुनिक ख्वप अस्पतालको भवन निर्माण कार्य प्रारम्भ गरिनेछ । त्यसको निम्ति आवश्यक बजेट विनियोजन गरिनेछ ।

## gLlt tyf sfo{qmdsf dxŒjk0f{ aF'bfx¿

- ख्वप विश्वविद्यालय स्थापनाको लागि आवश्यक तयारी गर्न कार्यदल गठन गरिने,
- जनज्योति पुस्तकालयमा इ. लाइब्रेरीको व्यवस्था गरिने,
- अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई आर्थिक अनुदानको तथा इन्टर्नको व्यवस्था मिलाइने,
- कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रमसँगै नेपाल भाषाको पाठ्यक्रमसमेत तयार गरी लागू गरिने,
- संस्थागत विद्यालयहरूलाई कार्यविधि बनाई क्रमशः गुठी तथा सहकारीमार्फत् सञ्चालन गर्दै लैजाने,
- आर्थिक स्थिति कमजोर भएका विद्यार्थीहरूलाई प्रमाण–पत्र धितो लिई रु. ५ लाखसम्म सहुलियत ब्याजदरमा ऋण दिने,
- चिकित्साशास्त्रअन्तर्गत् विभिन्न विषयहरूमा एम.डी वा सोसरह स्नातकोत्तर तह अध्ययन गर्ने विद्यार्थीहरूमध्ये २ जनालाई छात्रवृत्ति प्रदान गरिने,
- भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणाको लागि कार्यदल गठन गरिने,
- पर्यटकहरूका लागि पायक पर्ने ठाउँमा सांस्कृतिक केन्द्र स्थापना गरिने,
- क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा मस्तिष्कघातजस्ता कडा रोग लागेका नगरवासीहरूलाई नगरपालिकाको तर्फबाट प्रतिव्यक्ति रु. १०,०००।– का दरले उपचार सहयोग रकम प्रदान गरिने,
- भक्तपुरका महत्त्वपूर्ण क्षेत्रहरूमा Free WIFI सेवा उपलब्ध गराइने,
- बालोद्यान तथा आदर निकेतन निर्माण गरिने,
- दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्रमा रात्रीकालीन पर्यटकहरूको लागि आधुनिक बत्तीको व्यवस्था गरिने,
- किसानहरूको लागि बिउ वितरण, माटो परिक्षण प्रशिक्षण, कम्पोष्ट मल उत्पादन र बिक्री वितरणको व्यवस्था मिलाइने,
- खानेपानीको समस्या न्यूनीकरणका लागि ठाउँ-ठाउँमा डिप बोरिङ र वर्षे पानी सङ्कलन तथा प्रशोधनको व्यवस्था मिलाइने,
- भक्तपुर साना औद्योगिक क्षेत्रलाई स्थानीय सीप र स्रोतसाधनको उपयोग गरी पर्यटन केन्द्रित हस्तकला औद्योगिक क्षेत्रको रूपमा विकास गरिने,
- परम्परागत शैलीमा छाना निर्माणमा समेत छानाको लागतको ३५ प्रतिशत सहुलियत दिइने,
- सहकारी संस्थाहरूलाई एकल वा सामूहिक लगानीमा सामाजिक उत्तरदायित्व बहन गराउने योजना सञ्चालन गर्न तथा उत्पादनमूखि गतिविधि गर्न प्रोत्साहित गरिने,
- व्यवस्थित पार्किङको व्यवस्था मिलाइने,
- कर सङ्कलन टोली गठन गरी घर-घरमा कर उठाइने, नगरपालिकाकै स्वामित्वमा एफ.एम. रेडियो सञ्चालनको तयारी गरिने तथा टेलिभिजन कार्यक्रम सञ्चालन गरिने ।

१७) नगरवासीहरूको स्वास्थ्य सेवालाई ध्यानमा राखेर घर–घरमा नर्सिङ सेवा प्रदान गर्दै आएकोमा त्यसलाई अझ प्रभावकारी बनाउन वडा–वडामा स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ । भनपा वडा नं. २ व्यासीमा सञ्चालित सहरी स्वास्थ्य केन्द्रको स्तरोन्नत्ति गरिनेछ ।

१८) आयुर्वेदिक स्वास्थ्य सेवा केन्द्र भक्तपुर शाखामार्फत् मात्रै बिरामीको निःशुल्क उपचार हुँदै आएकोमा त्यसलाई अझ प्रभावकारी बनाउन नगरका वडा–वडामा सेवा विस्तार गरिनेछ । नयाँ पुस्तालाई पनि आयुर्वेदिक स्वास्थ्य उपचारबारे जानकारी दिन विद्यालयहरूमा समेत प्रशिक्षणहरूको व्यवस्था मिलाइनेछ । चिनियाँ प्राचीन चिकित्सा विज्ञान, होमियोप्याथी आदि चिकित्साशास्त्रबारे पनि अध्ययन गराउन सम्भाव्यता अध्ययन सुरु गरिनेछ ।

१९) क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा मस्तिष्कघातजस्ता कडा रोग लागेका नगरवासीहरूलाई नगरपालिकाको तर्फबाट प्रतिव्यक्ति रु. १०,०००।– का दरले उपचार सहयोग रकम प्रदान गरिने छ ।

**विकास निर्माण** :

२०) भनपा वडा नं. १ स्थित भाज्या पोखरीको पुनः निर्माण कार्य अगाडि बढाइनेछ । प्राचीन शैलीको मन्दिर सहितको डिजाइन तयार भइसकेको हुँदा त्यसको स्ट्रक्चरल एनालाइसिस गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ । स्थानीय जनताको सहभागिता, गुणस्तरीय र कम लागतमा निर्माण सम्पन्न गर्न उपभोक्ता समिति र अमानतबाट निर्माण गर्ने नीति चालू राखिनेछ ।

२१) भक्तपुर नगरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न आवश्यक सुधारहरू गरिनेछ । नगरको मुख्य सडक च्याम्हासिंहदेखि भार्वाचोसम्मको सडक ढुङ्गा छपाई कार्यलाई निरन्तरता दिइनेछ । त्यसले नगरको सुन्दरता बढ्नुको साथै सफाइमा सुधार हुने हाम्रो अपेक्षा छ । त्यसको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२२) सञ्चारको आधुनिक सुविधाबाट जनताले फाइदा लिन सकून् भन्ने उद्देश्यले भक्तपुरका महत्त्वपूर्ण क्षेत्रहरूमा फ्री वाइफाइ (Free WIFI) सेवा उपलब्ध गराउनेतर्फ ध्यान दिइनेछ ।

२३) बालबालिकाहरूको लागि बालोद्यानको आवश्यकता महसुस गरी नगरको उपयुक्त ठाउँहरूमा बालोद्यान निर्माण गरिनेछ ।

२४) दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्र पर्यटकहरूको आकर्षणका केन्द्र हुन् । ती ठाउँहरूमा बत्तीको उचित व्यवस्था नहुँदा रातीको समयमा आन्तरिक र वाह्य पर्यटकहरूले अप्ठ्यारो बोध गरिरहेका छन् । आ.व २०७५।७६ मा ती सम्पदा क्षेत्रहरूमा रात्रिकालीन पर्यटकहरूको लागि मिल्ने गरी आधुनिक बत्तीको व्यवस्था गरिनेछ ।

२५) विद्युत् प्राधिकरण, दूर सञ्चार र केबल नेटवर्कहरूले जथाभावी राखेका तार र खम्बाहरूको कारण नगरको सुन्दरतामा कमी आएको छ । दृश्य प्रदुषणलाई कम गरी सुन्दर र सफा नगर बनाउन नगरको जतातत्तै छरपष्ट रूपमा रहेका तार र पोलहरूलाई भूमिगत गर्न सम्बन्धित निकायसँग समन्वय गरी सो कार्यलाई अगाडि बढाइनेछ ।

२६) ज्येष्ठ नागरिकहरूको हितलाई ध्यानमा राखेर यो वर्ष नगरपालिका एक्लै वा कुनै संस्थासँग मिलेर संयुक्त रूपमा आवश्यक ऐन–नियम बनाई आदर निकेतन सञ्चालनको लागि पहल गरिनेछ ।

२७) भक्तपुर नगरपालिकामा विभिन्न कार्यक्रमहरू गर्न सभाभवनको अभाव छ । भनपा वडा नं. ५ स्थित अरनिको सभाभवन पुरातात्त्विक क्षेत्रमा परेको र २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भएको हुँदा भक्तपुरवासीले आधुनिक सभाहलको आवश्यकता महसुस गर्दै आएका छन् । भनपा वडा नं. ६ देकोचास्थित हाल ख्वप कलेज रहेको जग्गा सभाभवन निर्माण प्रयोजनको लागि अधिग्रहण गरिएको हुँदा सोही जग्गामा यो वर्ष सुविधासम्पन्न अरनिको सभाभवन र एउटा नाचघर निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

२८) वडा–वडामा विकास निर्माणका कार्यहरू वडा स्तरबाटै सम्पन्न गर्न विगतकै नीतिलाई निरन्तरता दिँदै वडा बजेटको व्यवस्था गरिनेछ । वडाभित्रका पाटी–पौवा, ढुङ्गेधारा, पोखरीजस्ता सम्पदाहरू संरक्षण गर्ने कार्यमा वडा बजेटले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं । चालू आर्थिक वर्षमा सञ्चालित सबै योजनाहरूले निरन्तरता पाउनेछन् ।

२९) दरबार क्षेत्रस्थित यस नगरपालिकाको कार्यालय रहेको भवन भूकम्पले क्षतिग्रस्त भएको हुँदा उक्त भवन परम्परागत शैलीमा नै पुनः निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**खेलकूद**:

३०) खेलकुद विकासको निम्ति भनपाले भलिबल, फुटबल, टेबुल–टेनिस, बक्सिङ र सितेरियो कराँतेको नियमित प्रशिक्षण दिँदै आएको छ । ती खेलहरूका साथै अन्य खेलहरूको प्रशिक्षण पनि सुरु गरिनेछ । खेलकुद प्रशिक्षकहरूलाई पूर्णकालीन बनाई नगरपालिकाले छुट्टै कार्यविधि बनाई विद्यालयहरूमा प्रशिक्षणको व्यवस्था मिलाइनेछ । विभिन्न उमेरसमूहका नगरवासीहरूलाई

स्वस्थ राख्न नगरका विभिन्न स्थानहरूमा शारीरिक व्यायामस्थलको व्यवस्था गरिनेछ।

३१) यस आर्थिक वर्षमा कुनै एउटा खेलको अन्तर नगर खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। साथै विद्यार्थीहरूलाई खेलकुद क्षेत्रमा सहभागिता गराउन अन्तरविद्यालय खेलकुद प्रतियोगिताहरू सञ्चालनको कार्यलाई चालू राखिनेछ।

३२) वडा–वडामा गठित खेलकुद समितिहरू सक्रिय बनाई युवाहरूलाई खेलकुद क्षेत्रमा सहभागिता गराउन खेल सामानहरू वितरण गर्ने नीति बनाइनेछ। मद्यपान, धूमपान र लागूपदार्थको बिक्री वितरण र दुर्व्यसनी नियन्त्रण गरिनेछ।

**बजार अनुगमन** :

३३) बजारमा बेचिएका उपभोग्य वस्तुहरूबाट उपभोक्ताहरू ठगिन नपाऊन् भन्ने उद्देश्यले नगरपालिकाले अनुगमन टोली गठन गरी बजार अनुगमनलाई निरन्तरता दिइनेछ। उपभोक्ताको स्वास्थ्यमा असर पर्ने गरी खानेपानी, खानेकुरा पसल, मिठाई पसल, अन्य वस्तु बेच्ने पसलहरूले मिसावट भएको, म्याद नाघेको, मूल्यसूचि उल्लेख नभएको जस्ता वस्तुहरू बेचबिखन गरेको पाइएमा त्यस्ता व्यापारीहरूलाई कानुनबमोजिम दण्ड सजायँको नीति लिइनेछ।

**कृषि** :

३४) कृषियोग्य भूमि कम हुँदै गइरहेको हुँदा कम जग्गामा बढी उत्पादनको लागि कृषकहरूलाई विभिन्न तालिमहरूको व्यवस्था मिलाइनेछ।

३५) किसानहरूको हितको लागि बीउ वितरण, माटो परीक्षण प्रशिक्षण, कम्पोष्ट मल उत्पादन र बिक्री वितरणको व्यवस्था मिलाइनेछ।

३६) किसानहरूबाट उत्पादित मौसमअनुसारको तरकारी व्यवस्थित गरी बिक्रीको व्यवस्था गर्न सकेमा उपभोक्ता र उत्पादक किसान दुबैको लागि फाइदा हुने भएकोले यो वर्ष उपयुक्त ठाउँमा तरकारी बजारको व्यवस्था गरिनेछ। खाद्यान्न, तरकारी र फलफूल शीत भण्डारण गरी किसानहरूलाई सुविधा दिनेतर्फ ध्यान दिइनेछ।

**पर्यटन** :

३७) भक्तपुरको कला–संस्कृतिको संरक्षण गर्दै भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्दै लगिनेछ। यस वर्ष भक्तपुर भ्रमण गर्ने पर्यटकहरूको संख्यामा उल्लेख्य वृद्धि गर्न पर्यटन केन्द्रित गतिविधिहरूलाई जोड दिइने छ।

३८) भक्तपुरका मौलिक उत्पादनहरू भाद्गाउँले टोपी, परम्परागत थैली, हाकुपटासी, जुजु धौ, ढाकाको खादा उत्पादन गर्ने उद्योगहरूलाई प्रोत्साहित गरिनेछ।

**युवा तथा महिलाहरूलाई लक्षित कार्यक्रम**ः

३९) विदेशी भाषा, ढुङ्गा, काठ र माटोको कला, नेपाल भाषा तथा लिपि, सिलाई, बुनाई, खाद्य परिकार, कपाल कटाइ, सिकर्मी, डकर्मी, रेडियो–टेलिभिजन प्रस्तोता, स्थानीय पथ प्रदर्शकलगायतका रोजगारीमूलक तालिमहरू सञ्चालन गरिनेछन्। साउण्ड सिस्टम, कम्प्युटर, मोबाइल, टिभी, रेफ्रिजेरेटर मर्मतको तालिम तथा काठका स–साना उपहारका सामानहरू निर्माणको तालिम दिइनेछ। यसले युवा तथा महिलाहरूलाई लाभ पुग्नेछ।

४०) नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा नागरिक भावनाको विकास गर्न विभिन्न कार्यक्रमहरू अगाडि बढाउनुका साथै सबै वडाहरूमा घर–घरबाटै कुहिने र नकुहिने फोहर अलग–अलग सङ्कलन गरी कम्पोष्ट मल बनाई सस्तोमा बिक्री गरी फोहरलाई आम्दानीको श्रोत बनाउने कोसिस गरिनेछ। साथै नगर क्षेत्रको सरसफाइ कार्यलाई थप व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।

४१) भक्तपुरका जनताले दिन प्रतिदिन खानेपानीको समस्या भोग्दै आएका छन्। त्यसलाई न्यूनीकरण गर्न खानेपानीको डिप बोरिङ र वर्षे पानी सङ्कलन तथा प्रशोधनको लागि आवश्यक व्यवस्था मिलाइनेछ। मेलम्चीको पानी भक्तपुरका जनताको घरदैलोमा छिटो पुऱ्याउन प्रयास जारी राखिनेछ।

४२) नगरक्षेत्रमा रहेका ब्रम्हायणी, कासनघाट, महेश्वरी, हनुमानघाट, मुःद्विप, चुपिंघाट, मंगलतीर्थ, धालाखुसीघाटलगायतको सुधार गर्न गुरुयोजना तयार गरिने छ। हनुमन्ते खोलाको वातावरणीय सुधार र सफाइमा निरन्तरता दिइनेछ। नगर क्षेत्रका सडक पेटी र खुल्ला स्थानहरूमा वृक्षारोपण गरी हरियाली व्यवस्थापनसमेत गरिनेछ। त्यसको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

४३) कर्मचारीहरूको वृत्ति विकासको निम्ति समय– समयमा आवश्यक तालिमहरूको व्यवस्था गरिनेछ। कर्मचारीहरूको कार्यको मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कारको व्यवस्था गरिनेछ र काम नगर्ने कर्मचारीहरूलाई कारवाही गरिने छ।

४४) भक्तपुर साना औद्योगिक क्षेत्रलाई स्थानीय सीप र स्रोतसाधनको उपयोग गरी पर्यटन केन्द्रित हस्तकला औद्योगिक क्षेत्रको रूपमा विकास गर्न पहल गरिनेछ।

४५) विभिन्न सहकारी संस्थाहरूसँग सहकार्य गरी भक्तपुर

पेपर क्राफ्ट उद्योग परिसरमा हस्तकला प्रवर्द्धनका लागि उद्योग तथा प्रदर्शनी केन्द्र स्थापना गर्ने तयारी अगाडि बढाइनेछ ।

४६) नगरको पुरानो क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई अगाडिको मोहडामा काठ र इँटामा लाग्ने खर्चको ३५ प्रतिशत रकम नगरपालिकाले अनुदानस्वरूप प्रदान गर्ने नीतिलाई निरन्तरता दिँदै यो वर्ष परम्परागत शैलीमा छाना निर्माणमा समेत छानाको लागतको ३५ प्रतिशत सहुलियत दिने व्यवस्था गरिनेछ ।

४७) विभिन्न क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्था (NGO) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (INGO) हरूलाई पारदर्शी बनाउने नीति लिइनेछ । नगरभित्र काम गर्न चाहने कुनै पनि गैरसरकारी वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आ–आफ्नो वार्षिक बजेट र कार्यक्रम प्रस्तुत गरी नगरपालिकाको स्वीकृति लिन अनिवार्य गरिनेछ र स्वीकृतिविना काम गरेको पाइएमा कानुनबमोजिम कडा सजाय गर्ने नीति लिइनेछ ।

४८) नगरभित्र सञ्चालित घरेलु तथा साना उद्योगहरूलाई नगरपालिकामा दर्ताको वातावरण तयार गरी ती उद्योगहरूलाई कर तिर्ने वातावरण मिलाइनेछ । त्यसको लागि सम्बन्धित करदाताहरूसँग आवश्यक समन्वय गरिनेछ । आधुनिक प्रविधिको प्रयोग गरी विभिन्न उद्योगहरूबाट उत्पादित प्रदूषणलाई कम गर्न सम्बन्धित पक्षसँग सहकार्य गरी अघि बढ्ने नीति लिइनेछ ।

४९) सहकारी संस्थाहरूलाई व्यवस्थित गर्न अनुगमन तथा नियमनको व्यवस्था मिलाइनेछ । सहकारी संस्थाहरूलाई एकल वा सामूहिक लगानीमा सामाजिक उत्तरदायित्व बहन गराउने योजना सञ्चालन गर्न तथा उत्पादनमुखि गतिविधि गर्न प्रोत्साहित गरिनेछ ।

५०) अधिकांश भूकम्प पीडित जनताले अझै घर निर्माण सम्पन्न गर्न सकेका छैनन् । भूकम्प पीडितहरूलाई नक्सापासको दस्तुरमा दिइँदै आएको छुटलाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ ।

५१) सवारी साधनहरूको अव्यवस्थित पार्किङले नगरको शोभामा कमी आएको र पैदल यात्रीहरूलाई समेत बाधा पुगिरहेको हुँदा सम्बन्धित व्यवसायीहरूसँग छलफल गरी व्यवस्थित पार्किङको व्यवस्था मिलाइनेछ ।

५२) भुस्याहा कुकुर र छाडा चौपाया नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५३) नगरवासीहरूलाई नगरपालिकामा कर तिर्न उत्साहित गर्न लाग्ने करमा निश्चित प्रतिशत छुटको व्यवस्था गरिनेछ । कर संकलन टोली गठन गरी घर–घरमा कर उठाउने व्यवस्था मिलाइनेछ ।

५४) व्यवस्थित शहर निर्माणको लागि भवन मापदण्डलाई कडाइका साथ लागू गरिनेछ । आवश्यकताअनुसार भवन निर्माण मापदण्ड परिमार्जन गरिनेछ । सार्वजनिक जग्गा, पोखरी, सम्पदा, नदी किनारको जमिन संरक्षण गरिनेछ । सार्वजनिक जग्गा निजी नाममा दर्ता गरिएको भए पनि सार्वजनिक कायम गर्न कारबाही अगाडि बढाइनेछ । विश्व सम्पदा सूचिभित्रका सम्पदा र वरिपरिका निजी सम्पदासमेत संरक्षण गर्न आवश्यक व्यवस्था गरिनेछ । पर्ति जग्गा संरक्षणको नीतिलाई निरन्तरता दिइनेछ ।

५५) तीव्र गतिमा भइरहेको जनसंख्या वृद्धिलाई ध्यानमा राखी व्यवस्थित आवास योजनाको लागि भनपा वडा नं. २ र ६ अन्तर्गत १६५३ रोपनी जग्गामा सञ्चालित देको–मिवा– इटापाके आवास योजनालाई छिटो टुङ्ग्याउन नगरपालिकाले आवश्यक ऋणसमेतको व्यवस्था मिलाउनेछ । तुमचो–दुगुरे–चोखा आवास योजना आ.व. २०७५/०७६ मा सम्पन्न गरिनेछ ।

५६) भक्तपुर नगरपालिकाले २०७४ चैत्र महिनादेखि साप्ताहिक रूपमा हरेक मंगलबार साँझ ७ बजेदेखि ८ बजेसम्म एफ. एम. रेडियोमा 'ख्वप सः' (भक्तपुर आवाज) कार्यक्रममार्फत् भक्तपुर नगरपालिकाको गतिविधि सार्वजनिक गर्दै आएकोमा आ.व. २०७५/०७६ मा नगरपालिकाकै स्वामित्वमा एफ.एम. रेडियो सञ्चालनको तयारी गरिनेछ । साथै भनपाको गतिविधि जनताबीच पुऱ्याउन टेलिभिजनमा निश्चित समय प्रसारणको व्यवस्था मिलाइनेछ ।

५७) नगरवासीहरूको सुविधाको लागि अनलाइन नक्सापास प्रक्रियालाई अगाडि बढाइनेछ ।

५८) नगरपालिकामा हुने हरेक काम चुस्तदुरुस्त बनाउन प्रशासनिक सुधार गरिनेछ ।

५९) कर्मचारीहरूको मनोबल बढाउन निश्चित समय काम गरिसकेका योग्य र इमानदार कर्मचारीहरूलाई प्रक्रिया मिलाई बढुवा गर्ने, स्थायी गर्ने वा आवश्यक सुविधाको व्यवस्था गरिनेछ ।

अन्त्यमा, भक्तपुर नगरपालिकाको आन्तरिक श्रोत, सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त र निशर्त अनुदान सहयोगसमेतको आधारमा आ.ब. २०७५।७६ को बजेट तयारी गरी विकास निर्माणको कामलाई अगाडि बढाउने वचनबद्धता व्यक्त गर्दछौं । धन्यवाद !

*(भक्तपुर नगरपालिकाको तेस्रो नगर परिषद्मा नगर प्रमुख सुनिल प्रजापतिद्वारा असार ८ गते प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रमको पूर्ण विवरण–सं.)*

# :yfgLo kf7\'qmd M klxnf]aGof]eQmk'/ gkf

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा विद्यालयहरूले स्थानीय परिवेशअनुसार मातृभाषा वा स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी पठनपाठन गराउनुपर्ने व्यवस्था छ। देशका हरेक गाउँ–ठाउँका कला, संस्कृति, सम्पदा, परम्परा, ज्ञान र सीप केन्द्रीय पाठ्यक्रमले समेट्न नसक्ने भएकोले त्यसको जिम्मा सम्बन्धित विद्यालय र स्थानीय तहलाई दिइएको हो। प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ (कक्षा १–३) तथा २०६५ (कक्षा ४–५) अनुसार कक्षा १–५ मा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको ८० प्रतिशत पाठ्यक्रम केन्द्रले र २० प्रतिशत पाठ्यक्रम स्थानीय तहमै निर्माण गर्ने प्रावधान छ। यसैगरी प्राथमिकदेखि आधारभूत तहका कक्षा ८ सम्मकै हरेक कक्षामा १०० अङ्कको स्थानीय विषय पाठ्यक्रम बनाएर अध्ययन गर्नुपर्ने व्यवस्था पनि छ। १०० पूर्णाङ्कको यस्तो पाठ्यक्रममा सम्बद्ध क्षेत्रको माग या विशेषताका आधारमा प्रचलित पेशा र त्यहाँ उपलब्ध जडीबुटी एवम् उपचार पद्धति, कृषि प्रविधि, संस्कृति तथा त्यस ठाउँका प्राकृतिक धार्मिक एवम् सांस्कृतिक सम्पदा आदिलाई समेत समेट्न सकिन्छ। यस्तो विषय हरेक कक्षामा फरक–फरक पनि हुनसक्छ।

तर, हाम्रा धेरैजसो विद्यालयमा १०० पूर्णाङ्कको स्थानीय विषय पढाइ हुने गरेको छैन। त्यस्तो पाठ्यक्रम बनाएर पढाउनुपर्छ भन्ने कुरा कयौं विद्यालय सञ्चालक, प्रअ र शिक्षकलाई थाहा समेत छैन। देशका औंलामा गन्न सकिने केही विद्यालयले मात्र त्यस्तो पाठ्यक्रम बनाएर कार्यान्वयन गरेका छन्। रसुवाको कोमिन श्यामेवाङफेल मावि, स्याफ्रु स्रोतकेन्द्र अन्तर्गतका आठवटा विद्यालयमा २०६८ रसुवा मावि, धुन्चे स्रोतकेन्द्रअन्तर्गतका १२ वटा विद्यालयले २०७३ सालदेखि स्थानीय पाठ्यक्रम 'लाङटाङको सेरोफेरो' लागू गरेका छन्।

एकाधबाहेक अधिकांश विद्यालयले स्थानीय विषयको सट्टामा अंग्रेजी, गणित जस्ता विषयका अतिरिक्त कक्षा

## gofFk': tfdf :yfgLo 1fg k¥ofpg :yfgLo kf7\'qmd

**स्थानीय पाठ्यक्रम बनाउने सोच कसरी आयो ?**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी भक्तपुरको ऐतिहासिक कला, संस्कृति र परम्परा तथा संस्कार नयाँ पुस्तामा हस्तान्तरण गर्नका लागि हामीले १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम तयार पारेका हौं। हाम्रो पाठ्यक्रमलाई पाठ्यक्रम विकास केन्द्रले समेत स्वीकृति दिइसकेको छ।

**पाठ्यक्रम कसरी बनाउनुभयो ?**

स्थानीय पाठ्यक्रम तयार पार्ने क्रममा नपाअन्तर्गत स्थानीय पाठ्यक्रम तयारी समिति गठन गरेका छौं। सो समितिले शिक्षक, अभिभावक र विभिन्न क्षेत्रका विज्ञहरूसँग छलफल गरेर सुझाव सङ्कलन गरेको थियो। तिनै सुझावका आधारमा स्थानीय पाठ्यक्रम तयार पारेका हौं।

**पाठ्यपुस्तक पनि तयार पारिसक्नुभयो कि ?**

यो वर्ष हामीले पाठ्यक्रम



**सुनिल प्रजापति**
**नगर प्रमुख, भक्तपुर नगरपालिका**

मात्र तयार गरेका छौं। त्यही पाठ्यक्रमका आधारमा पढाउनका लागि सबै विद्यालयका शिक्षकहरूलाई दुईदिने अभिमुखीकरण तालिम दिएका छौं। त्यसका आधारमा शिक्षकहरूले यो वर्ष पढाउनुहुन्छ। पाठ्यपुस्तक तयार पार्नका लागि हामीले छलफल गरेर लेखक चयन गर्ने चरणमा पुगेका छौं। अर्को वर्ष कक्षा १ र ६ को पाठ्यपुस्तक हामी विद्यार्थीका हातमा पुर्‍याउनेछौं।

**अन्य कक्षामा चाहिं कहिलेदेखि लागू हुन्छ त ?**

हामी अर्को शैक्षिक सत्रमा कक्षा ८ सम्मको पाठ्यक्रम तयार पार्नेछौं।

**नयाँ पुस्ताले स्थानीय संस्कृति र परम्परा बिर्सिएको हो त ?**

हो, नयाँ पुस्ताले आफ्नो संस्कृति र परम्परा बिर्सिंदै गएको छ। अब आउने पुस्तालाई हामीले ती कुरा सिकाउन सकेनौं भने त्यसपछिका पुस्ता पुरै बेखबर हुने चिन्ताले गर्दा हामीले स्कूलदेखि नै पढाउन सुरु गरेका हौं। भक्तपुर कला, संस्कृति, परम्परा र संस्कारको धनी सहर हो। यहाँका हरेक चाडपर्व र खानाको छुट्टै विशेषता पनि छ। उदाहरणको लागि चाडपर्वमा बलि दिएपछि जनावरको शरीरका विभिन्न भागजस्तै नाक, कान, आँखा, जिब्रो आदि कसले खाने भन्ने हाम्रो आफ्नै चलन छ। ज्येष्ठताका आधारमा दिइने यहाँको परम्परा नयाँ पुस्तालाई थाहा नहुन सक्छ। यति मात्र होइन यहाँको भाषा, लिपि, सम्पदा, भूगोल, राजनीति आदिबारे सानैदेखि पढाएपछि यहाँका विद्यार्थीले अरुसँग भएको कुरा भन्न सक्ने हुन्छन्।

सञ्चालन गर्ने गरेको बताउने गरेका छन्। ती विषय आफैमा अनिवार्य विषय पनि हुन्। यसो हुँदा शिक्षालाई दैनिक व्यवहारसँग जोड्ने र विद्यार्थीको ज्ञान, सूचना र बुझाइको दायरा फराकिलो पार्न सघाउने स्थानीय सीप, प्रविधि, संस्कृति, रीतिरिवाज आदिबारे विद्यार्थीले बुझ्न पाएका छैनन्। परिणामस्वरुप विद्यार्थीमा स्थानीय रहनसहन, भाषा, ज्ञान र सीपप्रति मोह र आकर्षण कम हुँदै गएको छ।

## भक्तपुर नपा अघि सऱ्यो

यसैबीच विश्वव्यापारीकरणको नाममा स्थानीय पहिचान गुम्ने खतरा बढिरहेको भन्दै भक्तपुर नगरपालिका स्थानीय पाठ्यक्रम तयार पार्न अग्रसर भएको छ। नगरपालिकाले नगर क्षेत्रका सबै विद्यालयहरूमा लागु गर्न मिल्ने स्थानीय पाठ्यक्रम निर्माणको निम्ति आवश्यक अध्ययन अनुसन्धान गरी काम अघि बढाउन नगर शिक्षा समितिका सदस्य एवम् जेन्यूइन योगेन्द्रमान बिजुक्छेंको संयोजकत्वमा पाँच सदस्यीय 'स्थानीय पाठ्यक्रम निर्माण कार्यदल' गठन गरेको छ। सो कार्यदलमा ख्वप कलेज, शिक्षा संकायका राजेन्द्र श्रेष्ठ, आदर्श उमाविका प्रअ उद्धव सुजखु, शारदा माविका प्रअ रोशनराज तुइतुई र सानोठिमी क्याम्पस भक्तपुरका पूवप्राध्यापक सिद्धिरत्न शाक्य सदस्य रहेका छन्।

भक्तपुरमा स्थानीय पाठ्यक्रमको चर्चा एकाएक कसरी पैदान भयो त ? त्यस सम्बन्धमा कार्यदलका संयोजक योगेन्द्रमान बिक्छे भन्छन् –'स्थानीय तहले स्थानीय पाठ्यक्रम बनाएर पढाउन पाउने कुरा शिक्षक पत्रिकाबाट थाहा पाएपछि भक्तपुरको भाषा, संस्कृति र रैथाने ज्ञान नयाँ पुस्तालाई हस्तान्तरण गर्न हामी अग्रसर भएका हौं।' (शिक्षक मासिकले स्थानीय पाठ्यक्रम सम्बन्धमा २०७४ वैशाखदेखि नै विभिन्न सामग्री प्रकाशित गर्दै आएको छ।) सो कार्यदलले अभिभावक, विद्यार्थी, स्थानीय कलाकार, बुद्धिजीवीसँग सल्लाह र छलफल गरी उनीहरूकै सहयोगमा स्थलगत अध्ययन गरेर पाठ्यक्रमको खाका पनि कोरिसकेको छ। संयोजक बिजुक्छेंका अनुसार संघीय सरकारले तय गरेको स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी कार्यविधि र निर्देशिका पालन गरेर यहाँको स्थानीय पाठ्यक्रम बनाइएको छ।

नगर क्षेत्रका सामुदायिक र संस्थागत विद्यालयसँगको छलफलपछि अन्तिम रुप दिइएको स्थानीय पाठ्यक्रमलाई शिक्षा मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले पनि स्वीकृति दिइसकेको छ। उक्त पाठ्यक्रमलाई ११ वटा क्षेत्रमा विभाजन गरिएको छ। जसअनुसार ख्वप अर्थात् भक्तपुरको नामकरण र भू–बनोट, ख्वपको इतिहास, स्थानीय जात–जाति, व्यक्तित्व र जनसंख्या, स्थानीय संस्कृति, प्रचलित स्थानीय संस्कार, स्थानीय बोलीचाली र लिपि, स्थानीय सम्पदा र कला, स्थानीय व्यवसाय, स्थानीय उपचार विधि, स्थानीय खेल र पर्यटन रहेका छन्। स्थानीय पाठ्यक्रमको अवधारणा अघि सार्नुको उद्देश्य प्रष्ट्याउँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भने –'स्थानीय ज्ञान, सीप र धारणा नयाँ पुस्तामा हस्तान्तरण गर्नका लागि हामीले यो पाठ्यक्रम बनाएर लागू गर्न थालेका हौं।'

यो वर्ष नगरपालिका क्षेत्रका सबै विद्यालयका कक्षा १ र ६ मा स्थानीय पाठ्यक्रमको पढाई सुरु गरिएको छ। आगामी शैक्षिक सत्रदेखि कक्षा १ देखि कक्षा ८ सम्म लागू गर्ने लक्ष्य लिइएको नगर प्रमुख प्रजापतिले जानकारी दिए।

## पाठ्पुस्तक अर्को वर्ष

भक्तपुर नगर क्षेत्रमा ३५ सामुदायिक र ५९ संस्थागत विद्यालय रहेका छन्। यी सबैमा नै नगरपालिकाद्वारा बनाइएको स्थानीय पाठ्यक्रम लागू हुनेछ। पाठ्यक्रम छापिएर आइसकेको भए पनि पाठ्यपुस्तक भने अझै तयर भएका छैनन्। स्थानीय पाठ्यक्रम लागू गर्दै जाँदा शिक्षक, अभिभावक र स्थानीय बुद्धिजीवीबाट प्राप्त हुने रायसुझावका आधारमा भोलिका दिनमा पाठ्यक्रम पनि संशोधन गरिने कार्यदलका संयोजक बिजुक्छें बताउँछन्।

पाठ्यपुस्तक तयारीको काम अघि बढाइएको बताउँदै नगर प्रमुख प्रजापति आगामी शैक्षिक सत्रदेखि शिक्षक–विद्यार्थीका हातमा पाठ्यपुस्तक पुऱ्याइने गरी आन्तरिक तयारीमा जुटेका छन्। त्यसका लागि लेखक छान्ने गृहकार्यमा आफूहरू लागिपरेको उनको भनाइ छ। यो शैक्षिक सत्रमा भने शिक्षकले पाठ्यक्रमकै आधारमा पढाउनुपर्नेछ।

सांस्कृतिक, ऐतिहासिक र कलाका हिसाबले भक्तपुर नेपालकै धनी सहर हो। त्यसैले यसको महत्त्व बुझेर वर्षेनि लाखौं पर्यटक भक्तपुर आउने गर्दछन्। तर नजिकको तीर्थ हेला भनेझैं यहाँको महत्त्वबारे यहींका नयाँ पुस्ता बेखबरजस्तै भएको नगर प्रमुख प्रजापतिको बुझाइ छ। नयाँ पुस्ताले भक्तपुरको ५५ झ्याले दरबार देखेका छन् तर त्यसबारे उनीहरूलाई थप केही थाहा छैन। प्रजापति भन्छन्, 'हामीले तयार पारेको स्थानीय पाठ्यक्रम पढेपछि भक्तपुरका विद्यार्थीले ५५ झ्याले दरबारका बारेमा कम्तीमा १० मिनेट व्याख्या गर्न सक्नेछन्।' यतिमात्र नभई भक्तपुरको राजनीतिक इतिहास, भाषा, लिपि, कला, पेशा, खेल, जात्रा, बाजाजस्ता विषयमा पनि नयाँ पुस्तालाई ज्ञान हस्तान्तरण गर्दै जानु मुख्य लक्ष्य रहेको नगर प्रमुख प्रजापतिले उल्लेख गरे।

स्थानीय तहमा आफ्नै पाठ्यक्रम लागू गर्ने भक्तपुर सम्भवतः पहिलो नगरपालिका भएको छ। नगरपालिकाले जुन उद्देश्यका साथ पाठ्यक्रम तयार पारेको छ, त्यस पुस्ताले भक्तपुरको ऐतिहासिक कला, संस्कृति र परम्परा तथा संस्कारबारे सिक्नेछन् र क्रमशः उनीहरूले सिकेको ज्ञान नयाँ पुस्तामा हस्तान्तरण हुनेछ।

*रामजी*

*साभार : शिक्षक पत्रिका–जेठ २०७५*

द्विशताब्दीऔं जन्म दिवस


# dfS;{>lds juL{o dlQmsf lrGts



उकेश कवां

वैज्ञानिक साम्यवादका संस्थापक कार्ल मार्क्सको जन्म ५ मे १८१८ को दिन जर्मनीको राइन प्रान्तको ट्रिअर सहरको एक वकिल परिवारमा भएको थियो। जहाँ प्रेइसेनको सामन्ती एकतन्त्रीय शासन, अभिजात वर्गका विशेषाधिकारहरू, पुलिसको अत्याचार आदिले सर्वसाधारण जनतालाई मात्र होइन बुर्जुवावर्ग समेत असन्तुष्ट थिए।

कार्लमार्क्स उहाँको पिता हेनरिख र आमा हेनरियट्टाको आशाको केन्द्र र प्रिय हुनहुन्थ्यो। सन १८३० देखि १८३५ सम्म मार्क्सले ट्रिअर जिम्नेसियम स्टलमा अध्ययन गर्नुभयो। त्यसबेला उहाँले लेख्नुभएको निबन्धहरूमा जीवन पथको छनौट गर्दा अहङ्कार, महवात्त्काङ्क्षा, पदलोलुपत्ता जस्ता प्रकृतिले स्थान पाउनु हुँदैन भन्ने धारणा व्यक्त गर्नुभएको थियो। जुन अन्य निबन्ध लेखकहरूभन्दा भिन्न विचार थियो। मार्क्सले मानव जातिको आत्मत्यागमय सेवालाई नै जीवनको एकमात्र उद्देश्य ठान्नुभयो। हामीले त्यस्तो पेशा रोज्नुपर्छ जसबाट मानव जातिको बढी सेवा गर्न सकियोस्। हामी यस पेशाको थिचाइमा परेर निराश हुन्नौं, किनभने यो आम हितको लागि गरिने त्याग हो। त्यसबेला हामीले कुनै तुच्छ, सङ्कीर्ण अहङ्कारपूर्ण उल्लासको अनुभव गर्ने छैनौं। लाखौं मानिसको सुख नै हाम्रो सुख बन्नेछ भन्ने विचार कार्लमार्क्सको निबन्धमा उल्लेख छ। उहाँको सम्पूर्ण जीवनको एकमात्र उद्देश्य मानव जातिको हितमा काम गर्नुपर्छ।



कार्ल माक्स

**विद्यार्थी जीवन**

अक्टोबर १८३५ मा मार्क्स बोन विश्वविद्यालयको कानुन सङ्कायको विद्यार्थीको रूपमा प्रवेश गर्नुभयो। उहाँले कानुनशास्त्रको साथै साहित्य, सौन्दर्यशास्त्र, नवीनतम कला इतिहासको पनि अध्ययन गर्नुभयो। बोनमा एक वर्ष अध्ययन गर्नु भएपछि मार्क्स बर्लिन विश्वविद्यालयमा सर्नुभयो। बर्लिन विश्वविद्यालयमा वैज्ञानिक अध्ययन र बौद्धिक विकासको लागि बढी सुविधा थियो। सन् १८४३ मा मार्क्सले जेनी फोन वेस्टफालेनसँग विवाह गर्नुभयो। जोसँग विद्यार्थी अवस्थामा नै उहाँको सम्बन्ध गाँसिएको थियो। जेनी एक सामन्ती परिवारकी थिइन्। उहाँका दाजु सामन्त सरकारको गृहमन्त्री हुनुहुन्थ्यो।

बर्लिनमा मार्क्सले निकै परिश्रम गर्नुभयो, तीव्रगतिमा उहाँको बौद्धिक विकास हुन थाल्यो। मार्क्स बढी समय स्वतन्त्र अध्ययनमा लगाउनुहुन्थ्यो। उहाँले मुख्य गरी दर्शनशास्त्र र इतिहासको अध्ययन, साहित्य कलामा जोड दिंदै अङ्ग्रेजी र इटालीयाली भाषा पनि सिक्नुभयो। आफूले अध्ययन गरेका पुस्तकहरूको टिपोट तयार गर्ने कार्य गर्नुहुन्थ्यो।

मार्क्सले १० नोभेम्बर १८३८ मा पितालाई लेख्नुभएको पत्रको सारमा बुझ्दा ज्ञानको अतृप्त भोक, सच्चाइको उत्कृष्ट खोजी, निर्मम आत्मालोचना, लडाकूको रूपमा हामी बुझ्न सक्छौं।

मार्क्स विश्वका सबै घटनाहरूलाई द्वन्द्ववादी दृष्टिले हेर्थे। उनी कुनै पनि घटनालाई यसको उत्पत्ति विकास र अन्त्यको प्रक्रियामा अध्ययन गर्थे। हेगेलले प्राकृतिक एवम् सामाजिक विकासको आन्तरिक नियमितता, विकासको आधार बनेका अन्तरद्वन्द्वहरूको सङ्घर्ष पत्ता लगाउने कोसिस गरे तर हेगेलले यस समस्याको समाधान दिन सकेनन् किनभने उनको दर्शनमा ठूलो त्रुटि थियो अर्थात् त्यो दर्शन अध्यात्मवादी थियो। हेगेलको दर्शन दार्शनिक खोलभित्र बन्द भएको ईश्वरवादबाहेक अरु केही थिएन। मार्क्सको आँखामा हेगेलको द्वन्द्ववाद टाउकोमा उभिएको थियो। यस पद्धतिलाई वैज्ञानिक पद्धतिमा परिणत गर्नको लागि त्यस दर्शनलाई सुल्टो पारेर उभ्याउनुपर्थ्यो। आफनो पुरातनवादी सामाजिक एवम् राजनीतिक कारण हेगेलले द्वन्द्ववादी पद्धतिको पूर्ण रूपले अनुशरण गरेनन् र यस पद्धतिलाई अतीतको मूल्याङ्कनमा मात्र प्रयोग गरे। उनले वर्तमान र भविष्यको अध्ययनमा लगाएनन्।

बर्लिनस्थित डाक्टरी क्लब युवा हेगेलवादीहरूको वैचारिक केन्द्र बनेको थियो। कार्ल मार्क्सको तिखो बुद्धि,

ज्ञान, अविरल रचना लेखनले गर्दा युवाहरूबीच आफ्नो मान्यता प्राप्त गर्न सफल हुनुभयो।

एक विख्यात युवा हेगेलवादी म. गेसले सन् १८४१ मा आफ्ना मित्र आउरवाखलाई मार्क्सबारे लेखेका थिए। यिनी महान हुनसक्छ हाल जीवित एकमात्र सच्चा दार्शनिक हुन्। यिनमा गहनतम् दार्शनिक ज्ञानको सूक्ष्म तर्कको क्षमता छ।

यथार्थवादी एपिकुरप्रति हेगेल नकारात्मक दृष्टिकोण राख्थे तर मार्क्स चाहिं यस प्राचीन ग्रीक दार्शनिक शिक्षा प्रचारको धर्म तथा अन्धविश्वासविरोधी साहसिलो र सङ्घर्षको प्रशंसक हुनुहुन्थ्यो। मार्क्सले विज्ञानलाई धर्मको अधीनमा राख्ने, स्वतन्त्र मानव चिन्तनमाथि नियन्त्रण राख्ने प्रयासको विरुद्ध कडा सङ्घर्ष गर्नुभयो। मानवजातिको सुखको लागि गौरवपूर्ण र त्यागपूर्ण सङ्घर्ष गर्ने पौराणिक देवता प्रोमेयसको उहाँ सम्मान गर्नुहुन्थ्यो। मार्क्सले लेख्नुभएको थियो। साँच्चै भन्ने हो भने म सब देवताहरूलाई घृणा गर्छु। तर मार्क्सको शब्दमा आकास र पातालका सब देवताहरूका विरुद्ध सघर्ङ्ष गर्नु नै प्रगतिशील दर्शनशास्त्रको उच्चतम आदर्श हो। सबै देवताहरूको विरुद्ध सङ्घर्ष छेड्दै एक लडाक् अनिश्वरवादीको रूपमा मात्र नभएर एक क्रान्तिकारी, तथाकथित इसाई राज्य प्रोइसेन निरङ्कुश राजतन्त्रको विरुद्ध साहसी योद्धाको रूपमा मार्क्स उभिनुभयो।

प्रोइसेन राजधानीमा रहेको विश्वविद्यालयमा आफ्नो डाक्टरी थेसिसको वास्तविक मूल्याङ्कन हुनसक्दैन भन्ने कुरा मार्क्सले देखिसक्नुभएको थियो। तसर्थ इयेना विश्वविद्यालयमा अप्रिल १८४१ मा उहाँले दर्शन शास्त्रमा डाक्टरको उपाधि प्राप्त गर्नुभयो।

मार्क्स वैज्ञानिक अनुसन्धानमा लाग्ने विचार गरी बोन विश्वविद्यालयमा प्रोफेसर बन्न चाहनुहुन्थ्यो। तर प्रोइसेन सरकारले प्रतिक्रियावादी नीति अपनाएको थियो। प्रगतिशील प्रोफेसरलाई धपाउने चालबाजीको कारण त्यहाँ काम गर्ने सोच परित्याग गर्नुभयो।

**राइन पत्रिका**

पत्रपत्रिका जनताको बौद्धिक ऐना हुनुपर्दछ। विश्वविद्यालयको कक्षा नभएर अखवार नै मार्क्सको लागि जर्मन प्रतिक्रियावादी विरुद्धको सैद्धान्तिक सङ्घर्षको मञ्च बन्यो। सन् १८४२ को वसन्तदेखि उहाँले राइन पत्रिकामा काम गर्न थाल्नुभयो। उहाँ लेखहरूमार्फत जनतामाथि भइरहेको अत्याचारको विरोधमा जनतालाई सचेतना दिने गर्नुहुन्थ्यो। मोजे उपत्यकाका अंगुर खेती गर्ने किसानहरूबारे लेख प्रकाशन गरेको निहुँमा सन् १८४३ मा प्रतिक्रियावादी सरकारले सो पत्रिका बन्द गरिदियो।

"लेखकले बाँच्न पाउनको लागि कमाउनुपर्छ तर कदापि कमाउनको लागि बाँच्नु र लेख्नु हुन्न।" भन्ने विचार मार्क्स राख्नुहुन्थ्यो।

मार्क्सको जनपक्षीय लेख रचना र विश्लेशणले वास्तविक जीवन, श्रमिकहरूबीचको अधिकारशून्य अवस्थासँगको परिचयले उहाँलाई तत्कालीन जर्मनीको राजनीतिक व्यवस्थाबारे नयाँ किसिमले सोच विचार गर्न बाध्य तुल्यायो। प्रोइसेन सरकार र उसका कर्मचारीहरू जनताको हितमा होइन, विशेषाधिकार सम्पन्न वर्गहरूको लागि पुरोहितहरू र अभिजात वर्गको लागि काम गर्दै छन् भन्ने निर्णयमा मार्क्स पुग्नुभयो। वर्गीय समाजमा राज्यको वास्तविक भूमिका कस्तो हुन्छ भन्ने कुरा पत्ता लगाउने दिशामा मार्क्स अगाडि बढ्नुभयो। काठचोरीसम्बन्धी कानुन र मोजेलका किसानहरूको अवस्थाबारेको आफ्नो अध्ययनले नै उहाँलाई विशुद्ध राजनीतिको अध्ययन छोडेर आर्थिक सम्बन्धहरूको अध्ययन गर्ने र समाजवादको अध्ययन गर्ने प्रेरणा दिएको थियो। राइन पत्रिका (राइनिश जाइतुङ) को कार्य वास्तविक जीवनसँग, जर्मनीका श्रमिकहरूको स्थितिसँग प्रत्यक्ष सम्पर्क, फ्रान्स र बेलायतका सर्वहाराहरूको आन्दोलनको थालनी, समाजवादी साहित्यको अध्ययन आदि कुराले मार्क्समा निकै ठूलो परिवर्तन ल्याएको थियो। लेनिनको शब्दमा भने हो भन्ने "यसै बेलादेखि मार्क्सले अध्यात्मवादलाई छोडेर भौतिकवादतर्फ, क्रान्तिकारी जनवादलाई छोडेर साम्यवादतर्फ अघि सर्न थाल्नुभएको हो।"

**कम्युनिष्ट सङ्घमा**

मार्क्सले श्रमिक जनताको पक्षमा लिएको कारण जर्मनको प्रतिक्रियावादी सरकारले ५ वर्षको देश निकालाको सजाय दियो। फ्रेडरिक एंगेल्ससँग सेप्टेम्बर १८४४ मा मार्क्सले पहिलोपल्ट पेरिसमा भेट गर्नुभयो। त्यसैबेलादेखि दुई प्रगतिशील लेखकहरूको गहिरो मित्रता सुरु भयो। उहाँहरूबीच एक आपसमा निकटत्तम मित्र बन्नुभयो। उहाँहरूले पेरिसको तत्कालीन क्रान्तिकारी समूहहरूको सक्रिय जीवनमा प्रत्यक्ष रूपले भाग लिनुभयो। सन् १८४७ मा मार्क्सले आफनो कृति 'दर्शनशास्त्रको दरिद्रता' लेख प्रकाशित गर्नुभयो। निम्न बुर्जुवा समाजवादका विभिन्न विचारधाराविरुद्ध सङ्घर्ष गर्दै उहाँले क्रान्तिकारी सर्वहारा समाजवाद अथवा साम्यवाद (मार्क्सवाद) का सिद्धान्तहरू कार्यनीतिको रूपरेखा तयार पार्नुभयो। सन् १८४५ मा प्रोइसेन सरकारको मागअनुसार खतरनाक क्रान्तिकारीको रूपमा मार्क्सलाई पेरिसबाट निकाला गरियो। उहाँ ब्रसेल्स सर्नुभयो। सन् १८४७ को वसन्तमा मार्क्स र एंगेल्सको गोप्य प्रचार समाज (कम्युनिष्ट सङ्घ) मा लाग्नुभयो र यस सङ्घको द्वितीय महाधिवेशनमा नोभेम्बर १८४५

महत्त्वपूर्ण भूमिका खेल्नुभयो । महाधिवेशनले सुम्पेको जिम्मेवारीअनुसार फेब्रुअरी १८४८ मा कम्युनिष्ट घोषणापत्र लेख्नुभयो । यस कृतिमा विश्व दृष्टिकोण प्रस्तुत गरिएको छ । कृतिमा भौतिकवाद, सामाजिक जीवन र विकाससम्बन्धी सबैभन्दा गहन र चौतर्फी ज्ञानको रूपमा द्वन्द्ववाद, वर्गसङ्घर्षको सिद्धान्त र नयाँ साम्यवादी समाजको अवधारणाका रूपमा सर्वहारावर्गको विश्व ऐतिहासिक क्रान्तिकारी भूमिकालाई प्रस्तुत गरिएको छ । यसमा लेखिएको छ "विश्वका मजदुरहरू हो एक होऊँ" । "अहिले सम्मको समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो ।'' "मजदुरहरूसँग हार्नको निम्ति आफूलाई बाँधेको सिक्रीबाहेक अरु केही छैन जित्नको निम्ति उसको अगाडि सारा संसार छ ।'' वास्तवमा कम्युनिष्ट घोषणापत्र मार्क्स र एंगेल्सको सर्वहारावर्गको मुक्तिको बाटो थियो । यो उहाँहरूको सदा सदा बाँचिरहने अमर कृति थियो ।

कम्युनिष्ट घोषणापत्र प्रकाशित भएको सालमै फ्रान्समा दोस्रो राज्य क्रान्ति भयो । मार्क्स बेल्जियमबाट निकालिनुभयो । उहाँ फेरि पेरिस आउनुभयो । त्यहाँबाट मार्च क्रान्तिपछि जर्मनी (क्योलम) नै फर्किनुभयो । त्यहाँ सन् १८४८ को एक जूनदेखि १८४९ को १९ मे सम्म "नयाँ राइन" पत्रिका प्रकाशित भयो । जसको प्रधानसम्पादक मार्क्स हुनुहुन्थ्यो । मार्क्समाथि मुद्दा चलाइयो, मार्क्सले सन् १८४९ को फेब्रुअरीमा मुद्दा जित्नुभयो । तर जर्मनीबाट पुनः निष्कासित गरियो । १६ मे १८४९ मार्क्स पेरिस जानुभयो र १३ जुन १८४९ को प्रदर्शनपछि त्यहाँबाट पनि निष्कासित हुनुभयो र लण्डन जानुभयो ।

प्रवासी जीवन सहज हुने कुरै भएन । गरिबीले मार्क्स र उहाँको परिवारलाई निकै सताएको थियो । त्यसै कारणले पाँच केटाकेटीमध्ये तीन जनाको मृत्यु भइसकेको थियो । सन् १८५२ मा उहाँको पाँचौं छोरी मर्दा मुर्दा उठाउन कात्रो किन्ने पैसा पनि मार्क्स परिवारसँग थिएन । यस्तो गरिबीको अवस्थामा पनि मार्क्स विचलित नभई धैर्यपूर्वक काम गर्दै आफ्नो सिद्धान्तलाई अघि बढाउनुभयो । गरिबीसँग सङ्घर्ष गर्दै निम्न बुर्जुवा सिद्धान्त र विचारधाराहरू, सामान्यतः गैर सर्वहारा समाजवादी विचारधाराको विरुद्ध मार्क्सले निरन्तर सङ्घर्ष गर्नुभयो । उहाँले विभिन्न ऐतिहासिक कृतिहरूमा आफ्नो भौतिकवादी सिद्धान्तको प्रतिपादन गर्नुभयो र राजनैतिक अर्थशास्त्रको अध्ययनमा विशेष ध्यान केन्द्रित गर्नुभयो । मार्क्सले आफ्ना कृतिहरू राजनीतिक अर्थशास्त्रको आलोचना (सन १८५९) र पूँजी (खण्ड १, १८६७) ले राजनीतिक अर्थशास्त्रको विज्ञानमा परिवर्तन ल्याउनुभयो । पूँजीवादको विकास र यसको पतन कसरी हुन्छ भन्ने स्पष्ट रूपमा व्याख्या गर्नुभयो ।

छैटौं दशकको अन्त्य र सातौं दशकतिर प्रजातान्त्रिक आन्दोलनको पुनरावृत्तिको समयमा मार्क्स पुनः व्यवहारिक क्रियाकलापमा सक्रिय हुनुभयो । राजनैतिक स्वतन्त्रताको अर्थ बुर्जुवा क्रान्ति हो, "मानव स्वतन्त्रताको अर्थ समाजवादी क्रान्ति हो ।

सन् १८६४मा (२८ सेप्टेम्वर) लण्डनमा विख्यात प्रथम इन्टरनेशनल अन्तर्राष्ट्रिय मजदुर सङ्घको स्थापना भयो । विभिन्न देशका मजदुर आन्दोलनहरूलाई एकीकृत तुल्याउँदै गैरसर्वहारा पूर्व मार्क्सवादका (माजिनी, प्रुँडो, बाकुनिन, बेलायती ट्रेड युनियनवाद, जर्मनीका लासालवादी दक्षिणपन्थी झुकाव आदि) विभिन्न स्वरूपहरूलाई एउटै धारमा मोड्ने प्रयास गर्दै, यी विभिन्न सम्प्रदाय र स्कूलहरूको विरुद्ध सङ्घर्ष गर्दै मार्क्सले विभिन्न राष्ट्रका मजदुर वर्गको सर्वहारा नीतिमा एकरूपता ल्याउने प्रयास गर्नुभयो । पेरिस कम्युनको पराजयपश्चात् (सन् १८७१) त्यस विषयमा मार्क्सले अत्यन्त गहन, सूक्ष्म, प्रतिभाशाली तथा प्रभावकारी क्रान्तिकारी ढङ्गले मूल्याङ्कन गर्नुभयो । बाकुनिनवादीहरूद्वारा इन्टरनेशनल टुक्राएपछि युरोपमा यस संस्थाको अस्तित्वमा चुनौती थपियो । संसारभरिका सबै देशहरूमा अतुलनीय रूपमा मजदुर आन्दोलनले स्थान लियो र अलग अलग राष्ट्रहरूको आधारमा आम समाजवादी मजदुर पार्टीहरूको स्थापना हुनथाल्यो अर्थात् हुँदै गयो ।

इन्टरनेशनलमा अथक परिश्रम र सैद्धान्तिक कार्यमा अझ बढी संलग्नताले मार्क्सको स्वास्थ्यमा नराम्रो असर पर्‍यो । उहाँले आफ्नो राजनीतिक अर्थशास्त्रको संशोधन र पूँजी पूरा गर्ने कार्य जारी राख्नुभयो, कतिपय नयाँ सामग्रीहरू बटुल्नुभयो र विभिन्न भाषाहरूको अध्ययन गर्नुभयो तर अस्वस्थताले गर्दा उहाँले पूँजी लेख्न भ्याउनुभएन । २ डिसेम्बर सन् १८८१ तिर उहाँको जीवन सङ्गिनी जेनी र जेठी छोरीको मृत्युले उहाँको हृदयमा ठूलो चोट पुर्‍यायो । चारैतिर शोक र चिन्ताले गर्दा उहाँको शारीरिक दुर्वलताले सिमा नाघ्यो । उहाँको फोक्सोमा क्यान्सरले छोयो । १४ मार्च सन १८८३ मा उहाँ सदाको निम्ति चिरनिद्रामा पर्नुभयो । लण्डनको हाइगेट सेमिट्रीमा उहाँकी पत्नीको समाधिसँगै मार्क्सको अन्त्येष्टि गरियो । मार्क्सका छोरा छोरीहरूमध्ये केही लण्डनमा गरिबीको कारण बाल्यकालमा नै मरेका थिए । उहाँका तीन जना छोरीहरू – एलेओ, नोरा एभेलिङ, लाउरा लाफार्ग र जेनी लोङ्गे बेलायत र फ्रान्सका समाजवादीहरूसँग वैवाहिक जीवनमा बाँडिनुभयो ।

"मार्क्सवाद उन्नाइसौं शताब्दीको महानतम आवष्किार हो, दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र, ऐतिहासिक विज्ञानमा र समाजवादी चिन्तनको विकासमा वास्तविक क्रान्ति हो ।"

# उपत्यकाका सांस्कृतिक सम्पदा संरक्षण : चुनौतीपूर्ण कार्य



रामर्माण भट्टराई

लिच्छवीकालको शुरुआतदेखि नै हालको काठमाडौं उपत्यकाले उन्नत सांस्कृतिक पहिचान बनाएको थियो। दक्षिणमा पाटलीपुत्र (पटना) लगायत हालका भारतीय सहरहरू र उत्तरमा तात्कालिन तिब्बती सहर ल्हासा आदिसम्म माध्यम व्यापार गरी आर्थिक उन्नति गरेको र ती दुई हिन्दु तथा बौद्ध संस्कृतिक स्थलबाट प्रभावित भई ती स्थानका विभिन्न सांस्कृतिक विषयबाट प्रभावित भई र त्यसलाई यहाँको जनजीवनमा समेत ढाली एउटा छुट्टै सांस्कृतिक पहिचान श्रृजना गरेका थिए। माध्यम व्यापारबाट प्राप्त समृद्धिले कला, गीत -संगीत, नाटक, मेला, पर्व, जात्राहरूको माध्यमबाट मनोरञ्जन गर्ने, परिपाटी विकसित हुँदै गयो। यस्तै उपत्यकाका अनेक ठाउँमा सुन्दर मठ, मन्दिर, चैत्य, दरबारजस्ता भौतिक सांस्कृतिक धरोहरको निर्माण भयो। उपत्यकाभित्रका विभिन्न राज्यका राजाहरूको आपसी प्रतिस्पर्धाले पनि सुन्दर संरचनाहरू निर्माण गरी प्रतिपक्षी र प्रतिस्पर्धी राज्यलाई चुनौती जस्तो श्रृजना गर्ने हिसाबले समेत विभिन्न भौतिक सम्पदाहरू निर्माण गरिए। नाटकहरू रचिए, मंचन गरिए। मिथिला प्रदेशका नाटकहरू पढ्ने हेर्ने डबलीमा प्रर्दशन गर्ने गरिए। आर्थिक समृद्धिले मनोरञ्जनको आवश्यकता बढायो। किसानहरू पनि खेतबारीको थकाई भुल्न पनि चाडपर्व, मेला, जात्रामा रमाउने भए। यसरी विभिन्न सांस्कृतिक गतिविधिहरू बढ्दै गए। यस्ता चाडपर्वलाई जीवन्त बनाउन, चीरस्थायी बनाउन गुथिको रूपमा आम्दानी हुने जग्गाहरू राख्न थाले। त्यस्ता खेतीयोग्य जग्गाको आम्दानीबाट मठ, मन्दिर, देवालयहरूको पूजापाठ, जात्रा जस्ता गतविधि सञ्चालन गरिने गरिएकाले त्यस्ता गतिविधि सञ्चालन गर्न आर्थिक श्रोतको उपलब्धता दीघो रूपमा रह्यो। यो गुथिको परम्परा धनीमानीहरूले राखी दिनाले उनीहरूले कर्मको ‘पुण्यको काम’ ले दीघोपना रहिरह्यो। मल्लकाल र शाहकाल हुँदै १९ औं शताब्दीसम्म यसले निरन्तरता पाइरह्यो। गुथि जग्गालाई सरकारले रैतानमा परिणत गर्ने बेलासम्म (२०२१ साल) गुथिले निरन्तरता पाइरह्यो। आर्थिक श्रोत अभावको कारण यी सम्पदाको संरक्षण चुनौतीपूर्ण भएका छन्।

सांस्कृतिक सम्पदालाई मोटामोटी रूपमा दुई वर्गमा विभाजन गर्न सकिन्छ। एउटा, मूर्त या देखिने, भौतिक सम्पदा जसमा भवन, घर, मठ, मन्दिर, इनार, सत्तल, पाटी, पौवा, फल्चा (फलैचा), देवालय, विहार, चैत्य, डवली ढुंगेधारा, नदीका स्नान घाट आदि। अर्को, अमूर्त या अभौतिक सम्पदा जसलाई महसुस गरिने तर नदेखिने भावनात्मक सम्पदा जस्तो मेला, पर्व, चाड, रीति-स्थिति, चलन, धर्म, संस्कृति, गीत-संगीत, भजन, वाद्यवादन, स्थापित सामाजिक तथा सांस्कृतिक मान्यता, परम्परा आदि यसअन्तर्गत पर्दछन्।

संगीत तथा नृत्य, भौतिकरूपमा देखिए पनि भावनात्मक महसुस गरिने विषय भएकाले अभौतिक या अमूर्त सम्पदातर्फ वर्गीकरण गर्ने गरिएको छ। वाद्यवादनका सामाग्री, नृत्यमा प्रयोग पोसाक तथा भेषभुषा तथा डबलीहरूमा प्रयोग हुने श्रृंगारको अर्थ त्यसको भाव नै भएकाले त्यसलाई अमूर्त सम्पदा तर्फ वर्गीकरण गर्न अमूर्त देखिएको हो। काठमाडौं उपत्यकामा प्राचीनकालदेखि बसोबास गरेको मुख्य जातीय समुदाय नेवारको अतिरिक्त अन्य जातीय समुदायको पनि मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरू रहेका छन्।

लिच्छवी तथा मल्लकालिन सम्भ्रान्त वर्गमा दक्षिणतर्फका भारतका विभिन्न राज्यका राजा तथा भारदारहरूको पोशाक, साजसज्जा तथा परिधानको प्रभाव र गहनाहरूमा पनि त्यसको केही प्रभाव देखिन्छ। अहिले अंग्रेजीको प्रभाव हाम्रो समाजमा देखिएझैं त्यसबेला मैथीली तथा फारसी, हिन्दी आदि साहित्यको प्रभाव महसुस गर्न सकिन्थ्यो। पछिल्लो मल्लकालमा साहित्य, संगीत, कलाहरूको आदान- प्रदानसँगसँगै मौलिक सांस्कृतिक गतिविधि बढ्दै गएको देखिन्छ। मल्लकालमा तिव्बततर्फको व्यापार र भारतका कतिपय सहरतर्फको व्यापारिक सामानको अत्यधिक निर्यातबाट व्यापारिक फाइदाबाट उपत्यकाले राम्रो आर्थिक फड्को मारेको छ। कलात्मक भवन तथा सांस्कृतिक पर्व तथा भवन, पाटी-पौवा जस्ता निर्माणमा समेत समृद्धिको कामबाट लगानी वृद्धि भई थप सांस्कृतिक धरोहरहरूको निर्माण भएको देखिन्छ। आर्थिक समृद्धिले जात्रा, मेला, पर्व, मनोरञ्जन तथा सांस्कृतिक मेला, पर्व, खानपान गान-बजान आदिमा पनि परोक्ष प्रभाव पारेको देखिन्छ।

कला, संगीत र साहित्यले मानिसलाई अन्य प्राणी भन्दा भिन्न र श्रेष्ठ बनाउँएको छ। साहित्य, कला र संगीत जब जीवनमा दोहोरिरहन्छ। तब यसले संस्कृतिको रुप लिन्छ। यसले मानवजातिलाई अन्य प्राणीभन्दा श्रेष्ठता प्रदान गर्छ। यी गुणहरू नै मानवीय विशेषताहरू हुन्। प्राचीनकालमा मानवजाति जब साना या ठूला समूहमा बस्न थाल्यो त्यहाँ व्यक्तिको व्यक्तिगत जीवन मात्र होइन परिवार र समाजको अस्तित्व बढायो। पारिवारिक र सामाजिक रूपमा केही मान्यता, नीति-नियमहरू आवश्यक बन्दै गए। समयानुकूल परिमार्जन, थपघट परिवर्तनहरू पनि हुँदै गए। यसरी मानव जीवनका सुख-दुःख व्यक्त गर्ने गीत बने, संगीत बने, बाजाहरू बन्दै गए। त्यसै गरी रीति-रिवाज, चलनहरू बन्दै गए। त्यसलाई सामयिक रूपमा परिमार्जन हुँदै सांस्कृतिक रूप दिइयो। मानव मस्तिष्कको उर्वरताले मानिसबाट साहित्य कला र संगीतको जन्म भयो र विकास हुँदै गयो। आफ्ना भावनाहरूलाई अभिव्यक्त गर्ने यी माध्यमहरूमा झन्- झन् परिस्कार हुँदै गए। यसलाई मानवबाट रचित अमूर्त सम्पदा भनिन्छ। रीति, थिति, परम्परा, चलन, मेला, चाड, पर्व, बन्दै र विकसित हुँदै गए। गीत संगीत, वाद्यवादन, भजन, कीर्तन तथा सामाजिक मान्यता, धार्मिक विश्वास सांस्कृतिक पहिचान बनाउँदै र विकास गर्दै लगियो। यसले व्यक्तिलाई सामाजिक प्राणी हुँदै एउटा राष्ट्रको रूपमा समेत स्थापना गर्दै गयो।

मानवीय चेतनाकै फलस्वरूप हिजोको जंगली अवस्थाका मानिसले गुफामा बस्दा पनि त्यहीं चित्र कोरेर वा अन्य ढुंगा तथा काठमा आफ्ना भावना कुँदन थाल्यो र विकास हुने क्रममा घर, भवन, मठ-मन्दिर आदि बन्ने अवस्था र त्यस पछिका दिनहरूमा विस्तारै दृश्य या भौतिक कला, घर, भवन, मठ, मन्दिर जस्ता भौतिक संरचना निर्माण गर्ने र ती संरचनालाई आफ्नो चेतनाको स्तर उत्तम हुने क्रममा विश्वकै उत्कृष्ट कलात्मक मठ-मन्दिर, देवालय, शिवालय, भौतिक संरचना आदि निर्माण गर्दै उच्चत्तम मस्तिष्कको र भावनाको पनि परिचय दिंदै गयो। मानव सभ्यताको विकास हुँदै जाँदा मानिसले आवश्यक महसुस गरेका हरेक भौतिक संरचनाहरूलाई कलात्मक रूप दिंदै घर, भवन, दरबार, मठ-मन्दिर, डबली, विहार, चैत्य, घाट, ढुंगेधारा, पाटी, पौवा, मूर्ति तथा अन्य निर्माणमा आफ्ना सिर्जनात्मक प्रतिभाको प्रयोग गरी ती वस्तुलाई चेतनाको बलमा सुन्दर वास्तुकलाको सिर्जना गरियो। यसले चैतनाको स्तर झन्-झन् विकास गर्दै गयो र सुन्दरतम् भौतिक संरचनाहरू निर्माण हुन थाल्यो। भौतिक विकासले मूर्त कलाको विकासमा सहयोगी भूमिका खेल्यो। एउटा राज्य र अर्को राज्यको प्रतिस्पर्धाले कलात्मक वस्तुहरूको निर्माणमा पनि निखार थपिदै गयो। उसको भन्दा मेरो संरचना सुन्दर र टिकाउ बनाउने भन्ने जस्ता प्रतिस्पर्धाबाट अन्ततोगत्वा कलात्मक विकासलाई सघाउ पुग्दै गयो। काठमाडौं उपत्यकाका मल्लकालीन तीन राज्यहरूको आपसी प्रतिस्पर्धाले कलात्मक विकासमा राम्ररी नै बल मिलेको देखिन्छ। अमूर्त सम्पदातर्फ पनि मेला, पर्व, जात्रा तथा ती पर्वहरूको दीघो रूपमा सञ्चालनका लागि गुथि राख्ने काम पनि ती राज्यहरूको बीच एउटा अघोषित प्रतिस्पर्धा नै थियो भन्दा हुन्छ। धनीमानी, व्यापारी, घरानियाँ तथा अन्य सामाजिक प्रतिष्ठित व्यक्तिहरूबीच पनि यस्ता सिर्जनात्मक प्रतिस्पर्धा भइरहन्थे, जसबाट समस्त समाजलाई प्रभावित गर्न सकियोस्। यसले सांस्कृतिक वस्तु निर्माण, मनोरञ्जन कलाको क्षेत्रमा राम्रो प्रभाव पारेको देखिन्छ। यस्तैगरी कलात्मक वस्तुको निर्माणमा लिच्छवी तथा मल्लकालमा उपत्यकाको व्यापार भारत र उत्तरी चीन (तिब्बत) का कतिपय कलात्मक वस्तुहरूको ज्ञानले पनि प्रभाव पारेको देखिन्छ। साहित्य, कला र संगीतमा जनकपुरलगायतका स्थानको मैथिलीलगायतका साहित्यबाट प्रभावित भई चाडपर्वमा मैथिली भाषाका नाटकहरू मञ्चन भएका देखिन्छन्। कतिपय मन्दिर निर्माणमा भारतमा प्रचलित शिखर शैली र चीनमा प्रचालित प्यागोडा शैलीलाई पनि अपनाई केही परिमार्जन गरी निर्माण गरेको पाइन्छ।

उपत्यकाको हालसम्मको सांस्कृतिक सम्पदाहरूको उत्थानलाई विभिन्न कालखण्डमा विभाजन गर्दा लिच्छवीकाल पूर्वको काललाई सम्पदा निर्माणको शुरुआतकाल, लिच्छवी र मल्लकाललाई उत्थानकाल र चरमोत्कर्ष काल भन्न सकिन्छ। नेपालमा हाल राष्ट्रिय गौरवका रूपमा रहेका सांस्कृतिक सम्पदाले त्यही कालमा बढी कलाले फैलने मौका पायो। यस्तै मल्लकालमा भारतका विभिन्न स्थानमा अंग्रजी संस्कृति र स्थापत्य कलाको प्रयोग भए। पहिलो पल्ट भवनको झ्यालमा शिशाको प्रयोग, हनुमानढोका दरबारमा अंग्रेजी तथा पश्चिमी स्थापत्य कलाको प्रयोग, आदि यसका केही उदाहरण हुन्।

लिच्छवीकालमा नै नेपाली युवा वास्तुकलाकार अरनिकोलगायतको टोलीले चीनका सम्राटको निमन्त्रणामा पेइचिङ पुगेर स्वेत चैत्य लगायतका विश्व प्रसिद्ध वास्तुकला निर्माण गऱ्यो। यसरी तत्काल उपत्यकाका मौलिक स्थापत्य कलाको एउटा धरोहर नै थियो। अन्य कैयौं छिमेकी एशियाली मुलुकहरूमा यो एउटा नमुना नै थियो। मूर्त र अमूर्त सम्पदातर्फ र ज्ञान-विज्ञानको क्षेत्रमा यो एउटा नमुना थियो। शास्त्रीय नृत्य, लोक नृत्य, राष्ट्रिय संगीत, लोक संगीत, आदिको क्षेत्रमा यसले वरिपरिका छिमेकी राज्यहरूलाई मात्रै होइन

टाढा टाढासम्म प्रभावित पारेको थियो। भक्तपुरको 'साँफुकोठा' (जसलाई पुस्तकालय भन्न सकिन्छ) या सङ्ग्रहित पुस्तकहरू पृथ्वीनारायण शाहका सेनाको आक्रमणपछि आगलागी भएर नौ दिनसम्म जलिरहेको भन्ने भनाई छ। जुन पुस्तकालय भवन साँफुकोठाको भग्नावशेष मानिएको पुरानो भव्य ढोका अझ अद्यापि देख्न सकिन्छ। यसको ढोकाबाटै त्यसका भवनको भव्यताको अनुमान गर्न सकिन्छ। हालको भक्तपुर नगरपलिकाको पुरानो भवन अगाडिका दुई सय मिटर वरिपरिको क्षेत्रमा उत्खनन् गर्ने हो भने धेरै सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको जानकारी प्राप्त भई गौरवमय विगतको जानकारी प्राप्त हुन सक्दछ भन्ने पुरातत्त्वविद्हरूको मत छ।

उपत्यकाको सांस्कृतिक वैभवलाई जसरी हाम्रा पुर्खाले निर्माण गरे त्यसलाई संरक्षणमा पनि त्यतिकै राम्रो र दीघो व्यवस्था गरेका थिए। कुनै मठ, मन्दिर, देवल, धर्मशाला बनाएपछि त्यसको दीघो सुसञ्चालनको लागि आवश्यक आर्थिक श्रोतको रूपमा गुथिको रूपमा जमिन राखी सोही जमिनको आयस्ताबाट त्यसको सञ्चालन मर्मत सम्भार गर्ने गरी व्यवस्था गरिएको हुन्थ्यो। सो गुथिको आयस्ता उपभोग गरी उपभोग गर्नेले त्यस सम्पदाको सु-संरक्षण तथा सञ्चालन गर्ने व्यवस्था गरिएको थियो। तर जब वि.सं.२०२१ सालमा भूमिसुधार लागू भई गुथि सम्बन्धी नयाँ व्यवस्था भयो, गुथि जग्गालाई रैकर गरिन थालियो। तब सांस्कृतिक सम्पदा संरक्षणमा ठूलो कठिनाई भई कैयौं सम्पदाहरू नष्ट भएको अवस्था छ। कैयौंको संरक्षण हुन निकै कठिनाई भएको थियो।

यस्तै कतिपय सांस्कृतिक सम्पदाहरूको मर्मत सम्भार गर्न सो सम्पदा संरक्षणसँग सम्बन्धित दक्ष प्राविधिकको अभाव भएर पनि संरक्षणमा कठिनाई भएको छ। कतिपय मन्दिर, मूर्ति तथा अन्य सम्पदा चोरी हुने र सो वस्तु चोर्नेले लुकाई छिपाई समुद्रपार मुलुकमा पुऱ्याउने गर्नाले पनि सांस्कृतिक धरोहर नास भइरहेको अवस्था छ। मूर्ति चोरी, तस्करीको ठूलो गिरोहहरू रहेको अनुमान गरिएको छ। कतिपय सम्पदा खास गरी मूर्तिहरू यूनेस्को वा अन्य कतिपय अन्तर्राष्ट्रिय संघ-संस्थाको सहयोगमा फिर्ता ल्याउने कार्यहरू पनि केही मात्रामा भइरहेका छन्।

हाम्रा सांस्कृतिक सम्पदा संरक्षणमा देखिएको अर्को समस्या गुथियार या संरक्षकले राम्ररी संरक्षण पनि नगर्ने र अन्य व्यक्ति, सम्बन्धित निकाय, नगरपालिका वा पुरातत्त्व विभागलाई पनि संरक्षण गर्न नदिने अवस्था छ। कतिपय सम्पदाहरू खासगरी पुराना र कलात्मक महत्त्वका घरहरू व्यक्तिगत सम्पत्तिको रूपमा रहेको र पारिवारिक सम्पत्ति अंसियारहरूको भागबण्डामा परी सम्पदा नष्ट हुने या विकृत हुने अवस्था देखिएको छ। कतिपय सम्पदाहरूको स्वामित्व विस्तारै पुरानो अवस्थाबाट खस्किंदै गएको अवस्था छ। कतिपय आफ्ना पूर्वजले बनाएको पाटी-पौवाको गर्व चाहिं गर्ने, तर सोको नियमित मर्मतमा सरोकारवालाहरूको कलह वा आपसी बेमेलका कारण काम हुन नसकेको अवस्था छ। कलात्मक तथा पुरातात्त्विक महत्त्वका कतिपय भवन तथा अन्य संरचना अंशवण्डा या अन्य पारिवारिक झगडाको कारणबाट विभिन्न टुक्रामा विभाजित हुने र टुक्र्याउने, नष्ट गर्ने अवस्था पनि देखियो। कतिपय सम्पदाहरू रहेका भवनहरू हालको मालिकले संरक्षण मर्मत संभार गरी संरक्षित गर्न आर्थिक अभावमा गर्न नसक्ने अवस्था पनि देखियो। व्यक्तिगत स्वामित्वका कतिपय सम्पदा सम्पदाधनीले झ्याल या टुँडालहरू बिक्री गरी अन्य स्थानमा प्रयोग भएको अवस्था छ। सम्पदा संरक्षणको अर्को कठिनाइ सम्पदासँग सम्बन्धित निर्माण सामाग्री राम्रो गुणस्तरको काठ, ढुंगा, कलात्मक तेलिया इँटा ( दाचिअप्पा), बुँटेदार इट्टाहरू, कालीमाटी, झिंगटी, खपडा आदिको अभाव हो। यस्तै प्राचीन वस्तुको संरक्षण तथा निर्माणसँग परिचित डकर्मी र त्यसको निम्ति आवश्यक ज्यावलको पनि अभाव छ।

हाम्रा मठ, मन्दिर, देवालय, पाटी-पौवा, सत्तल, विहार तथा बहीहरू उचित संरक्षणको अभावमा जोगी, भिखारी, मगन्ते, सुकुमवासी, गँजडी तथा लागुपदार्थ खाने अम्मलीहरूको आश्रयस्थल बनेकाले झन् दयनीय अवस्थामा पुगेका छन्। विना मर्मत-संभार, बेवारिसे व्यक्तिहरूको अखडा रहनाले सम्पदाको अवस्था अत्यन्त दयनीय र जीर्ण रहेको अवस्था छ। यी सम्पदाको नियमित मर्मत सम्भार गर्ने सरोकारवाला नहुनाले यी सम्पदाहरू आफैं हैसियत विहिन अवस्थामा छन्। कतिपयको मर्मत सम्भार सामान्य रूपमा कुनै व्यक्ति या निकायले गरे पनि सम्पदा संरक्षणको सामान्य मापदण्डसम्म पनि पालना नहुनाले हाम्रो सम्पदा प्रतिको उदासिनता मात्र प्रष्टाईरहेका छन्।

कुनै सम्पदा पुन:निर्माण गर्दा त्यस सम्पदाको मौलिकता जोगाउने भन्दा पनि थोरै खर्चमा काम सम्पन्न गर्ने गर्नाले प्रारूपमा भएको विशेषता नभई सम्पदाको मौलिकता गुमाएको अवस्था पनि छ। खासगरी राणाकालमा अर्थात सन् १९९० साल भन्दा अगाडि एउटा शैलीमा बनाइएका मठ-मन्दिरहरू ९० सालको भूकम्प पछि मर्मत हुँदा अर्कै शैलीमा बनाइएको धेरै उदाहरण पाइन्छन्। सामान्य तथा कुनै पनि सम्पदाको सबै भन्दा प्राचीन रूप के थियो त्यही रूपमा पुन:निर्माण गरिनुपर्दछ। ठेकेदारी प्रथाबाट कार्य गराउँदा

सम्पदाहरूले आफ्नो मौलिक स्तरको बलियोपना र मिहीन किसिमका कलात्मकता र मौलिकता गुमाउने डर धेरै रहन्छ ।

सरकारको नीतिमा पनि सम्पदा संरक्षण कम प्राथमिकतामा परेकाले यसतर्फ पर्याप्त बजेट छुट्याइएको छैन । त्यसमा केही रकम छुट्याइएको भए पनि त्यसले धेरै सम्पदा संरक्षणमा थोरै पैसा बाँडचुँड गर्दा त्यस्तो रकमले मापदण्ड अनुसारको सम्पदा संरक्षणको काम अधकल्चो हुन गई अर्थहीन हुन पुग्दछ । समुदाय, स्थानीय सरकारहरूको पनि सम्पदा संरक्षण प्राथमिकताको विषय बन्न सकेका छैनन् । ***पुरा नष्ट हुन नसकोस पछि कुनै बेला पैसा प्रशस्त पैसा भएमा मर्मत गरौंला भनि हाललाई तदर्थवादी दृष्टिकोनले गरिएको मर्मतले हैसियत जोगिन सक्दैन ।*** स्थानीय जनसमुदायको पनि दैनिक सरोकारका काममा प्राथमिकता हुने तर सम्पदा संरक्षणमा कम ध्यान हुने अवस्था रहेको देखिन्छ ।


हाम्रो मठ–मन्दिरमा पूजा गर्ने भक्तजनहरूले मूर्तिमा पेडा, लड्डु कोचिदिने, अक्षता, फूल तथा अविरले रंगाउने गर्नाले मूर्तिमा चिनी, फलफूल तथा अन्य वस्तु राख्ने र पानीको प्रयोग गर्नाले ढुंगा, इँटा, काठबाट बनेका संरचनाहरू छिट्टै कमजोर हुने अवस्था छ । धुप बत्ती बाल्ने, यज्ञ गर्ने आगोबाली धुँवा लगाउने जस्ता क्रियाकलापबाट पनि सम्पदाको गुणस्तर खस्किएको छ । घाम, पानी तथा अन्य चिसोबाट बचाउन नसक्दा त्यसै पनि सम्पदाको गुणस्तर बिग्रंदै जान्छ । भक्तजनहरूबाट पूजा गर्ने तरिकामा परिवर्तन नगरिंदा पनि त्यस्ता संरचनाहरूको हैसियत छिट्टै बिग्रेको अनुभव गर्न सकिन्छ ।

अमूर्त सम्पदाका परम्परागत वाद्यवादन, गायन, थाङ्का लेखन, भित्तेचित्र लेखन, शास्त्रीय संगीत, गायन, नृत्यका क्षेत्रमा आर्थिक आकर्षण कम भएकाले त्यस्ता क्षेत्रमा अध्ययन गर्ने व्यक्तिहरूको कमी हुँदा सम्पदा संरक्षणमा समस्याहरू बढी देखिएका छन् । कतिपय परम्परागत वाद्यवादन सिक्ने इच्छुक व्यक्तिले एउटा पुस्ताबाट अर्को पुस्तामा त्यस्ता सीपहरू हस्तान्तरण हुन मुस्किल परेको अवस्था छ । यस्तै सीप सिक्न चाहने मात्र होइन सिकाउन चाहने गुरुको कमी र कतिपय त्यस्ता धार्मिक नृत्य, गायनहरू सिक्न–सिकाउन पुऱ्याउनुपर्ने परम्परागत विधिको जटिलताले पनि सिक्ने सिकाउने कार्य जटिल भएको पाइन्छ ।

हाम्रा गौरवमय सांस्कृतिक सम्पदालाई आर्थिक उपार्जन तथा रोजगारीमा राम्ररी जोड्न नसक्दा सम्पदा संरक्षणबाट आय–आर्जन नहुने या पर्याप्त रोजगारी प्राप्त नहुने अवस्थाका कारण पनि सम्पदा संरक्षण व्यक्ति, समाज, स्थानीय र केन्द्रीय सरकारको प्राथमिकतामा नपरेको देखिन्छ । पर्यटनको विकास गरी सम्पदा पर्यटनको माध्यमबाट स्थानीय सरकार राम्रो आयआर्जन नगरेसम्म यसतर्फ लगानी आकर्षित गर्न कठीनाई हुन्छ । गौरवमय सांस्कृतिक सम्पदालाई 'घरकी मुर्गी दाल बराबर' या अपहेलना गरी पाश्चात्य सांस्कृतिक वस्तुहरूप्रति अभिरुची राख्नाले अमूर्त सम्पदा संरक्षणमा सहयोग पुगेको छैन । छोटकरीमा हामीले 'माल पाएर चाल पाएका छैनौ' भन्दा हुन्छ । जब माल सकिन्छ तब चाल पाएर पनि के काम ? प्राचीन सम्पदासँग सम्बन्धित संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्त्व विभाग र गुथि संस्थान र संघ, प्रदेश तथा स्थानीय तहका सरकारका बीचमा उचित समन्वय गर्नु अत्यावश्यक देखिन्छ । समन्वयको माध्यमबाट सांस्कृतिक सम्पदाको वृहत् र दीर्घकालीन नीति बनाएर अघि बढेमा सम्पदा संरक्षित हुन्छन् । हाम्रा गौरव पूर्नस्थापित हुन्छन् । सम्पदा संरक्षणलाई पर्यटन उद्योगसँग जोडेर पर्यटनबाट हुने आम्दानीको ठूलो हिस्सा यस्ता वस्तुको संरक्षणमा लगाउन सकिएमा यसबाट सम्पदा संरक्षण तथा आर्थिक समृद्धि दुवै प्राप्त भई 'धन धर्म तत् सुखम्' को अवस्थामा पुग्न सकिन्छ ।

*(लेखक भक्तपुर नपाका पूर्व कार्यकारी अधिकृत हुनुहुन्छ ।)*

## बासिबियाँलो




यो ढोका कता फर्केको छ ? असम्भव डिजाइन ।

एउटा रात्री सुरक्षा गार्डले आफ्नो हाकिमलाई खुसी पार्न भनेछ– सर, मैले आज राति सपनामा तपाईँलाई एक करोडको चिठा परेको देखें, बधाई छ ! हाकिमले त्यस गार्डलाई तत्कालै बर्खास्त गरेछ, किन होला ?

उत्तर- राति चौकिदारी गर्नुपर्ने गार्ड सुतेकोले ।

# v ; /fHol ; t gk]fn d08nsf] cgf}7f] ; DaGw



ओम धौभडेल

एकताका नेपाल मण्डलको राजधानी भक्तपुर छँदा भ्वन्त राजकुलका देव नामधारी लिच्छवी राजाहरूसँग मल्ल नामधारीहरूको उपस्थितीले यहाँ फस्टाएको द्वैध राज्य प्रणालीले नेपाल मण्डलको राजनैतिक, प्रशासनिक, आर्थिक, सामरिकलगायत हरेक क्षेत्र कमजोर बन्न पुगेको इतिहास साक्षि छ। देव राजा भएको खण्डमा मल्ल युवराज हुने, मल्ल राजा भएमा देव युवराज हुने अनि राजाभन्दा युवराज शक्तिशाली हुने अनौठो चलन नेपालमण्डलमा थियो। यो राज्यको दक्षिणपूर्वमा डोय राज्य र सुदुरपश्चिममा खस राज्य अस्तित्वमा आएको पनि इतिहास हाम्रोसामु विदित्तै छ। त्यही ताका नान्य देवले स्थापना गरेको डोय राज्य भन्दा पनि धेरै टाढाको खस राज्यसँग नेपाल मण्डलको सम्बन्ध हुनु धेरै महत्त्वको विषय भएकोले तत् सम्बन्धी केही उठान यहाँ आवश्यक सम्झेको छु।

कर्णालीमा स्थापित खस राज्यको श्रेय नागराजलाई दिने सवालमा उनकोबारे अरु थप जानकारी प्रकाशमा आउन सकिरहेको छैन। राज्यले हरेक क्षेत्रमा उपेक्षा गरेझैं इतिहासमा पनि कर्णालीलाई उपेक्षा गरेको देखिन्छ। यो राज्यको स्थापना सँगै बनेका सिञ्जा, लामथाडा, दुल्लुजस्ता राजधानी सहर र त्यहाँ बनेको दरबारहरूबारे चासो दिइएको देखिन्न। त्यस्तै नागराजपछि पाँचौं पुस्ताका राजा क्राचलको कुमाउको बालेश्वर मन्दिरको अभिलेख, अशोक चल्लको गढवाल बडाहाट गोपेश्वरको अभिलेख, बोधगयाको अभिलेख, पृथ्वी मल्लको दुल्लुको अभिलेख, रिपु मल्लको निग्लीहवाको अभिलेख, सिञ्जा चौकाखोला नजिकको रिपु मल्लको अभिलेखलगायत भोटबाट प्राप्त वंशावली अनि नेपाल मण्डलमा लेखिएको गोपाल राजवंशावलीहरूको बारेमा अध्ययन अनुसन्धान नहुँदा कर्णालीको विगतको इतिहासप्रति ठूलो अन्याय भएको देखिन्छ। उदाहरणको लागि नेपाल मण्डलमा रचिएको गोपाल राजवंशावलीलाई नै लिन सकिन्छ।

काठमाडौं उपत्यका र वरपरको नेपाल मण्डल राज्यको तत्कालीन इतिहासको सबैभन्दा भरपर्दो प्रमाणको रूपमा गोपाल राजवंशावलीलाई लिने गरिन्छ। नेपाल मण्डलको राजधानी भक्तपुर छँदा राजा जयस्थिती मल्लले लेख्न लगाएको यो वंशावली भक्तपुरमै रचना गरिएको दुर्लभ कृति हो। यसका रचनाकार आजसम्म अज्ञात रहेको भए तापनि उनी यहाँको नेपाल भाषामा दख्खल भएका व्यक्ति हुन् भन्ने प्रशस्त आधारहरू छन्। सबैभन्दा महत्त्वपूर्ण पक्ष त उनी इतिहासप्रति अति चासो भएका व्यक्ति थिए। तर गोपाल राजवशावलीमा उल्लेख भएको प्रस्तुत हरफले धेरै महत्त्व राख्छ। जुन यसप्रकारको छ –

*"पश्चात खशिया वव ॥ राजा जयतारी प्रथम प्रविष्ट सम्वच्छर चारिसय आठ पोष मासे ॥ साम्हागुस्थाने खशिया अबुठसय पातयित्वा राष्ट सर्बबने सेवित खशियातेन पातयित्वा लोक स्वस्थेन स्वस्थानस्थित ॥ तस्य सम्बच्छर प्रवतते फाल्गुण मास शुक्ल त्रयोदशी पुनः द्धितीय जयतारी प्रविष्ट : ग्रामदि अग्निदह करोतिम् ॥ स्यगु चैत प्रसयति ॥ बुग्मलोकेश्वर दर्शन श्री पशुपति प्रसन ॥ स्वस्थेन स्वरागमन भवती सम्बच्छर चारिसय नव ॥*

प्रस्तुत हरफ संस्कृत भाषामा लेखिएको छ, तर ज्यादै अशुध्द पनि छ। तर पनि उक्त वंशावलीकार संस्कृतप्रति रुचि भएका व्यक्ति हुन् भन्ने देखिन आउँछ। यो हरफमा संस्कत्तेतर भाषाहरूका वव, चारिसय आठ, चारिसय नव, स्यगु चैत, र अबुठ जस्ता शब्दहरूको प्रयोग भएका छन्। जहाँ वव र स्यगु चैत शुद्ध नेपाल भाषाको हो। ववको अर्थ आयो हुन्छ भन्ने स्यगु चैत भवि स्वयम्भु चैत्यलाई भनेकोमा द्धिविधा छैन। तर यही आएको चारिसय आठ र चारिसय नव चाहिं नेपाली भाषामा लेखिएको हो। यसबाहेक यहाँ प्रयोग भएको अबुठ शब्दको अर्थ लाउन नसक्दा नेपाली तथा विदेशी विद्धानहरूले अबुठ भनेको आठ नै हो भनी लेख्दै आएका छन्। यस विषयमा कलम चलाउने विद्धानहरूमध्ये योगी नरहरिनाथले अबुठको अर्थ अठसठी (८७) हुनुपर्ने लेख्नुभएको छ। यसै मेसोमा विद्धान महेशराज पन्तले पूर्णिमा अङ्क ६० मा गोपाल राजवंशावलीको अवुठ शब्दको अर्थ के हो भन्ने आलेख नै प्रकाशमा ल्याउनुभयो। उहाँका अनुसार अवुठ पाली भाषाको शब्द र यसको अर्थ साढे तीन सय भएको उल्लेख गर्नुभयो। जसअनुसार यसको अनुवाद यस्तो छ–

*पश्चिमबाट खस आयो। ने.स. ४०८ अर्थात् वि.स.*

*१३४४ पौषमा जयतारी पहिलोपटक पसे। सिम्भु स्वयम्भुमा ३५० खसियालाई सिध्याई सारा राष्ट्र वन पसे। त्यसकारण खसिया भागे। दुनियाँ आनन्दसँग आफ्नो ठाउँमा बसे। यही संवत् चलेको बेला फाल्गुण शुक्ल त्रयोदशीमा फेरि दोस्रोपटक जयतारी पसे। गाउँहरूमा आगो लगाइयो। सिम्भुको चैत्यमा गए। बुंगमति लोकेश्वरको दर्शन गरे। पशुपतिलाई खुशी पारे। ने.स. ४०९ वि.स. १३४५ मा आनन्दसँग आफनो देश फर्के।*

इतिहासमा यति स्पष्टसँग लेखिएको यो प्रमाणको बारेमा जति चर्चा गरे तापनि भक्तपुरमा लेखिएको यो हरफले नेपाल मण्डलको कर्णालीसित के कस्तो सम्बन्ध थियो, त्यसको लेखाजोखा भएको देखिदैन। यसैक्रममा यहाँ स्पष्टसँग खसिया र जितारी मल्लको नाम आउनुबाट जितारी मल्लको बारेमा स्पष्ट बोल्ने प्रमाणहरू काफी छ। पृथ्वी मल्लको दुल्लुको अभिलेख तथा जोसेफ टुचीबाट प्रकाशमा ल्याएको वंशावलीमा जितारी मल्ललाई अशोक चल्लका छोरा भनिएको छ। त्यतिमात्र नभई सिञ्जालाई राजधानी बनाई नागराज जावेश्वरले वि.सं. ११५० तिर खस राज्य स्थापना गरेको र त्यसपछि चापलगायतका राजाहरू भएको व्यहोरासमेत थाहा हुन आउँछ। तर त्यहाँ तिनीहरूको नेपाल मण्डलसितको सम्बन्धबारे अपुष्ट रहेको कुरा रहस्यमय लाग्छ। यस्तो अवस्थामा गोपाल राजवंशावलीमा जितारी मल्लको नाम उल्लेख हुनुबाट अप्रत्यक्ष रूपमा नेपाल मण्डलसितको सम्बन्धबारे संकेत मिल्छ। यहाँ उल्लेख गरेको संवत् चारिसय आठ र नवले त तत्कालीन समयमा यहाँका लोकप्रिय नेपाल संवत्‌लाई भनेको भए तापनि त्यसलाई अङ्कमा नभई अक्षरमा त्यो पनि नेपाली भाषाबाट लेख्नुबाट यहाँ खस वा नेपाली भाषाको प्रभाव परिसकेको स्पष्ट हुन आउँछ।

त्यसो त ने.सं.४०८ तिर नेपाल मण्डलको गद्दीमा राजाको रूपमा अनन्त मल्ल थियो। युवराजको रूपमा उनी भन्दा आठ वर्ष जेठो जयादित्य देव अझ बढी शक्तिशाली थिए। शक्तिकै हानथापका क्रममा पहिलोपटक जितारी मल्लले नेपाल मण्डलमाथि आक्रमण गऱ्यो। तर त्यहाँ तिनीहरूको नेपाल मण्डलसितको सम्बन्धबारे केही उल्लेख नहुनु रहस्यमय छ। यस्तो अवस्थामा गोपाल राजवंशावलीमा जितारी मल्लको नाम उल्लेख हुनुबाट खस राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल मण्डलसँग सम्बन्ध स्थापित भएकोलाई नकार्न सकिन्न। काठमाडौं उपत्यकालगायतका नेपाल मण्डलबारे बरोबर चर्चा आइरहने क्रममा नेपाल मण्डलसँग सम्बन्ध राख्ने विभिन्न राज्यहरूबारे त्यति चर्चा भएको पाइँदैन। त्यसमा पनि भौगोलिक दृष्टिकोणले अत्यन्त टाढा रहेको कर्णाली राज्यको त थोरैमात्र जानकारी प्रकाशमा आएको छ। यसैसन्दर्भमा नागराज जावेश्वरले स्थापना गरेको खस राज्यको धार्मिक अवस्थाबारे थोरैमात्र चर्चा गर्दा पनि नेपाल मण्डलसितको सम्बन्ध पुष्टि हुन आउँछ। नागराजको वंशमा चाप, चापिल्ल, क्राशि चल्ल, क्राधि चल्ल, अशोक चल्ल, जितारी मल्ल, रिपु मल्ल, कल्याण मल्ल, प्रताप मल्ल, पुण्य मल्ल, पृथ्वी मल्ल, अभयमल्लजस्ता खस राजाहरूले शासन गरेको देखिन्छ।

पश्चिम नेपालको कर्णाली राज्यमा ऐतिहासिककालमै शैव धर्मको साथसाथै बौद्ध धर्मले समेत महत्त्वपूर्ण स्थान पाएको इतिहासले बताउँछ। अझ खस राज्य स्थापनापश्चात् बौद्ध धर्म सम्मानित हुन पुग्यो। नागराज पछिको क्राचल, अशोक चल्ल, रिपु मल्ल, प्रताप मल्लहरू बौद्ध धर्मका उपासक रहेको पाइन्छ। ऐतिहासिक रूपमा अघिल्ला राजाहरूबारे बताउने कुनै स्रोत फेला नपरे पनि क्राचलका केही प्रमाणहरू महत्त्वपूर्ण छन्। उनले आफ्नो नामसँग "परमसौगात" अर्थात बुद्धका ठूला उपासक भनी लेखाएका प्रमाण मौजुद छ। त्यसो त उनी अन्य धार्मिक सम्प्रदायलाई पनि उत्तिकै आदर गर्थे भन्ने प्रमाण पनि नभएका होइनन्।

यसपछिका शासक अशोक चल्लको बौद्ध धर्मप्रति अगाढ आस्था रहेको पुष्टि हुन्छ। बोध गयाका एक अभिलेखमा अशोक चल्लले आफुलाई "हेब्रजचरण बिन्दमधुकर" विशेषण लगाएबाट त्यसताका कर्णाली राज्यमा हेबज्र अर्थात् बज्रयान सम्प्रदायको विकास चरण अवस्थामा रहेको पुष्टि हुन्छ। विशेषगरी तान्त्रिक विधि शोधन गरी मेघ (बादल) फटाउने, पानी पार्ने, आफूलाई आवश्यक ठाउँमा पानी पार्ने, असिना पानी स्थानान्तरण गर्ने र तन्त्र शोधन गरी शत्रुलाई पराजय




इटुंबहालमा प्रदर्शन गरिने प्रज्ञा पारमिता सौजन्यः रेखा शाक्य

गर्नेसम्मका विद्या हेबज्रमा छ। नेपाल मण्डलमा समेत सान्है लोकप्रिय हेबज्रको मत कर्णाली राज्यमा समेत फैलिएको प्रमाण अशोक चल्लको यो विशेषणले पुष्टि गर्छ। त्यसो त अशोक चल्लले यसअघि आफूलाई "प्रवर महायानयायी" समेत लेखाइबाट सुरुमा उनी महायानबाट प्रभावित भएको देखिन्छ। उनै महायानमा बज्रयान विकासक्रममा हेबज्रले ठूलो स्थान पाएको हो। उनको समयमा कश्मिरका बौद्ध विद्वान पदमसम्भव तिब्बत जाने क्रममा उनको दरबारमा आई बसेको घटनाले पनि अशोक चल्ल बौद्ध धर्मका उपासक रहेको मान्न सकिन्छ।

अशोक चल्ल पछि उनका छोरा जितारी मल्ल कर्णालीका शासक बने। नेपाल मण्डलका प्रभावशाली मल्लहरूबाट प्रभावित भई उनले आफ्नो नाम पछाडि 'मल्ल' जोड्न पुगे। यो आलेख उनै जितारी मल्लसित सम्बन्धित छ। जितारी मल्ल पछिका रिपु मल्ल, पृथ्वी मल्ल, प्रताप मल्लजस्ता बौद्ध धर्मप्रति आस्थावान शासकहरूले शासन गरे। तर जितारी मल्लको विषयमा अलि गहिरिएर अध्ययन यसकारण पनि गरिएको छ कि नेपाल मण्डलमा ने.सं. ४०८ पौष, ४०८ फागुण र ४०९ गरी लगातार तीन पटक आक्रमण गर्न हैसियतका यी शासकले अन्य शासकलेझैं अभिलेखमा कतै बौद्ध धर्मप्रतिको आस्था दर्साएको छैन। नेपाल मण्डलमा देव नामधारी र मल्ल नामधारीबीच सत्ता कज्याउने खेल भइरहँदा नेपाल मण्डलमाथि धावा बोली राज्यको सिमाना बढाउने राजाको रूपमा इतिहासमा चित्रण गरिएको छ।

जितारी मल्लका भतिजा रिपु मल्ल यहाँका राजा बनेको समयमा नेपाल मण्डलको भ्रमण गरी बुंगमती, पशुपति, स्वयम्भु र बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गरेको गोपाल राजवंशावलीमा उल्लेख छ। यसपछिका राजा आदित्य मल्ल, कल्याण मल्लको विषयमा त्यति जानकारी प्रकाशमा नआए पनि प्रताप मल्लले त राजकाज त्याग गरी भिक्षु बन्न गएको प्रमाणले बुद्ध धर्मप्रतिको उनको मोह प्रस्टिन्छ। यता प्रताप मल्लपछि नागराज वंशको अन्त भई पाल वंशको सुरुआत भएको र पुण्य पाल नै पुण्य मल्ल कहलिन पुगे। पुण्य मल्लको धार्मिक स्वभावबारे त्यति जानकारी प्रकाशमा आएको देखिँदैन। तर उनका छोरा पृथ्वी मल्ल शान्त र धर्मभिरु प्रवृत्तिका राजा थिए। उनको दुल्लुको अभिलेख महत्त्वपूर्ण प्रमाण हो। त्यसबाहेक हालसालै भेटिएको एउटा प्रमाण पृथ्वी मल्लबारे बुझ्न् धेरै सहयोगी हुन आउँछ। पृथ्वी मल्लबारे भेटिएको एउटा महत्त्वपूर्ण सूचनाले उनी नेपाल मण्डलसँग सुमधुर सम्बन्ध राख्न अझ बौद्ध धर्मप्रति आस्थावान राजा भएको तथ्य भेटिन्छ।

काठमाडौं इटुंबहालमा श्रावण शुक्ल द्वादशीदेखि एक हप्तासम्म बहि द्यः ब्वयेगु गर्ने क्रममा बहालभित्रका मूर्तिदेखि सुनले लेखेको पुस्तकसम्म प्रदर्शन गरिन्छ। उक्त पुस्तक शतसाहस्रिका प्रज्ञा पारमिता हो। जुन पुस्तक ने.सं. ४७८ भाद्र शुक्ल दशमीको दिन इटुंबहाल अर्थात् श्री भास्करदेव संस्कारित श्री केशचन्द्रकृत पारावत महाविहार निवासी शाक्य भिक्षु बज्राचार्य श्री राजवम्हा श्रीले आफ्नी ज्योर्तिलक्ष्मी नामकी पत्नी, छोरा, नातिसमेत भई गुरु तथा उपाध्यायलगायत सबै प्राणीको उनुत्तर ज्ञान फल प्राप्तिको लागि दान गरिएको हो भनी उल्लेख छ। सबैभन्दा महत्त्वपूर्ण कुरा त ने.सं. ४७८ मा काठमाडौं इटुंबहालका बौद्ध विद्वान राजब्रम्हा श्रीलाई कर्णालीका राजा पृथ्वी मल्लले सिञ्जा बोलाई भिक्षु बज्रभानद्वारा शतसाहस्रिका प्रज्ञापारमिता सार्न लगाएको र उक्त शतसाहस्रिका प्रज्ञापारमिता कान्तिपुर इटुंबहालस्थित पारार्वत विहारमा प्रत्येक वर्ष गुलाँ ताका बहि द्यः ब्वयेगु गर्ने क्रममा उक्त पुस्तक प्रदर्शन गर्नुपर्ने व्यवस्था छ। यसबाट नेवारहरूको संस्कृतिमा भौगोलिक दृष्टिकोणले अत्यन्त टाढा बसेका खसहरूको समेत चासो छ भन्ने प्रस्ट हुन आउँछ।

जितारी मल्लबाट सुरु भएको नेपाल मण्डलसितको खस राज्यको सम्बन्ध त्यसपछिका खस राजाहरूको लागि सजिलो बन्न पुग्यो। जतिबेला जितारी मल्लले नेपाल मण्डलमा आक्रमण गर्न आएको थियो त्यतिबेला नेपाल मण्डलमा राजाको रूपमा गद्दीमा अनन्त मल्ल थिए। युवराजको रूपमा उनी भन्दा आठ वर्ष जेठो जयादित्य देव कायम थियो। उनकै हालीमुहाली चल्थ्यो। यसले नेपाल मण्डलको हरेक क्षेत्र कमजोर बन्न पुगेको थियो। यस्तो अवस्थामा ने.स.४०८ पौषमा जितारी मल्लले नेपाल मण्डलमाथि आक्रमण गर्न आईपुगे। यसैलाई गोपाल राजवंशावलीले खसिया राजा जितारी मल्लले नेपाल मण्डल प्रवेश गरेको भनी विशेष महत्त्वका साथ उल्लेख गऱ्यो। स्वयम्भु नजिक भएको युद्धमा ३ सय ५० भन्दा बढी खस सेना मारिएपछि फुर्तिका साथ 'खसिया पलातेन' अर्थात् खसहरू भागे भनी उल्लेख छ। त्यसो त स्वयम्भुको यो युद्धभन्दा अगाडि नुवाकोटलगायत अन्य ठाउँहरूको युद्ध जितेर जितारी मल्ल यहाँसम्म आइपुगेको कुनै विवरण त्यहाँ दिएको छैन। करिब १८० कोश टाढाको जुम्लादेखि नेपाल उपत्यकासम्म आक्रमण गर्न आउनु भनेको तत्कालीन समयमा अति कठिनाईले भरिएको समय थियो भन्ने अनुमान गर्न सकिन्छ। आफ्ना ३ सय ५० सेना मारिएपछि यहाँका बासिन्दाहरू रसदपानी लुकाएर जंगलभित्र बनाएको वनदूर्ग भित्र पसेपछि रसदपानीकै अभावमा जितारी मल्ल लाचार भइ फर्केको गोपाल राजवंशावलीले उल्लेख गर्न चाहेन। सोही वर्षको फागुण महिनामा पुनः जितारी मल्ल दलबलका साथ नेपाल मण्डलमा आक्रमण गर्न आई पुगे।

यसपटक खस सेनाले भयङ्कर आक्रमण गरेकाले

यहाँका किल्लाहरू तोड्न गाऱ्हो परेन र बुंगमति दर्शन गरेर आनन्दका साथ स्वदेश फर्के। आफूले युद्ध जितेको हुँदा यहाँका शासकहरूबाट घरैपिच्छे, खेतैपिच्छे कर उठाई आर्थिक लाभसमेत लिएको अनुमान छ। किनभने यो भन्दा अगाडि डोय सेनाले पनि युद्ध जितेर यस्तै प्रकारले कर उठाएको इतिहासमा उल्लेख छ। यता दोस्रो आक्रमणको एक वर्ष बित्न नपाउँदै जितारी मल्लले तेश्रोपटक यहाँ हमला गऱ्यो। तेस्रो पटकको आक्रमण पहिलेको भन्दा अति भयङ्कर थियो। खस सेनाले नुवाकोटदेखि देवपटनसम्म सयर गरेको उल्लेख छ। ललितपुरको मणिगल किल्लालाई एक महिनासम्म घेराबन्दी गऱ्यो।

तर जितारी मल्लले तीनपटकसम्मको आक्रमण तत्कालीन नेपाल मण्डलको राजधानी भक्तपुरसम्म पुगेको देखिँदैन। यस युद्धमा कसको जित वा कसले हारेको भनी लेखाजोखा गर्नु भन्दा पनि जुम्लाजस्तो विकट अनि दुर्गम ठाउँबाट आजभन्दा ७ सय ३० वर्ष अगाडि दलबलसहित नेपाल मण्डलमा आक्रमण गर्न सक्नुबाट जितारी मल्लको इच्छा, आकाक्षां अनि जीजिविषा स्पष्ट हुन्छ। जुम्लाबाट कति दिनको बाटो भएर नेपाल मण्डलको राजधानी नजिक आइपुगे, खस सेनाको नेतृत्व जितारी मल्ल वा अरु कसैले गरेको थियो, अनि फौजको संख्या र हात–हतियारहरूबारे तथ्यबारे यकिन हुन सकिरहेको छैन।

त्यसो त जितारी मल्लको बाजे क्राचल तथा बुबा अशोक चल्ल एक से एक निपुण योद्धा रहेको प्रमाण त्यहाँका अभिलेखहरूबाट थाहा हुन आउँछ। जितारी मल्ल स्वयम्को नामबाट नै उनी हरेक युद्धका विजेता रहेको ज्ञात हुन्छ। त्यहाँ रहेका कतिपय अभिलेखहरूबारे स्पष्ट जानकारी नभए तापनि सैन्य प्रयोजनको लागि भाला, तरवार तथा धनु प्रशस्त प्रयोग हुने तथा अशोक चल्लको एक अभिलेखमा आफ्ना सैन्य दस्ताप्रति गर्वका साथ 'सर्वगामिनी बाहिनी' उल्लेख गर्नुबाट खस सेना मजबुत रहेको पुष्टि हुन्छ। उनको सेना मजबुत अनि संगठित भएकै कारण तीनपटकसम्म लगातार यहाँ आक्रमण गर्न सफल भएकोमा आशङ्का गर्नु आवश्यक छैन।

यता बुबा भन्दा छोरा पनि के कम। जितारी मल्लका छोरा आदित्य मल्लले ने.स. ४४१ (वि.सं. १३७८) चैतमा त तत्कालीन नेपाल मण्डलको राजधानी भक्तपुरको टिबुक्छेंस्थित त्रिपुर राजवासमा समेत आक्रमण गऱ्यो। उनैले पुनः ने.स. ४४६ (वि.सं. १३८४) फागुन चैतमा आक्रमण गर्दा भएको युद्धमा नेपाल मण्डलका शक्तिशाली शासक जयरुद्र मल्लको समेत मृत्यु भयो। जयरुद्र मल्लको मृत्युले नेपाल मण्डलको राजनैतिक भविष्य परिवर्तन भयो।

त्यस्तै खस राजा पुण्य मल्लले ने.स. ४५४ (वि.सं.१३९१) मा नेपाल मण्डलमा भयङ्कर आक्रमण गर्यो। यसरी जितारी मल्लले पहिलोपटक आक्रमण गरेपश्चात पुण्य मल्लसम्मको ४७ वर्षको इतिहासमा नेपाल मण्डलमा ६ पटकसम्म हमला भएको थियो। तर त्यसकाबीच ने.सं. ४३३ फागुनमा खस राजा रिपु मल्ल नेपाल मण्डलमा धार्मिक यात्रामा आउनु र ने.सं. ४७८ मा खस राजा पृथ्वी मल्लले काठमाडौं इटुंबहालका भिक्षु राजब्रम्हाश्रीलाई सिञ्जा बोलाई सुनको मसीले लेखेको शतसाहसिका प्रज्ञापारमिता लेख्न लगाएको घटनाले वास्तवमा खस राजाहरू बौद्ध धर्मप्रति आस्थावान भएको छर्लङ्ग हुन्छ। यस्ता कैयौं उदाहरणहरू गोपाल राजवंशावलीबाट प्राप्त हुन्छ। गोपाल राजवंशावलीको सानो प्रमाणबाट खस राज्यको नेपाल मण्डलसितको अनौठो सम्बन्ध उजागर हुने अवस्थामा खस राज्यसित सम्बन्धित सम्पूर्ण प्रमाणहरूको गहन अध्ययन अनुसन्धान हुनु जरुरी छ।

**सहयोगी सामग्रीहरू**


१. दि गोपाल राजवंशावली, धनबज्र बज्राचार्य –कमलप्रकाश मल्ल

२. कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा – धनबज्र बज्राचार्य

३. पूर्णिमा अंक ६०

४. पूर्णिमा अंक १३४

५. कर्णाली प्रदेश एक बिटो अध्ययन –भीमप्रसाद श्रेष्ठ

६. हिमवत्संस्कृति, वर्ष १ अंक १


**चिनियाँ नीतिकथा**

## पैसाको पीर

युङचओ गाउँका बासिन्दाहरू पौडी खेल्न निक्कै सिपालु थिए। एक पल्ट त्यहाँ बाढी आएको थियो। पाँच छ जना गाउँलेहरूले एउटा सानो डुँगामा बसेर नदी तर्ने निधो गरे। नदीको माझमा पुगेपछि डुँगा फुट्यो। तर सबै जना पौडन जान्ने हुनाले उनीहरू पौडी खेल्दै नदी तर्न थाले। उनीहरूमध्ये एक जना मानिस पौडन अरुभन्दा सिपालु थियो। तर ऊ अरुभन्दा पछि पर्न थाल्यो। उसका साथीहरूले किन पौडन नसकेको भनेर सोधे।

'मेरो कम्मरमा चाँदीको एक हजार सिक्क बाँधिएको छ। त्यसैको भारले गर्दा म पछि पर्दैछु।' उसले भन्यो।

'त्यसो भए कम्मरमा बाँधेको पैसा तुरुन्तै फ्याँक, नत्र तिमी डुब्नेछौ।' उसका साथीहरूले उसलाई सल्लाह दिए। तर उसले पैसा फ्याँक्न मानेन।

उसका सबै साथीहरू नदीको किनारमा आउँदा पनि ऊ नदीको माझमै थियो। साथीहरूले हेर्दाहेर्दै ऊ पानीमा डुब्न लाग्यो। साथीहरू चिच्याए, 'कम्मरको पैसा फ्याँक र आफ्नो ज्यान जोगाऊ। मरेपछि पैसाको के काम ?'

तर उसले पैसा फ्याँक्न मानेन। पैसासँगै ऊ पनि पानीमा डुबेर बेपत्ता भयो।

# काव्य सिर्जना लोकजीवनको दृष्टान्त र देशको चित्र-(४)

विगोल

पहिले पहिले मान्छेको शरीरमा अनेकानेक खतिरा आउँथ्यो। विफर (त:कै), ठेउला (खिचा कै) र (दादुरा कै) ले हैरान पार्थ्यो। खतिरा अरुलाई सर्थ्यो, पिर्थ्यो, कति समयमा उपचार नपाएर मर्थे। त्यसबेला औषधि उपचारको बन्दोबस्त थिएन। एक समय उपत्यकामा विफरको महामारी फैलियो। विफरकै कारण बालबालिका मर्न थाले। राजा रणबहादुर शाहका उत्तराधिकारी गीर्वाण युद्ध विक्रम शाहलाई विफर सर्ला र मर्ला भन्ने आशङ्काले रोगबाट प्रताडित बालबालिकालाई तामा खुसी (खोला) मा पुऱ्याएर फाल्ने हुकुम जारी गरिएको सम्बन्धी गीत हो – सितला माजु।

यो गीत पनि उपत्यकाको नेवार समुदायमा त्यत्तिकै नामुद छ।

**सितला माजु**

सितला माजु स्वहुने परजाया गथिन हवाल।धु।
न्यना मदु खना मदु कचि मचा तय मदु
महाराजाया हुकुम जुल।१।
नायखिन बाजन थायका सिपाहीन घेरे याका
कचि मचा पितिनाव छोत।२।
नसा बजि व्यकुंच्यासे कचिमचा लुकुछिसे
वने माल तामाखुसि पारि।३।
छम्ह मचा लुकुछिसे, छम्ह मचा व्यकुंच्यासे
छम्हा मचा लुतुलुसे यने।४।
यँ देशं दना वना खोपं देश वास जुल
तलेजु माजु दरसन याये।५।
खोप देशं दना वना बदेपास वासजुल
चण्डेश्वरी दरसन याये।६।
वदेपास दना वना पलाँचोस वास जुल
भगवती दरसन याये।७।
पलांचोक दनावना दोलालघाते वास जुल
भीमसेन दरसन याये।८।
दोलालघातं दना वना तामाखुसि वास जुल
वनेमानि तामाखुसि पारि।९।
दोलखा देसं दना वना तामाखुसि पारिथ्यन
महादेव दरसन याये।१०।
नययात नसा मदु तिययात वस मदु
चोनेयात जित वास मदु।११।
लखि मखु पसि मखु न्हाकं प्वाचं दाया हल
सिपाहीनं घेरे याना हल।१२।
कइविम्हा कछलामाजु लख जायकिम्ह सितलामाजु
यनकिम्हा वछलामाजु याके फोने।१३।
थ्वहे मचा रहे जुसा जोलिंजोल बखुन बोयके
लुँयागु ओयागु द्वाफो स्वान छाये।१४।
सुरज कोमजो थास चिकु पुना मचासित
माम बुवं नुग दाय खोल।१५।
सिम्हा मचा उयमदु मचा गाले थुने मदु
परजाया गथि हवाल।१६।
बाम्ह मचा माम जोसे वाम्ह मचा बुबं जोसे
तामाखुसि कुतकाव छोत।१७।
स्वामि जुजुया धर्म मदुया कचि मचा वाके छोत
वानेमाल तामाखुसि पारि।१८।
नेपालया छत्रपति श्री रणबहादुर शाह
परजान अति दु:ख सिल।१९।
मते मते सितला माजु सहस विनति छिके
याहुने लोक उधार।२०।

एक समय उपत्यकामा विफर महामारीको रूपमा फैलिएको थियो। विफरबाट बालबालिकाहरू मर्न थालेपछि त्यो रोग राजा-महाराजाका सन्तानहरूलाई सर्ला र मर्ला भन्ने चिन्ता दरवारमा पनि भयो। त्यही चिन्ताले राजा रणबहादुर शाहले विफरबाट प्रताडित जनताका छोराछोरीलाई सिपाहींको घेरामा राखेर तामा खोलामा फाल्ने हुकुम हुन्छ। कहिले नसुनेको, कहिले नदेखेको कुरा राजाबाट हुकुम भएपछि विफर रोग लागेका आफ्ना सन्तानलाई उपत्यका बाहिर लगेर जिउँदै खोलामा फाल्नुपर्ने बाध्यताको चित्रण यो गीतमा उल्लेख छ।

त्यसबेला गाडीको बन्दोबस्त थिएन। कहीं जानुपर्यो भने हिंडेरै जानुपर्थ्यो। त्यसबेला राजाको हुकुम नमाने अर्कै सजाय हुन्थ्यो। विफर लागेका सन्तानलाई तामाखोलासम्म बोकेर लानुपर्थ्यो। रोगले पीडितमात्र होइन रोग नलागेका अरु आफ्ना सन्तान, आफ्नो लागि खानुपर्ने खानेकुरा, खानेकुरा राख्ने सामानसँगै ठाउँ-ठाउँमा सुत्न आवश्यक पर्ने अन्य सामान

लानु पर्दा कति समस्या भोग्नुपर्ला भन्ने त्यसै अनुमान गर्न सकिन्छ। त्यसमाथि जिउँदो सन्तान जिउँदै खोलामा फाल्नुपर्नेजस्ता मुटु नै फुट्लाजस्तो पीडा सर्वसाधारणले पाएका थिए। बाटाभरि रुँदै दुःखको आँसु पिएर जीवन बिताउँदाको त्यो क्षण सम्झँदा अहिले पनि आङसिरिङ्ग हुन्छ। राजाहरू कति निर्दयी, निरङ्कुश र संस्कारविरोधी रहेछ भन्ने कुरा 'सितलामाजु' को गीतले छर्लङ्ग पार्छ।

सरकारको काम शासन गर्नुमात्र होइन, सेवा गर्नु पनि हो। महामारीको रोग फैलेपछि आवश्यक औषधि उपचारको व्यवस्था गर्नुपर्थ्यो, रोग निदान गर्ने उपाय खोज्नुपर्थ्यो। उपत्यकामा नभए विदेशबाट भए पनि औषधि र चिकित्सक टोली झिकाएर उपचार गर्नुपर्थ्यो। त्यस्तो कुनै उपाय नखोजी जिउँदै फालेर मार्ने राजाको हुकुम अमानवीय, हिंस्रक र निन्दनीय देखिन्छ।

बाटोमा जाँदाजाँदै कति बालबालिका भोक, रोग, चिसोले मरे। आमाबाबुहरू छटपटिए, मुटु जल्यो। मरेको बच्चा जलाउन र पुर्न नपाउने र तामाखोलामै लगेर फाल्नुपर्ने यो गीत करुण रसले भरिएको विरहको गीत हो। राजा रणबहादुर शाहले जनतालाई दिएको उक्त दुःखबाट मोचन गर्न सितलामाजु (देवी) सँग अनुनय विनय गरे पनि कुनै दया चल्दैन। एक अक्षम्य अपराधीलाई जस्तै पशु व्यवहार गरिएको यो हृदयविदारक गीतले त्यस समयको देश र सरकारको शासन शैलीको चित्रण गरेको बोध हुन्छ।

एउटा बच्चा काँधमा, अर्को बच्चा हातमा र अर्को बच्चालाई घिसारेर लाँदै काठमाडौं छोडेर भक्तपुरमा वास हुन्छ र तलेजुको दर्शन गरिन्छ। त्यसपछि बनेपामा चण्डेश्वरी, पलाञ्चोकमा भगवती, दोलालघाटमा भीमसेन, दोलखामा महादेवको दर्शन गरी अन्ततः तामाखोला पुग्छ। तामाखोला पुग्नुअघि खाना, लुगाफाटा र वासको समस्याको चित्रण पनि गीतमा उल्लेख गरिएको छ। तामाखोला पुगेपछि आखिर आफ्ना सन्तानलाई आमा-बाबुले समाई खोलामा फाल्छन्। महाराजको धर्म नहुँदा जनताले छाती पिटी पिटी रोएको प्रसङ्ग गीतमा उल्लेख छ।

गीतहरू शोक पीडाका मात्र छैनन्। प्रकृतिको सौन्दर्य वर्णन, भू-बनोटको चित्रणसँगै महिना-महिनामा फुल्ने फूलको वर्णन गरिएका गीत पनि छन्। अज्ञात कवि र लोकगायकहरूले रचेका फूलसम्बन्धी गीत अहिले पनि समाजका लोकगायकहरू बेलाबखत पाटी, पेटी र घर खेतमा बसी गुनगुनाउँछन्। तर यस्ता नेपालभाषाका गीतमा नयाँ पुस्ताको ध्यान नगएको हुँदा ती गीतहरू गाउनेको सङ्ख्या नगन्य देखिन्छ। लोकगायकहरूको जीवनसँगै गीत गाउनेहरू पनि लोप हुँदै जाने स्थिति छ। फूलसम्बन्धी गाइने गीत यहाँ प्रस्तुत छ–

गुलि त फसात विय तेना कृष्ण
दरसन बिव जित करुणा तयाव।धु।
चैतस अजुस्वाँ होया चोन वनसं
वैशाख चुवास्वान गुलाफ वचु स्वाँ
जासे वल सिमाया वसन्तया यौवन
गथे सहयाये प्रभु छि विनान रे।१।
जेष्ठस चमेली चस्वान जिल स्वां
आषाढ सिनाज्या होयाचोन चम्पा स्वां
गृष्मया तापन सहलपे मफया
याना बिव प्रभु छिन शीतल ननारे।२।
श्रावण मास सुकंदरराज
भाद्र व पलेस्वान, उफोल चवोस्वां
वर्षाया ऋतुस न्ह्यावल समुद्र
मिखास खोबि हाल छिगु विरहन रे।३।
आश्विन तुलसी लवं जिफो स्वान
कार्तिक ग्यान थकु गोदावरी स्वान
शरद ऋतुस चन्द्रमाया तेजन
उइनीथें नेन प्रभु छिगु विरह रे।४।
मंसिर केवल होया चोन द्वाफोलस्वां
पौषस बखुमद सिन्हास मधुस्वां
हेमन्त ऋतुस चिकु सहयाय मफु
सहयाना चोना प्रभु छिगु आशानरे।५।
माघस मीकु स्वां फार्गुन तकु स्वां
शिशिरया सिमाहः फसं हायका बिल रे
रंग म्हितमन छिके जुल प्रभु
पूरन याना बिव जि मनया आशा रे।६।

यस गीतमा ६ ऋतुको वर्णन र सो समयमा फुल्ने विभिन्न फूलहरूको वर्णन गरिएको छ। वसन्त ऋतुको चैतमा अजुस्वां, वैशाखमा चुवास्वां र गुलाफ गृष्मको जेठमा चमेली र जिल स्वां, असारमा चम्पा स्वां, वर्षा ऋतुको साउन र भदौमा पले स्वां र चवो स्वां फुल्ने उल्लेख छ। त्यस्तै शरद् ऋतुको असोजमा तुलसी, जिफो स्वां, कार्तिकमा गोदावरी स्वां, हेमन्तको मंसिरमा द्वाफो स्वां, पुसमा मधु स्वां र शिशिरको माघमा मीकु स्वां र फागुनमा तकु स्वां फुल्ने उल्लेख गरिएको छ। त्यसो त यहाँ गीतमा उल्लेख भएका फूलमात्र फुल्ने होइन। यसबाहेक अन्य धेरै प्रजातिका रङ्गीविरङ्गी सुगन्धित फूलहरू फुल्छन्।

गीतमा ऋतुको नाउँ र ऋतुको सङ्क्षिप्त विशेषताको वर्णन छ। वसन्तमा रुखमा नयाँ पात पलाएर हरियाली

छाउने र रङ्गीचङ्गी फूल फुल्ने, गृष्मको टन्टलापुर घाम, वर्षाको बाढी पहिरोको चित्रण गरिएको छ। शरद् ऋतुमा देखिने चन्द्रमाको तेज, हेमन्तमा हुने जाडो, शिशिरमा हावाले रुखका पातहरू झर्ने वस्तुस्थितिको वर्णन गरिएको छ।

ललितपुरको ओकु बहालमा जन्मेका सुन्दरानन्द बाँडा एक बौद्धिक पण्डित हुन्। पुराण नीति, वंशावली र अभिलेखमा रुचि राख्ने एवम् अध्येता बाँडा नेपालभाषा, संस्कृत, नेपाली र हिन्दी काव्यको सृजना गर्ने पहिलो कवि मानिन्छ। उनले राजेन्द्रविक्रम शाह, रानी त्रिपुरासुन्दरी, काजी भीमसेन थापाको मात्र होइन पृथ्वीनाराण शाहसम्मका कीर्तिगाथाको दुःखसुखका गीतहरू रचेका थिए।

राजा धोजा बजारया सहज हरिहरं देवता वर्ग बर्लाक्
मानी शानी धनी हाय् पर पुर हरणे छाकगू कण्टक सः
श्री राजा राज राजेन्द्र जुजु जुग जुग आयु, लायु थ्व युक्ति
काजी साजीस जिला मदु मदु एक हे धनी धन्य धन्य धन्य।

यो राजा राजेन्द्रको दीर्घायुको कामना गर्दै लेखिएको गीत हो। राजा राजेन्द्रविक्रम शाह गीर्वाणयुद्ध विक्रम शाहका छोरा थिए। उनी दुई वर्षको उमेरमै राजसिंहासनमा बसेका थिए। उनको अभिभावकत्व रणबहादुर शाहकी कान्छी महारानी त्रिपुरासुन्दरी देवीले सम्हालेकी थिइन्। राज्यको प्रशासनमा भीमसेन थापाको महत्त्वपूर्ण योगदान थियो। रानी त्रिपुरासुन्दरीको मृत्युपछि भीमसेन थापाले शासन चलाएका थिए। तर विरोधीहरूको षड्यन्त्रले गर्दा भीमसेन थापा अङ्ग्रेज सरकारको दृष्टिमा विरोधी देखिए। साम्राज्यलक्ष्मी देवीका कान्छा राजकुमार देवेन्द्रविक्रम शाहको निधनको विषयलाई लिएर भीमसेन थापामाथि मुद्दा लगाइयो। विष सेवन गरेर मारिएको अभियोगमा जेलमा हालियो। उनलाई दोषी ठहऱ्याउन सकिन तर षड्यन्त्र जारी रह्यो। इतिहासमा भीमसेन थापा आफैले आफैलाई आत्महत्या गराउने षड्यन्त्र रचेको पनि उल्लेख छ। भीमसेन थापा जेल छँदै आफ्नो स्वास्नीलाई नाङ्गै सहर घुमाउने समाचार पनि पठाइयो। भीमसेन थापाले जेलमा १८९६ साउन ८ गते आफैले खुकुरी प्रहार गरेको र साउन १६ गते निधन भएको पनि पढ्न पाइन्छ। कुनै इतिहासमा कारागारको ढोकाको ऐना फुटाली सोही ऐनाको टुक्राले सेरिएर मरेको पनि उल्लेख छ। स्वाभिमानी देशभक्त, निडर भीमसेन थापाले आत्महत्या गर्नै सक्दैन भन्ने अर्कोथरीको मत पनि छ। राजेन्द्रविक्रम शाह आफू षड्यन्त्र कारीहरूको लहैलहैमा लागेर कुकर्मको प्रायश्चित गरेको र थापा पक्षधरलाई पुनः शासन दिन कान्छी महारानी राज्यलक्ष्मी देवीलाई अधिकार सुम्पेको प्रसङ्ग पनि इतिहासमा उल्लेख गरिएको छ।

पत्थरघाट जङ्गलमा शिकार खेल्न गएका प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको निधन हुँदाको स्मरणमा पनि गीत रचना गरिएको पाइन्छ। त्यसबेलाका एक शक्तिशाली, प्रभावशाली र देश विदेशमा परिचित अङ्ग्रेजभक्त राणाको निधन हुँदाको शोक गीतको एक अंश यहाँ प्रस्तुत छ।

हाय हाय जङ्गबहादुर प्रभु
गुसल गुय न्हस सहकाल सिकारस
वन झाल पंछि बाघ मेया किसिया सिकार हाय
दको लोक खोयकाव गथे छिन स्वरगे जुया दिल
फारगुन त्रियोदर्शी आदित्यबाट पेघु घौ वाकि
पतृ (पत्थर) घात (ट) वाघमति छिनभर सौराय जुय दिल हाय।

वि.सं. १८७४ असार ७ गते जन्मेका अङ्ग्रेजभक्त जङ्गबहादुर राणाले आफू प्रधानमन्त्री बन्न अनेक षड्यन्त्र गरे। उनले वि.सं. १९०२ जेठ २ गते प्रम माथवरसिंह थापाको हत्या गरे। हत्याको दोष राजा रानीमाथि थोपर्ने प्रयास गरियो। माथवरसिंहको हत्यापछि फत्तेजङ्गलाई प्रम बनाइयो। जङ्गबहादुरको योजना असफल भयो। फतेजङ्ग प्रम भएपछि दरबारमा गननसिंहको दबदबा बढ्यो। अङ्ग्रेज सरकारकै सहयोगमा गगनसिंहलाई हटाएर जङ्गबहादुरलाई प्रम बनाउने फेरि षड्यन्त्र रचियो। त्यही षड्यन्त्रबाट वि.सं. १९०३ मा पूजामा सामेल भइरहेको बेला गोली ठोकी हत्या गरियो। गगनसिंहको हत्यापछि दरवारमा हल्लाखल्ला मचियो। हत्यारा पत्ता लगाउन सैनिकहरूले राजदरबार घेरे। सैनिक, राजारानी र अन्य कर्मचारीहरू कोतभित्र पसे। हत्यारा खोजीकै क्रममा युद्धवीर अधिकारीले अभिमानसिंहलाई मारे। अभिमान सिंहले गगनसिंहको हत्यारा जंगबहादुर नै हुन् भनी प्राण त्याग गरे। यसरी हत्याराको खोजीमा धेरैको रगत बग्यो। अन्त्यमा जङ्गबहादुर राणालाई प्रधानमन्त्री र प्रधानसेनापति बनाइयो। यसरी देशमा राणाशासनको उदय भयो। पछि वि.सं. १९३३ मा पत्थरघाटमा उनको मृत्यु भयो।

मायादेवीका छोरा सिद्धार्थको चरित्र र उपदेशबारे पनि उहिल्यै गीत रचना गरिएको पाइन्छ। सिद्धार्थ गौतमबारे चर्चा गरिएको एक गीत यहाँ प्रस्तुत छ–

मायादेवीया काय अतिनं सुन्दर जगत संसार रक्षायाक लुंयाउन
शरीरस लक्षण लसिकल रे गेरु वसतनं अतिक लोव।१।
पल्य हल थिन्य मिखा वानलाक वसरे।
कुली कुली सं दुम्ह वम्ह भगवान।२।

परहितयाय गुलि अति नं रस यावरे ।
ग्वम्ह ग्वम्ह दुःखि जुल वम्ह स सुखीयाक ।३।
जोग ध्यान कथास सहस्र तिरी वलरे ।
पिरतिस भावन निसुजुयाक ।४।
विषयस लोभ मदु पसया नित्य हर्षरे ।
अनुत्तर बोधि पद लाना विज्याक ।५।
नेपालया ईश्वर श्री निवास मल्ल दुःखिजन जगतया आसा ।
मायादेवीया काय ।६।

सिद्धिनरसिंह मल्ल राजकाज छोडेर कासीवास गएपछि उनका छोरा निवास मल्ल पाटनका राजा भए । नेपाल संवत् ७४७ मा जन्मेका निवास मल्ल ८०७ मा बितेका थिए । करिब २५ वर्ष शासन गरेका उनले आफू जीवित छँदै छोरा योगनरेन्द्र मल्ललाई शासनको जिम्मा दिए । त्यसबेला कान्तिपुरमा प्रताप मल्ल र भक्तपुरमा जगतप्रकाश मल्लको शासन थियो । उनले छरछिमेकका देशहरू भक्तपुर, काठमाडौं, मकवानपुर, गोरखा, तनहुँ आदि देशका राजाहरूसँग मित्रताको सम्बन्ध राखी शान्ति सुव्यवस्था गरेको चर्चा इतिहासमा पाइन्छ । यसअघि काठमाडौं, भक्तपुर र पाटनका राजाहरूबीच झगडा भएर सम्बन्ध चिसिएको थियो । राजा निवास मल्लले नै मच्छिन्द्रनाथ मन्दिरको जीर्णोद्धार गरेर पूजा पाठको लागि गुठीको व्यवस्था गरे ।

गीतमा निवास मल्ललाई दुःखी जनताका भरोसाको राजाको रूपमा वर्णन गरिएको छ ।

राजकुमार सिद्धार्थले मानवको रक्षा गर्न, जनतालाई सुखी बनाउन, शान्तिको सन्देश छर्न दरबार त्यागेका सिद्धार्थको आफ्नो कुनै लोभ र स्वार्थ नभएको गीतमा उल्लेख छ । हृदयदेखि नै दुःखीहरूको सेवा र माया गर्ने उनको ध्येय रहेको गीतले प्रस्ट पारेको छ ।

एक समय कपिलवस्तुमा शाक्यवंशका राजा शुद्धोदनको शासन थियो । शुद्धोदनका मायादेवी र प्रजापति दुई रानी थिए । रानी मायादेवीबाट सिद्धार्थको जन्म भयो । सिद्धार्थ जन्म भएको सातौं दिन रानी मायादेवी परलोक भइन् । बालक राजकुमारको पालनपोषणको काम प्रजापति गौतमले गरिन् । सिद्धार्थ १६ वर्ष पुगेपछि राजा शुद्धोदनले उनलाई यशोधरासँग विवाह गराए । उनीबाट पुत्ररत्न प्राप्त भयो । उनको नाम राहुलकुमार राखियो ।

२९ वर्षको उमेरमा सिद्धार्थले जगत उद्धारका निम्ति राज्य सुखभोग सबै छाडी महाभिनिष्क्रमण गरे । हिजोसम्म रसरङ्गमा भुलेर हर्ष ध्वनिमा डुबेका राजदरबार छोडेर बाहिर निस्कंदा प्रजापति गौतमी, यशोधरादेवी सहित दरबारका सदस्यहरू विरहको सागरमा डुबे, नगरवासीहरू चिन्तित भए । सिद्धार्थ भिक्षु भेष धारण गरी नजिकैका मल्ल राजाहरूका अनुप्रिय नामको आम्रवनमा एक हप्तासम्म प्रवज्या सुख अनुभव गरेर बसेको वर्णन छ । पछि सिद्धार्थ पुत्र राहुललाई पनि प्रव्रजित गर्ने काम भयो । बुबा सिद्धार्थ गौतमसँग सम्पति माग्न गएका राहुललाई संसार यात्रामात्रै बढ्ने लौकिक धन दिने इच्छा नगरी संसार यात्रा समाप्त भई निर्वाण सम्पति प्राप्त हुने सप्तार्य धन दिने इच्छा राखी प्रव्रजित गरे । यसरी सिद्धार्थ चरित्र र उनको योगदानबारे चर्चा गरिएको गीत पनि लेखिएको पाइन्छ ।

**सन्दर्भ सामग्री**

पुलांगु म्ये : प्रकाशकः नेपाल भाषा परिषद्
नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन– लीलाभक्त मुनंकर्मी
बाखं म्ये– प्रेमबहादुर कसा
मल्ल शाहकालया मेः सङग्रहकर्ताः मानदास तुलाधर



## जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखं

## सांगलअलए हरिण्

सिकारि खिचात छ बठा नं हरिण छम्हसित लिना गुं पिख्याना हल । व हरिण् ग्याना सतिले चोंगु बुँइ चोंगु छे ब्वांवना, वासा तैतगु गोठे सु दोके सुचुका चोंवन । ‘छाए छ थथिन्यागु थासे वया, थन छं निसंदेह काल् नापलाका चोनि’ धका वासां वइत धाल । ‘ए, छं जित भतिचा जक सुचुका चोने त भर ब्यूसा, जियाकनं थगु लं वने’ धका व हरिणं वइत धाल । ख्यूँया वल अले बुँइ चोंपिं मनुष्य द्वाहा प्याहा जुल, तर अमिसं व हरिण इत खंके मफु । अकिं आला तोता वने जिइन धका वं मती तल । ‘आसे, भतिचा लँना चो, थो बुँ थुवा वइ तुनि, व थन वल धासानं छंगु ज्यान् या निंतिं जिं थो सु लिकाएके बीमखु’ धका व वासां धाल । व वासां थए धाया चोंबले लाका व मनु वया गोठे सो व बले वं हरिण् इत खना, वइत लाना यंकल ।

अस्थिर बुद्धि पिंतं हे आपा फाइदा जुइ । हाकनं थमनं विचार याना थें थ ज्यायाकेत तया तया पिसं विचार याना ज्या याइ मखु । सुइतं फाइदा मजुइगु ज्या दइहे मखु ।

(मल्लजुया ‘ईसपं दयकातगु बाखं, नेसं. १०३५’ सफुलिं)

नागरिक भावना

# नियम

हेमन्त

पुष महिनाको सिरेटोले गर्दा कोही बटुवाहरू लुगलुग काम्दै आफ्नो गन्तव्यतिर जाँदै थिए त कोही रामचाको चिया पसलमा लुसुक्क पस्दै थिए। त्यो चिया पसलमा चिया खान बस्दा जिल्लामा घटेका नयाँ-नयाँ घटनाहरूको जानकारी पाउनुका साथै विभिन्न विषयहरूमा छलफल गर्न पाइन्थ्यो। त्यसकारण रामचाको चिया पसल साह्रै नै जनप्रिय थियो।

- हाम्रो नगरपालिकाले नगरवासीहरूलाई करको बोझ बोकाउने बाहेक अरु के नै राम्रो गऱ्या छ र ! मेरो घरमा धारा जडान गर्न सिफारिस लिन जाँदा सफाई शुल्क तिरेको प्रमाण चाहिन्छ भन्दै सिफारिसै दिएन। आफूलाई चाहेको बेलामा 'कोरीको पनि खुट्टा मोल्नुपर्छ' भन्ने कुरा सम्झेर वार्षिक रु. ३०० को दरमा १० वर्षको सफाइ शुल्क तिरें। फेरि घरको नक्सा पास पूर्जिको फोटोकपी पनि निवेदनमा नत्थि गर्नुपर्छ भनेपछि मेरो पारा चढिहाल्यो। पाइतलादेखि चढेको मेरो रिस टुप्पीसम्मै पुग्यो। मेरो आँखाले देख्न छाड्यो। झन्दै कर्मचारीहरूसँग हात हालाहाल हुन खोज्याथ्यो, आफ्नो रिसलाई काबुमा ल्याई घमासान युद्ध हुनबाट बचाएँ।'

सुकुचाले व्यक्त गरेका असन्तोषका अभिव्यक्तिहरू सुनेर दुई हातले गिलास च्याप्दै चियाको स्वाद लिंदै गरेका स्थानीय युवाहरू गलल्ल हाँसे।

- लौ भन्नुस् त भाइ हो। मेरो भनाई ठीक छ कि छैन ? युवाहरूतिर लक्षित गर्दै सुकुचाले प्रश्न गऱ्यो। युवाहरूले कुनै जवाफ फर्काएनन्। ऊ कराइरह्यो। हरेक दिन त्यस चिया पसलमा चिया खान बस्दा नगरपालिका विरुद्ध बोल्नु उसको दैनिकी जस्तै रहेछ। उसले व्यक्त गरेको वाक्य स्थानीय युवाहरूलाई पचेको थिएन।

- ए सुकुदाई। तिम्रो घरबाट फोहर निस्कन्छ कि निस्कँदैन ? एकजना युवाले नम्रताका साथ प्रश्न गऱ्यो।

- निस्कन्छ, किन ननिस्कनु ! सुकुचाले सजिलै जवाफ दियो ।

- तपाईको घरबाट निस्केको फोहर निश्चित ठाउँमा पुऱ्याउनुभएको छ कि छैन ? युवाले फेरि प्रश्न गऱ्यो।

- दोबाटोमा फ्याँक्ने गऱ्या छु। सबैले त्यहीं फ्याँक्छन्। सुकुचाले गर्वका साथ जवाफ फर्कायो। सबै युवाहरू हास्न थाले। सुकुचा रातो-नीलो भयो।

- तपाईंले फ्याँकेको फोहर कसले उठाउने गर्छ थाहा छ ? युवाले कस्न थाल्यो।

- त्यो त नगरपालिकाले उठाउने गर्छ नि। सुकुचाले निर्धक्कसाथ जवाफ दियो।

- फोहर गर्नेले सफा गर्नुपर्छ कि पर्दैन ? युवा जंगियो।

- जसले सफाई शुल्क लिन्छ, त्यसले सफा पनि गर्नुपर्छ।

- सुकुचा पनि के कम उसले पनि नगरपालिकाको कर्तव्यबोध गरायो।

- सुकुदाई ! तपाई नगरवासी हो कि होइन ? अर्को युवाले प्रश्न गऱ्यो।

- यो नगरमा पाँच पुस्ता बिताई सकें। म नगरवासी हो कि गाउँवासी हो भाई आफै बुझ्नुस्। सुकुचा अघिभन्दा जोसिंदै गम्कियो।

- सुन्नुस् सुकुदाइ ! हाम्रो नगरापलिका हामी नगरवासीहरूको आफ्नै संस्था हो भन्ने कुरा मनमा लिनुपर्छ। त्यहाँका नीति-नियमहरू हामीले नै बनाएका हौं भन्ने बुझ्नु पर्छ।

तपाईंले तिरेको तीन सय रूपैयाँ हिसाब गर्दा दैनिक बयासी पैसा मात्र तपाईंले सफाइमा खर्च गरेको देखिन्छ। के बयासी पैसाले तपाइको फोहर सफा गर्न पुग्छ ? हाम्रो नगर हामीले नै सफा गर्नुपर्छ भन्ने भावना बोकेर सबै नगरवासीहरू सफाई अभियानमा जुटेको हुँदा आज नगर सफा देखिएको हो। के तपाई आजसम्म आफ्नै टोल सफा गर्ने अभियानमा कहिल्यै सहभागी हुनुभएको छ ? फोहर गर्ने काम नगरवासीको र सफा गर्ने काम नगरपालिकाको हो भन्ने भावना तपाईंले बोक्नु राम्रो होइन। अर्को कुरा मनपरी सिफारिस गराउन हामीले जनप्रतिनिधि चुनेका हौं र ? नक्सा पासै नगरी घर निर्माण गर्नु अपराध होइन ? त्यस्तालाई दण्ड सजाय दिनु पर्दैन ? लौ आफै भन्नुस् ? विहान-विहान सधैं नगरपालिकाको विरुद्ध बोल्नु राम्रो हो ? नगरपालिकाको नियममा बस्न मन नपरे नगर छोड्नु राम्रो हुन्छ। बस्ने इच्छा भए नियम पनि पालना गर्नुपर्छ। बुझ्नु भयो सुकुदाई !

सुकुदाइको बोली बन्द भयो। उ निहुरियो । अन्तमा चिया पसलबाट बाहिरिँदा आत्मालोचना गर्दै भन्यो - साँच्चै नियममा बस्नु पर्दोरहेछ।

# भक्तपुर नगरपालिका क्षेत्रभित्रका पाटी विवरण

भक्तपुर नगरपञ्चायतबाट २०३१ सालमा संकलन गरिएको भक्तपुर नगरभित्रको पाटी विवरण यस अङ्कदेखि पुनः प्रकाशन गरिएको छ। यो विवरण २०३१ साल जेठ ३ गतेदेखि भाद्र ९ गतेसम्म श्री रामचन्द्र श्रेष्ठले वडा नं १ देखि ९ सम्म र श्री सूर्यप्रसाद श्रेष्ठले वडा नं. १० देखि १७ सम्म संकलन गर्नुभएको हो। यस विवरणलाई भक्तपुर नपंको प्रकाशन 'पञ्चायत' (मासिक) मा वर्ष २ अङ्क ९, २०४१ देखि वर्ष ५ अङ्क ४, २०४३ सम्मका विभिन्न अङ्कमा प्रकाशित गरिएको थियो। २०७२ सालको भूकम्पपछि यस विवरणलाई पुनःप्रकाशित गर्नु सामयिक देखिएकोले क्रमशः प्रकाशन गरिएको छ - 'भक्तपुर')

| वडा न. ४ (हाल वडा न. १०) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७१ | मूलढोका लांचा फलेचा | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | उत्तर दक्षिण कवल १,१ | वर्ष २, २०४१ अंक ११,१२ |
| ७२ | मूलढोका जीतपुर जाने चौबाटो | बाटो | खेत | पाताल | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ... उत्तर दक्षिण १,१ | वर्ष २, २०४१ अंक ११,१२ |
| ७३ | मूलढोका पदमको घर दायाँतिर | घर | बाटो | पाताल | बाटो | सार्वजनिक | भत्की पाताल भई उत्तरतर्फ पर्खालमात्र बाँकी देखिएको जनताको राय अनुसार दक्षिणतर्फ दलान कवल १,१ | वर्ष २, २०४१ अंक ११,१२ |
| ७४ | मूलढोका फत्तेबहादुरको घर देखि पूर्वतर्फको कलधारा जोडिएको | पाताल | घर र बगैंचा | बगैंचा | बाटो | सार्वजनिक | भत्की पाताल भई उत्तर र पश्चिमतर्फ पर्खाल मात्र बाँकीदेखिएको, दक्षिणतर्फ दलान कवल ३, पूर्वतर्फ २ चिन्ह देखिन्छ | वर्ष २, २०४१ अंक ११,१२ |
| ७५ | थालाछें च्वाकं फल्चा | बाटो | पाताल | पाताल | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, उत्तर १, दक्षिण ५ | वर्ष २, २०४१ अंक ११,१२ |
| ७६ | थालाछें महालक्ष्मी पछाडि | घर | चोक | बगैंचा | बाटो | सार्वजनिक | दक्षिणतर्फ कवल ७, पश्चिमतर्फ दलान कवल ९, उत्तरतर्फ ३ | वर्ष २, २०४१ अंक ११,१२ |
| ७७ | थालाछें | घर र चोक | बाटो | बाटो | बाटो | सार्वजनिक | दक्षिणतर्फ कवल १, माथि सत्तल | वर्ष २, २०४१ अंक ११,१२ |
| ७८ | थालाछें | घर र पाताल | बाटो | बाटो | पाताल | सार्वजनिक | पश्चिमतर्फ दलान कवल २, उत्तरतर्फ ३ | वर्ष २, २०४१ अंक ११,१२ |
| ७९ | थालाछें | बाटो | बाटो | बाटो | ढुंगेधारा | सार्वजनिक | पूर्व-पश्चिम दलान कवल २,२ उत्तरतर्फ ५ | वर्ष २, २०४१ अंक ११,१२ |
| ८० | थालाछें महालक्ष्मी द्योछें घरको दायाँतर्फ | घर | बाटो | बाटो | महालक्ष्मीको द्योछें घर | सार्वजनिक | पश्चिमतर्फ दलान कवल ३, उत्तरतर्फ २, माथि घर | वर्ष २, २०४१ अंक ११,१२ |
| ८१ | थालाछें गणेश वातांकछीको घरदेखि उत्तरतर्फ | बाटो | बगैंचा | घर | घर | सार्वजनिक | पूर्वतर्फ दलान कवल ५ | वर्ष २, २०४१ अंक ११,१२ |
| ८२ | थालाछें ज्ञानकुमार रंजितकारको घर अगाडिको | बाटो | घर | घर | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, उत्तर, दक्षिण १,१ | वर्ष २, २०४१ अंक ११,१२ |
| ८३ | थालाछें | बाटो | बाटो | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ कवल १, पश्चिमतर्फ १ | वर्ष २, २०४१ अंक ११,१२ |
| ८४ | थालाछें बेखाले | बगैंचा | बाटो | पोखरी र घाट | पेटीबाटो | सार्वजनिक | पश्चिमतर्फ दलान कवल ७, उत्तर दक्षिण १,१ | वर्ष २, २०४१ अंक ११,१२ |
| ८५ | थालाछें बेखाले | घर | घर | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ३ | वर्ष २, २०४१ अंक ११,१२ |
| ८६ | क्वाथंडौ | बाटो | बगैंचा | बाटो | गुसीपको | सार्वजनिक | पूर्वतर्फ दलान कवल ४, उत्तर तर्फ १ | वर्ष २, २०४१ अंक ११,१२ |
| ८७ | क्वाथंडौ कुतीप्वाक गणेश अगाडि | बाटो | घर | घर | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, दक्षिणतर्फ १ | वर्ष २, २०४१ अंक ११,१२ |
| ८८ | क्वाथंडौ भानु ब्याञ्जुको घर जोडिएको | बाटो | घर | घर | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, उत्तर दक्षिण १,१ | वर्ष २, २०४१ अंक ११,१२ |
| ८९ | क्वाथंडौ | घर | दबु | बाटो | ढुंगेधारा | सार्वजनिक | उत्तरतर्फ दलान कवल ३, पश्चिम दक्षिण १,१ | वर्ष २, २०४१ अंक ११,१२ |
| ९० | क्वाथंडौ | बाटो | घर | घर | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, दक्षिणतर्फ १ | वर्ष २, २०४१ अंक ११,१२ |
| ९१ | क्वाथंडौ | बाटो | घर | पाताल | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ५, दक्षिण १ | वर्ष २, २०४१ अंक ११,१२ |
| ९२ | क्वाठण्डौ अजाजुद्यो भित्र | बाटो | घर | बाटो | बगैंचा | सार्वजनिक | उत्तरतर्फ दलान कवल ३ माथि घर | वर्ष ३, २०४१ अंक १ |
| ९३ | क्वाठण्डौ अजाजुद्यो बाहिर | बाटो | बगैंचा | पाटी | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ६, दक्षिण १ भत्किरहेको | वर्ष ३, २०४१ अंक १ |
| ९४ | क्वाठण्डौ अजाजुद्यो बाहिर | घर | घर | बाटो | घर | सार्वजनिक | उत्तर दलान कवल ३ माथि घर | वर्ष ३, २०४१ अंक १ |
| ९५ | क्वाठण्डौ अजाजुद्यो बाहिर | घर | बाटो | घर | बाटो | सार्वजनिक | पश्चिम दलान कवल ५ माथि घर | वर्ष ३, २०४१ अंक १ |
| ९६ | क्वाठण्डौ नासचा | बाटो | घर | घर | घर | सार्वजनिक | पूर्व दलान कवल ३ माथि घर | वर्ष ३, २०४१ अंक १ |
| ९७ | क्वाठण्डौ नासचा | बाटो | घर | घर | घर | सार्वजनिक | पूर्व दलान कवल ३ माथि घर | वर्ष ३, २०४१ अंक १ |
| ९८ | क्वाठण्डौ कृष्णप्रसादको घर अगाडि | बाटो | घर | घर | घर | सार्वजनिक | उत्तर दलान कवल... पूर्व पश्चिम १-१ | वर्ष ३, २०४१ अंक १ |
| ९९ | क्वाठण्डौ नासद्योको बायाँतर्फ | बाटो | पेटीबाटो | बाटो | घर | सार्वजनिक | उत्तर दलान कवल ३, पूर्व पश्चिम १-१ | वर्ष ३, २०४१ अंक १ |
| १०० | क्वाठण्डौ नासद्योको पछाडि | घर | बाटो | बाटो | घर | सार्वजनिक | पश्चिम दलान कवल ४, उत्तरतर्फ १ | वर्ष ३, २०४१ अंक १ |
| १०१ | क्वाठण्डौ नासद्योको दायाँतर्फ | घर | बाटो | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल २, पश्चिमतर्फ १ | वर्ष ३, २०४१ अंक १ |
| १०२ | बिकुमाछें | बाटो | घर | बाटो | बाटो | सार्वजनिक | पूर्व दलान कवल ५, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक १ |
| १०३ | बिकुमाछें थाथुलां | बाटो | घर | घर | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, दक्षिणतर्फ १ | वर्ष ३, २०४१ अंक १ |
| १०४ | क्वाठण्डौ बालकुमारीको बायाँतर्फ | बाटो | घर | घर | घर | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३ माथि घर | वर्ष ३, २०४१ अंक १ |

# विदेशी सहयोग विना सास फेर्न पनि मुस्किल पर्न सक्छ

स्वस्तिका

२०७२ सालको भूकम्पमा भक्तपुर नगरभित्रका धेरैजसो सम्पदाहरू क्षतिग्रस्त भएका थिए । ती सम्पदाहरूमध्ये भक्तपुर नगरपालिका स्वयम्ले साना संरचनाका सम्पदा पुनःनिर्माण गरिसकेका छन्, जसमा बद्रीनारायण, हरिहरनारायण, शंकरनारायण, त्रिविक्रम नारायण, रामेश्वर मन्दिरहरूका साथै लायकु ध्वाका आदि र विभिन्न टोलका पाटी तथा मन्दिरहरूको पुनःनिर्माण सम्पन्न भइसकेका छन् । भक्तपुर नगरभित्रका ठूला संरचनाको पुनःनिर्माण कार्यहरू जस्तै पुजारी मठ, फसी देगः, वत्सलामन्दिर, सिद्धिलक्ष्मी मन्दिर र राष्ट्रिय कला संग्रहालय, भैरवनाथको मन्दिर पुनःनिर्माणको प्रक्रियामा अगाडि बढिरहेको छ । ठूलो रकमको आवश्यक पर्ने भएकोले यी सम्पदा पुनःनिर्माण कार्यमा केही ढिलाइ भएको पक्कै हो । भक्तपुर नगरका अनगिन्ती अमूल्य सम्पदाको संरक्षण, मर्मत र जीर्णोद्धार एकैचोटि गर्न नसके पनि भक्तपुर नगरपालिकाले आफ्नो स्रोत र साधनको अनुपातमा थुप्रै कार्य गर्दै आएको छ र गर्दै जानेछ ।

तर नगरपालिका स्वयम्ले यी सम्पदाहरू संरक्षण गर्न सक्षम रहेको कुरा सञ्चारमाध्यममार्फत् प्रसारित हुनु देशको लागि सकारात्मक सन्देश हो । स्थानीय सीप र नेतृत्वमा सम्पदा निर्माण गर्दा लागत न्यून लाग्ने र गुणस्तरीय काम हुने भएकोले भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण आफ्नै बलबुतामा गरिनुपर्नेमा जोड दिँदै आएको हो । भक्तपुर नपाले यहाँका सम्पदाहरूको जीर्णोद्धार, मर्मत आदि उपभोक्ता समिति र अमानतमा गराउँदै आएको छ । साथै सहयोगको नाममा कुनै पनि किसिमको हस्तक्षेप स्वीकार्य नहुने र दबाब वा हस्तक्षेप विदेशी होस् वा स्थानीय, त्यो कतै मान्य छैन भन्ने कुरा बताउंदै आएको छ ।

**भक्तपुर नगरपालिकाको विचार**

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले सम्पदापुनःनिर्माणको कार्यलाई ठेक्कापट्टामा दिनुहुँदैन, नेपाली मौलिक प्रविधि अपनाएर यहाँका कालिगडलाई नै जिम्मादिनुपर्ने तर्क राख्दै आउनुभएको छ । यसो भएको खण्डमा यहाँकै स्थानीयले रोजगारी पाउने र आफ्नो सीप विकास गर्ने अवसर पनि पाउने उहाँको तर्क रहेको छ ।

प्रमुख प्रजापतिले जर्मन विकास बैङ्कको सहयोगको सम्बन्धमा नगरपालिकाले सञ्चालन गरेको ख्वपःइञ्जिनियरिङ कलेजसँग आवश्यक विशेषज्ञ रहेको, पुनःनिर्माणमा आधुनिक प्रविधि प्रयोग गर्न नहुने र परम्परागत सामग्रीबाटै पुनःनिर्माण हुनुपर्ने, बोलपत्रको आह्वान स्थानीय उपभोक्ता समितिमार्फत् गर्न सकिने, नेपाल राष्ट्रिय कला संग्रहालय जस्ता राणाकालीन भवनलाई अब मल्लकालीन शैलीमा बनाउन सकिने, विवादका कुरा जर्मनीको अदालतसमक्ष लैजाने शर्त मञ्जुर नभएको तर्क प्रस्तुत गर्नुभएको थियो । उपभोक्ता समितिमार्फत् बनेका संरचना बलियो हुने, संरचनाप्रति स्थानीय जनताको अपनत्व रहने, स्थानीय जनताले स्वयम्सेवी रूपमा श्रमदान गर्ने र मौलिक शैलीहरूको आयु सयौं वर्षसम्म टिक्ने विचारहरू उहाँले राख्नुभएको थियो ।

सम्पदा स्थानीय जनताको मात्र नभई संसारकै सम्पत्ति भएको कारण यसको संरक्षण र सम्बर्द्धन अध्ययन–अनुसन्धान गरी कार्य अगाडि बढाउनुपर्ने र यसमा पुरातत्त्व विभागको समन्वय आवश्यक रहेको प्रमुख प्रजापति बताउनुहुन्छ । उहाँको मुख्य अडान सम्पदा पुनःनिर्माण ठेक्कापट्टामा दिन नहुने र विश्व सम्पदामा सूचिकृत सम्पदा संरक्षण गर्नु नपाको कर्तव्य हो ।

मौलिक र ऐतिहासिक सम्पदाविरोधी प्रतिक्रियावादीहरूको लागि यी कुराहरू आदर्श, पुराना र संकीर्ण सोच जस्तो लाग्न सक्छ । तर यथार्थमा त्यो सत्यपरक र जनहितमा आधारित छ र यसबाट केन्द्रीय सरकारले पाठ सिक्नु जरुरी देखिन्छ ।

**जर्मनी राजदूतको तर्क**

भक्तपुर नगरपालिकाका सम्पदा पुनःनिर्माणका लागि जर्मनीका राजदूत रोलान्ड शेफरसहितको टोलीबाट सहयोग गर्ने हिसाबले भनपासँग समन्वयको प्रयास भएको थियो । जर्मन सरकारले केएफडब्ल्युको नियमअनुसार बोर्डमा अन्तर्राष्ट्रिय परामर्शदाता हुनुपर्ने शर्त राखेको थियो । सम्पदा पुनःनिर्माणको समयमा जर्मन विकास बैङ्क (केएफडब्ल्यु) ले सिमेन्ट र स्टिलको रड प्रयोग गर्न र कंक्रीट ढलान गर्न पाउनुपर्ने, पुनःनिर्माणमा आधुनिक सामग्री प्रयोगको लागि छुट हुनुपर्ने, अन्तर्राष्ट्रिय बोलपत्र प्रक्रियामा जानुपर्ने, राणाकालीन भवनको पुनःनिर्माण सोही शैलीमा निर्माण गर्ने, अन्तर्राष्ट्रिय करारअनुरूप केही विवाद भएमा जर्मनीको अदालतमा लैजाने आदिशर्तहरू पेश भएका थिए ।

निश्चय पनि दुई पक्षबीचहुने सम्झौतामा आ–आफ्नो तर्क तथा विचार राख्ने स्वतन्त्रता दुवै पक्षलाई छ । तर नगरपालिकाको भावना विपरीतका शर्तहरूलाई नगरपालिकाले

स्वीकार गर्नुपर्ने बाध्यता भने छैन। विश्व सम्पदामा सूचीकृत यी सम्पदा संरक्षण नगरपालिका स्वयम्ले गर्नु उपयुक्त हुने जनभावना रहँदै आएको छ। त्यसैअनुरूप पनि आफ्नो स्वावलम्बन र आत्मनिर्भरताको उदाहरण प्रस्तुत गर्न नपाको यो कदम सराहनीय छ भन्नमा धक मान्नुपर्ने देखिंदैन।

**विशेषज्ञहरूको भनाइ**

भक्तपुरका केही विशेषज्ञले पनि केएफडब्ल्युको सहयोग गुमाउनु भक्तपुरको लागि ठूलो क्षतिभएको बताउनुभयो। जर्मनीको सहयोगको रकमले भक्तपुरका सबै सम्पदा पुनःनिर्माणका लागि प्रशस्त हुने बताउँदै यो रकम गुमाउनु भक्तपुरको लागि ठूलो नोक्सानी भएको बताउनुभयो।

तर भक्तपुर नगरपालिकाले यहाँका सम्पदा पुनःनिर्माणहरू गरिंदा पुरातत्त्वविद्, सम्पदाविद्, इतिहास तथा संस्कृतिविद् र प्राविधिकहरूबीच निरन्तर छलफल गर्दै आएको छ। उहाँहरूबाट प्राप्त सल्लाह, सुझाव र प्रतिक्रियाअनुरूप नपाले आफ्नो पुनःनिर्माणको कार्यलाई अगाडि बढाउँदै लगेको छ। २०७४ साल फागुन २८ गते भक्तपुरको टौमढीस्थित भैरवनाथको मन्दिर जीर्णोद्धारसम्बन्धी छलफल सम्पन्न भएको थियो। त्यसैगरी २०७५ साल जेठ ७ गते राष्ट्रिय कला संग्रहालय पुनःनिर्माणबारे विभिन्न क्षेत्रका विज्ञहरूसँग छलफल कार्यक्रम आयोजना गरेर निर्णयहरू लिइएको थियो। त्यस छलफल कार्यक्रमहरूमा अधिकांश विज्ञहरूले स्थानीय सीप, प्रविधि र साधनको प्रयोगमा जोड दिनुपर्ने, सम्पदालाई स्थानीय संस्कृति र जीवनशैलीसँग जोडेर हेर्नुपर्ने, परम्परागत शैलीको निर्माण कार्यमा संलग्न अनुभवी र दक्ष डकर्मी, सिकर्मी र लोंहकर्मीहरूको विचार सङ्कलन गर्दै लानुपर्ने विचार प्रस्तुत भएका थिए। साथै सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार कार्यमा नगरपालिका, गुथि संस्थान र पुरातत्त्व विभागबीच समन्वय हुनुपर्ने र पचपन्न झ्याल दरबारको पुनःनिर्माणमा जस्तै मौलिक सीप, प्रविधि र परम्परागत सामग्री प्रयोग गरेर गर्नुपर्छ भन्नेहरू प्रशस्तै थिए। पचपन्न झ्याल दरबारको पुनःनिर्माण भक्तपुर नगरपालिका र गुथि संस्थानको संयुक्त सहकार्यमा भएको थियो।

अरुले दिएको पैसा नै लिएर हाम्रा सबै सम्पदा पुनःनिर्माण गर्ने भए हाम्रो अस्तित्वमाथि प्रश्नचिन्ह खडा हुन्छ। विदेशी सहयोगले गर्दा देश परनिर्भरतातर्फ धकेलिंदै गएको यथार्थबाट बुद्धिजीवी, संस्कृतिविद्हरू अवगत नै हुनुहुन्छ। विदेशी स्वादमा बानी बसिसकेका कथित् व्यक्तिहरूको लागि विदेशी सहयोग विना सास फेर्न पनि मुश्किल पर्न सक्छ।

तर मनन गर्नुपर्ने कुरा, अरुले दिएको पैसा नै लिएर हाम्रा सबै सम्पदा पुनःनिर्माण गर्ने भए हाम्रो अस्तित्वमाथि प्रश्नचिन्ह खडा हुन्छ। विदेशी सहयोगले गर्दा देश परनिर्भरतातर्फ धकेलिंदै गएको यथार्थबाट बुद्धिजीवी, संस्कृतिविद्हरू अवगत नै हुनुहुन्छ। विदेशी स्वादमा बानी बसिसकेका कथित् व्यक्तिहरूको लागि विदेशी सहयोग विना सास फेर्न पनि मुश्किल पर्न सक्छ।

**विदेशी सहायता खतरनाक नै हुन्छ**

विदेशी सहयोग लिएर काम गर्ने प्रवृत्ति अहिले नेपालमा हावी हुँदैछ। विदेशी सहयोग नपाएमा कुनै कार्य नहुने किसिमले अहिलेको सरकार सञ्चालन भइरहेको छ। विदेशी लगानी र सहयोग भएमा मात्र काम अगाडि बढ्ने नत्र लथालिङ्ग छाड्ने प्रवृत्ति पनि नेपाल सरकारको छ। सम्पदा पुनःनिर्माणमा नेपाल सरकारले छिमेकी देश लगायतसँग धेरै रकमको सहायता लिएको छ। कुनै पनि कुराको दीर्घकालीन असर के हुने हो नसोची त्यसरी लिइएका सहायताले नेपालको आफ्नो अस्तित्व भने खतरामा छ भन्दा अत्युक्ति नहोला।

**निरीह नेपाल सरकार**

भक्तपुर नगरपालिकाबाहेकका काठमाडौं उपत्यकाका सम्पदा पुनःनिर्माणहरूको स्थिति पनि नाजुक अवस्थामा छन्। सिंहदरवार पुनःनिर्माण, नौतले दरबार आदि ठूलो प्रोजेक्टका सम्पदाहरू अहिले पनि ठूलो संख्यामा फलामका पाइपको जालोले जकडिएको छ भने त्यसलाई त्रिपालले छोपेर राखिएका छन्। ती संरचनाहरूको नवनिर्माण हुने हो या पुनःनिर्माण, कुनै टुङ्गो लाग्न सकेको अवस्था छैन। ती जीर्ण भवनहरूलाई सरकार निरीह भएर टुलुटुलु हेरिरहेको छ।

**अन्तमा,**

सरकारको नेतृत्व गर्नेहरू परिवर्तन भए। तर सम्पदाहरू पुनःनिर्माणको पर्खाइमै बसिरहे। सरकारको पुनःनिर्माणमा ध्यान नगएको हो कि हेलचेक्र्याइँ हो ? भूकम्प गएको तीनवर्ष बितिसक्दा पनि पुराना सम्पदाहरूको पुनःनिर्माणमा ध्यान नजानु, सरकारले सम्पदा पुनःनिर्माणको विषयलाई कति गम्भीरतापूर्वक लिएको छ भन्ने छर्लङ्ग हुन्छ। यसमा केन्द्र सरकार प्रमुख जिम्मेवार छ। सत्ताको बाँडफाँटमा केन्द्रित यो सरकारको ध्यान विदेशीसँग भिखसरहको सहयोग र अनुदान माग्दै हिंड्नु कतिको जायज छ ? सोचनीय विषय छ। अरुसँग मागेरै खाने र लाउने हो भने आफूमा परनिर्भरताको बानीविकास हुँदै जान्छ। नेपाली जनता झन् झन् अल्छी र अरुको भरमा बाँच्नविवशहुँदै जानेछन्। यसतर्फ सरकारको गम्भीर ध्यान जान जरुरी छ।

एक रुसी बौद्ध व्यक्तित्व

# आचार्य थियोडर श्चेर्वात्स्की



रत्नसुन्दर शाक्य

१९ औं शताब्दीको अन्त्य तथा २० औं शताब्दीको पूर्वार्द्धको चार दशकसम्म सारा एसिया र युरोपभरमा गम्भीर विद्वान, भारत एवम् सुदूर पूर्वको बौद्ध-संस्कृतिका महान् ज्ञाता र भारतीय दर्शन एवम् तिब्बती साहित्य क्षेत्रका सर्वमान्य अधिकारी विद्वान (प्राच्यविद्) हुनुहुन्थ्यो- आचार्य थियोडर श्चेर्वात्स्की (Prof. Theodore Steherbatsky)।

उहाँको जन्म रुसी राज्यअन्तर्गत (त्यसताका) पोल्याण्ड (Poland) को केल्स नामक नगरमा एक सम्पन्न परिवारको कूलमा १९ सेप्टेम्बर १८६६ का दिन भएको थियो। त्यस परिवार सुशिक्षित, सुसंस्कृत धनाढ्यको अतिरिक्त काफी जमिनदारी र पुराना उपाधिधारी सामन्त कूल थियो। अतः उहाँका पिता एक उच्च सरकारी पदाधिकारी थिए।

थियोडर श्चेर्वात्स्कीले बाल्यवस्थामै आफ्नो मातृभाषा रुसीको अतिरिक्त जर्मन, फ्रेन्च र अंग्रेजी भाषामा पूर्ण अधिकार प्राप्त गर्नुभएको थियो। सन् १८८४ मा सेन्ट पिटर्सवर्ग ( लेनिनग्राद) को एक प्रमुख स्कूल, जहाँ रुसका महान् कवि अलेक्सान्द्र पुश्किन (सन् १७९९-१८३७) ले शिक्षा पाएका थिए, मा थियोडर श्चेर्वात्स्कीले पनि माध्यमिक शिक्षा प्राप्त गर्नुभएको थियो। त्यसै वर्षमा उहाँ सेन्ट पिटर्सवर्ग विश्वविद्यालयका भाषातत्व विभागमा दाखिल हुनुभयो। भाषातत्वको अतिरिक्त उहाँले भारतीय संस्कृतिमा पनि अभिरुचि लिनुभयो। यसको खास कारण उहाँका संस्कृतका गुरु इवान पाब्लोबिच मिनायेफ (सन् १८४०-९०) को प्रभाव थियो। त्यसबेलासम्ममा इवान मिनायेफले ३ पल्टसम्म भारत, श्रीलङ्का र बर्माको साथै नेपालको पनि यात्रा गरिसकेका थिए। अतः उहाँ विलक्षण प्राच्यविद् एवम् भारतविद् हुनुहुन्थ्यो। उहाँले आफ्नो शिष्य श्चेर्वात्स्कीलाई केबल संस्कृत र प्राचीन भारतीय जनताप्रति गहिरो आदरभावना तथा विज्ञानको सेवा गर्ने उच्च आदर्शको पाठ पनि छाप हुने गरी निष्ठावान् गराइदिएका थिए।

सन् १८८९ मा थियोडर श्चेर्वात्स्कीले विश्वविद्यालयको परीक्षा बडो योग्यताका साथ उत्तीर्ण गर्नुभएको थियो। यस बेलासम्ममा विश्वविद्यालयका अध्यापकहरूले उहाँको असाधारण प्रतिभा देखिसकेका थिए। अतः अध्यापकहरूले उहाँलाई भावी प्रोफेसरको पद तयार गरी शोधकार्य (पीएचडी) को निम्ति अष्ट्रियाको राजधानी भियना पठाइदिए, जहाँ अष्ट्रियाका महान प्राच्यविद् एवम् भारतविद् प्रो. जार्ज ब्युहलरको सानिध्यमा रही थियोडर श्चेर्वात्स्कीले भारतीय अलङ्कारशास्त्रको अतिरिक्त प्राचीन भारतको प्रसिद्ध भाषा शास्त्री पाणिनिको व्याकरण पनि गहन रूपमा अध्ययन गर्नुभएको थियो।

साथै उहाँले अनेकौं धर्मशास्त्र र भारतीय शिलालेखहरूको पनि गहन रूपमा अध्ययन गर्नुभएको थियो।

भियनामा डा. ब्युहलरसँग अध्ययन गरेको परिणामस्वरुप आचार्य श्चेर्वात्स्कीले दुईवटा शोधग्रन्थ लेखी प्रकाशित गर्नुभएको थियो। ती हुन् –

१) सन् १९०० मा ऐतिहासिक काव्य 'हैध्येन्द्रचरित्र' को टीकासहित जर्मनी भाषामा अनुवाद एवम् प्रकाशन।

२) सन् १९०२ मा 'भारतीय अलंकारशास्त्रको सिद्धान्त' नामक शोधग्रन्थ लेखन एवम् प्रकाशन।

थियोडर श्चेर्वात्स्कीले भियनामा आफ्नो अध्ययनकाल समाप्त गरी सन् १८९३ मा स्वदेश फर्कनुभयो। त्यसपश्चात् ५/६ वर्षको निम्ति उहाँले आफ्नो समय घरायसी जमिनदारी कार्यको प्रबन्धमा गाउँ-गाउँमा जानुभएको थियो। त्यस अवधिमा पनि उहाँले आफ्नो बानी (स्वाध्ययन) लाई छोड्नुभएको थिएन, जसअनुसार बिहान ४ बजे उठी ७/८ बजेसम्म अध्ययन मनन गर्नुहुन्थ्यो।

सन् १८९९ मा इटालीको राजधानी रोम (Rome) मा प्राच्यविद्हरूको एक ठूलो सम्मेलन सम्पन्न भएको थियो। त्यस सम्मेलनपश्चात्देखि थियोडर श्चेर्वात्स्कीको ध्यान पुनः भारतीय दर्शनतर्फ केन्द्रित भयो। भारतीय दर्शनमा पनि विशेष रूपले उहाँ बौद्ध - दर्शनबाट प्रभावित थिए, बौद्ध-दर्शनमा पनि उहाँले विशेष रूपमा न्यायशास्त्र (तर्कशास्त्र) मा अभिरुचि लिनुभएको थियो।

७ औं शताब्दीका सुप्रसिद्ध बौद्ध दार्शनिक एवम् न्यायशास्त्रका प्रकाण्ड पण्डित आचार्य धर्मकीर्तिको तर्क (न्याय)शास्त्र सम्बन्धी लेखिएको ग्रन्थहरूको अध्ययनपश्चात् थियोडर श्चेर्वात्स्की यस निर्णयमा पुग्नुभएको थियो कि उहाँ (आचार्य धर्मकीर्ति) का ग्रन्थहरूमा वर्णित तर्क, ज्ञानसम्बन्धी विचारधाराको तुलना गर्दै जाँदा उहाँ (आचार्य धर्मकीर्ति) १८ औं शताब्दीका सुप्रसिद्ध जर्मन दर्शनिक एवम् वैज्ञानिक भिक्टर इमानुयल कान्ट (सन् १७२४-१८०४) सरह देखिन आएको कारण थियोडर श्चेर्वात्स्कीले आचार्य धर्मकीर्तिलाई 'भारतीय कान्ट' को रूपमा स्वीकार गरेका थिए।

सन् १८९९ मा आचार्य श्चेर्वात्स्की भारतीय दर्शनसम्बन्धी विस्तृत रूपमा अध्ययन गर्न जर्मनको बोन (Bonn) मा जानुभएको थियो जहाँ भारतीय दर्शनका महान् ज्ञाता प्रोफेसर हर्मन जाकोबी (Prof. Hermann Jacobi) रहनुहुन्थ्यो। उहाँसित भारतीय दर्शनसम्बन्धी विस्तृत रूपमा अध्ययन गरी आचार्य श्चेर्वात्स्की वर्ष दिनपछि स्वदेश फर्कनुभयो।

सन् १९०० मा स्वदेश फर्कनुभएका थियोडर श्चेर्वात्स्कीलाई सेन्ट पीटर्सवर्ग विश्वविद्यालयको प्राच्य विभाग अन्तर्गत संस्कृत भाषा एवम् साहित्यको प्राध्यापक नियुक्त गरियो जुन पदमा रही उहाँले ४० वर्षसम्म (जीवन पर्यन्त) प्राच्य विभागअन्तर्गत संस्कृत, पाली एवम् तिब्बती साहित्यको अध्यापक भई कयौं प्राच्यविद्हरूलाई जन्माएका थिए।

सन् १९०५ मा आचार्य श्चेर्वात्स्की 'मध्य र पूर्वी एसियाको अध्ययनको रुसी समिति' को तर्फबाट 'मङ्गोलिया' जानुभएको थियो। त्यहाँ, उहाँले अनेकौं बौद्धविहार (गुम्बा) हरूमा जानुभई, त्यहाँ संग्रहित बौद्ध साहित्यहरूबाट आफ्नो बौद्ध-दर्शन अनुसन्धान कार्यमा निकै मद्दत पुऱ्याउन पाएका थिए। यसै यात्राकालमा उहाँले कयौं हस्तलिखित ग्रन्थहरू देख्न पाएका थिए। यसैको फलस्वरुप तिब्बती पुस्तकहरू संस्कृतमा अनुवाद गर्न पनि सक्षम हुँदै आए।

सन् १९१० मा आचार्य श्चेर्वात्स्की 'रुसी विद्धान एकेडेमी' (सर्वोच्च विद्धत परिषद्) को उपसदस्य निर्वाचित हुनुभएको थियो। यसको केही महिनापछि नै उहाँले भारतको यात्रा शुभारम्भ गर्नुभएको थियो। सन् १९१०-११ मा सम्पन्न भएको उहाँको यस भारत यात्राकाल विशेषतः भारतीय दर्शन अन्तर्गत ब्राम्हण, जैन र बौद्ध-दर्शनको पुनः गहन अध्ययनको निम्ति थियो जसमा उहाँलाई पूरा सफलता पनि मिलेको थियो।

यस भारत प्रवासकालको अधिक समय आचार्य श्चेर्वात्स्कीले बम्बईमा बिताउनुभएको थियो। बम्बईमा पनि त्यस्तो ठाउँमा जहाँ कुनै अन्य एकजना पनि युरोपियन रहेको थिएन। उहाँले महिनौं एक मैथिल पण्डित जो दरभङ्गा (बिहार प्रदेश) का थिए, सित भारतीय दर्शन एवम् न्यायदर्शन (बौद्ध - दर्शन अन्तर्गत) सम्बन्धी दिनको १६ घण्टा (बिहानदेखि बेलुकासम्म) अध्ययन एवम् छलफल गर्नुहुन्थ्यो। उहाँहरूको एक आपसमा वार्तालाप सिर्फ संस्कृतबाट भएको थियो। किनकि मैथिल पण्डित अंग्रेजी जान्दैनथे।

बम्बईको अतिरिक्त आचार्य श्चेर्वात्स्कीले आफ्नो केही समय बनारस, पुना र कलकत्तामा पनि बिताउनुभएको थियो, जहाँ स्थानीय ब्राह्मण पण्डितहरू एवम् अन्य दार्शनिक र बौद्ध-धर्मका ज्ञाताहरूसित छलफल एवम् शास्त्रार्थसमेत गर्नुभएको थियो।

आफ्नो बहुप्रतिभाको कारण आचार्य श्चेर्वात्स्की त्यसबेलासम्ममा भारतका विद्वानहरूको निम्ति समेत एक मान्यवर हुन पुगेको थियो। अतः उहाँलाई कलकत्ता पुग्नासाथ २३ नोभेम्बर १९१० का दिन स्थानीय राजा विनयकृष्ण देवबहादुरले आफ्नो दरबारमा स्वागतको भव्य आयोजना गरेका थिए। त्यस स्वागत समारोहमा आचार्य श्चेर्वात्स्कीले आफ्नो भाषण छन्दोबद्ध कविताको रूपमा संस्कृतबाट दिनुभएको थियो। उहाँको संस्कृत बोलाइमा रुसी उच्चारणबाट समेत मुक्त भई वार्तालाप गर्न सफल हुनुभएको थियो। अतः भारतका ब्राह्मण पण्डितहरू उहाँको संस्कृत बोलाइ (पाण्डित्य) बाट आश्चर्य चकित थिए।

स्मरणीय छ, सन् १९१० को नोभेम्बर महिनामै आचार्य श्चेर्वात्स्कीलाई कलकत्ताका ब्राम्हण पण्डितहरूले तर्कशास्त्रमा उहाँको निपुणता (पाण्डित्य) बाट प्रभावित भई 'तर्कभूषण' उपाधि प्रदान गरेको थियो।

कलकत्तामा उहाँले इतिहासकार एवम् बौद्ध-धर्म-दर्शनका सुविख्यात विद्वान हरप्रसाद शास्त्री र सतीशचन्द्र विद्याभूषणको अतिरिक्त अंग्रेज विद्वान डा. ईडवर्ड डेनिसन रोस (Dr.Edward Denison Ross) लाई पनि भेट्नुभएको थियो। कलकत्ताबाट आचार्य श्चेर्वात्स्की गुरुवर इवान पाब्लोबिच मिनायफ (सन् १८४०-९०) जस्तै दार्जिलिङ पनि जानुभएको थियो। दार्जिलिङमा उहाँले तिब्बती संस्कृतिका ज्ञाताहरूसित भेटघाट गरी कयौं हस्तलिखित तिब्बती ग्रन्थहरू पनि देख्न पाएका थिए। दार्जिलिङमा उहाँले १३ औं दलाई लामालाई पनि भेट्ने सुअवसर पाउनुभएको थियो, जसले उहाँलाई संस्कृत र तिब्बती ग्रन्थ अध्ययन गर्न तिब्बत आउन

पनि निमन्त्रण दिएका थिए तर चीन सरकारले रुसी विद्वानलाई तिब्बत जान रोक लगायो।

भारतमा वर्ष दिन जतिको निवासकालपश्चात आचार्य श्चेर्वात्स्की फ्रान्स जानुभएको थियो। फ्रान्सको पेरिसमा उहाँले आचार्य सिलेवन लेवी (सन् १८६३–१९३५) सित भेटघाट गरी ईशाको चतुर्थ शताब्दीका पेशावरका महान् बौद्ध दार्शनिक (नैयायिक) आचार्य बसुबन्धुको 'अभिधर्मकोश' ग्रन्थको अपार महत्त्व रहेको कुरा आपसी रूपमा छलफल गरी यसको विस्तृत अध्ययन अध्यापन गराउन एक अन्तर्राष्ट्रिय परियोजना तयार गर्नुभयो। त्यस परियोजनामा फ्रान्सको तर्फबाट सिलेवन लेवी, इङ्ल्याण्डको तर्फबाट डा. इडवर्ड डेनिसन रोस, बेल्जियमको तर्फबाट प्रो. लुइस डेला भ्याली पुसेन, जापानको तर्फबाट प्रो. वोगिहारा र रुसको तर्फबाट आचार्य श्चेर्वात्स्की र उहाँको प्रतिभावान् शिष्य ओटो रोजनेवर्ग सामेल हुनुभएको थियो।

सन् १९१७ मा रुसमा जारशाही खत्तम हुनासाथ जमिनदारी वर्गहरूको पनि पतन भयो तर आचार्य श्चेर्वात्स्की सरस्वती पुत्र हुनाको काण उहाँलाई केही मतलब भएन। भनिन्छ – 'विद्वान सर्वत्र और सर्वदा पूज्यते'। अतः उहाँलाई पनि उहाँको उच्चत्तम योग्यताअनुरुप २ नोभेम्बर १९१८ का दिन एकेडेमीका सदस्य नियुक्त गरियो, जुन पद रुसी विद्वानहरूको निम्ति सर्वोच्च थियो।

त्यसबेलादेखि आचार्य थियोडर श्चेर्वात्स्कीले २४ वर्षसम्म (जीवनपर्यन्त) एक कर्मठ मनीषीको रूपमा जीवन बिताउनुभएको थियो। सन् १९२८ मा उहाँ लेनिनग्रादमा स्थापित बौद्ध संस्कृति संस्थान (इन्टिच्युट) को डाइरेक्टर नियुक्त हुनुभएको थियो। उहाँले सोभियत प्राच्यविद्याको निर्माणकार्यमा विलक्षण भारतविद् (गुरु एवम् मित्र पनि) एकेडेमिक सेर्गेई ओल्डेनवर्ग (सन् १८६३–१९३४) लाई पनि पूरापूर मद्दत दिनुभएको थियो।

सन् १९२० पश्चात्देखि आचार्य श्चेर्वात्स्कीको बौद्ध धर्मसम्बन्धी ग्रन्थहरूको प्रकाशन हुँदै आयो। उहाँ त्यसताकाका बौद्ध धर्मका सर्वप्रमुख अध्येता (महान् ज्ञाता) बन्नुभएको थियो। यसैको प्रतिफलस्वरुप उहाँ युरोपका केही प्रमुख संस्थाहरूका सम्मानित सदस्यमा सामेल गराइएको थियो, ती संस्थाहरू हुन्–

१. रोयल एसियाटिक सोसाइटी, लण्डन (Royal Asiatic Society, London)

२. पेरिसको एसिया समाज (Societe Asoatique, Paris)

३. प्राच्यविद् समाज, बर्लिन (Morgenlandische Gesellschaft, Berlin) आदि।

आचार्य श्चेर्वात्स्कीले भारतविद्या, बौद्धदर्शन एवम् तिब्बती साहित्यसम्बन्धी लेखिएका कयौं ग्रन्थहरूमा ३ वटा कृतिलाई सर्वोत्तम मानिएको छ, ती निम्न हुन् –

१) The Central Conception of Buddhism – (बौद्ध मूल विचार) London 1923

२) The Conception of Buddhist Nirvana – (बौद्ध निर्वाण विचार) – Leningrad 1927

३) Buddhist Logic -2 Vols, (बौद्ध–न्याय) – Leningrad 1930-32

यी ३ ग्रन्थहरूमा पनि विशेषतः 'Buddhist Logic' आचार्य श्चेर्वात्स्कीको बौद्ध दर्शन र न्याय शास्त्रमा २५ वर्षसम्म गरेको शोधकार्यको परिणामस्वरुप थियो। यस ग्रन्थको अध्ययनबाट प्रभावित भई भारतका सुप्रसिद्ध दार्शनिक धर्मेन्द्रनाथ शास्त्री भन्नुहुन्छ –

'यद्यपि पश्चिमी विद्वानोंने बौद्ध शिक्षाके धार्मिक पहलूपर और बौद्ध पालि साहित्य पर विराट कार्य किया है और प्रो. लुइस–डे–ला भ्याली पुसेन, आचार्य सिलेवन लेवी, डा.टी. डब्ल्यु रीस् डायविडस् र श्रीमती रीस डायविडस् जैसे विद्वानोंले बौद्ध अधिभूतवाद पर अमूल्य योगदान किया है, तथापि श्चेर्वात्स्कीका भारतीय दर्शन के इतिहासमे विशिष्ट स्थान है – न केबल दिङ्नाग मत के शोधकर्ता के नाते, बल्कि बौद्ध अधिभूतवादकी दूसरी शाखाओके जानकार और व्याख्याकार के नाते भी। यह तो बिलकुल स्पष्ट है कि एक भी पश्चिमी विद्वानको और भारतीय विद्वानको भी न्याय– वैशेषिक दर्शनका इतना पूर्ण और परिस्कृत ज्ञान नहीं था, जितना श्चेर्वातस्कीको।'

अतः आचार्य धर्मेन्द्रनाथ शास्त्रीले हिन्दीमा लेखिएको आफ्नो 'भारतीय दर्शनशास्त्र, न्याय वैशेशिक' नामक पुस्तक जुन सन् १९५३' मा प्रकाशित भएको थियो, त्यस पुस्तकको समर्पण शब्दमा पनि उल्लेख गर्नुभएको थियो –

'श्चेर्वात्स्की आधुनिक बौद्ध दर्शनका सर्वश्रेष्ठ विद्वान है।'

आचार्य धर्मेन्द्रनाथ शास्त्रीले जस्तै भारतका अन्य विद्वान् देवीप्रसाद चट्टोपाध्यायले पनि आचार्य श्चेर्वात्स्कीको योगदान र उहाँद्वारा गरिएको क्रियाकलाप (प्रशिक्षण) बारे उल्लेख गर्नुहुन्छ –

'श्चेर्वात्स्की ने बेजोड विद्वानोंकी एक पूरी पींढी प्रशिक्षित की, जिन्होने उनको शोधकार्योको जारी रखा, जबकि भारत मे वस्तुततः कोई इतना वडा विशेषज्ञ नहीं हुआ, जो विद्याभूषण (सतीशचन्द्र–न्याय शास्त्रका भारतीय विद्वान) के कार्यको जारी रखता, कमसेकम इतने बडे पैमाने पर।'

यस्तै अन्य भारतीय महाविद्वान एवम् दार्शनिक राहुल सांकृत्यायनले पनि आचार्य श्चेर्वात्स्कीलाई 'महान्तम् प्राच्यविद्' को रूपमा स्वीकार गरी आफ्ले सम्पादित इशाको सातौं शताब्दीका सुप्रसिद्ध नालन्दा विश्वविद्यालयका प्रोफेसर आचार्य धर्मकीर्तिको 'प्रमाणवात्तिक' ग्रन्थ उहाँलाई नै समर्पण गर्नुभएको

थियो। शब्द यसप्रकार छन् –

'On the Memory of the Soviet Savant the Academician Dr. Thor. Stcherbatsky (1866-1942)
The Greatest orientalist of his time'

आचार्य थियोडर श्चेर्वात्स्कीसित उहाँको सम्पर्क कहिलेदेखि र कुन हेतुद्वारा हुन गएको हो त्यसबारे राहुल सांकृत्ययान बताउनुहुन्छ –

'सन् १९३६ की मेरी तिब्बत यात्रा (तेस्रो) मे जब उन्हे मालुम हुआ कि वहाँ मैने धर्मकीर्ति और दूसरे कितेनेही बौद्ध दार्शनिकोकें संस्कृत मूल ग्रन्थ खोज निकाले हैं, तो उसकी प्रसन्नताकी सीमा न रही। उनके कहने पर एकेडेमी ने मुझे सन् १९३७ मे निमन्त्रित किया, किन्तु कई कारणों से मे लेनिनग्राद मे आकर भी ज्यादा समय न रह सका। उनकी बडी इच्छा थी, धर्मकीर्ति के मुख्य ग्रन्थ 'प्रमाणवार्त्तिक' का अनुवाद करने की, और यह भी कि हम दोनों मिलकर बौद्ध दर्शन ग्रन्थों पर काम करें। वह इसके लिए कोसिस कर रहे थे कि महायुद्ध (दोस्रो – सन् १९३९) छिड गया।'

जीवनको अन्तसम्ममा आचार्य श्चेर्वात्स्कीका कयौं शिष्यहरूले वहाँको कार्यवाही अगाडि बढाउन सक्षम भएका थिए। वहाँको बौद्ध दर्शन एवम् संस्कृति तथा भारतीय दर्शनको क्षेत्रमा अगाडि आएका शिष्यहरूमा ओटो रोजेनवर्गको अतिरिक्त येग्वेनी ओबेरा मिल्लर (सन् १९०१–३५), मिखाइल तुब्यान्स्की (सन् १८९३–१९४३), आन्द्रेई वोस्त्रकोव (सन् १९०४–१९४२) र बोरिस सेमिचोव (सन् १९००–१९८१) आदि शिष्यहरू भारतविद् एवम् बौद्ध धर्मका प्रमुख ज्ञाता बन्दै आए।

सन् १९४१ को जून महिनामा जर्मन सेना (हिटलर सेना) लेनिनग्रादतर्फ बढ्दै आए, तब सोभियत सत्ताले राष्ट्रको बहुमूल्य वस्तुहरूको साथै कैयौं विशिष्ट विद्वानहरूलाई सुरक्षार्थ विमानबाट उत्तरी कजाकिस्तान पुऱ्याएको थियो। यसै अन्तर्गत आचार्य थियोडर श्चेर्वात्स्की पनि आफ्नो प्रिय नगर लेनिनग्रादलाई अन्तिम पटक दर्शन गरी विमानमा चढ्नुभएको थियो।

आचार्य श्चेर्वात्स्कीलाई शायद आशा थियो कि उहाँ पुनः कजाकिस्तानबाट लेनिनग्राद आई आफ्नो शोधकार्य गर्न पाउला तर आशा निराशामा परिणत भयो – १८ मार्च १९४२ का दिन आचार्य श्चेर्वात्स्की कजाकिस्तानको एक प्रमुख अस्पताल (बरोवा) मा ७६ वर्षको उमेरमा आफ्नो जीवन–यात्रा समाप्त गर्नुभयो।

**सन्दर्भ**

१) भारत की छवि – डा. बोगार्द लेविन र अ. विगासिन, योगेन्द्र नागपाल (हिन्दी अनुवाद) प्रगति प्रकाशन, मास्को – १९८४
२) साहित्य निबन्धावली – राहुल सांकृत्यायन, किताब महल, इलाहावाद – १९६१
३) बौद्ध–न्याय, आचार्य थियोडर श्चेर्वात्स्की, रामकुमार राय (हिन्दी अनुवादक), चौखम्बा विद्याभवन, वाराणसी – १९६९

तपाईंको भान्छा

# पेटको बोसो घटाउने हो ? यसो गर्नुहोस्

पेटको वरिपरिको बोसोले धेरैलाई तनाव दिएको छ। घटाउने मन हुँदा हुँदै पनि परिस्थिति र समय नमिलेर धेरैलाई समस्या परिरहेको छ। यो बोसो घटाउनका लागि यस्तो चिज जरुरी छ, जसले बढीभन्दा बढी क्यालोरी बर्न गरोस्। केही सजिला तरिकाहरू यसप्रकार छन्–

**काँक्रो**

बेलुकाको खाना खानुभन्दा पहिले काँक्रोको जुस वा सलाद खानुहोस्। यो पेटका लागि धेरै लाभदायी छ। यो सेवनका कारण धेरै खाना खानबाट जोगिन सकिन्छ नै, यसले पेटको झाडुको काम पनि गर्छ। जसले गर्दा बिस्तारै बोसो कम हुन्छ।

**धनियाँको जुस**

यसमा क्यालोरी निकै कम पाइनछ भने एन्टीअक्सिडेन्टको मात्रा धेरै हुन्छ। यसको प्रयोगबाट अरु कुनै समस्या आउँदैन। यसले किड्नी ठिक राख्न समेत सघाउँछ।

**एलोभेरा जुस**

एलोभेरा जुस धेरै बिरामीका लागि उपयोगी ठानिन्छ। दिनमा एक कप यसको जुस पिउँदा पेटको बोसो कम हुन्छ। यसले कोलेस्टेरोलको समस्या पनि घटाउँछ।

**ग्रिन टी**

ग्रिन टीमा एन्टिएक्सिडेन्ट्स हुन्छ। पेटको बोसो घटाउन भने विना चिनीको ग्रिन टी पिउँदा फाइदा हुन्छ। यसले शरीरमा रहेका विषाक्त पदार्थ बाहिर निकाल्न पनि सघाउँछ। त्यसैगरी कागती मिसाएर खाँदा टक्सिनबाट पनि छुट्कारा मिल्छ।

**अदुवाको रस**

प्रतिदिन एक चम्चा अदुवाको रस पेट कम गर्नका लागि धेरै सहयोगी हुन सक्छ। यसले शरीरको बोसो समेत बर्न गर्न सघाउँछ।

खानपानमा सन्तुलन र नियमित व्यायाम फिट रहने सबैभन्दा उत्तम उपाय हुन्।

'स्वास्थ्य खवरपत्रिका' बाट

# eQmk'/ sf] dxfsfnL-dxfnIdL hfqf



सह प्रा.डा. बलराम कायस्थ

**पृष्ठभूमी**

भक्तपुर नेवार सभ्यता र संस्कृतिले सम्पन्न नेपाल उपत्यकाको एउटा प्राचीन नगर हो। यस नगरलाई कसैले नाचगानको सहर, कसैले मन्दिरै मन्दिरको सहर, कसैले चाडपर्व, जात्रा, उत्सवहरूको सहर आदि विशेषणद्वारा पनि सम्बोधन गर्ने गरिएको पाइन्छ। वास्तवमै यो सहर प्राचीन कला-संस्कृति, ऐतिहासिक सम्पदा र मौलिक परम्पराहरूयुक्त सहर हो। मध्यकालिन नेवार संस्कृति भनेको मूल रूपमा देवी-देवता र धर्मकर्मबाट अभिप्रेरित रहेको संस्कृति हो। यद्यपि त्यसबेला संस्कृतिलाई धर्मकर्म, देवदेवी र परलोकसँग जोड्ने प्रचलन विश्वव्यापी नै थियो। ती कुरा नजोडिए संस्कृति, संस्कृति नै हुँदैन भन्ने धारणा त्यतिबेला व्यापक थियो। यहाँका नेवारहरू प्राचीनकालदेखि नै देवदेवीप्रति श्रद्धाभक्ति राख्ने, धर्मकर्मप्रति विश्वास गर्ने, तन्त्रमन्त्र र दैवीशक्तिजस्ता अलौकिक कुराहरूमा झुकाब राख्ने भएका हुनाले यहाँको सांस्कृतिक विकासमा धार्मिक परम्पराले ठूलो भूमिका खेलेको पाइन्छ। अतः मल्लकालीन नेवार समाजको झ-झल्को आज पनि भक्तपुरमा सजीव रूपमा देख्न सकिन्छ। यसको एउटा ज्वलन्त उदाहरण बिस्केट जात्रा हो। यो जात्रा यहाँको विविध विशेषता र सांस्कृतिक गतिविधिले युक्त एउटा प्रख्यात र उल्लेखनीय जात्रा हो। विगतकालमा जस्तै वर्तमानमा पनि यो जात्रा आठ रात, नौ दिनको लामो समयावधिभित्र उही दिन उही स्थानहरूमा परम्परागत ढङ्गले चल्दै आइरहेको पाइन्छ। यसका विविध विधि-विधानहरू ऐतिहासिक कालखण्डमा जसरी सम्पन्न गर्ने गरिन्थ्यो, त्यसैअनुरूप आज पनि सम्पन्न हुँदै आइरहेका छन्। त्यसैले यस जात्रा वा पर्वसम्बन्धी क्रियाकलाप भनेको ऐतिहासिक विशेषताका प्रतीक हुन्, जुन आजसम्म पनि हाम्रासामु प्रस्तुत भइरहेका छन्। यसमा एकातिर विशाल ध्वजासहितको लिंगो ठड्याएर जात्रा गरिन्छ भने अर्कोतिर काठैकाठबाट निर्मित मन्दिर आकारको भैरव भद्रकालीको रथ तान्ने जात्रा पनि हुन्छ। विश्वजात्राको मूल रूप पनि यही हो। यसबाहेक यसमा अनेक आश्चर्यलाग्दा सांस्कृतिक क्रियाकलाप र धार्मिक गतिविधि पनि हुने गर्छन्। देवदेवीका पूजाआजा, भजनकीर्तन, द्यः थाँहा बिज्याइगु, द्यः क्वँहा बिज्याइगु, ल्हाः मरु ल्योसिंद्यः थनिगु, स्थानीय खटजात्राहरू, तिंप्वाजात्रा (निगालो बालेर निकालिने जात्रा), म्ये कपः जात्रा (राँगाको टाउको बोकेर गरिने जात्रा), भाजंखचा जात्रा (मुर्दा खट जात्रा), तान्त्रिक विधिले सम्पन्न गर्ने जोगीचक्र पूजा, रथ जुधाउने जात्रा, खट जुधाउने जात्रा, द्यः सगं बियेगु (देवतालाई सगुन चढाउने) आदि विधि-विधान र सांस्कृतिक क्रियाकलापहरू पनि यस अवसरमा यहाँ प्रस्तुत हुने गर्छन्।

उपर्युक्त दृष्टान्तहरूका आधारमा बिस्केटजात्राको संस्कृति भक्तपुरको गौरवमय सांस्कृतिक परम्पराको एउटा उत्कृष्ट नमुना मान्न सकिन्छ। मनोरञ्जनका अतिरिक्त जात्राप्रतिको श्रद्धाभक्तिबाट मनोकामना पूरा हुने धार्मिक आस्था तथा आपद्-विपद् र संकटबाट मुक्ति मिल्ने विश्वासले गर्दा पनि यस जात्रामा स्थानीयवासीको आत्मीय सहभागिता रहने गरेको पाइन्छ। यस जात्रामा स्थानीयवासी नेवारहरूको मात्र बाक्लो उपस्थिति हुने नभएर बाहिरबाट आउने विविध जात-जातिका नेपालीहरूलगायत विदेशी पर्यटकहरूको समेत ठूलो घुइँचो लाग्ने गर्दछ। यस अर्थमा यस जात्राले विविध समुदायका मानिसहरूलाई एकै थलोमा ल्याएर तिनीहरूबीच सामाजिक सद्भाव, भ्रातृत्व, पारस्परिक मेलमिलापको भावना जगाउन मद्दत पुऱ्याएको देखिन्छ।

बिस्केट जात्राको दौरानमा खः ल्वाकिगु (भैरव-भद्रकालीको रथ जुधाउने) जात्रापश्चात् भक्तपुरमा प्रत्येक दिन विभिन्न जात्राहरू हुने गर्छन्। यस्ता जात्राहरूमा महाकाली-महालक्ष्मीको खटजात्रा पनि एक महत्वपूर्ण जात्रा रहिआएको छ। यो जात्रा प्रत्येक वर्ष वैशाख २ गते सम्बद्ध देवस्थल र त्यस वरपरका स्थानहरूमा मनाइन्छ। यस अतिरिक्त सोही दिन भक्तपुर नगरका अन्य स्थानहरूमा पनि स्थानीय रूपमा प्रख्यात विभिन्न देव-देवताका अनेक स्थानीय जात्राहरू पनि हुने गर्दछन्। जस्तो बटुक भैरव-जेठा गणेश जात्रा, चोड्या गणेश जात्रा आदि। वैशाख २ गते नै भक्तपुरदेखि पश्चिमतिर लगभग ४ कि.मी.को दूरीमा रहेको थिमी, बोडे, नगदेशमा पनि क्रमशः बालकुमारी जात्रा, महालक्ष्मी जात्रा, सिद्धिगणेश जात्रा आदि हुने गर्दछ, तर ती जात्राहरूको भक्तपुरको बिस्केट जात्रासँग कुनै तादाम्यता रहेको पाइँदैन, यद्यपि ती जात्राहरूलाई पनि बिस्केट जात्रा नै भन्ने गरिएको पाईन्छ। त्यस्तै सोही

दिन कटुन्जेमा पनि सुशील भैरवको जात्रा हुने गरेको छ।

**महाकाली–महालक्ष्मी जात्रा**

महाकाली र महालक्ष्मी अष्टमातृकादेवीहरूमध्ये सातौं र आठौं क्रममा आउने देवीहरू हुन्। राजा आनन्ददेवले भक्तपुरलाई राजधानी सहरको रूपमा स्थापित गर्दा तान्त्रिक दृष्टिले यसको सुरक्षार्थ नगर वरिपरि आठ दिशामा अष्टमातृका र बीचमा त्रिपुरासुन्दरीदेवी स्थापना गरेका थिए। जसमध्ये उत्तरमा महाकाली र इशानकोणमा महालक्ष्मी स्थापित रहेका छन्। पर्वविशेषमा यी देवस्थलहरूमा विशेष पूजाहरू हुने गर्छन्। वर्षको एकपल्ट बिस्केटका अवसरमा यिनको जात्रा गर्ने गरिन्छ। यो जात्राको परम्परा कहिलेदेखि प्रारम्भ भयो भनी किटानसाथ भन्न त सकिँदैन तर त्यसो भए पनि यो जात्रा बिस्केट जात्रासँग सम्बद्ध रहेको र मल्लकालमा राजा जगज्योर्ति मल्लले बिस्केटलाई भव्य रूपमा मनाउन त्यसमा भैरव र भद्रकालीको रथ यात्रासमेत समावेश गरी दुई दिनबाट लम्ब्याएर नौ दिनसम्म चल्ने जात्रामा परिणत गरिदिएको तथ्यलाई स्वीकार्दा यस जात्राको प्रचलन पनि सम्भवतः उनैको पालादेखि प्रारम्भ भएको अनुमान हुन्छ। अनि यी जात्राहरू किन प्रचलनमा आए त भन्दा भक्तपुर नगरका विविध स्थानमा अद्यावधि स्थापित रहेका अष्टमातृका, दशमहाविद्या, भैरव, गणेश, त्रिपुरासुन्दरी, नवदुर्गा आदि यहाँको जनजीवनमा देश रक्षा गर्ने, सहकाल ल्याउने, विपत्तिबाट जोगाउने देव–देवताका रूपमा प्रसिद्ध छन्। अतः तिनै देव–दवताका सम्मानमा प्रत्येक वर्ष यस किसिमको जात्रा र पर्वपर्वमा विशेष पूजा आदि सञ्चालन हुँदै आएको देखिन्छ।

मेष संक्रान्तिका दिन साँझपख मूल जात्रास्थलमा विश्वध्वजा बिसर्जन गरिसकेपछि अर्थात् लिंगो ढालिसकेपछि भैरव र भैरवीका रथहरूलाई तानेर गःहिटी माथि ल्याई आपसमा जुधाउने साँस्कृतिक विधानपश्चात् त्यसको भोलिपल्टदेखि स्थानीय रूपमा प्रख्यात देव–देवीका जात्राहरू प्रारम्भ गर्ने गरिन्छ। त्यस्ता प्रसिद्ध जात्राहरूमध्ये महाकाली र महालक्ष्मीको खट जुधाउने जात्रा पनि एक हो। यो जात्रा प्रत्येक वर्ष वैशाख २ गते अर्थात् बिस्केटको छैटौं दिन अपरान्ह ४, ५ बजेतिर भक्तपुरको भोलाछें र थालाछें टोल इलाकाहरूमा हुने गर्दछ। यस जात्रामा स्थानीयवासीलगायत वरपरबाट आएका दर्शनार्थी र श्रद्धालु भक्तजनहरूको ठूलो घुइँचो लाग्ने गर्दछ।

महालक्ष्मी जात्रा महालक्ष्मीस्थान (द्यःछें) थालाछेंबाट र महाकाली जात्रा महाकालीस्थान (द्यःछें) भोलाछेंबाट प्रारम्भ हुन्छ। जात्राको क्रममा दुवै पक्षका सहभागीहरू अर्थात् महालक्ष्मी खटजात्रा पक्षकाले पहेंलो र महाकाली खटजात्रा पक्षले रातो बस्त्र लगाएका हुन्छन्। एउटाले पहेंलो र अर्कोले रातो वस्त्र पहिरिनुको पछाडि सम्भवतः सम्बद्ध देवीहरूको स्वभावलाई संकेत गरेको अर्थमा लिन सकिन्छ। जस्तोः देवी महालक्ष्मी शान्त स्वभावकी हुनाले पहेंलो र महाकाली उग्र रूपकी देवी भएकाले रातो पहिरन लगाएको हुनुपर्छ। यो जात्रा सर्वप्रथम महालक्ष्मी देवीको देवगृह थालाछेंबाट देवीको प्रतिमालाई तल ल्याएर सजाइएको खटमा आसिन गराई विभिन्न किसिमका गर–गहनाद्वारा सिँगारेर विधिपूर्वक गर्नुपर्ने पूजाआजा सम्पन्न गरेपछि खटलाई अगाडि पछाडि दुबैतिरबाट बाँसको नोलद्वारा ८/१० जना मानिसहरूले काँधमा उठाएर सुरु गरिन्छ। देवी विराजमान खटलाई ठूलो झल्लरी छाता ओडाइएको हुन्छ। साथमा दाफा भजन, धल्चा भजन गाउनेहरू, धिमे बाजा, काँय बाजा बजाउनेहरू, चिराग बत्ती लिनेलगायतका श्रद्धालु भक्तजनहरू अघि–अघि लागेका हुन्छन्। यो जात्रा भोलाछेंतिर बढ्छ र भोलाछेंको महाकाली देवगृह आइपुगेपछि त्यहाँ पहिलेदेखि सजाएर राखिएको महाकालीको खटलाई पनि स्थानीय बासिन्दाले बोकेर जात्रा सुरु गर्छन्। त्यसपछि अघि आएकै बाटोबाट जात्रा फर्कन्छ। महाकालीको खटजात्रा पनि पछि–पछि आएको हुन्छ। यसरी अघि–अघि महालक्ष्मी र पछि–पछि महाकालीको जात्रा सुरु हुन्छ। यो जात्रा महाकाली द्यःछेंबाट सुरु भई क्रमशः भोलाछें, महालक्ष्मीस्थान, थालाछें, नागपोखरी, याछें, याछें गणेश, लालाछें, कुम्पाख जाने बाटो हुँदै अन्त्यमा पहिलेकै ठाउँ भोलाछें चोकमा पुगेपछि दुवै देवीको खटलाई एकले अर्कोलाई अबिर छर्केर आपसमा जुधाउने कार्य हुन्छ। यो कार्य तीनपल्टसम्म गरिन्छ। यसलाई "खः ल्वाकेगु जात्रा" भनिन्छ। यहाँनेर देव–देवीको खट जुधाउने परम्परा जुन छ, त्यसलाई तान्त्रिक दृष्टिले यौन समागमको प्रतीक अर्थमा लिने गरिन्छ। यदि यसो हो भने यहाँ स्त्रीलिंगी–स्त्रीलिंगी देवताबीचको आपसी समागमले के कुरा संकेत गर्दछ भने समलिंगी यौनको प्रचलन देव- देवताकै समयदेखि प्रचलित थियो भन्ने देखिन्छ। यस तथ्यलाई सोही दिन बिहान कुम्हाले टोलमा हुने बटुक भैरव र जेठा गणेशको खट जुधाउने जात्राले पनि पुष्टि गर्दछ। यो चाहिं पुलिंगी–पुलिंगी देवताबीचको आपसी समागमको प्रतिक अर्थमा लिन सकिन्छ। अनि त्यस्तै गरेर वैशाख ३ र ४ गते सम्पन्न हुने माथिल्लो टोलको ब्रम्हायणी–महेश्वरीको खट जुधाउने जात्राले पनि यस तथ्यलाई स्पष्ट पार्दछ। जेहोस् समलिङ्गी यौनको चलन देव–देवतामा पनि रहेको थियो भन्ने भाव यसले दर्साउँछ। अन्त्यमा दुवै देवीहरूलाई स्वस्थानमा फर्काइन्छ र जात्रा सम्पन्न हुन्छ।

यस जात्राको सम्बन्धमा अनुश्रुति के रहेको पाइन्छ भने महाकाली र महालक्ष्मी दुवैजना याछें गणेशका दिदी–

बहिनी अनि याछें गणेश चाहिं काठमाडौंकी कुनै चेली, जो विवाह गरेर भक्तपुर आउँदा दाइजोको साथमा आएका देवता भएकोले येंछेंबाट अपभ्रंश भइ याछें गणेश भएको हो। अनुश्रुतिअनुसार नयाँ ठाउँ, नयाँ परिवेशमा चिनेजानेका कोही पनि हुँदैनन्। परिचित कोही पनि नभएपछि पहिलेदेखि प्रतिस्थापित महाकाली र महालक्ष्मीलाई दिदी–बहिनी सम्झेर आफ्नो भन्दै मानी आएको हो।

याछें गणेशले दिदी–बहिनी दुवैलाई भोज खान निम्तो दिएकोले भोज खानका लागि हिंड्ने कार्य नै यो जात्रा हो। महालक्ष्मी दिदी र महाकाली बहिनी भएकोले दिदीले बहिनीलाई भोजमा सँगै जान बोलाउनुपर्ने भएकोले सर्वप्रथम महालक्ष्मीको खटजात्रा महाकाली स्थान भोलाछें आउने गरेको हो। यहींबाट दुवै दिदी बहिनीको जात्रा अघि बढ्छ। तर सान्है नै ढिलो भइसकेकोले अब दिदीहरू आउँदैनन् भन्ने सोचेर याछें गणेश आफ्नो गन्तव्य अर्थात् देवगृहको गुह्य स्थानमा प्रवेश गरिसकेका हुन्छन्। भाइकहाँ भोज खान भनेर आएका महाकाली, महालक्ष्मी भाइ याछें गणेश नभेटेर भोज खान नपाए पछि दुवैजना एक अर्कोसँग रिसाउँछन्। "नबोलाइकन घरबाट ननिस्कने तिमी" र "अबेर घरबाट निस्केकाले भोज खान नपाएको" भन्दै एक अर्को माथि दोष थोपर्दै बाटोभरि झगडा गर्दै फर्कन्छन्। भोलाछें र थालाछें टोलको बीचमा पर्ने खुला चोकमा पुगेपछि खुबसँग झगडा गर्छन्। दिदी–बहिनी झगडा गरेको देखेर टोलवासीले दुवैलाई आपसमा शान्त पार्न बलिपूजा गरी फूल, अबीर छरेर घरका झ्याल–झ्यालबाट चतामरी छरी दिई पूजा गर्छन्। टोलवासीको यस्तो श्रद्धा र भक्ति देखेर दुवै दिदी–बहिनी अति नै खुसी हुँदै आ–आफ्नो स्वस्थानमा फर्केपछि यो जात्रा सम्पन्न भएको मानिन्छ। यसबाट यो जात्रा याछें गणेशसँग पनि सम्बन्धित रहेको तथ्य थाहा हुन्छ। जात्राको समय दुवै देवीहरूको खटजात्रा याछें गणेशस्थानसम्म आइपुग्नुले पनि यो कुरा स्पष्ट पार्दछ।

महाकाली जात्राको निम्ति एकातिर भोलाछें टोलका स्थानीय कक्षपतिहरूले गुथिको व्यवस्था गरिदिई आफैले रेखदेख गर्दै आएको छ भने अर्कोतिर स्थानीय टोलवासीहरूले पनि आफ्नो गाउँ ठाउँको जात्रा भनेर सक्दो सहयोग पुऱ्याउँदै आएको छ। राज्यको तर्फबाट भने आजसम्म कुनै सहयोग प्राप्त छैन तर महालक्ष्मी जात्राको निम्ति भने बिस्केट जात्रालाई झैं अथवा भैरव–भद्रकाली जात्रा, लिंगो उभ्याउने जात्रा, बाराहीको तिंप्वा जात्रालाई झै राज्यको तर्फबाट खर्च (आयस्ता) को व्यवस्था बाँधिदिएको छ। साथै महालक्ष्मी देवीको दैनिक र नियमित पूजा सञ्चालन गर्न आचाजुको पनि व्यवस्था छ तर पनि गुथि मासिँदै गएको वा गुथिको आयस्ता नाम मात्रको हुन पुगेको परिप्रेक्ष्यमा स्थानीय टोलवासीहरूकै सहयोग महत्त्वपूर्ण रही आएको छ।

चाड आफ्नो घर परिवारका सदस्यहरूमात्र बसेर मनाउने भए पनि जात्राका बेला भने देव–देवताको पूजासमेत हुने भएकोले आफन्त, इष्टमित्र विशेष गरेर बिवाह गरेर दिइसकेका चेलीबेटी, भान्जा–भान्जी आदि आफन्तजनलाई नखात्या भोज बोलाई चाड मान्ने गरिन्छ। यसबाट चाडको वातावरण उल्लास र उमङ्गमय बन्न पुग्छ। यसैअनुरूप महाकाली–महालक्ष्मी जात्राको अवसर पारेर वैशाख २ गते भोलाछें र थालाछें टोलका बासिन्दाहरूले आफ्ना चेलीबेटीहरूलाई बोलाई टोलको जात्रालाई चाडको रूपमा मान्दै आएको देखिन्छ। यताबाट आफन्तजन, नातेदार, इष्टमित्रहरूलाई बोलाउने, एकै ठाउँमा जम्मा हुने, एकआपसमा खुसी साटासाट गर्ने, सामूहिक रूपमा भोज खाने, रमाइलो गर्ने जस्ता कार्यले अप्रत्यक्ष रूपमा पारिवारिक र सामाजिक सम्बन्धलाई अझ नजिक ल्याउन सहयोग गरेको हुन्छ अर्थात् आफन्तहरूबीच मैत्रीपूर्ण र सुमधुर सम्बन्ध विकास गर्न यस्ता चाडपर्व, जात्रा उत्सवहरूले महत्त्वपूर्ण भूमिका खेल्दै आएको देखिन्छ।


पहिले–पहिले यसजात्राको दुईदिन अघि अर्थात् चैत मसान्तका दिन महालक्ष्मी देवीको पीठ अगाडि पनि लिंगो उभ्याएर जात्रा गर्ने परम्परा प्रचलित रहेको थियो। तर अहिले यो परम्परा मासिसकेको छ।

## उपसंहार

महाकाली महालक्ष्मी जात्रा मल्लकालदेखि प्रचलित जात्रा हो। यद्यपि यो जात्रा बिस्केट जात्राकै सन्दर्भमा हुने अन्य स्थानीय जात्राहरू जस्तै एउटा स्थान विशेषको जात्रा हो, तर त्यसो भए पनि जुन स्थानका बासिन्दाहरूले यी देवीहरूलाई आफ्नो स्थान विशेषका प्रमुख रक्षक देवताका रूपमा मान्दै आइरहेका छन्, तिनीहरूका निम्ति यो एउटा मुख्य जात्रा रहेको बुझिन्छ। जसरी न्हेय्सः त्वा इलाकाका स्थानीय बासिन्दाका निम्ति बाराहीदेवीको तिंप्वा जात्रा महत्त्वपूर्ण मानिन्छ, खौमा टोल इलाकाका बासिन्दाका निम्ति इन्द्रायणी देवीको त्वादिवा जात्रा, चोछें टोल इलाकाका बासिन्दाका निम्ति छ्मागणेश जात्रा (अरु पनि थुप्रै उदाहरण दिन सकिन्छ) महत्त्वपूर्ण जात्राहरू मानिन्छन्, त्यसै गरेर भोलाछें, थालाछें टोल इलाकाको प्रसिद्ध जात्राको रूपमा यसलाई लिइन्छ। वस्तुतः घामपानी, बादल, वर्षा, वृष्टि, पर्यावरण जस्ता प्रकृतिजन्य कुराहरू असन्तुलित नहोस्, देवताहरू खुसी र सन्तुष्ट होउन्, सर्वत्र सुख, शान्ति र समृद्धि फैलियोस्, रोगव्याधि र दुर्भिक्ष नाश होस् भन्ने कामनार्थ यहाँका बासिन्दाले प्रत्येक वर्ष यस्ता जात्राहरू मनाउँदै आइरहेको देखिन्छ। अस्तु !

# ljZjk|;4 syfsf/ M0;k





इसप

न्हुछेरत्न बुद्धाचार्य

*स्वभावैले सदा दुष्ट जो छन् मद्दत ती सित*
*नमाग लोकले भन्ला मूर्ख पामर कुत्सित*
*इसप*

इसपको जन्म इतिहासकारहरूका अनुसार इ.पू. ६२० मा ग्रीसमा भएको थियो। उनको जन्म एक दास परिवारमा भएको थियो। भोज र उत्सवहरूमा ऊ कथा सुनाउने गर्दथे। इसप एउटा महान कथा वाचक थिए। तर उनी स्वयम्ले कथा लेखेनन्। यद्यपि उनी प्रसिद्ध भए। उनले पुराना कथाहरू जम्मा गरेर तिनीहरूलाई लोकप्रिय बनाइदिए। दास भएका कारण उनले पढ्न लेख्न पाउने कुरै भएन। त्यसकारण उनी अपठित रहे। उनी पनि उनका बाबुसँगै किनबेच हुने गर्दथे तापनि उनी अत्यन्त चलाख भएका कारण दार्शनिक प्रकृतिका थिए। जनावरहरूका कथा सुन्ने-सुनाउने गर्दथे। फ्याउरो, सिंह, मूसा, भेडा, हात्ती, कुकुर, बाज, चमेरा, कोइली आदि मुख्य पात्र भएका विश्वप्रसिद्ध कथा इसपले नै सुनाउने गर्दथे।

इसपको कथाको ख्याति ग्रीसका बादशाहको कानमा पनि पुग्यो। आखिर एकदिन बादशाहले उनको कथा सुनेर निकै मन पराए। बादशाहले इसपलाई इनाम दिन खोजे। तर उनले भने – 'धन्यवाद महाराज ! मलाई कुनै इनाम चाहिँदैन मेरो लागि उचित इनाम यही हुनेछ कि मैले सुनाएका सबै कथा लेखेर एउटा पुस्तक बनाइयोस्। म यो संसारबाट गइसकेपछि पनि बाल-बालिकाहरूसँगै बस्न सकूँ।' इसपको कुरा स्वीकारेर छिट्टै दास इसपको कथा भएको पुस्तक प्रकाशन गर्न लगाइयो र घर-घरमा सो पुस्तक पढिन थालियो। उनका कथाहरू विश्वको धेरै भाषामा अनुदित भएका छन्।

उनी शारीरिक रूपमा कुरूप थिए। तर अत्यन्त चतुर र बुद्धिमान थिए। इसपको एउटा आँखा फुटेको थियो। दाँत भाँचिएको थियो। अनुहार यति नमिलेको थियो कि उनलाई देख्दा केटाकेटी डराएर भाग्थे। उनी बिहान चाँडै उठ्थे, घर सफा गर्थे, भाँडा सफा गर्थे अर्थात् सबै काम कुरा सकेर बेलुकीपख केटाकेटीलाई कथा सुनाउँथे। उनका कथाहरू सुनेर बच्चाहरू आनन्दित हुन्थे, हाँस्थे र रमाउँथे। पछि पछि त उनको कथा सुन्न भीड नै जम्मा हुन थाल्यो। उनी जनावरहरूलाई मिथक बनाएर रोचक शैलीमा कथा भन्थे। पशुपन्छीलाई विषय बनाएर कथा भन्ने इसप वास्तवमा दास होइन दार्शनिक थिए भन्ने धेरै विद्वानहरूको तर्क छ।

इसप जब पहिलो मालिकबाट दोस्रो मालिकका घर गए त्यतिखेर उनको कथा भन्ने शैलीमा धेरै परिवर्तन आइसकेको थियो। दोस्रो मालिकले उनको विद्वताबाट प्रभावित भएर उनलाई दासत्वबाट मुक्त गरिदिए। त्यसबेलाको गणतन्त्रात्मक ग्रीसमा विभिन्न सभा समारोहमा आफ्नो रोचक कथाहरू भन्दाभन्दै उनी निकै चर्चित भए। उनको प्रसिद्धि सँगसँगै थुप्रै देश विदेशमात्र घुमेनन् कि मान-सम्मान पनि प्राप्त गरे। कथाकुथुङ्ग्रीहरू भनेर स्रोताहरूलाई मख्ख पार्न सिपालु मानिने इसप बौद्धिक क्षमताका धनी थिए। जसले जे सोधे पनि चतुरतापूर्वक तत्काल जवाफ दिन्थे। भनिन्छ, उनको सबभन्दा ठूलो गुण नै उनको बोल्ने र प्रस्तुत गर्ने कला थियो। उनका कथाहरू उनको समयमा नलेखिए पनि श्रुति परम्पराअनुसार एक पुस्ताबाट अर्को पुस्तामा सर्दै गए। पश्चिमी समाजमा उनका नीति कथाहरू नेपाल र भारतका चर्चित पञ्चतन्त्रका कथाहरू जस्तै लोकप्रिय छन्।

इसपका थुप्रै कथाहरू छन्, त्यसमध्ये एउटा –
एउटा खेताला कि छोरी टाउकोमाथि ➲➲

# gu/sf] /Tgr8sf]dxŒj



प्रेम प्रसाद काफ्ले

हे रत्नागिरि ! तपाईंको यो भक्तपुरकै पूर्वको पुण्यक्षेत्रमा उच्च पहाडी श्रृङ्खलाअन्तर्गत उभिएर पश्चिम मोहडा दिएर हरेक दिन बिहानदेखि बेलुकासम्मको हँसिलो अनुहारको महिमा र गुणबारे पूरै वर्णन गर्न नसकेता पनि सानो परिचय दिन खोजेको छु ।

सर्वप्रथम स्वयम् ब्रम्हाबाटै रत्नै-रत्नबाट परिपूर्ण शिवलिङ्ग साक्षात्कार स्थापना गरिएको भन्ने स्कन्दपुराण अन्तर्गत हिमवत खण्ड नेपाल माहात्म्यको १२३ अध्यायको श्लोक ८ मा यसप्रकार वर्णन पाइन्छ–

*“ब्रहमणात्र हृदंपूर्व निर्माय द्विज सुन्दर ।*
*रत्नेय कल्पितं लिङ्ग रत्नचुडेश्वर श्रुत ।८।”*

त्यसैले तपाईंलाई रत्नचुडेश्वरका नामले तपाईंको पूजा आराधना, ऋषि मुनिहरूका तप र स्तुति पूजा आजा चाडपर्व गर्दै, महादेव पोखरीमा हुने रक्षाबन्धन पनि मान्दै आएको पाएका छौं । हामी गाउँवासीबाट यस ठाउँलाई नाल्दुम महादेव पोखरी-नगरकोट भन्दै आएका छौं । नगरकोट भन्ने बित्तिकै सूर्योदयको मोहमात्र नराखी रत्नचुडेश्वर महादेवको दर्शन झन् बढी महत्त्व हुने कुरा आम आन्तरिक तथा बाह्य पर्यटकले बुझ्नु जरुरी छ । सूर्योदयको लोभले पर्यटकहरू बिहानीको झिसमिसेमै दौडधुपसँगै यो अलौकिक दृश्य बडो हतारो गरेजस्तै यस रत्नचूड पर्वतमा अवस्थित साक्षात् भगवान् रत्नचूड महादेवको दर्शन गर्न सारा आफ्नो प्रयासहरू जारी राख्दै हिमालको कोखबाट स्वयम् सूर्यदेव प्रकट भई सारा उपत्यकावासीहरूको लागि आफ्नो दिव्य दर्शन यसै स्थानबाट प्रदान गर्नुहुन्छ । यसै सूर्य उदयको नामबाट यस स्थानको आयस्रोत दिनानुदिन बढिरहेको देखिन्छ । यो स्थल धार्मिक ग्रन्थहरूमा बयानजस्तै बिहानीको प्रथम प्रहरमै हिमालबाट प्रकट सूर्यदेवको पहिलो स्पर्श पाउने गर्छ जसलाई अत्यन्त महत्त्व र दुर्लभ दृश्य मानेर देश-विदेशबाट पाल्नुहुने असङ्ख्य आगन्तुकहरू बडो उत्साहसाथ यही सूर्योदयको लोभले अघिल्लो रात नै यही स्थानमा पुगी उनै दिवाकरको पहिलो दर्शन गर्ने गर्दछन् । त्यसैले एकछिन उनै सूर्यको न्यानो किरणसँगै उपत्यका उदयकालदेखि थानकोटको चन्द्रागिरिमा हुने अस्तकालसम्मको व्रत पूजा गरेर लाखौं उपत्यकावासीहरू उनै सूर्यदेवलाई अर्घ्य दिई अस्ताएपछि मात्र भोजन ग्रहण गर्ने गर्दछन् । ‘विद्याकी

---

➲➲ दूधको भाँडो बोकेर दूध बेच्न बजार गइरहेकी थिइन् । जब उनी बाटोमा थिई, आफूसँग भएको रुपैयाँ खर्च गर्ने योजनाहरू बनाउन थालिन् । उनले विचार गरिन् कि अब कुखुरीहरू किन्न दूध बेच्नेछु । कुखुरीहरूले फुल दिने छन् । चल्लाहरू निकाल्न फुलहरू कोरलनेछन् । बाखाहरू किन्न म ती कुखुरीहरूलाई बेचिदिनेछु । ती बाखाहरूले अझ बढी पाठापाठी दिनेछन् । तिनीहरू क्रमशः बढेर ठूलो हुनेछन् । म ती बाखाहरूलाई गाई किन्न बेच्नेछु । सहरका युवकहरू मसँग विवाह गर्न आउनेछन् । म तुरुन्तै कुनै प्रस्तावलाई स्वीकार गर्नेछैन । म ती प्रस्तावहरू स्वीकार गर्न स्थगित गर्नेछु । ता कि युवकहरू मकहाँ आउन जारी राख्नेछन् । जब विवाहका प्रस्तावहरूमाथि विचार गरिरहेकी थिइन् उनी ढुङ्गामा ठेस लागिन् र दूध सबै भुइँमा पोखिन्छ ।

‘अण्डाबाट चल्ला ननिस्कँदै कुखुरा गन्नुहुँदैन ।’

यस्ता कथाहरू भन्न सिपालु भएकै कारण इसपलाई स्वतन्त्र गरियो ।

इसपको मृत्यु कसरी भयो भन्ने सवालमा पनि विद्वानहरू माझ विवाद छ ।

परम्परागत कथाअनुसार इसपमाथि एउटा मन्दिरबाट कचौरा चोरेको आरोप लगाइयो । उनीले आफूलाई सुरक्षित राख्न गरुड र कीराको कथा भन्यो तर यसपालि उनको कथाले मद्दत गर्न सकेन । अन्ततः उनलाई मृत्युदण्ड दियो भनिन्छ ।

फेरि अर्को कथनअनुसार एकपटक डेल्फीमा त्यहाँका नागरिकहरूलाई पैसा बाँड्ने जिम्मा हुँदा केही लोभी मानिस देखेर उनले मालिकलाइ नै फर्काइ दिए । यसबाट डेल्फीवासी रिसाएर उनीमाथि नानाभाँती आरोप लगाएर उनलाई इ.पू. ५६० मा मृत्युदण्ड दियो भनिन्छ । भनिन्छ डेल्फीवासीले यसबाट ठूलो मूल्य चुकाउनुपर्यो ।

**सन्दर्भ सामग्री**

१) English Reader -The Fables of Aesop
२) विश्वविख्यात साहित्यकारहरू – संकलन – भीमराना जिज्ञासु
३) विश्वप्रसिद्ध व्यक्तिहरू – मधुसुदन पाण्डेय

देवी वागीश्वरीको महिमा र गरिमाले ओतप्रोत भएको वैभव भूमिमा वागीश्वरीकै सेरोफेरोको नगरकोटको डाँडामा उभिएर भगवान् सूर्यदेवको प्रथम आलोकसँग आत्मसात गर्न पाउने आत्मानुभूति पनि हुँदो रहेछ' भनी वरिष्ठ संस्कृतिकविद् सत्यमोहन जोशीले यस पर्वतका विषयमा यसै पर्वतको काखमा रहेको 'वागीश्वरीदेखि ब्रह्मायणीसम्म' भन्ने पुस्तकमा आफ्ना वाणीहरू सम्प्रेषण गर्नुभएको छ। पर्वतको दायाँ हातको रूपमा दोलागिरि पर्वत पर्दछ र त्यसको अन्तिम भागमा चतुर्बाहु नारायण चाँगु विराजमान देखिनुहुन्छ भने बायाँ हात द्रोणाचलगिरिमा अष्टसिद्धि सूर्यविनायक विराजमान देखिनुहुन्छ। त्यसै हातको पाखुरीमा पूर्व सिरानी गरी भगवान् बुद्ध सुतिरहेको आभाष हुन्छ। यो दुवै हातको भित्र हामी सबै भक्तपुरको बस्ती बसोबास गरेको देखिन्छ र यो सुन्दर स्वरूपको मुख हामी सबै प्राणीहरूको वाक्वाणीका चार चरणः परा, पश्यन्ति, मध्यमा र बैखरीलाई समेत इङ्गित गरेको आभास हुने साक्षात् सरस्वती गुफा ल्हासा प्वाँ प्रख्यातिको अर्को उदाहरण हो। फेरि हरेक तिम्रा अङ्गबाट नौधाराका रूपमा सञ्चालित नदीहरू बगिरहेका छन् – हलाहल, चम्पा, चन्द्रावती, पुण्यमाता, सुवर्ण, विलां, भद्रा, बोधिनी, बाघेहिणी नदी। यी नवधाराको बारेमा श्लोक ९ मा यसप्रकार वर्णित छ। यी नवधारामध्य बाघेहिणी धारमा रत्नचूड तलाउमा जनै पूर्णिमाको दिन जात्राको कारणले हुने धमिलो पानी यस धाराबाट आउँछ भन्ने किम्बदन्ती छ। त्यसै यो धारामा बेला–बेलामा सेतो बाघले स्नान गर्न आउँछ भन्ने भनाई सुनिन्छ।

*"एतत ह्रदत् समुद्भूता, नवधारा नदीवरा*
*एतस्य श्रुणु माहात्म्यं प्रवक्ष्याम्यहं मद्भूतम् ।९।"*


तिम्रो अर्को स्वरूप यस स्थलबाट एक हजार धनु तल वागीश्वरी लिङ्ग भनिन्छ। यसैको महत्त्वलाई सुनी बुझी व्याधाका रूपमा रहेका वाल्मीकी ऋषि तिम्रै काखमा आई वागीश्वरीको आराधना तपस्या गरी आफ्ना बोलीको वाक्सिद्धि गरी यसै स्थानको रूपमा रहेको भक्तपुर फाँटको बीचमा बाजी पय यज्ञ गरी आफूसिद्ध भएपछि हनुमतीमा बसी 'वाल्मीकी रामायण' ग्रन्थ तयार गरी वाल्मीकेश्वर स्थापना गरिएको इतिहासमा पनि पाइन्छ।

तिम्रै अङ्गका नौ धारामध्येको सात धारा जलस्रोत नै हामी भक्तपुरवासीका लागि पेय जल र सिंचाइको उपयुक्त भइराखेको छ। यस्तै गरी वागीश्वरी लिङ्गदेखि नौ सय धनु तल पानीको भुलभुल निस्कने धान्यकूप भनिन्छ। त्यस कुवाबाट धान, गहुँ, मकै, जौ, तिलको उत्पादन बेलाबेलामा देखिने गर्दछ। कृषि उत्पादन युगको सुरुवात अगावै यस धान्यकूपबाट निस्किएको अन्नका दाना कृषि विजनको सुरुवात हो कि भन्न सकिन्छ। यस क्षेत्रका किसानको ठूलो महत्त्व र उपलब्धी कृषि पेशा हो र हामी सबै कृषिमै रमाउँछौं। यो जिल्लाको माटोको ठूलो महत्त्व छ। यस क्षेत्रमा अन्न उत्पादनदेखि अन्य सागपात स्वादिष्ट रहेको इतिहास पाइन्छ। यस ठाउँको माटोबाट भाँडाकुँडा बनाउने र आफ्ना बसोबास व्यवस्थापन गर्ने देवमन्दिरका छानाका झिँगटी, इँटाका गाहाहरू निर्मित भएका छन्। माटोलाई माटैले मल दिने कालीमाटी सर्वश्रेष्ठ मानिन्छ। यस ठाउँको माटोलाई विद्वानहरूले सुवर्ण धातुको संज्ञा दिएका छन्। जुन कथाको आधारमा कुनै बेला सुख्खा खडेरी भई बाली लगाउन ढिलो हुन गई गाउँका सबै किसानहरूबाट फूलअक्षता, धूपबत्ती पञ्चेबाजा, बाँसुरी, खैंजेडी, ढ्याङ्ग्रोसहित सबै गाउँवासीहरू एकजुट भएर तपाईंको शिर भागमा रहेको तलाऊ महादेव पोखरीमा पुगी स्नान गरी नाचगानसहित सबै जनाले एउटै बोलीमा 'हरहर महादेव पानी देऊ' भनी पुकार गर्दा केही दिनमै वर्षा भई खेतीपातीको लागि पर्याप्त सिंचाई हुने किंबदन्ती छ र यो चलन आजसम्म पनि देखिन्छ।

अर्को कुरा खेतीका समय आएपछि तिम्रो शिर भागको माथि कालो बादल मडारिँदै गर्दा हामी किसानहरूका लागि खेतीको शुभसंकेत हुने गर्छ, खेतीको लागि चाहिने बीऊ, मल, खाजाका साथै कामदारहरूको खोजीमा लाग्छौं। यो एउटा हामी किसानहरूको लागि प्रकृतिको बोलवाला छ भन्ने भान छ। यस क्षेत्रको उत्पादन, खाद्यपदार्थ स्वादिष्ट र शक्तिबर्द्धक भन्ने हामीलाई लागेको छ। पुर्खादेखि नै किसानले जगेर्ना गर्दै आएको पाइन्छ।

अष्टमातृकाको नामबाट आफूले लगाउने वस्त्र आठतुना भएको भोटो र दौरा, महिलाले लगाउने गुन्युचोली यी वस्त्र अष्टमातृकाको चिन्हको रूपमा लिएन्छ। भक्तपुरको पोशाकमा कालो पटासी र कालो टोपी, दौरा सुरुवाल बढी लोकप्रिय छन्। यी वस्त्रहरू धेरैजसो आफै उत्पादन गरी आफ्नो देहमा धारण गर्ने हरेक भक्तपुरवासी सधैं समर्पित र लोभिएका देखिन्छन्। भक्तपुरको कलालाई राष्ट्रिय संस्कृतिको रूपमा तथा भक्तपुरको पोशाकलाई राष्ट्रिय पोशाकको रूपमा ग्रहण गरिएको छ। यो सबै कुरा गिरिराज तपाईंकै कृपाबाट भएको आभास हामी समस्त भक्तपुरवासी ठान्दछौं। यो भक्तपुर नगरकोटको नामबाट पनि यत्रो प्रख्यात र प्रसिद्ध पर्यटकहरू उपस्थित भएर तपाई रत्नचूडमा सञ्चालन भइरहेको देख्दा यसलाई अझ सुनमाथि सुगन्ध बनाउनलाई रत्नचूडको नाम प्रख्यात गर्दा धार्मिक क्षेत्रसमेत उज्यालो हुने र धार्मिक पर्यटकको पनि बढी उपस्थित भएर घुइँचो बढ्ने देखिएकोले अझ यसको महत्त्व र प्रख्यातिको लागि हामी स्थानीय बासिन्दाको नाताले प्रचारप्रसारमा ल्याउनलाई स्वीकार गरी कलम चलाएको छु।

*(वागीश्वरी, भक्तपुर)*



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 26

While the above scrimmage was going on in the water, one of the captives, a female, was being led off by two large tame male elephants. The sight of the others fighting in the water appeared to excite greatly one of the tame ones. He became unmanageable, and charged with the greatest fury on his tame colleague, who did not seem to understand what he was after. Despite the efforts of the mahauts, they began hustling and pushing. Meantime the captured one, who was secured by a rope to each of these tame ones, taking advantage of the confusion, endeavoured to bolt, and in doing so drew tight the ropes ; the unmanageable and larger of the male elephants at the same moment charging on his colleague, embarrassed somewhat by this tightening of the rope, fairly knocked him over, and he fell heavily on his side. One of his mahauts managed to scramble off, the other was thrown some distance over his head ; fortunately neither was hurt. The victor then furiously charged the vanquished while lying on the ground, trampling and kneeling on him and trying to gore him with his tusks ; the captive elephant meantime pulling away with all her might in her endeavours to escape. Fortunately there were lots of sepoys about, who immediately formed round and kept up a continued fire to try and distract his attention ; but all to no purpose. However, the mahaut, who kept his seat on him all the time, rapidly taking off the little clothing he had wrapped round his person, very cleverly managed to throw it over his eyes and so blind him for the time; the others immediately cut the rope connecting him with his colleague and the captive, and he was, by dint of coaxing and beating about the head, led off, still blindfolded, through the stockade to his own ground in camp, where he was secured apart from the others, as he was evidently becoming " must." When he was gone, his colleague, who had been badly mauled, managed with difficulty to rise, his mahaut getting on him again, still secured by a rope to the captive.

But matters were now changed. After the pommelling he had, he was quite knocked up, and was no longer capable of leading off his captive in triumph. The captive accordingly trotted off towards the jungle, dragging him after her. Two others, however, were despatched after them, who, without much trouble, fairly secured again the fugitive captive and led her off to camp, relieving the other, who came back very slowly, being evidently a good deal hurt. He died a few days afterwards from the effects of the pounding he had received ; probably he had some internal fracture or severe injury.

The captives were now all led off to camp, and secured firmly to posts prepared for them. Including the one which had been strangled, they had secured seven elephants, all females ; of these, one managed to twist the rope fastening her to the post in such a way during the night that she was strangled, and was found dead in a kneeling position next morning ; so that they had only five live wild elephants as the result of the day's sport.

Jang returned to camp in the course of the evening and told us that, after a hard running sort of fight all clay with the large " must" elephant, in which an immense number of balls had been sent into his body, they had at last brought him on to his knees, and despatched him by a volley into his head. He was a very fine animal, but too fierce to capture alive. They sent the next morning and cut out his tusks, which were very fine and perfect ones.

During the night we were several times waked by the piteous cries of the captured elephants, but especially by those of the little young one, who still kept guard by her mother's corpse, which was lying not more than one hundred yards from our tents. The cry of an elephant in distress is particularly mournful and expressive. During the night Jang had the young one secured and brought

into camp, where she was tied up at a distance from our tents.

The following morning (24th December), after breakfast, another elephant was reported to be in the neighbouring jungle, having escaped or got separated from the herd yesterday. The same system was observed of driving her, by volley-firing and crowds of beaters, out of the wood. Being alone, she was very shy, and there was considerable delay in getting her out of the wood just opposite to where we were seated. Jang went in on foot with the other beaters. Presently she was driven to the edge, and on emerging with a loud bellow, two large tame elephants who were there stationed with ropes to secure her were so frightened that they turned round and fled as fast as they could, and at a tremendous pace the wild one, trunk erect, loudly bellowing, charged after them. It was the only really good charge I saw, and continued for about two hundred yards across and along the open ground, when the wild one gave up the pursuit and turned into some thick jungle. She was, after some hours' beating, driven out of this and captured without any accident. We did not see the capture, as after her escape into the second wood we quitted camp to return towards Sigauli.

Jang lent us elephants, which took us that afternoon to Derdera, where we slept; and on the 25th marched to Hetowara, where we slept, and ate our Christmas dinner. Thence we went, by regular marches, on to Sigauli.

The King and Jung remained two days longer, during which they caught two or three more elephants ; their camp then proceeded westwards to Chitaun (at the junction of the Manhauri with the Rapti) in quest of rhinoceroses.

The road back from camp to Hetowara was by the same route as that by which I had come ; but the whole camp, &c. having marched over it, the jungle, grass, &c. was so beaten down, that there was no difficulty now in getting along, nor did we run any risk of losing our road in the jungle (which we might easily have done in coming), our track being very clear wherever our elephants had marched. **(To be continued)**


**आवागमनमा अवरोध नपुऱ्याउन अनुरोध**

सडक बाटोको दायाँबायाँ पेटी र फुटपाथमा समेत पसलको सामान, डण्डी, रोडा, बालुवा, निर्माण सामग्रीलगायत अन्य सामानहरू राख्ने गरेको र सवारी साधनहरू समेत रोक्ने/पार्किङ्ग गर्ने कार्यले आवागनमा अवरोध भएको र वातावरण प्रदुषणका साथै दुर्घटनासमेत हुने गरेकोले त्यसरी सामान नराख्न र सवारी साधन पार्किङ्ग नगरिदिनुहुन सम्बन्धित नगरवासी, उद्योगी-व्यवसायी तथा सवारी धनी र चालकहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**हार्दिक समवेदना**



**स्व. जगतमाया हाडा**

जन्म : १९८८ असोज १६ निधन : २०७५ जेठ २०

यस नगरपालिकाका कर्मचारी विष्णु केशरी हाडाका पुजनीय सासूआमा **जगतमाया हाडा**को दुःखद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# नेपालको संविधान २०७२ (३३)

भाग – २६

## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

**२५०. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग :** (१) नेपालमा एक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग रहनेछ जसमा अध्यक्ष सहित बढीमा पाँच जना सदस्य रहनेछन् ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(३) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसट्ठी वर्ष पूरा भएमा,

(ग) निजको विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

(५) उपधारा (२) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन ।

तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(६) देहायको योग्यता भएको व्यक्ति राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरी प्राकृतिक स्रोत वा वित्त व्यवस्थापन, अर्थशास्त्र, कानून, व्यवस्थापनको क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशेषज्ञता हासिल गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) पैंतालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र भएको ।

(७) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त संघीय कानून बमोजिम हुनेछ र निजहरू बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(८) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**२५१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार :** (१) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संविधान र कानून बमोजिम संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ख) संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने,

(ग) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने,

(घ) प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ङ) संघ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गर्ने,

# भक्तपुर नगरपालिका घरदैलो नर्सिङ्ग सेवा २०७५ जेठ महिनाको प्रतिवेदन

| क्र.सं. | वडा नं. | नाम र थर | विवरण |
|---|---|---|---|
| १ | १ | सुमि खर्बुजा | परिवार सङ्ख्या–१६७, प्रेसर नाप–२४५, गर्भवती –१, उच्च रक्तचाप–५८, सुगर–३७, दम–१३, हाडजोर्नी–१२, ग्याष्ट्रिक–९ मुटुरोग–५, थाइराइड–९, अन्य–११, स्वास्थ्य शिक्षा–१ |
| २ | २ | रजनी सुवाल जरेजु | परिवार सङ्ख्या–२७२, प्रेसर नाप–१७३, गर्भवती –५, उच्च रक्तचाप–१०८, सुगर–४९, मुटुरोग–३, थाइराइड–११, मानसिक रोगी–४, स्वास्थ्य शिक्षा–१ |
| ३ | ३ | अनु गोसाईं | परिवार सङ्ख्या–३२५, प्रेसर नाप–५३५, गर्भवती–२, सुत्केरी–२, मृत्यु–१, रिफर–२, स्वास्थ्य शिक्षा–१ |
| ४ | ४ | बिमला कुम्पाख | परिवार सङ्ख्या–२७१, प्रेसर नाप– ३८७, गर्भवती–२, स्वास्थ्य शिक्षा–१ |
| ५ | ५ | मञ्जु छुकां | परिवार सङ्ख्या–२८५, प्रेसर नाप–४८८, गर्भवती–३, नवशिशु–१ सुत्केरी–१, ड्रेसिङ–१, रिफर–६०, स्वास्थ्य शिक्षा–१ |
| ६ | ६ | सृजना बोहजु | परिवार सङ्ख्या–३१५, प्रेसर नाप–५१५, गर्भवती–२, नवशिशु–१ सुत्केरी–१, ड्रेसिङ–७, मृत्यु–१, रिफर–२ |
| ७ | ७ | सुमित्रा राजचल | परिवार सङ्ख्या–२५६, प्रेसर नाप ४४४, उच्च रक्तचाप–४४ सुगर– १६, दम– ७, हाडजोर्नी–७ मानसिक रोगी–२, क्षयरोग–१ ग्याष्ट्रिक–९, अन्य–४५ |
| ८ | ८ | सविना दुवाल | परिवार सङ्ख्या–४३५, प्रेसर नाप–५९७, उच्च रक्तचाप–१४३ सुगर– ५२, दम– २४, मानसिक रोगी –१९, ग्याष्ट्रिक–१४, मुटुरोग–१९, क्षयरोग–४ क्यान्सर–४, अन्य–४५ |
| ९ | ९ | सरिता गोसाईं | परिवार सङ्ख्या–३२७, प्रेसर नाप–१६४, उच्च रक्तचाप–२२ सुगर– ११, दम– ५, मानसिक रोगी–२, ग्याष्ट्रिक–८, मुटुरोग–२, अन्य–१४ |
| १० | १० | मोनिका पहि | परिवार सङ्ख्या–२७८, गर्ववती–५, सुत्केरी–२, ड्रेसिङ–१०, उच्च रक्तचाप–८३ सुगर– ३९, मानसिक रोगी–८, मुटुरोग–७, रिफर–५ अन्य–२८ |

(च) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

(छ) संघ र प्रदेश सरकारको राजस्व बाँडफाँड आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

(ज) प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,

(झ) प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने संभावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने ।

(२) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नेछ ।


(३) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अन्य काम, कर्तव्य र अधिकार, प्राकृतिक स्रोतको परिचालन गर्दा वा राजस्वको बाँडफाँड गर्दा अपनाउनु पर्ने विस्तृत आधार, आयोगका पदाधिकारीहरूको सेवाका शर्त लगायत अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ । (क्रमशः)

# पुन:निर्माणका केही तस्बिर


**२०७२ सालको विनाशकारी भूकम्पले क्षति पुगेका भक्तपुर दरबार क्षेत्रका सम्पदाहरू केही पुन:निर्माण सम्पन्न भएका छन् भने केही निर्माण कै क्रममा छन् ।**



लायकुको फसिदेग (इन्सेटमा) महादेवको मूर्ति रहेको माथिल्लो भाग



रामेश्वर मन्दिर



त्रिविक्रमनारायण मन्दिर

# तस्बिरमा केही गतिविधि



नगरपालिकाद्वारा सञ्चालित आयुर्वेदिक स्वास्थ्य क्लिनिकबाट निःशुल्क औषधी वितरण गरिँदै



ललितपुरमा आयोजित वित्त आयोगको बैठकमा आफ्नो विचार प्रस्तुत गर्नुहुँदै प्रमुख प्रजापति (२०७५ असार ४)



काठमाडौं उपत्यका खानेपानी बोर्ड बैठकमा भाग लिनुहुँदै प्रमुख प्रजापति (२०७५ असार १७)



भक्तपुर नपा वडा नं. ८ स्थित मचो पाटी शिलान्यासपश्चात् स्थानीयसँग प्रमुख प्रजापति (२०७५ असार २)



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र भक्तपुर हस्तकला उद्योग संघका प्रतिनिधिमण्डलबीच सामूहिक तस्वीर (२०७५ असार १९)।




चौथो एभरेष्ट उपत्यकाव्यापी बास्केटबल प्रतियोगितामा प्रमुख अतिथिको आसन ग्रहण गर्नुहुँदै प्रमुख प्रजापतिलगायत (२०७५ असार ३)



बाल श्रम दिवसको उपलक्ष्यमा हस्ताक्षर संकलनको लागि आएको टोलीसँग छलफल गर्नुहुँदै नपा प्रमुख प्रजापति (२०७५ जेठ २९)

# नगरपालिकाको कर समयमै बुझाउने सम्बन्धमा उद्योगी, व्यवसायी र नगरवासीहरूमा अनुरोध

नगरपालिका नगरवासीहरूको आफ्नै संस्था हो । नगरपालिकालाई नगरको सरसफाइ, सम्पदा संरक्षण तथा विकास निर्माण कार्यको लागि आर्थिक श्रोतको आवश्यकता पर्दछ । भक्तपुर नगरपालिकालाई समयमै कर तिर्नु नगरवासीहरूको कानुनी कर्तव्य हो । नगरपालिकाले लागू गरेको तपसिलअनुसारको कर तथा शुल्कहरू समयमै बुझाई नगरपालिकालाई सहयोग गरिदिन हार्दिक अनुरोध (अपिल) छ । नियमति कर तिर्ने नगरवासीहरूलाई हार्दिक धन्यवाद छ ।

## नगरपालिकामा वार्षिक रूपमा (नियमित) बुझाउनुपर्ने कर तथा शुल्कहरू

**१. मालपोत/भूमिकर २. घर जग्गा कर ३. व्यवसाय कर ४. सफाइ शुल्क ५. घर जग्गा बहाल कर ६. सवारी कर**


## तपसिल

| नगरपालिकामा प्रत्येक वर्ष बुझाउनु पर्ने कर तथा शुल्क | प्रत्येक वर्ष तिर्नुपर्ने करको दर |
|---|---|
| **१. मालपोत/भूमिकर** (नगर क्षेत्रभित्र घर तथा जग्गा हुने सबैले यो कर बुझाउनु पर्दछ ।) | जग्गाको वर्गअनुसार प्रतिरोपनी वार्षिक रु. २५०।- देखि रु.४४०।- सम्म |
| **२. घर जग्गा कर** (नगर क्षेत्रभित्र घर हुने सबै नगरवासीहरूले यो कर बुझाउनु पर्दछ ।) | घर र घर रहेको कित्ता जग्गाको समेत सरकारी दरअनुसार प्रत्येक वर्ष वडा समितिका प्राविधिकबाट मूल्याङ्कन गराई हुन आएको घर र जग्गाको कूल मूल्यको<br>पहिलो रु. १० लाससम्मको — रु. ३००।-<br>त्यसपछिको रु. २० लाखसम्मको — रु. ६००।-<br>त्यसपछिको रु. २० लाखसम्मको — ०.१२ प्रतिशत<br>त्यसपछिको रु. ५० लाखसम्मको — ०.२० प्रतिशत<br>त्यसपछिको रु. १ करोडसम्मको — ०.३० प्रतिशत<br>त्यसपछिको बाँकी रकममा — ०.४० प्रतिशत |
| **३. व्यवसाय कर** (नगर क्षेत्रभित्रका सबै किसिमका उद्योग, व्यापार व्यवसायलगायत पेशागत सेवा व्यवसायीहरू डाक्टर, वकिल, इन्जिनियर आदिले यो कर बुझाउनु पर्दछ ।) | व्यवसायको किसिम हेरी वार्षिक रु. ७५०।- देखि रु. ९०,०००।- सम्म |
| **४. सफाइ शुल्क** (नगर क्षेत्रभित्र आफ्नो घर वा डेरामा बस्ने सबै परिवार तथा संघ संस्था, होटल, उद्योग तथा कार्यालयहरूले यो शुल्क बुझाउनु पर्दछ ।) | क. प्रत्येक परिवार (डेरामा बस्ने समेतलाई) प्रति चुल्हो मासिक रु. २५।-<br>ख. डेरा गरी बस्ने विदेशीलाई मासिक रु. ४०।-<br>ग. संघ संस्था, होटल, उद्योग तथा कार्यालयहरूलाई फोहोरको मात्रा हेरी वडा निरीक्षकको प्रतिवेदनअनुसार मासिक रु. १००।- देखि रु. ५,०००।- सम्म । |
| **५. घर जग्गा बहाल कर** (नगरभित्र घर तथा जग्गा बहालमा दिने घर जग्गा धनीले यो कर बुझाउनु पर्दछ । धनीले नबुझाएमा बहालमा बस्नेले घर जग्गा धनीलाई दिने बहालबाट कट्टा गरी नगरपालिकामा बुझाउनु पर्ने ।) | बहाल रकमको २ प्रतिशत |
| **६. सवारी कर** (नगरभित्रका सबै किसिमका सवारीका धनीहरूले यो कर बुझाउनु पर्दछ ।) | सवारीको किसिम हेरी वार्षिक रु. १५०।- देखि वर्षिक रु. ३,०००।- सम्म । |

**पुनश्चः उल्लेखित करहरू हरेक वर्ष समयमै नबुझाए हर्जाना (जरिवाना) लाग्नेछ साथै उपरोक्त बाहेकका अन्य कर दस्तुर दरहरू बजेट पुस्तिकामा उल्लेख गरिएको छ ।**

**भक्तपुर नगरपालिका**

# आ.व. २०७४/७५ जेष्ठ महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २९८ | २८७ | २४४ | २७० | २९६ | २४७ | ३३१ | १९१ | २२० | २०० | १९५ | २१० | ३२० | १९५ | १४२ | १९२ |
| ■ सार्क तथा चिनियाँ | ३१६ | २९६ | २१६ | ३२३ | ४०१ | ४७५ | ४०६ | ३७८ | ७११ | ४५५ | ३८२ | ६०१ | ३८५ | ४५६ | ३७७ | ४६२ |

| गते | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १९८ | १०७ | २५५ | २३० | १९९ | १४१ | १२४ | १७३ | १४४ | १९१ | ९५ | १८५ | १६१ | १३८ | १०४ |
| ■ सार्क तथा चिनियाँ | ३७० | ५७६ | ३७६ | ३१२ | ३२९ | ३३६ | ३२६ | १८९ | ४५९ | ३१९ | २६२ | ३८२ | २५५ | ३१० | २२४ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७५ जेष्ठ | ६,२८३ | ११,६६५ | १७,९४८ |
| २०७४ जेष्ठ | ५,४०१ | ९,०७६ | १४,४७७ |
| प्रगति | ८८२ (१६.३३%) | २,५८९ (२८.५३%) | ३,४७१ (२३.९८%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# नगरपालिका नगरवासीहरूको आफ्नै संस्था हो

भक्तपुर नगरपालिका नगरवासीहरूको आफ्नै संस्था हो। यसो भनिरहँदा कति मानिसहरूले आत्मबोध गर्लान् त कतिले विमत्ति जनाउँलान्। तर यथार्थमा भक्तपुर नगरपालिकाले आजको मितिसम्म नगरवासीहरूको हितमा नै काम गरिरहेको छ र यहाँको कला, संस्कृति, सम्पदाहरू जगेर्नामा महत्त्वपूर्ण कदम चालिरहेको छ।

नेपाल मजदुर किसान पार्टीले जनताको इमानदारीपूर्वक सेवा गर्न आफ्ना कार्यकर्तालाई स्थानीय तहमा पठाएको हो। भक्तपुर नगरका जनताले आफ्नो अमूल्य मत दिइ नेमकिपालाई अत्यधिक मतले विजयी गराई जनप्रतिनिधि निर्वाचित गराए। नपाको कार्य सञ्चालनको लागि यसले महत्त्वपूर्ण योगदान गरेको छ।

भक्तपुर नगरपालिकाले आफ्नो तेस्रो नगरसभा सफलताका साथ सम्पन्न गऱ्यो। नगरपालिकाको नीति तथा कार्यक्रम, योजना तथा ऐनहरू नगरवासीहरूकै राय-सुझाव संकलनमार्फत् भएकै कारण यो नगरसभामा बन्ने विधेयक तथा ऐन जनहितमा आधारित छ। विभिन्न पेशागत संगठन, किसान, शिक्षक, व्यापारी, बुद्धिजीवीहरूसँग छुट्टाछुट्टै रुपमा छलफल तथा गोष्ठी कार्यक्रमको आयोजना गरी भक्तपुर नपाले आफ्नो बजेट कार्यक्रमलाई अगाडि बढाएको छ जुन सराहनीय कार्य हो। यस अर्थमा भक्तपुर नगरपालिका नगरवासीहरूको अपनत्व भएको संस्था हो।

अहिले भक्तपुर नगरपालिकाभित्रका ऐतिहासिक महत्त्व बोकेका पाटी-पौवाहरूको पुन:निर्माणको काम धमाधम सम्पन्न भएका छन्। कम लागतमा गुणस्तरीय निर्माण हुने हुँदा भक्तपुर नगरपालिकाले उपभोक्ता समिति र अमानतमार्फत् आफ्ना सम्पदाहरू निर्माणमा जोड दिँदै आएको छ। यसरी गरिएका पुन:निर्माणहरूमा स्थानीय जनताहरूको पनि प्रत्यक्ष सहभागिता रहने र हिसाब-किताब पनि पारदर्शी हुने गर्दछ। यहाँका हरेक इनार, पाटी-पौवा, देवालय, मन्दिरहरूले नयाँ जीवन पाउँदै छन्। साथै नगरभित्रका मुख्य सडकहरूमा ढुङ्गा छपाईंको कार्य पनि हुँदैछन्। हेर्दा सामान्य लाग्ने नगरपालिकाका यी कार्यहरूको महत्त्व अरु नपाको लागि अनुकरणीय बनेका छन्। नगरवासीहरूको सीप अभिवृद्धि गर्नको निम्ति यसले समाज र जीवन उपयोगी धेरै तालिमहरू सञ्चालन गरिरहेको छ। नगरपालिकाले अस्पताल निर्माण गर्नु, कलेजहरू सञ्चालन गर्नु, सरसफाइमा उल्लेखनीय कार्य योजनालाई अवलम्बन गर्नु र नगरवासीहरूसँग प्रत्यक्ष जोडिनु नै भक्तपुर नगरपालिकाको प्रमुख विशेषता हो।